नेपाल सरकार

कृषि वन तथा पर्यावरण मन्त्रालय

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम सम्पन्न प्रतिवेदन

## आ.व २०७३/७४- २०८२/८३

खुमलटार, ललितपुर

२०८३,जेठ

## विषयसूची

*Abbreviations*........ x
**प्रतिवेदन सारांश**........ **१**
**परिच्छेद १: राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम परिचय**........ **२**
१.१ नेपालमा कृषि क्षेत्रको रुपान्तरणको आवश्यकता........ २
१.२ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको पृष्ठभूमि........ २
१.३ सोच........ ३
१.४ लक्ष्य........ ३
१.५ उद्देश्यहरू........ ३
१.६ कार्यक्रमका संभागहरू........ ३
१.७ राष्ट्रिय प्राथमिकताका बालीवस्तुहरू........ ३
१.८ नीतिगत तादाम्यता........ ४
१.९ कृषि विकास रणनीति र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम बीचको अन्तर सम्बन्ध........ ५
१.१० पन्ध्रौं योजना र रूपान्तरणकारी कार्यक्रमको पहिचान........ ५
१.११ कार्यक्रमका अपेक्षित उपलब्धीहरू........ ५
१.१२ कृषिको आधुनिकीकरणका रणनीतिक एवं कार्यनीतिक आधारहरू........ ६
१.१३ रणनीतिहरू........ ६
१.१४ कार्यनीतिहरूको सारांश........ ६
**परिच्छेद २ : कार्यक्रम सम्पन्न प्रतिवेदन तयारीको पृष्ठभूमि (*Background of Assignment*)**........ **१०**
२.१ प्रतिवेदन तयारीको उद्देश्यहरू (*Objectives*)........ १०
२.२ प्रतिवेदन तयारीको कार्यबिधि (*Methodology*)........ ११
२.३ प्राथमिक तहको सूचना तथा तथ्यांङ्क संकलन........ ११
२.४ सहायक ( द्वितीय तहको) सूचना तथा तथ्याङ्क संकलन........ १२
२.५ प्रतिवेदन तयारीको अध्ययनको क्षेत्र ( *Scope of the Assignment*)........ १२
**परिच्छेद ३ : नीतिगत तादम्यता र योगदान**........ **१५**
३.१ कृषि विकासको २० बर्षे रणनीति (*ADS*) (२०१५-२०३५) मा योगदान........ १५
३.२ पन्ध्रौ पञ्च बर्षीय योजना (२०७६/७७-२०८०/८१) मा योगदान........ १६
**परिच्छेद ४ : कार्यक्रम बजेट**........ **२०**
४.१ कार्यक्रम अवधिको बजेट विश्लेषण........ २०
४.२ बजेट अनुमान, बजेट प्राप्ति, निकायगत बांडफांड र खर्चमा देखिएका समस्याहरू........ २५
४.३ बजेट खर्च *Documentation* का लागि सुझावहरू........ २६
**परिच्छेद ५: विशिष्टीकृत कृषि उत्पादन क्षेत्र**........ **२७**

५.२ जोन र पकेट निर्माण तर्फ प्रगति नपुग हुनका कारणहरू ........ ३०
५.३ उत्पादन सम्भागहरूको दीगोपना ........ ३०
५.४ सुझावहरू ........ ३०
**परिच्छेद ६ः कार्यक्रमका रणनीतिहरू र कार्यान्वयनको अवस्था ........ ३१**
**रणनीति १ः भूमिको बैज्ञानिक उपयोग ........ ३१**
६.१ जमिनको चक्लाबन्दी (*Land Pooling*) ........ ३१
६.२ एकलबाली खेती ( *Crop Pool ing* ) ........ ३३
६.३ जग्गा भाडामा लिएर व्यावसायिक खेती गर्ने प्रणाली ........ ३५
६.४ बाँझो जग्गा आवादी गरी खेती गर्ने प्रणाली ........ ३५
६.५ चक्लाबन्दी खेतीबाट भएका उपलब्धिहरू ........ ३६
६.६ समस्याहरू ........ ३७
६.७ सुझावहरू ........ ३८
**परिच्छेद-७ ........ ३९**
**रणनीति २ः आधुनिक कृषि प्रविधिहरूको अवलम्वन ........ ३९**
७.१ अवलम्वन गरिएका प्रविधिहरू ........ ३९
७.२ प्रविधिहरूको प्रयोगबाट हासिल भएका उपलब्धिहरू ........ ४०
७.३ कृषकहरूले अपेक्षा गरेका नवीन प्रविधिहरू ........ ४१
७.४ प्रविधि प्रसारका लागि अवलम्बन गरिएका तरिकाहरू ........ ४१
७.५ प्रविधि अवलम्बनका समस्याहरू ........ ४२
७.६ नेपाल कृषि अनुसन्धान परिषद्संगको समन्वयको अवस्था ........ ४३
७.७ कृषि उत्पादन सामग्रीका श्रोतकेन्द्रहरू स्थापना, प्रगति एवं उपलब्धिको अवस्था ........ ४४
७.८ कार्यक्रमका दस्तावेज अनुसार सामञ्जस्यता (*Allign*) हुन नसकेका कार्यक्रमहरू ........ ४७
७.९ उत्पादन सामाग्रीहरूको गुणस्तर नियन्त्रण ........ ४८
७.१० रासायनिक मल ........ ४९
७.११ प्राङ्गारिक मल व्यवस्थापनका कार्यक्रमहरू ........ ५१
**परिच्छेद - ८ ........ ५३**
**रणनीति ३ः कृषिमा यान्त्रिकीकरण ........ ५३**
८.१ उपलब्धिको अवस्था ........ ५४
८.३ कृषि औजार उपकरणहरूको मर्मत सम्भारको व्यवस्था ........ ५६
**परिच्छेद- ९ ........ ५८**
**रणनीति ४ः कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास ........ ५८**
९.१ औद्योगिकीकरणको अवस्था ........ ६०

९.२ चुनौतीहरू ........................................................................................................ ६०
९.४ सुझावहरू ........................................................................................................ ६१
**परिच्छेद-१० ........................................................................................................ ६२**
**रणनीति ५ः कृषि अनुसन्धान- शिक्षा- प्रसार प्रणालीको सुदृढ समन्वय र आधुनिकीकरण** ........................ ६२
१०.१ अन्तर मन्त्रालय समन्वय, प्रगति एवं उपलब्धिको अवस्था ........................................ ६२
१०.२ कृषि प्रसार -अनुसन्धानबीच समन्वय प्रगति एवं उपलब्धिको अवस्था ........................ ६३
१०.३ मन्त्रालय अन्तर्गतका निकायहरू बिचको समन्वय ( प्रसार- प्रसार ................................ ६४
१०.४ कृषि प्रसार -शिक्षा बीच समन्वय प्रगति एवं उपलब्धिको अवस्था ................................ ६५
१०.५ प्राविधिक शिक्षालयहरूसंगको समन्वय ........................................................................ ६७
१०.६ तीन तहका सरकारहरू बीचको समन्वय ........................................................................ ६९
**परिच्छेद-११** ........................................................................................................ ७१
**रणनीति ६ः प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन** ........................................ ७१
११.१ प्रगति एवं उपलब्धिको अवस्था ........................................................................ ७१
११.२ कार्यक्रमको निरन्तरता हुन नसक्नुका कारणहरू ........................................................ ७१
१२.३ सुझावहरू ........................................................................................................ ७२
**परिच्छेद-१२** ........................................................................................................ ७३
**रणनीति ७ः गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि ........................................ ७३**
१२.१ उपलब्धिहरू ........................................................................................................ ७३
१२.२ समस्या तथा चुनौतीहरू ........................................................................................ ७४
१२.३ सुझावहरू ........................................................................................................ ७४
**परिच्छेद- १३** ........................................................................................................ ७५
**रणनीति ८ः जलवायु परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन ........................................ ७५**
१३.१ उपलब्धिहरू ........................................................................................................ ७५
१३.२ चुनौती एवं सुझावहरू ........................................................................................ ७५
**परिच्छेद-१४ः प्राथमिकता प्राप्त बाली वस्तुका मूल्य श्रृंखला विश्लेषण ........................................ ७६**
१४.१ खाद्य सुरक्षाका लागी आधारभूत बालीहरू ........................................................ ७६
१४.२ आयात प्रतिस्थापन गर्न सक्ने आधारभूत बालीहरू ................................................ ८५
१४.३ निर्यात प्रवर्द्धन भई राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बालीहरू ................................ ९३
१४.४ प्राथमिकता प्राप्त बालीवस्तुहरूको आयात निर्यातको अवस्था ........................................ ९५
**परिच्छेद- १५ः कार्यक्रमबाट हासिल भएका उपलब्धिहरू ................................................ ९९**
१५.१ हासिल भएका उपलब्धिहरूको संक्षेप ........................................................................ ९९
१५.२ कार्यक्रमका मुख्य मुख्य हस्तक्षेपहरू (*Interventions*) र प्रगति विवरण ................................ १००

१५.३ आधार वर्षको तुलनामा कार्यक्रमबाट हासिल भएका उपलब्धि एवं प्रतिफलहरू...................... १०६
१५.४ कार्यक्रमको लगफ्रेममा उल्लिखित लक्ष्यहरूको प्रगतिको विवरण ........................................ १०८
१५.५ बालीवस्तुहरूको हालसम्मको तुलनात्मक उपलब्धि विवरण र *NAMP* को हिस्सा.................... १११
१५.६ उत्पादकत्व वृद्धिमा *NAMP* को योगदान ................................................................ ११३
१५.७ दस वर्षको उत्पादन अनुमान.............................................................................. ११७
१५.८ *ADS* का लक्ष्यहरू हासिल गर्न *NAMP* को भूमिका ................................................. ११८
१५.९ रोजगारी सृजनाको अवस्था .............................................................................. १२३
१५.१० कार्यक्रमबाट लाभान्वित कृषक घर परिवार र समावेशीकरणको अवस्था............................ १२५
१५.११ नवीन प्रयोग र सिकाइहरू ............................................................................. १२६
**परिच्छेद-१६ः प्रगति हुन नसकेका कार्यक्रम, कारणहरूको विश्लेषण र सुझावहरू.............................. १२७**
१६.१ बजेटका हिसावले देशको समग्र कृषिसंग *NAMP* कार्यक्रमको तुलना र प्रतिफलको अपेक्षा........ १२७
१६.२ कार्यान्वयनको पहल नै नगरिएका कार्यहरू .......................................................... १२८
१६.३ कार्यक्रमले प्रक्षेपण र प्राप्त गरेको बजेटको तुलनामा प्रतिफल/उपलब्धिहरूको यथार्थ ............. १२८
१६.४ सहकर्मीहरूको भूमिका र सहकार्यको वातावरण ..................................................... १२८
१६.५ कृषि प्रसारमा *Trickle Down Effect* ................................................................... १२९
१६.६ दस्ताबेज र कार्यान्वयन बीचको तालमेल ............................................................. १२९
१६.७ कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या एवं चुनौतीहरू ..................................... १२९
**परिच्छेद -१७........................................................................................... १३३**
**विविध..................................................................................................... १३३**
१७.१ कार्यक्रम लागू भएका क्षेत्र र नभएका क्षेत्रहरू बीचको अन्तर ......................................... १३३
१७.२ कार्यक्रमको *SWOT* विश्लेषण ......................................................................... १३४
१७.३ कार्यक्रम अवधिमा संस्थागत ,संरचनागत तथा सञ्चालन प्रक्रियामा भएका परिवर्तनहरू ........... १३५
१७.४ जनशक्तिको अवस्था .................................................................................... १३६
१७.५ मध्यावधि समीक्षा प्रतिवेदनको संक्षेप (*PRI Report*) ................................................ १३७
**सन्दर्भग्रन्थ सूची........................................................................................ १४१**
**अनुसूचीहरू............................................................................................... १४३**
अनुसूची १ः बार्षिक कार्यक्रम, प्रगति एवं उपलब्धिहरुको संक्षेपिकरण ........................................ १४३
अनुसूची २ः राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइहरुले भर्ने फारम...................... १४३
अनुसूची ३ः प्रदेश सरकार अन्तर्गत जिल्लाहरुका कृषि र पशु हेर्ने कार्यालयहरुले भर्ने फारम............. १४३
अनुसूची ४ः कार्यक्रमका सरोकारवाला निकायहरु, निजि क्षेत्र लगायतले भर्ने फारम ........................ १४३
अनुसूची ५ः कार्यक्रमका सहकर्मी निकायहरु (*NARC*, सिंचाई, कृषि ज्ञान केन्द्र भर्ने फारम) .............. १४३

## तालिकाहरू

तालिका १: प्राथमिक तहको सूचना संकलनको नमुना संख्या र छनौट विधि.................................. ११
तालिका २: पन्ध्रौं योजनाले अपेक्षा गरेको प्रमुख बालीवस्तुहरूको उत्पादकत्व .............................. १७
तालिका ३: सोह्रौं योजनामा *NAMP* को योगदान ......................................................................... १८
तालिका ४: बजेट प्राप्तिको वार्षिक विवरण एवं निकायगत बांडफांड .......................................... २०
तालिका ५: कार्यक्रमले प्रक्षेपण गरेको वजेट तथा खर्चको प्रगति अवस्था.... ........................... २३
तालिका ६: सम्भाग अनुसार भएका विनियोजन र खर्चहरू ....................................................... २५
तालिका ७: विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरूको प्रगतिको विवरण ............................................ २७
तालिका ८: आ. ब अनुसार उत्पादनका सम्भागहरूको विकास क्रम............................................ २९
तालिका ९: बालीवस्तुहरू अनुसार उत्पादनका सम्भागहरूको संख्या ............................................ ३१
तालिका १०: चक्लाबन्दीका केही सफल उदाहरणहरू................................................................. ३४
तालिका ११: रासायनिक मल आपूर्तिको अवस्था ........................................................................ ५०
तालिका १२: कष्टम हायरिङ्ग सेन्टरका प्रकार ............................................................................. ५३
तालिका १३: भौगोलिक क्षेत्र अनुसार यान्त्रिकीकरणको अवस्था र *NAMP* को योगदान .................. ५४
तालिका १४: कृषि यान्त्रिकीकरणको प्रयोग र प्रभावकारिता ........................................................ ५५
तालिका १५: कृषि उपजहरूको प्रशोधन र बजारीकरणका पूर्वाधार र उपलब्धिहरू.......................... ५८
तालिका १६: अन्तर मन्त्रालय विनियोजन गरिएको बजेट एवं खर्चको विवरण................................ ६२
तालिका १७: ने.कृ.अ.प लाई विनियोजन गरिएको बजेट एवं खर्चको विवरण................................ ६३
तालिका १८: मन्त्रालय अन्तर्गतका निकायहरूमा विनियोजन गरिएको बजेट एवं खर्चको विवरण .......... ६४
तालिका १९: बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व विवरण ......................................... ७७
तालिका २०: कार्यक्रम अवधिको धानजन्य खाद्य सन्तुलनको अवस्था .......................................... ७८
तालिका २१: गहुँ बाली मार्फत् खाद्य सन्तुलनको अवस्था ......................................................... ७९
तालिका २२: बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व ................................................... ८५
तालिका २३: बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व ................................................... ८८
तालिका २४: बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व ................................................... ९२
तालिका २५: प्राथमिकता प्राप्त बालीवस्तुहरूको आयात निर्यातको अवस्था ....................................... ९६
तालिका २६: आ.व २०८१/८२ सम्म कार्यक्रमका मुख्य मुख्य हस्तक्षेपहरू र प्रगति विवरण .......... १००
तालिका २७: आधार वर्षको तुलनामा कार्यक्रमबाट हासिल भएका उपलब्धि एवं प्रतिफलहरू ............ १०६
तालिका २८: निर्यात योग्य बालीवस्तुहरूको व्यापार सन्तुलनको अवस्था....................................... १०९
तालिका २९: बालीवस्तुहरूको हालसम्मको तुलनात्मक उपलब्धि विवरण र *NAMP* को हिस्सा ......... १११

तालिका ३०: उत्पादकत्व वृद्धिमा *NAMP* को योगदान ........................................................ ११४
तालिका ३१: *ADS* का लक्ष्यहरू हासिल गर्न *NAMP* को भूमिका ............................................ ११८
तालिका ३२: कार्यक्रमका सम्भागहरूबाट सृजना भएको रोजगारीको अवस्था ................................ १२३
तालिका ३३: कार्यक्रमबाट लाभान्वितहरूको विवरण र समावेशीकरणको अवस्था ........................... १२५
तालिका ३४: बजेटको तुलनामा *NAMP* को आकार (*National vs NAMP*) ................................. १२७
तालिका ३५: संस्थागत, संरचनगत, प्रक्रियागत परिवर्तनहरू ..................................................... १३५
तालिका ३६: जनशक्तिको अवस्था .......................................................................... १३६

**चित्रहरू**

चित्र १: कार्यक्रमका प्राथमिकता प्राप्तबाली/वस्तुहरू ..... ४
चित्र २: कार्यक्रमले प्रस्ताव गरेको बजेट र यथार्थ विनियोजनको *Trend* विश्लेषण ..... २४
चित्र ३: कार्यक्रम बजेट खर्च गर्ने *Trend* विश्लेषण ..... २४
चित्र ४: पकेट, ब्लक, जोन र सुपरजोनहरूको लक्ष्य र प्रगतिको अवस्था ..... २९
चित्र ५: *Trend of Chemical Fertilizer Import* ..... ५०
चित्र ६: माछा आयातको अवस्था ..... ९१
चित्र ७: आधार बर्षको तुलनामा हालको उत्पादकत्व वृद्धिमा योगदान ..... ११५
चित्र ८: राष्ट्रियको तुलनामा *NAMP* को क्षेत्रफल र उत्पादनको योगदान ..... ११६
चित्र ९: प्राथमिकता प्राप्त बालीहरु र राष्ट्रिय अर्थतन्त्रमा योगदान ..... ११६

## Abbreviations

| | |
|---|---|
| ADS | Agriculture Development Strategy |
| AFU | Agriculture and Forestry University |
| AGDP | Agriculture Gross Domestic Product |
| ARMIS | Agriculture Result Monitoring Information System |
| CAESC | Community Agriculture Extension Service Centers |
| CHC | Custom Hiring Centers |
| DSR | Direct Seeded Rice |
| GAP | Good Agricultural Practices |
| GDP | Gross Domestic Product |
| GMP | Good Manufacturing Practices |
| HACCP | Hazard Analysis and Critical Control Points |
| HDP | High Density Planting |
| IPM | Integrated Pest management |
| L EE | Learning for Entrepreneurial Experience |
| NAMEA | Nepal Agricultural Machinery Entrepreneurs' Association |
| NAMP | National Agriculture Modernization Project |
| NARC | Nepal Agriculture Research Council |
| OPMCM | Online Project Monitoring & Control Mechanism |
| PBS | Pre-Basic Seed |
| PCR | Polymerase Chain Reaction |
| PIM | Project Implementation Manual |
| PIU | Program Implementation Unit |
| PMAMP | Prime Minister Agriculture Modernization Project |
| PMU | Program management Unit |

| | |
|---|---|
| PRI | Policy Research Institute |
| RBPR | Rapid Bioassay of Pesticide Residue |
| RMP | Risk Management Practices |
| SWOT | Strengths, Weakness, Opportunity, Threats |
| आ.व | आर्थिक वर्ष |
| मे.ट | मेट्रिक टन |
| हे. | हेक्टर |

**प्रतिवेदन सारांश**

नेपालको समग्र कृषि क्षेत्रको विकासकालागि दीगो, आत्मनिर्भर एवं व्यवसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० बर्षे रणनीति (Agriculture Development Strategy, ADS,२०१५-२०३५) कार्यान्वयनको क्रममा रहेको छ। कृषि विकास रणनीतिलाई सफल तुल्याउन कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रकासाथ सहयोगी परियोजना का रूपमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको (आ.व २०७३/७४-८२/८३) कार्यान्वयन गरिएको छ। खाद्य तथा पोषण सुरक्षाका बालीहरू, आयात प्रतिस्थापन गर्ने बालीहरू र निर्यातका सम्भावना भएका बाली गरी जम्मा १५ प्रकारका बालीवस्तुहरूको मूल्य श्रृंखलामा यस कार्यक्रमले कार्य गरेको छ । भूमिको वैज्ञानिक उपयोगदेखि जलवायु परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्वन गर्ने समेतका आठ प्रकारका रणनीतिहरू अवलम्बन गरी कार्यक्रमका उद्देश्यहरू हासिल गर्ने प्रयास गरिएका छन् । प्रतिवेदन तयारीकालागि प्राथमिक र द्वितीय दुवै किसिमका सूचना तथा तथ्यांङ्क हरूको प्रयोग भएको छ।

कार्यक्रमले दशवर्षको अवधिमा रू. ५६ अर्ब ५४ करोड ९८ लाख ४६ हजार बजेट प्राप्त गरी सो बजेटको ६४.३ प्रतिशत खर्च गरेको छ। ११३१९ वटा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रको विकास भएको छ। बालीवस्तुहरूका ८१५ वटा श्रोतकेन्द्रहरूको स्थापना, १८२१९ वटा सानासिंचाइहरू, ६१४ वटा कष्टम हायरिंग सेन्टरहरू, ६३१४९ मेसिनरी औजारहरू वितरण भएका छन् । १९१७ मूल्य श्रृंखला अभिवृद्धिका संरचनाहरू, कृषि विश्वबिद्यालय र प्राविधिक शिक्षालयहरूका १८३७३ प्रशिक्षार्थीहरूको क्षमता अभिवृद्धि, रू. ८ करोड, ८५ लाख ९८ हजार उत्पादनमा आधारित अनुदान वितरण भएको छ। कार्यक्रमबाट जग्गाको चक्लाबन्दी, प्रतिफलमा आधारित अनुदान, अनुसन्धान-शिक्षा-प्रसार सुदृढीकरण लगायत केही नवीन अभ्यासहरू परीक्षण भएका छन्।

दशौं बर्षमा आईपुग्दा राष्ट्रिय उत्पादकत्वको तुलनामा कार्यक्रमको उत्पादकत्व औसतमा ५८ प्रतिशतले बढी रहेको छ। यस बाट ६ लाख ६२ हजार १७ मे.ट थप उत्पादन प्राप्त हुन आएको छ । सो उत्पादनको मूल्य रू. २० अर्ब ५९ करोड ९० लाख रूपैयाँ रहेको छ । उक्त उत्पादनहरूको मूल्य अभिवृद्धिबाट थप रू. ७ अर्ब ५४ करोड ६६ लाख बराबरको थप योगदान हुन गएको छ। यस प्रकार कार्यक्रमबाट कूल २८ अर्ब १४ करोड ४६ लाख ९२ हजार बराबरको योगदान भएको छ । दश बर्षको कुल योगदानबाट ADS ले लक्षित गरेका उद्देश्यहरू हासिल गर्न सहयोग गरेको छ।

कोभिडको महामारी, लक्षित भन्दा न्यून श्रोत प्राप्ति, पटक पटक नीतिगत/संस्थागत परिवर्तन, सहयोगी निकायहरूसंग कमजोर समन्वय, करार र पुल दरबन्दीका कर्मचारीबाट कार्यक्रम सञ्चालन, अनुदानका नीतिमा अस्पष्टता जस्ता कमजोरीहरूका कारण कार्यक्रम कार्यान्वयनमा समस्या देखा परेको छ।

**परिच्छेद १**

**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम परिचय ***

## १.१ नेपालमा कृषि क्षेत्रको रुपान्तरणको आवश्यकता

बि.सं २०७२ सालमा जारी भएको नेपालको संविधानले खाद्य सम्बन्धी हकलाई जनताको मौलिक हकका रूपमा स्थापित गरेको छ। दीगो आत्मनिर्भर एव ब्यवसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० बर्षे रणनीति ADS (Agriculture Development Strategy, २०१५-२०३५) कार्यान्वयनको क्रममा रहेको छ। विनासकारी भूकम्प, बिश्वब्यापी कोभिडको महामारी र सो पश्चातको असहज पारवाहनबाट सिर्जित परिस्थितीका कारण खाद्यान्न उत्पादन र उपलब्धतामा थप असहजता आउनुका साथै बढ्दो आयात र घट्दो निर्यातले चुलिदै गएको व्यापार घाटाले कृषिमा आश्रित नेपालको समग्र अर्थतन्त्र नै धरासायी बन्दै गईरहेको देखिन्छ। देशको युवा शक्तिको बढ्दै गएको विदेश पलायनले श्रम शक्तिको अभाव र खेतीयोग्य कृषि भूमि बाँझो रहने क्रम बढीरहेको परिप्रेक्षमा जनताको आधारभूत आवश्यकताका रूपमा रहेको कृषि उपजहरूमा परनिर्भरताको अन्त्य गरी बढ्दो आयातलाई प्रतिस्थापन र निर्यातलाई प्रर्वद्धन गर्न जरूरी छ। नेपाल सरकारले जारी गरेको स्वेत-पत्र, कृषि विकासको २० बर्षे रणनीतिका साथै कृषि विकास मन्त्रालयका प्रतिवद्धताहरू २०७२, समेतलाई मध्यनजर राख्दै विभिन्न सरोकारवाला निकायहरूसंगको सहभागिता एवं पृष्ठपोषण सहित कृषिको व्यवसायिकरण मार्फत् औद्योगिकीकरणतर्फ रूपान्तरणका गर्नका लागि भौगोलिक सम्भाव्यता र तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरूमा एकीकृत रूपमा सघन कृषि विकासका कार्यक्रमहरू सन्चालन गरी कृषि क्षेत्रलाई रूपान्तरण गर्नुपर्ने आवश्यकता देखिएको छ।

**नोटः सािवकमा प्रधानमन्त्री कृषि आधुनिकीकरणको नामबाट यो परियोजना सञ्चालन हुंदै आएकोमा आ.व २०८२।८३ को बजेट वक्तब्यबाट नाम परिवर्तन भई राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम हुन गएको हुँदा यस प्रतिवेदनमा हालैको नाम प्रयोग गरिएको छ।*

## १.२ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको (National Agriculture Modernization Project, NAMP) पृष्ठभूमि

कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजहरूको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था गरी, बाली र वस्तु उत्पादनमा यान्त्रिकीरण, प्रशोधन तथा बजारीकरणका पूर्वाधारको व्यवस्था लगायतका क्रियाकलाप मार्फत् कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना सहित स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (साबिकमा) आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० वर्ष अवधिको लागि लागू भएको छ। कार्यक्रमको कूल लागत १ खर्ब ३० अर्ब रूपैयाँ प्रक्षेपण गरिएको छ।कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दीगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ सञ्चालन भएको यस कार्यक्रमको लक्ष्य समग्र मूल्य श्रृंखलाका अवयवहरूको एकीकृत संयोजन र परिचालन मार्फत्

खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण र दीगो आर्थिक अवसरहरू सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पु-याउने रहेको छ।

### १.३ सोच

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यवसायिक, दीगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने कार्यक्रमको सोच रहेको छ।

### १.४ लक्ष्य

समग्र कृषि मूल्य श्रृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत् खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दीगो आर्थिक अवसरहरू सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने परियोजनाको लक्ष्य रहेको छ।

### १.५ उद्देश्यहरू

(क) प्रमुख कृषि उपजहरूको विशिष्टिकृत क्षेत्रहरू निर्माण गर्ने,

(ख) निर्यात योग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,

(ग) कृषिलाई सम्मानजनक, नाफामुखी व्यवसायका रूपमा विकास गदै रोजगारीका अवसरहरू सृजना गर्ने

(घ) बहुसरोकारवाला निकायहरूबीचको कार्यमूलक समन्वय मार्फत् प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने

**१.६ कार्यक्रमका संभागहरू -** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका सम्भागहरू रहेका छन्।

- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम
- व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम
- व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम
- वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) विकास कार्यक्रम

संभागहरूमा कृषि सामग्री आपूर्ती व्यवस्थापन, यान्त्रिकीकरण सहयोग, भौतिक पूर्वाधार सहयोग, अनुसन्धान-शिक्षा-प्रसार सुदृढीकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरूको सेवा, कृषिजन्य उद्योगहरू स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लगायतका कार्यक्रम सञ्चालन गरिने कुरा कार्यक्रमका दस्तावेजहरूमा उल्लेख गरिएको छ।

### १.७ राष्ट्रिय प्राथमिकताका बालीवस्तुहरू

कार्यक्रमले विभिन्न बालीवस्तुहरूलाई राष्ट्रिय प्राथमिकताप्राप्त बाली/वस्तुहरूको रूपमा पहिचान गर्नुका साथै ती बालीवस्तुहरूलाई ३ वटा वर्गमा बिभाजन गरेको छ ।

वर्ग १: आधारभूत खाद्यान्नहरूमा आत्मनिर्भर हुँदै खाद्य तथा पोषण सुरक्षामा टेवा पु-याउने बालीहरू

वर्ग २: आयात प्रतिस्थापन गर्ने बालीहरू

वर्ग ३: निर्यातका सम्भावना भएका बालीहरु

कार्यक्रमका ४ वटा संभागहरू  क्रमशः: पकेट, ब्लक,जोन र सुपरजोन सञ्चालन गर्दा यी बाली वस्तुहरूमा मात्र सञ्चालन गरिने प्रावधान रहेको छ ।

**चित्र १: कार्यक्रमका प्राथमिकता प्रासबाली/वस्तुहरू**

**खाद्य तथा पोषण सुरक्षाका लगि आधारभूत बालीवस्तुहरु**

धान,गहुँ,तरकारी,आलु,दलहन (सिमी,भटमास, मुसुरो) तेलहन (तोरी) दूध (गाई, भैसी),मासु (बाखा, बंगुर)

**आयात प्रतिस्थापनका बालीवस्तुहरु**

मकै,सुन्तलाजात फलफूल (सुन्तला, जुनार, कागती), स्याउ/ओखर, आँप/ केरा,माछा

**निर्यात प्रवर्द्धनका बालीवस्तुहरु**

कफी,अलैंची,अदुवा/बेसार,मौरी /मह

**आर्थिक वर्ष २०७६/७७ देखि पशुसेवाका बालीवस्तुहरु दूध (गाई, भैसी),मासु (बाख्रा, बंगुर) थप गरिएको**

## १.८ नीतिगत तादाम्यता

पछिल्लो समय नेपालको समग्र कृषि क्षेत्रमा केही आधुनिकीकरणका संकेत र परिदृश्यहरू देखिएका छन्। उन्नत कृषि सामग्री तथा प्रविधिको प्रयोग, यान्त्रिकीकरण, बजारमा आधारित कृषि उपज उत्पादन तथा वितरण, कृषि फर्मको नाफा नोक्सानको हिसाब राख्ने परिपाटी, कृषि बिमाको प्रचलन, कृषि ऋणको सहजता आदिलाई कृषि क्षेत्रको समग्र आधुनिकीकरणका प्रारम्भिक संकेतको रूपमा लिन सकिन्छ। कृषि क्षेत्रमा बढ्दो निजी क्षेत्रको लगानी यसको अर्को संकेत हो। कृषि क्षेत्रको आधुनिकीकरणको प्रक्रिया थालनी भएतापनि समग्र ग्रामीण कृषि अर्थतन्त्रलाई रूपान्तरण गर्ने गरी यो प्रक्रिया तीव्र र वाह्य परिवेश सापेक्ष हुन सकेको छैन। कृषि क्षेत्रको समग्र आधुनिकीकरणको प्रक्रियालाई तीव्र पार्न र बाह्य परिवेशसँग सामञ्जस्यता ल्याउन आधुनिक कृषिका आयामहरूलाई समावेश गरी आधुनिकीकरणको प्रक्रियाको थालनी गर्न राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन गरिएको छ।

### १.९ कृषि विकास रणनीति र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम बीचको अन्तर सम्बन्ध

नेपालको समग्र कृषि क्षेत्रको विकासका लागि दीगो, आत्मनिर्भर एव व्यवसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० बर्षे रणनीति (ADS) २०१५-२०३५ कार्यान्वयनको क्रममा रहेको छ l नेपालमा हाल बिद्यमान रहेको कृषि क्षेत्रमा आधारित आर्थिक संरचनालाई सेवा र उद्योग क्षेत्रमा आधारित हुने किसिमले कृषि क्षेत्रको रूपान्तरण गर्नु नै ADS को अवधारणागत ढाँचा (Conceptual Framework) रहेको छ। आर्थिक वृद्धिलाई गति दिदै, जीवनस्तरलाई माथि उकास्ने एवं खाद्य तथा पोषण सुरक्षामा योगदान दिने किसिमको आत्मनिर्भर, दीगो, प्रतिस्पर्धि तथा समावेशी कृषि क्षेत्रको विकास गर्नु नै ADS को सोच रहेको छ। यस सोच (Vision) अनुरुप चारवटा रणनीतिक अवयवहरू- सुशासन, उत्पादकत्व वृद्धि, नाफामुलक व्यवसायीकरण र प्रतिस्पर्धी क्षमताको वृद्धिद्वारा द्रुत विकास गरिने उल्लेख छ ।

ADS समग्र कृषि क्षेत्रको मार्गदर्शक रणनीति हो l यसका उल्लिखित लक्ष्यहरू हासिल गर्नका लागि कृषि क्षेत्रलाई प्रत्यक्ष रूपमा उद्योगसंग आबद्ध गराई मूल्य श्रृंखलाका सम्पूर्ण अवयवहरूको समुचित संयोजन र बहुसरोकारवाला निकायहरूसंगको निकटतम सम्बन्ध आवश्यक छ l कृषिको औद्योगिकरण र व्यवसायिकरणका लागि नै यो कार्यक्रम तर्जुमा गरीएकोले, ADS को रणनीतिक उद्धेश्यहरु हासिलको लागि सहयोग गर्ने तर्फ यो कार्यक्रम लक्षित रहेको छ ।कृषि विकास रणनिती (ADS) का महत्वपूर्ण अवयवहरू भनेका यसका फ्ल्यागसीप कार्यक्रमहरू हुन्। राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रमले ती ४ वटै फ्ल्यागसीप कार्यक्रमहरू कार्यान्वयनमा महत्वपूर्ण योगदान गर्नेछ। कृषि विकास रणनितीको महत्वपूर्ण फ्ल्यागसीप कार्यक्रमहरूलाई राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले समाहित गरेको बिस्तृत विवरण परिच्छेदः३ मा उल्लेख गरिएको छ ।

### १.१० पन्ध्रौं योजना र रूपान्तरणकारी कार्यक्रमको पहिचान

कूल गार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आवद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। उच्च र समावेशी आर्थिक वृद्धिको लागि कृषि क्षेत्रको वैज्ञानिक ढंगले सुधार तथा रूपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। कृषि विकास रणनीतिको सहयोगी कार्यक्रमको रूपमा कार्यान्वयनमा रहेको यस कार्यक्रमले कृषि, पशुपन्छी तथा मत्स्य जन्य उत्पादनको व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। परियोजनाका चार सम्भागहरू पकेट, ब्लक,जोन र सुपरजोनको माध्यमबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी देशलाई विभिन्न बाली, वस्तुहरूमा आत्मनिर्भरता तर्फ उन्मुख गराउन यस कार्यक्रमले सहयोग गर्नेछ। पन्ध्रौं योजनाले यस कार्यक्रमलाई कृषि क्षेत्रको रूपान्तरणकारी कार्यक्रमको रूपमा पहिचान गरेको छ।

### १.११ कार्यक्रमका अपेक्षित उपलब्धीहरू

क) परियोजना अवधिभरमा पकेट, ब्लक, जोन र सुपरजोनको संख्यामा सम्भाव्यता र औचित्यताका आधारमा क्रमशः वृद्धि गर्दै कम्तिमा १५००० पकेटहरू, १५०० ब्लकहरू, ३०० जोनहरू र २१ सुपर जोनहरू स्थापना भएको हुनेछन्। प्रथम वर्षमा छानिएका १८ वटा बाली/वस्तुहरू ४२ हजार ३०० हे. मा खेती भई करिब ४ लाख ७७ हजार मे.टन उत्पादन हुने अनुमान गरिएको छ।

ख) आगामी ३ वर्ष भित्र प्रमुख खाद्यान्न बालीहरू (धान, गहु, मकै) मा आगामी २ वर्ष भित्र तरकारी बाली र माछामा तथा ७ वर्ष भित्र प्रमुख फलफूल बालीमा आत्मनिर्भर भएको हुनेछ।

ग) परियोजनाको प्रथम वर्षमा करिब ८७ हजार आंशिक र ४३ हजार ५०० स्थायी रोजगारी सृजना भएको हुनेछ। परियोजनाको अन्तिम वर्षमा करिब ५ लाख १० हजार आंशिक र २५ हजार ५०० स्थायी रोजगारीको संख्या कायम रहनेछ।

घ) हालको मूल्यमा परियोजना सञ्चालनको प्रथम वर्षमा कूल लगानी करिव रू. ५ अर्व ७८ करोडबाट मूल्य अभिवृद्धि सहित करिव रू. २६ अर्व ८ करोड मूल्य बरावरको रकम कूल गार्हस्थ उत्पादनमा योगदान पुगेको हुनेछ।

ङ) परियोजना अवधिभरमा कूल लगानी करिव रू. १ खर्व ३० अर्ववाट मूल्य अभिवृद्धि सहित करिव रू. २० खर्व ९५ अरव ७५ करोड मूल्य बरावरको रकम कूल गार्हस्थ उत्पादनमा योगदान पुगेको हुनेछ। जसबाट कृषि विकास रणनीतिको पहिलो १० वर्षको लक्ष्य हासिल गर्न महत्वपूर्ण सहयोग पुग्नेछ।

## १.१२ कृषिको आधुनिकीकरणका रणनीतिक एवं कार्यनीतिक आधारहरू

राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रमले कृषि क्षेत्रको आधुनिकीकरणका लागि निम्न अनुसारका ८ वटा रणनीतिहरूमा अधारित भई कार्यक्रमहरु सन्चालन गर्नेछ। ती रणनीतिहरूलाई कार्यरूपमा रूपान्तरण गर्नको लागि विभिन्न कार्यनीतिक आधारहरू समेत तय गरेको छ।

## १.१३ रणनीतिहरू

१. भूमिको बैज्ञानिक उपयोग
२. आधुनिक कृषि प्रविधिहरूको अवलम्वन
३. कृषिमा यान्त्रिकिकरण
४. कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास
५. कृषि अनुसन्धान -शिक्षा - प्रसार प्रणालीको सुदृढ समन्वय र आधुनिकीकरण
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्वन
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि
८. वातावरण परिवर्तन अनुकुलित कृषि प्रणाली अबलम्वन

## १.१४ कार्यनीतिहरूको सारांश

उल्लिखित रणनीतिहरूलाई कार्यान्वयन गर्नका लागि निम्नानुसार कार्यनीतिहरू अवलम्बन गरिनेछ।

### क) चक्लावन्दी खेती प्रणाली

भूमिको वैज्ञानिक उपयोग गर्दै बाँझो जग्गा समेत सदुपयोग गर्नका लागि चक्लाबन्दी कार्यक्रमलाई कार्यान्वयन गर्ने रणनीति अनुसार स-साना कित्तामा छरिएर रहेका जग्गाहरूलाई चक्लाबन्दी गरी वा ठूलो क्षेत्रफलमा एकल बालीको व्यवसायिक खेती गर्ने नयाँ अभ्यासहरूको सुरूवात गरिनेछ। जस्तैः

- सहकारी खेती

- करार खेती
- कबुलियती (लिज) खेती)
- स्वेच्छिक रूपमा चक्लावन्दीमा आवद्धता

भूमिको वैज्ञानिक उपयोग तथा बाँझो जग्गा सदुपयोगको लागि माटोको उर्वराशक्ती र बालीको उपयुक्तताअनुसार देहाय बमोजिम चक्लावन्दीका मुख्य मुख्य कार्यक्रमहरूलाई (Major Interventions) प्राथमिकता दिईनेछ। भूमि करार सूचना केन्द्र (Land Leasing Information Center) को कार्यविधी तयारी एवं केन्द्रको सञ्चालन गरिनेछ।

**ख) आधुनिक कृषि प्रविधिहरूको अवलम्वन**

बाली उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक गुणस्तरीय बीउ/बेर्ना, नश्ल, आहारा, रासायनिक/प्राङ्गारिक मलको सहज उपलब्धता सुनिश्चित गरिनेछ। उत्पादन वृद्धिका लागि स्थान विशेष उपयुक्त उन्नत र हाईब्रिड बीउहरूको प्रयोगमा वृद्धि गरिनेछ। निजी र सार्वजनिक निकायहरूको सहकार्यमा गुणस्तरीय बीउ/बेर्ना उत्पादन, वितरण र प्रशोधन गर्न प्रोत्साहन गरिनेछ। औचित्यको आधारमा कार्यक्रम सञ्चालन हुने स्थानहरूमा निजी क्षेत्रलाई कृषि सामग्री डिपोहरू स्थापना गर्न प्रोत्साहन गरी कृषि सामग्रीहरूको उपलब्धता सुनिश्चित गरिनेछ।

त्यसैगरी, गाउँपालिका/ नगरपालिकाहरूमा बहुउद्देशीय आधुनिक नर्सरीहरू स्थापना गरी आवश्यक विरूवा/बेर्नाहरूको व्यवस्थापन गरिनेछ। कृषि सामग्रीहरूको गुणस्तर सुनिश्चितताका लागि प्रयोगशाला मार्फत् प्राविधिक सेवा उपलब्ध गराउनुका साथै अनुगमन तथा गुणस्तर परीक्षणका कार्यहरू सञ्चालन गरिनेछ। उत्पादन वृद्धिका लागि हाइब्रिड बीउको उपलब्धता तथा पहुँच बढाउन National Seed Vision ले परिलक्षित गरे बमोजिम सरकारी तथा निजी क्षेत्रबाट हाईब्रिड बीउको विकास गरिनेछ। नेपाल कृषि अनुसन्धान परिषद् मार्फत् विकास भएका तथा भविष्यमा विकास हुने जातहरूको Inbred line लाई निश्चित कार्यविधि बनाई सो मार्फत् निजी क्षेत्रलाई हस्तान्तरण गरी बीउ उत्पादनमा सहयोग पुऱ्याउनुका साथै कृषकहरूबाट रूचाईएका हाइब्रिड जातहरूलाई दर्ता गराउन समेत आवश्यक सहयोग गरिनेछ।

**ग) कृषि यान्त्रिकीकरण**

कृषिमा बढ्दो श्रम शक्तिको अभाव घटाउन र उत्पादन लागत घटाउँदै कार्य दक्षतामा अभिवृद्धि गरी कृषिलाई नाफामूखी व्यवसायको रूपमा स्थापित गर्न कृषि क्षेत्रमा यान्त्रिकीकरणको अत्यन्तै महत्व रहेको छ। यस कार्यक्रम मार्फत् कार्यक्रमका सबै सम्भागहरूमा बाली अनुसारका आवश्यक मेशिनरीहरूको सेट सहितको कष्टम हायरिङ्ग सेन्टर सञ्चालन गरी यान्त्रिकीकरण प्रवर्द्धन गरिनेछ। उत्पादन केन्द्रहरू स्थापना र सवलीकरण समेतमा सहयोग पुऱ्याईने छ।साथै सामुदायिक कृषि प्रसार सेवा केन्द्र (Community Agriculture Extension Service Center) CAESC को स्थापना र सो मार्फत् Custom Hiring Centers (CHC) को सञ्चालन व्यवस्थापन गरिनेछ ।

### घ) कृषि उपजहरूको उत्पादन, प्रशोधन र बजारीकरणको लागि पूर्वाधार विकास

कृषिको रूपान्तरणका लागि पूर्वाधार विकासतर्फ सिँचाइ, बजार, प्रशोधन केन्द्र, खाद्य परीक्षण, माटो परीक्षण, प्लाण्ट क्वारेन्टिन प्रयोगशालाको विकासलाई यस परियोजनाले महत्व दिएको छ।

#### i) सिँचाई पूर्वाधार विकास

साना सिँचाई प्रणाली निर्माण र सञ्चालनका लागि कृषि सहकारीहरू, उपभोक्ता समूहहरूलाई प्रोत्साहन गरिनेछ। सिँचाई नीतिको परिधि भित्र रही पकेट, ब्लक, जोन र सुपरजोनमा सिँचाइको व्यवस्थापन र सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। पकेट, ब्लक, जोन र सुपरजोनमा आधुनिक सिँचाइ प्रणालीहरू; थोपा (ड्रिप) सिँचाइ, स्प्रिङ्कलर सिँचाइ, सौर्य उर्जामा आधारित सिँचाइ आदिको स्थापना, मर्मत सम्भार तथा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

#### ii) पोष्ट हार्भेष्ट केन्द्र

सार्वजनिक निजी साझेदारीमा पोष्ट हार्भेष्ट सेवा केन्द्रहरू स्थापनाका लागि पूँजीगत अनुदानको व्यवस्था गरिनेछ। यस्ता सेवा केन्द्रहरूमा सङ्कलन केन्द्र, उपजहरूको प्राथमिक प्रशोधन, प्याकेजिङ्ग एवं भण्डारण सेवा लगायतका सेवाहरू एकीकृत रूपमा उपलब्ध हुनेछ।

#### iii) कोल्ड रूम निर्माण

कृषि उपजहरूको मुख्य सिजनमा बजार भाउ सस्तो हुन जाने, बिक्री वितरण गर्न गाह्रो हुने तर मुख्य सिजन सकिनाका साथ कृषि वस्तुहरूको उच्च मूल्य हुन जाने समस्यालाई न्यूनीकरण गरी उत्पादक कृषक तथा साना ब्यबसायीहरूको मुनाफा सुनिश्चित गर्नका लागि कार्यक्रमले कोल्ड रूम निर्माणमा सहयोग उपलब्ध गराउने छ।

#### iv) कृषि बजार सेवा पूर्वाधारहरू विकास सहयोग

यस अन्तरगत मुख्यतया पोष्ट हार्भेष्ट सेन्टर स्थापना, प्रांगारिक मल कारखाना सवलीकरण वा स्थापना, एकिकृत सेवाकेन्द्र तथा रिफरेन्स प्रयोगशाला निर्माण, एग्रिमार्ट स्थापना, कृषि उपज संकलन केन्द्रहरू, हाट बजारहरू, पशु वधस्थल, मिटमार्ट, फिसमार्ट, एग्रीमार्ट र ठूला कृषि बजारहरूको निर्माण गर्न पूँजीगत अनुदान दिईनेछ। कृषकहरूलाई कृषि वस्तुहरूको माग, आपूर्ति, मूल्य र सम्भाव्य बजारका सम्बन्धमा सूचना प्रदान गर्नका लागि आधुनिक सूचना प्रविधिहरूको प्रयोग गरिनेछ। देशका विभिन्न नाकाहरूमा रहेका Plant/Food Quarantine प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप हुने गरी पूर्वाधारहरूको विकास एवं सुदृढीकरण गरी कृषि व्यापारलाई प्रवर्द्धन गरिनेछ। कार्यक्रमको सुपर-जोन सम्भागहरुमा कृषिजन्य उद्योगहरू स्थापना गर्ने क्रियाकलापहरू सञ्चालन गरिनेछन्।

### ङ) अनुसन्धान-शिक्षा-प्रसार सुदृढिकरण सहयोग

यस अन्तर्गत कृषि अध्ययन संस्थान स्थापना सहयोग, कृषि अनुसन्धान केन्द्र स्थापना र सुदृढिकरण सहयोग, कृषि तालिम केन्द्र स्थापना, फार्म केन्द्र सुदृढिकरण सहयोग लगायतका क्रियाकलापहरू सञ्चालन गरिनेछन्। परियोजनाका व्लक, जोन र सुपर-जोन सम्भागहरूमा कृषि विज्ञ, कृषि बैज्ञानिक लगायत अन्य आवश्यक कर्मचारीहरू सेवा करारमा लिएर विभिन्न क्रियाकलापहरू सञ्चालन गरिने छन्। कृषि अनुसन्धान केन्द्रहरू र फार्म/केन्द्रहरूलाई समेत आधुनिकीकरणका लागि आवश्यक उपकरणहरू जडान र संरचनाहरू निर्माण गरिनेछन।

### च) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान

परियोजनाका व्लक, जोन र सुपर-जोन सम्भागमा तोकिएको सूचकहरूका आधारमा कृषकहरूलाइ प्रतिफलका आधारमा प्रोत्साहन अनुदान उपलव्ध गराउने क्रियाकलाप निश्चित कार्यविधि बनाई सञ्चालन गरिनेछ । परियोजनामा खटिने प्राविधिकहरूको मनोवल उच्च कायम गर्न व्लक, जोन र सुपर-जोन सम्भागमा तोकिएको सूचकहरूका आधारमा प्राविधिकहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने क्रियाकलाप सञ्चालन गरिनेछ।

### छ) गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि

खाद्य स्वच्छताका मापदण्डहरू अवलम्वनका लागि घुम्ती प्रयोगशालाहरूको प्रयोग, अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाहरूको स्थापना, मुख्य बजार केन्द्रहरूमा द्रुत विषादी परीक्षण प्रयोगशाला स्थापना लगायतका पूर्वाधारहरू विकास गरी स्वच्छता एवम् गुणस्तर प्रमाणीकरणको व्यवस्था मिलाई कृषि तथा खाद्य वस्तुहरूको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेश गराउने क्रियाकलापहरू सञ्चालन गरिने छन्।

### ज) जलवायु परिवर्तन अनुकुलित कृषि प्रणाली अबलम्वन

नेपालको कृषि क्षेत्र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको क्षेत्र हो। यस कार्यक्रमले लक्षित गरेका उत्पादन क्षेत्रहरूलाई जलवायु परिवर्तनको जोखिमबाट सुरक्षित राख्नु जरूरी छ। तसर्थ कृषकहरूलाई Climate Smart Farming गर्ने गरी उत्प्रेरित गर्ने र सोही अनुसार प्रविधि सहुलियत उपलब्ध गराउने ब्यवस्था गरिएको छ। उत्पादन क्षेत्रहरूमा Green House Gases कम उत्पादन गर्ने प्रविधिहरू अपनाउन कृषकहरूलाई उत्प्रेरित गरिनेछ। सुपरजोनमा अनुसन्धान एकाईहरू स्थापना गरी जलवायु अनुकूलन हुने प्रविधिहरू कृषकहरूलाई हस्तान्तरण गरिनेछ।

**परिच्छेद २**

## कार्यक्रम सम्पन्न प्रतिवेदन तयारीको पृष्ठभूमि (Background of Assignment)

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयनको नवौं वर्ष पूरा भई दशौं वर्षका कार्यक्रमहरू सञ्चालन भईरहेका छन्। कार्यक्रमका दस्तावेज अनुसार २०८३ असार मसान्तदेखि यसको १० वर्षको पहिलो चरण समाप्त हुंदैछ। कार्यक्रमको परियोजना कार्यान्वयन म्यानुयल (Program Implementation Manual ) मा उल्लेख भए अनुसार परियोजनाको अन्तिम वर्ष कार्यक्रम अवधिभरिको प्रतिफल, समग्र भौतिक र वित्तीय प्रगति, उपलब्धि एवं प्रतिफल विवरणहरू समेटेर कार्यक्रम सम्पन्न प्रतिवेदन तयार गरिनेछ भनी उल्लेख गरिएको छ। सोही अनुरूप सरकारीस्तर (स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्ति) बाट तयार र कार्यान्वयन गरिएको यो विशेष मौलिक कार्यक्रमका प्रगति एवं उपलब्धिहरूलाई संश्लेशण गरी अभिलेखिकरण गरिएको छ।

एक दशक सम्म देशभरका तिनै तहका सरकारहरू, विभिन्न कार्यक्षेत्र भएका करिब २ दर्जन मन्त्रालय तथा निकायहरूसंग सामञ्जस्यता कायम गरी १५ वटा बालीवस्तुहरूको सम्पूर्ण मूल्य श्रृंखलामा देशका ७७ वटै जिल्लाहरूमा विभिन्न स्वरूपमा सञ्चालन गरिएका कार्यक्रमको प्रगति प्रतिवेदनहरूलाई संश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ। यस अभिलेखिकरणले नेपाल सरकार लगायत अन्य निकायहरूबाट समेत भविष्यमा तर्जुमा गरिने कार्यक्रमहरूलाई समेत सिकाई र मार्गदर्शन गर्नेछ भन्ने अभिप्रायले यस प्रतिवेदनलाई बढी भन्दा बढी विश्लेषणात्मक तुल्याउंदै तयार गर्ने प्रयत्न गरेको छ।

कृषि क्षेत्रको आधुनिकीकरण मार्फत् समग्र कृषिको रूपान्तरणको परिकल्पना गरिएकोमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले ४ वटा उद्देश्यहरू र ८ वटा रणनीतिहरू अवलम्बन गर्ने र ती रणनीतिहरूमा आधारित कार्यक्रमहरूको कार्यान्वयन मार्फत् उल्लिखित उपलब्धिहरू हासिल गर्ने लक्ष्य लिएको देखिन्छ। यस प्रतिवेदनले तिनै उद्देश्यहरु, रणनीतिहरू र तिनले निर्देशित गरेका कार्यक्रमहरूमा आधारित भएर प्रगति र उपलब्धिहरू प्रस्तुत गरेको छ।

### २.१ प्रतिवेदन तयारीको उद्देश्यहरू (Objectives)

यो प्रतिवेदन तयारीको उद्देश्यहरू राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको १० वर्ष अवधिको प्रगति एवं उपलब्धिहरूलाई समेटेर कार्यक्रम सम्पन्न प्रतिवेदन तयार गर्नु रहेको छ।

क. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको कार्यान्वयनको अवस्थाको पुनरावलोकन गर्ने
ख. कार्यक्रमले गरेको लगानी तथा प्रगतिको बिश्लेषण गर्ने
ग. दश वर्षको अवधिमा भएका प्रगति र उपलब्धिहरूलाई समेटेर बिश्लेषणात्मक प्रतिवेदन तयार गर्ने
घ. कार्यक्रममा देखिएका कमी कमजोरीहरू औंल्याउदै सुझावहरू प्रस्तुत गर्ने

## २.२ प्रतिवेदन तयारीको कार्यविधि (Methodology)

यस प्रतिवेदन तयारीका लागि प्राथमिक र द्वितीय दुवै किसिमका सूचना तथा तथ्याङ्कहरूको प्रयोग भएको छ। सूचना तथा तथ्यांङ्कहरूको संकलनको लागि ४ वटै सम्भागहरू, कार्यक्रमले लक्षित गरेका १५ वटै बालीवस्तुहरू, कार्यक्रममा संलग्न ३ तहकै सरकारका कृषिका निकायहरू, नेपाल कृषि अनुसन्धान परिषद् (NARC), सिंचाइ विभाग जस्ता निकायहरु तथा Nepal Agricultural Machinery Entrepreneurs Association (NAMEA), नेपाल कृषक समूह महासंघ जस्ता व्यावसायिक संगठनहरू समेतलाई समेटिएको छ।

## २.३ प्राथमिक तहको सूचना तथा तथ्यांङ्क संकलन

केन्द्रीय तहमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, सिंचाइ विभाग र यसै कायर्क्रमका पदाधिकारीहरू लगायतसंग छलफलका माध्यमबाट सूचना संकलन गरिएको छ। कार्यक्रमका ४८ वटै कार्यक्रम कार्यान्वयन एकाइहरूलाई प्रश्नावली पठाई जोन/सुपरजोन तहको सूचनाहरू संकलन गरिएको छ।

**तालिका १ः प्राथमिक तहको सूचना संकलनको नमुना संख्या र छनौट विधि**

| सि.नं | विवरण | कूल नमुना संख्या | नमुना छनौट विधि | कैफियत |
|---|---|---|---|---|
| १. | संघीय निकायहरू | ५ | Purposive | |
| २. | कार्यक्रम कार्यान्वयन एकाइहरू | ४८ | Purposive | |
| ३. | प्रदेश सरकार /जिल्ला स्तरमा रहेका कृषि र पशुसेवाका कार्यालयहरू | ७७+७७=१४४ | Purposive | |
| ४. | स्थानीय सरकार, पालिकाहरू | १४४ | Random | |
| ५. | विभिन्न सम्भागहरूमा आबद्ध कृषकहरू | ६७२ | Random | पकेट-९६<br>ब्लक-९६<br>जोन/सु.जोन-४८० |
| ६. | व्यवसायिक संगठनहरू | ४ | Purposive | |

प्रदेश सरकार अन्तर्गत जिल्ला स्तरमा रहेका कृषि र पशुसेवाका ७७ वटै कार्यालयहरूमा प्रश्नावली पठाई ब्लक तहको सूचनाहरू संकलन गरिएको छ। हरेक जिल्लाका कम्तिमा २ वटा पालिकाका कृषि शाखाहरूलाई प्रश्नावली पठाई पकेट तहको सूचनाहरू संकलन गरिएको छ । त्यसैगरि ४८ वटै कार्यक्रम कार्यान्वयन एकाइहरूका लाभान्वित कृषकहरू मध्ये (पकेट कार्यक्रमबाट २ जना, ब्लक कार्यक्रमबाट २ जना र जोन/सुपरजोनबाट १०/१० जना गरी) कूल ६७२ जना कृषकहरूलाई प्राथमिक सूचनादाताको रूपमा समेटिएको छ। सरोकारवालाहरूको ठूलो र विविधता युक्त समूहहरूबाट सूचना संकलनका लागि कार्यक्रमहरूमा रहेका कृषि स्नातक ईन्टर्नहरूलाई परिचालन गरिएको छ।

स्थलगत भ्रमणगरी सूचनाहरू संकलन गर्नका लागि कार्यक्रम कार्यान्वयन एकाइहरू चितवन, पूर्वी नवलपरासी, रूपन्देही, काभ्रे, भक्तपुर लगायतमा भ्रमण गरिएको छ। त्यसैगरी कार्यक्रमले बागमती, गण्डकी

र लुम्बिनी प्रदेशहरूलाई समेटेर आयोजना गरेको २०८२/८३ को दोश्रो त्रैमासिक तथा अर्धवार्षिक अवधिको प्रगति समीक्षा गोष्ठी, रूपन्देहीमा सहभागी भई प्राविधिकहरू, कार्यालय प्रमुखहरू तथा विषय बिज्ञहरूसंग प्रत्यक्ष अन्तरक्रियाहरू गरिएको छ।

## २.४ सहायक ( द्वितीय तहको) सूचना तथा तथ्याङ्क संकलन

द्वितीय तहका सूचना तथा तथ्याङ्कहरू संकलनका लागि नेपालको संबिधान २०७२, पन्ध्रौं पन्चबर्षीय योजना, राष्ट्रिय कृषि नीति २०६१, कृषि विकासको २० बर्षे रणनीति (ADS) (२०१५-२०३५), कार्यक्रमका आ.व. २०७३/७४ देखि २०८२/८३ सम्मका वार्षिक प्रगति पुस्तिकाहरू, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेज ( Project Document of Prime Minister Agriculture Modernization Project, PMAMP), प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यान्वयन म्यानुयल (Project Implementation Manual, PIM), प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मध्यावधि समीक्षा प्रतिवेदन, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यान्वयन अवस्था तथा हालसम्मका उपलब्धि पुस्तिकाहरू, कार्यक्रमबाट गरिएका विविध प्रकासनहरू, कृषि डायरीहरू, केन्द्रीय तथ्यांङ्कहरू तथा विभिन्न निकायहरुबाट प्रकाशन गरिएका पुस्तिकाहरू तथ्यांङ्कका श्रोतहरू रहेका छन्।

## २.५ प्रतिवेदन तयारीको अध्ययनको क्षेत्र ( Scope of the Assignment)

कार्यक्रम सम्पन्न प्रतिवेदन (PCR) तयार गर्नको लागि आवश्यक पर्ने श्रोतसामाग्री र सूचनाहरू जुटाउनको लागि निम्नानुसारका क्षेत्रहरू समेटिएको छ।

क) कार्यक्रम लागु भएका क्षेत्रहरूको अध्ययन भ्रमण गरी सम्पन्न भएका कार्यक्रमहरू र NAMP का तर्फबाट तिनमा भएका सहयोगहरूको लेखाजोखा गरिएको छ।NAMP कार्यक्रमका लाभग्राहीहरू तथा अन्य सहयोगी निकायहरूको सर्भे तथा अन्तरवार्ताहरू लिईएको छ।

ख) NAMP बाट प्रकाशन भएका वार्षिक पुस्तिकाहरू, परियोजना दस्तावेजहरू, कार्यान्यिवन म्यानुअलहरू, मध्यावधि समीक्षाका प्रतिवेदन लगायतका सूचना श्रोतहरूको पुनरावलोकन गरिएको छ।

ग) विभिन्न प्रकारका चेकलिस्ट तथा फर्मेटहरूको प्रयोग गरी कार्यक्रमका लाभग्राहीहरूसंग तथ्यहरू संकलन गरिएको छ।कार्यक्रमका सरोकारवालाहरूसंग बैठक एवं छलफल गरी तथ्यहरू संकलन गरिएको छ।

घ) Online Project Monitoring and Control Mechanism (OPMCM) का Entry गरिएका मुख्य मुख्य सूचकहरूको अध्ययन गरिएको छ।

ङ) कार्यक्रम लागु भएका क्षेत्र र कार्यक्रम लागु नभएका क्षेत्रहरू बीच तुलनात्मक रूपमा कार्यक्रमले गरेको हस्तक्षेप (Interventions) बाट भएका उपलब्धिहरूको मूल्यांकन गरिएको छ।

च) कार्यक्रमको अर्को कार्यकाल (Next Phase) को लागि सुझावहरू सहितको कार्यक्रम सम्पन्न प्रतिवेदन तयार गरिएको छ।

## २.६ प्रतिवेदन तयारीको सीमाहरू (Limitations of the Report Preparation)

यो प्रतिवेदन तयार गर्ने क्रममा देखिएका केहि असहजताहरु निम्नानुसार रहेका छन् ।

### क) तथ्यांङ्कहरूको कमजोरी

प्रतिवेदन तयार गर्ने कार्यको समय सीमा २०८२ माघ देखि २०८३ बैसाख सम्म तोकिएको छ। औपचारिक रूपमा यो कार्यक्रम समाप्त हुने अवधि नै आ.व २०८२/८३ को असार मसान्त सम्म रहेको हुँदा सो आ.व को तथ्यांङ्क एवं प्रगतिको लागि अगाडिको वर्षको तथ्यांङ्कहरूलाई नै आधार लिईएको छ। त्यसै गरी कृषि मन्त्रालय तथा केन्द्रिय तथ्यांङ्क विभागबाट आ.व २०८१/८२ को तथ्याङ्क पनि पूर्णरूपमा तयार नभएको हुँदा प्राप्त हुन सकेन। उत्पादन क्षेत्रबाट Reporting हुने क्षेत्रफल र उत्पादनका तथ्यांङ्कहरू सही नै हुन् भनेर एकिन गर्ने बैज्ञानिक प्रणाली स्थापित गरिएको छैन।Baseline तथ्यांङ्कहरू नहुनु, भएका तथ्यांङ्कहरूको Accuracy नहुनु, उही विषयमा फरक फरक तथ्यांङ्कहरू भेटिनु जस्ता कमजोरीहरू रहेका छन्। कार्यक्रमले तयार गरेको Agriculture Result Monitoring Information System "ARMIS" मा प्रविष्ट गरिएका तथ्यांङ्कहरूमा पूर्णता र एकरूपता नहुनाले पनि प्रगति लेखनमा तथ्यांङ्कको सहि श्रोत पहिचान गर्न कठिनाई भएको छ।

### ख) उपलब्धिहरूको मापन प्रणाली

कृषिमा उपलब्धिहरूको Reporting गर्ने कार्य आफैमा चुनौतीपूर्ण छ l विविध प्रकारका कार्यक्रमहरू गर्ने र कार्यक्रम सम्पन्न भएका संख्यालाई नै उपलब्धि मान्ने लामो समय देखिको अभ्यास रहदै आएको छ। उदाहरणका लागि बिरूवा वितरण एउटा प्रगति हो, संरचना निर्माण अर्को प्रगति हो, कुलोको मर्मत सम्भार अर्को प्रगति हो। तर यी तीनै प्रकृतिका प्रगतिहरूले उपलब्धि दिन्छन् कि दिदैनन्? दिए कति दिन्छन्? एकिन गर्ने कार्य गाह्रो छ। कति बिरूवा, कति वर्ष पछि फलेर, कति फल उपभोग गरियो ? बाख्राको खोर (संरचना) निर्माणमा, सुधारिएको खोरमा पालिएका बाख्राबाट उत्पादकत्व वृद्धिमा कति योगदान पुग्यो ? कुलोको मर्मत गर्दा पहिले भन्दा सिंचाइमा सहज त भयो तर आर्थिक उपलब्धि के भयो? यी अनेकन अप्ठेरा विषयहरू छन्। यस कार्यक्रमका वार्षिक प्रगति पुस्तिकाहरूले पनि संख्यात्मक रूपमा कार्यक्रम सम्पन्न हुनुलाई नै उपलब्धि मानिएको र सोहि अनुरुप उपलब्धिहरूको हिसाब किताब गरिएको छ। उपलब्धिहरू दर्शाउने धेरैजसो सूचकहरू नै मापनयोग्य छैनन्। नीति अनुसन्धान प्रतिष्ठानले गरेको मध्यावधि समीक्षा प्रतिवेदनले पनि " उल्लिखित लक्ष्यका सूचकहरू आधार तथ्यांङ्क (Baseline Data) मा अधारित र मापन योग्य नभई पूर्वधारणा (Assumption) का आधारमा तयार भएकोले मापन योग्य नरहेको" भनी औल्याएको छ।

### ग) दोहोरोपना फिल्टर गर्ने प्रणाली

अन्य विकासका कार्य भन्दा कृषिको प्रकृती फरक छ। यो निरन्तरतामा अधारित छ, उत्पादन हुना साथै खर्च सुरू हुन्छ र "उत्पादन खर्च" को सोही चक्र पुनः हरेक पटक दोहोर्याउनुपर्ने हुन्छ। हरेक वर्ष हुने उत्पादन र खर्चलाई प्रगतिमा जोड्ने र एकमुष्ट उपलब्धि देखाउने कार्य सहज र व्यवहारिक छैन। हरेक वर्ष खेती गरिने जग्गा, उत्पादन गरिने बालीनाली र खेती गर्ने किसानहरू प्राय उही नै हुने हुनाले कृषिका कार्यक्रममा दोहोरिएको जस्तो देखिन्छन। दोहोरोपना यकिन गर्ने प्रणाली छैन। त्यही जमिनमा कार्यक्रमले सहयोग नगर्दा

र सहयोग गर्दा कति उत्पादन अन्तर भयो ? उत्पादन वृद्धिको उक्त अन्तर (Gap) मापन गरी उपलब्धि गणना गर्नु अप्ठ्यारो छ। यीनै अप्ठेराहरूको समष्टि यो प्रगति प्रतिवेदनमा पनि रहेको छ। तथापि उपलब्ध भएका तथ्यहरूको विभिन्न कोणबाट बिश्लेषण, र भेरिफिकेसन गरी प्रतिवेदनलाई अन्तिम रूप दिईएको छ।

### घ) समन्वयात्मक कार्यक्रम भित्रको असमन्वय

तीन तहका सरकारका बीच समन्वय गर्दै ससर्त अनुदान मार्फत् प्रदेश र स्थानीय तहमा ब्लक र पकेट कार्यक्रम सञ्चालनको लागि ४०.१४ प्रतिशत बजेट विनियोजन खर्च भएको छ। तर सो कार्यक्रम बजेट, प्रगति, जिम्मेवारी र उपलब्धिको अवस्था भने कार्यक्रमको नियन्त्रण र पहुँच भित्र रहेको देखिएन। प्रदेश र स्थानीय तहमा ठूलो बजेट छरिएर खर्च भयो र त्यसको उपलब्धि एकिकृत रूपमा प्राप्त हुन सकेन। समन्वयको कमीका कारणले गर्दा कार्यक्रमको एउटा महत्वपूर्ण पाटो र उपलब्धिहरूलाई यो प्रगति प्रतिवेदन भित्र समेट्न सकिएन।

### ङ) कार्यक्रमको आकार र उपलब्धि सूचकहरूको प्रक्षेपण बीच नमिलेको तालमेल

कार्यक्रमले हासिल गरेका उपलब्धिहरूको मापन गर्दै राष्ट्रिय अर्थतन्त्रमा पुगेको योगदानहरूको विश्लेषण गर्दै गर्दा यो कार्यक्रमको आकार के कत्रो छ / थियो भनेर पनि पुनराबलोकन हुनु सान्दर्भिक हुने थियो। कार्यक्रमको क्षमता र यसका लक्ष्यहरू बीच तालमेल नमिलेका कारण उपलब्धिहरू हासिल र मापन गर्न कठीन भएको छ। जस्तैः खाद्यान्न बाली तर्फ कार्यक्रमले राष्ट्रिय क्षेत्रफलको तुलनामा जम्मा २.२९ प्रतिशत क्षेत्रफललाई मात्र समेटेको छ तथापी तीन वर्षभित्र धान लगायत प्रमुख खाद्यान्न बालीहरूमा आत्मनिर्भर हुने लिएको छ। कार्यक्रमले लक्षित गरेका प्राय वालीवस्तुहरुको कार्यक्रमको आकार र लक्ष्य निर्धारण बीच तालमेल मिलेको छैन। सानो परिमाणमा कार्यक्रमहरू भएता पनि तिनको Trickle Down Effects मार्फत् उक्त उपलब्धिहरू हुनेछन् भनेर गरिएको सैद्धान्तिक परिकल्पनाहरू खासै यथार्थपरक देखिएनन्।

## परिच्छेद ३
## नीतिगत तादम्यता र योगदान

कार्यक्रमलाई कृषि विकासको २० बर्षे रणनीति (ADS) को दश बर्षे Action Plan को रूपमा लिईएको छ। यसका सफलता असफलताहरूसंग ADS प्रत्यक्ष जोडिएको हुनाले यस खण्डमा कार्यक्रम र ADS का बीचको सामञ्जस्यतालाई प्रस्तुत गरिएको छ । यस अवधिमा पर्न गएका पन्ध्रौ पंचबर्षीय योजनाको पूरा कार्यकाल एवं सोह्रौ योजनाका पहिला २ वर्षहरूको तादम्यता र योगदानको पनि विश्लेषण गरिएको छ।

### ३.१ कृषि विकासको २० बर्षे रणनीति (ADS) (२०१५-२०३५) मा योगदान

कृषि विकास रणनीति (ADS) का महत्वपूर्ण अवयवहरू भनेका यसका फ्ल्यागसीप कार्यक्रमहरू हुन्। राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रमले ती ४ वटै फ्ल्यागसीप कार्यक्रमहरूलाई आफ्ना कार्यक्रमहरूमा निम्नानुसार समाहित गरेको छ।

**फ्ल्यागसीप १:** मूल्य श्रृंखला विकास, ADS को पहिलो फ्ल्यागसीप कार्यक्रम हो। यस परियोजनावाट हालसम्म ९३९३ पकेट,१६९९ व्लक, २१२ जोन र २१ सूपरजोनहरूको स्थापना गरी १५ प्रकारका बालीवस्तुका मूल्य श्रृंखला विकास कार्यक्रमहरू सन्चालन गरिएको छ। कार्यक्रमले स्थापना गरेका विशिष्टीकृत उत्पादन क्षेत्रहरूमा मूल्य श्रृङ्खलाका सबै सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी व्यबस्थापन समितिहरूको गठन गरिएको छ। केरा, माछा, अलैंची, मह जस्ता बाली विषेशका एलाईन्सहरू गठन भई राष्ट्रिय रूपमा लक्षित बालीको मूल्य श्रृङ्खला कार्यक्रम सन्चालन गर्न सहयोग पुगेको छ।

**फ्ल्यागसीप २:** कृषि शिक्षा, अनुसन्धान तथा प्रसारलाई एकीकृत रूपमा सन्चालन गर्नु कृषि विकास रणनीतिको दोश्रो महत्वपूर्ण फ्ल्यागसीप कार्यक्रम हो। यस कार्यक्रमले पकेट र ब्लक कार्यक्रमहरूलाई स्थानीय र प्रदेश तहमा विकेन्द्रित गरेको छ। जोन र सूपरजोनहरूमा कृषि शिक्षा, अनुसन्धान तथा प्रसारलाई एकिकृतरूपमा सन्चालन गर्नका लागि नेपाल कृषि अनुसन्धान परिषद् लगायत अन्य विभिन्न संस्थाहरूलाई बजेट विनियोजन गरी नयां अभ्यासको सुरूवात गरेको छ। कृषि विश्वविद्यालयहरू तथा कलेज लगायतका शैक्षिक संस्थाहरूसंग समन्वयगरी जोन/सुपरजोनहरूमा ठूलो संख्यामा कृषि स्नातक ईन्टर्नहरूको परिचालन गरिएको छ। यसले कृषि शिक्षालाई प्रत्यक्ष रूपमा कृषि प्रसारसंग जोड्नुका साथै कृषक समुदाय प्रति उत्तरदायी समेत तुल्याएको छ।प्राविधिक शिक्षालयहरूलाई निरन्तर सहयोग उपलब्ध गराउदै तिनको ब्यबसायिक क्षमतामा अभिवृद्धि गरेको छ।

**फ्ल्यागसीप ३:** विशिष्टीकृत उत्पादन क्षेत्रहरूमा नवप्रवर्तन तथा कृषि उद्धमशीलता कृषि विकास रणनितीको तेश्रो फ्ल्यागसीप कार्यक्रम हो। प्रविधि केन्द्रहरू, नवप्रविधि केन्द्रहरू, उद्यमशीलता विकास कार्यक्रमहरू, कृषि उपजहरूको प्रशोधन तथा वस्तु उत्पादन सम्वन्धी कार्यक्रमहरू सन्चालन गरिएका छन्। पकेट, ब्लक, जोन र सुपरजोनहरूमा कृषिसंग सम्बन्धीत साना तथा मझौला व्यवसायहरू सन्चालन गर्न सहकारी, निजी क्षेत्र तथा लक्षित समूहहरू, युवा, महिला विपन्न वर्गहरूको लागि अनुदानको व्यवस्था गरिएको छ।

**फ्ल्यागसीप ४:** कृषि विकास रणनीतिको चौथो महत्वपूर्ण फ्ल्यागसीप कार्यक्रम खाद्य तथा पोषण सुरक्षा हो। कार्यक्रमलाई कार्यान्वयन गर्न यस कार्यक्रमले पकेट ब्लक, जोन र सूपरजोनहरूमा समग्र कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरू सन्चालन गरी स्थानीय र राष्ट्रियस्तरमा खाद्य तथा पोषण सुरक्षालाई सुनिश्चित गर्ने गरी गतिविधीहरू सन्चालन गरेको छ। पोषण सुरक्षाले महत्वपूर्ण देखिएका स्थानीय वालीहरूको पकेट र ब्लक उत्पादन कार्यक्रमहरू सन्चालन गरी खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन गर्ने कार्यक्रमहरू लक्षित गरिएको छ।पकेट ब्लक जोन र सुपरजोनको उत्पादनको गुणस्तरीयता कायम गर्न घुम्ती प्रयोगशाला सेवाहरू सञ्चालन गरी खाद्य स्वच्छता र गुणस्तर कायम गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न टेवा पुर्याईरहेको छ।

***नोटः सूचक अनुसारका प्रगति र कार्यक्रमको योगदान परिच्छेद १५.७ मा उल्लेख गरिएको छ*** ।

## ३.२ पन्ध्रौ पञ्च बर्षीय योजना (२०७६/७७-२०८०/८१) मा योगदान

पन्ध्रौ योजनाले ३ वटा बृहत्तर क्षेत्र, १९ वटा रणनीति र ७७ वटा कार्यनीति भित्र कृषिका विषयहरूलाई समेटेको छ। साथै ती उद्देश्यहरू प्राप्तिका लागि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमलाई रूपान्तरणकारी कार्यक्रमको रूपमा अंगिकार गरेको छ। प्रस्तुत तालिकामा पन्ध्रौ योजनाका क्षेत्रगत उद्देश्यहरू र ती उद्देश्यहरू हासिल गर्न NAMP का योगदानहरू प्रस्तुत गरिएको छ।

**उद्देश्यहरू**

| सि.नं | पन्ध्रौ योजनाका क्षेत्रहरू | पन्ध्रौ योजनाका क्षेत्रगत उद्देश्यहरू | NAMP का योगदानहरू |
|---|---|---|---|
| १. | (क) कृषि तथा प्राकृतिक स्रोत | कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने। | पन्ध्रौ योजनाका क्षेत्रगत उद्देश्यहरू हासिल गर्नका लागि NAMP ले गरेका योगदानहरू प्रतिवेदनका सम्वन्धित परिच्छेदहरुमा विस्तार गरिएको छ । |
| २. | | कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्ने। | |
| ३. | | व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्ने। | |
| १. | (ख) खाद्य तथा पोषण सुरक्षा | खाद्य असुरक्षा तथा पोषणको जोखिममा रहेका क्षेत्र र समूहको आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्नु। | |
| २. | | कृषि तथा गैह्र कृषिजन्य उद्यम मार्फत् आय-आर्जनमा सुधार गरी खाद्यमा पहुंच वृद्धि गर्नु। | |
| ३. | | खाद्य वस्तुको स्वच्छता अभिवृद्धि गर्दै गुणस्तरयुक्त खाद्यवस्तुको वितरण प्रणालीमा सुधार गर्नु। | |

| | | | |
|---|---|---|---|
| १. | (ग) सिँचाइ क्षेत्र | उपर्युक्त प्रविधि मार्फत् थप कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्नु। | |
| २. | | ठूला जलाशययुक्त तथा जल स्थान्तरण बहुउद्धेशीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा बर्षैभरि भरपर्दो रूपमा सिंचाइ सुबिधा उपलब्ध गराउनु। | |
| ३. | | सम्पन्न सिँचाई प्रणालीको मर्मत-सम्भार एवं व्यवस्थापनलाई सुदृढ तुल्याई दीगोपन बढाउनु। | |

**क) अपेक्षित उपलब्धिहरु**

योजना अवधिमा प्रमुख कृषि उत्पादनहरुमा आत्मनिर्भर भई कृषि क्षेत्रको व्यापार सन्तुलन कायम भएको हुनेछ। योजनाको अन्त्य सम्ममा कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशतबाट २२.३ प्रतिशत पुगेको हुनेछ। कृषि क्षेत्रको उत्पादकत्व ३.१ बाट ४ मे.ट. प्रतिहेक्टर पुगेको हुनेछ।योजनाको अन्तिममा प्रमुख बालीहरूको बीउ प्रतिस्थापन दर २५ प्रतिशत पुगेको हुनेछ। जमिनको उत्पादकत्व अमेरिकी डलर ४,३४८ प्रति हेक्टर, कृषि श्रमको उत्पादकत्व अमेरिकी डलर १,५८७ प्रति व्यक्ति प्रति हेक्टर पुगेको हुनेछ।योजना अवधिमा प्रमख कृषि उत्पादनमा आत्मनिर्भर भई कृषि क्षेत्रको व्यापार सन्तुलन कायम भएको हुनेछ।

**तालिका २ पन्ध्रौ योजनाले अपेक्षा गरेको प्रमुख बालीवस्तुहरूको प्रति हेक्टर उत्पादकत्व मे.ट**

| बालीवस्तु | आ.व. २०७५/७६ को आधार तथ्याङ्क | अन्तिम वर्ष २०८०/८१ को लक्ष्य | अन्तिम वर्ष २०८०/८१ को हासिल उपलब्धि (राष्ट्रिय) | आधार वर्षको तुलनामा प्रगति (+ -) राष्ट्रिय | NAMP तर्फको २०८०/८१ सम्मको हासिल उपलब्धि | आधार वर्षको तुलनामा प्रगति (+ -) NAMP |
|---|---|---|---|---|---|---|
| धान | ३.७६ | ४.५ | ३.९८ | +०.२२ | ५.१९ | +१.४३ |
| मकै | २.८ | ४.० | ३.४९ | +०.६९ | ५.३३ | +२.५३ |
| गहुँ | ३.० | ३.५ | २.९९ | ० | ४.१६ | +१.३६ |
| तरकारी | १४.१ | २० | १४.२४ | +०.१४ | २१.५६ | +७.४६ |
| आलु | १६.४ | २२ | १६.६५ | +०.२५ | २२.६९ | +६.२९ |
| दलहन | १.२ | १.३ | १.०७ | ० | १.४१ | +०.२१ |
| तेलहन | १.१ | १.३ | १.१० | ० | १.४४ | +०.३४ |
| फलफूल | ९.८ | १२ | १०.८३ | +१.०३ | १८.०३ | +८.२३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माछा | ४.९ | ६ | ५.३७ | +०.४७ | ५.८८ | +०.९८ |
| दूध | ०.७५ | १.४ | १.१६ | +०.४१ | १.३२ | +०.५७ |
| मासु | ०.०१ | ०.०१ | ०.०१ | ० | ०.०२ | +०.०१ |
| **औसत वृद्धि** | | **६.९१** | **५.५३** | **+०.४५** | **७.९१** | **+२.६७** |

पन्ध्रौ योजनाले ११ वटा प्रमुख बालीवस्तुहरूको उत्पादकत्व औसत ६.९१ मे.ट/हे वृद्धि गर्ने लक्ष्य राखेकोमा हाल औसत ५.५३ मे.ट/हे (८०%) हासिल भएको छ। NAMP कार्यक्रम लागु भएका क्षेत्रहरूमा ती बालीवस्तुहरूको औसत उत्पादकत्व ७.९१ (११४.७%) रही योजनाको लक्ष्य हासिल गर्न योगदान गरेको देखिन्छ।

**(ग) सोह्रौ पञ्च बर्षीय योजना (२०८१/८२-२०८५/८६) मा** NAMP को योगदान

सोह्रौ योजनाका अन्तिम दुई वटा आर्थिक वर्षहरू यो कार्यक्रम भित्र पर्दछन्। सोह्रौ योजनाले बिशेष गरी श्रमशक्तिको बढ्दो पलायनबाट सृजित कृषि मजदुरको अभाब र आपूर्तिका समस्या, बढ्दो व्यापार घाटा, कृषिमा व्यावसायीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरण मार्फत् कृषि पेशालाई सम्मानजनक बनाउने। आय तथा रोजगारी सृजना, गरिबी न्यूनीकरण, सुधारात्मक व्यापार सन्तुलन, दीगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा गर्ने। कृषि क्षेत्रको रूपान्तरणबाट आर्थिक समृद्धिका लागि बृहत उत्पादन क्षेत्र, मूल्य अभिवृद्धि एवं बजारीकरणका लागि आवश्यक संरचना सहितको उत्पादन क्षेत्र (जोन), कृषिजन्य उद्योग सहितको औद्योगिक बिशेष कृषि क्षेत्र (सुपरजोन) सञ्चालन गरी कृषि क्षेत्रका आगामी विकास कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने आवश्यकता औंल्याएको छ। आर्थिक वृद्धिदर ४.१ प्रतिशत हासिल गरी गरिबी न्यूनीकरण, ग्रामीण रोजगारी, खाद्य तथा पोषण सुरक्षा, व्यापार सन्तुलन मार्फत् देशको समग्र आर्थिक विकास गर्ने लक्ष्य राखेको छ।

**तालिका ३: सोह्रौ योजनामा NAMP को योगदान**

| **रणनीति नं** | **सोह्रौ योजनाका कार्यनीतिहरू** | **NAMP का योगदानहरू** |
|---|---|---|
| १. | भूमिको बैज्ञानिक उपयोग र संरक्षण मार्फत् बृहत उत्पादन क्षेत्र स्थापना गरी उत्पादनमा वृद्धि गर्ने | NAMP को रणनीति १ एवं चार तहका उत्पादन सम्भागहरू मार्फत् उत्पादन वृद्धिका क्षेत्रमा कार्य/ उपलब्धिहरू हासिल भई रहेको छ। |
| २,३. | उत्पादन सामग्रीहरूको आपूर्ति सुनिश्चित गर्ने, पूर्वाधार विकास,सिंचाइ, यान्त्रिकीकरण प्रवर्द्धन गर्ने। | NAMP को रणनीति २ र ३ मार्फत् आधुनिक प्रविधिहरूको अवलम्बन र यान्त्रिकीकरण प्रवर्द्धन गर्दै उत्पादनमा वृद्धिका क्षेत्रमा कार्य/ उपलब्धिहरू हासिल भई रहेको छ। |
| ४. | उत्पादनमा आधारित अनुदानको ब्यवस्था | NAMP को रणनीति ६ मार्फत् कार्यान्वन, परीक्षण र सिकाई हासिल भएको छ। |

| | | |
|---|---|---|
| ५. | निर्यात सम्भावना भएका बालीहरूको उत्पादन प्रवर्द्धन | अलैंची, अदुवा/बेसार, मह र कफीका १०६२ वटा उत्पादन सम्भागहरू स्थापना भई उत्पादनमा वृद्धिका कार्यक्रमहरू र उपलब्धिहरू हासिल भई रहेको छ। |
| ६. | प्रविधि, उत्पादन सामग्रीहरू, पूर्वाधार विकास, सिंचाइ, यान्त्रिकीकरण प्रवर्द्धन मार्फत् खाद्यवस्तुमा आत्मनिर्भरता | प्रमुख खाद्यान्न बालीहरू धान, गहु, मकै, तरकारी बाली, माछा र प्रमुख फलफूल बालीमा आत्मनिर्भर हुने योजना सहित कार्य/उपलब्धिहरू हासिल भई रहेको छ। |
| ७. | स्वच्छ र पोषणयुक्त खाद्य प्रवर्द्धन | NAMP को रणनीति ७ ले गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छतालाई प्राथमिकता दिंदै कार्यहरू भई रहेको छ। |
| ८ | अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाको उपयोग | नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विश्वविद्यालय हरूलाई समेत कार्यक्रममा संलग्न गराई व्यावहारिक अध्ययन अनुसन्धानको प्रयास भईरहेको छ। |
| ९,१०,११ | लक्षित वर्ग समुदायको समावेशीकरण र आत्मनिर्भरता | कार्यक्रमले योजना छनौट देखि नै सो वर्गलाई प्राथमिकतामा राखी कार्य गरिरहेको, करिब १५ % दलित, ३३% जनजाती र २८ % युवा लाभान्वित भएको अवश्था छ। |
| १३,१४ | कृषिमा जलबायु परिवर्तन संवेदनशीलता | NAMP को रणनीति ८ ले जलबायु परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन गर्न सक्ने प्रविधि र अभ्यासहरू प्रयोग भईरहेको छ । |

## परिच्छेद ४
## कार्यक्रम बजेट

यस परिच्छेदमा कार्यक्रमको लागि प्रस्तावित भएको बजेट, कुल विनियोजित बजेट, विभिन्न निकायहरूको बजेट विनियोजन र खर्च, बजेट खर्चमा देखिएका समस्याहरूलाई प्रस्तुत गरिएको छ।

### ४.१ कार्यक्रम अवधिको बजेट विश्लेषण

यस कार्यक्रमको सम्पूर्ण वित्तीय श्रोत नेपाल सरकारको कोषबाट उपलब्ध हुने गरी व्यवस्था मिलाइएको थियो । कार्यक्रमले दश वर्षको कार्यान्वयन अवधिमा रू.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख बजेट खर्च गर्ने लक्ष्य लिएको थियो। तलको तालिकामा कार्यक्रमको लागि हरेक वर्ष प्राप्त हुन आएको बजेट र सो को निकायगत बांडफांड प्रस्तुत गरिएको छ।

**तालिका ४: कार्यक्रम अवधिको बजेट प्राप्तिको वार्षिक विवरण एवं निकायगत बांडफांड** **(रू.हजारमा)**

| सि. नं | निकायहरू | आ.व | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | २०८१/८२ | २०८२/८३ | जम्मा |
| १. | पकेट तथा ब्लक विकास कार्यक्रम | २१७३१३८ | २४९२०७ | | ४३४२४३६ | ४९९४६६१ | ४७९८१०० | - | - | | | |
| २. | जोन विकास कार्यक्रम | ६७०४२४ | ९१६८५६ | ११९२२८९ | - | - | - | - | - | | | |
| ३. | सुपरजोन विकास कार्यक्रम | ७०४८३२ | ४८१८२३ | ४५०६६१ | - | - | - | - | - | | | |
| ४. | कृषि विभाग/ क्षेत्रिय कृषि निर्देशनालयहरू | १२१५४ | ११७०२ | १५२१ | - | - | - | - | - | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग | १८५९ | १५३११९८ | २९९९० | - | १०००० | - | - | - | | | |
| ६. | नेपाल कृषि अनुसन्धान परिषद् | ७८६०८ | २४८०३५ | ३५७०० | ३९०८४ | ९२८५० | - | - | - | | | |
| ७. | उद्योग मन्त्रालय | २५२३८४ | ७६२२१ | १५७४७ | - | - | - | - | - | | | |
| ८. | वन तथा वातावरण मन्त्रालय | ७०६७० | ६९०६१ | - | - | - | - | - | - | | | |
| ९. | सिंचाइ मन्त्रालय | ५३१९२२ | १७७८३० | १७००२० | १४९३०५ | ५३४२ | - | - | - | | | |
| १०. | परियोजना ब्यबस्थापन इकाई | ८४३३८४ | ३०४७८९ | १३३४४७२ | ११८०७४ | २७८३५७ | १०७१२९ | ९८७३१ | १०६४८० | | ४२००७०० | |
| ११. | मत्स्य विकास निर्देशनालय/ फार्म केन्द्रहरू | ६०००० | ३८९८६ | - | - | - | - | - | - | | | |
| १२. | फलफूल विकास निर्देशनालय/ फार्म केन्द्रहरू | ५००० | ४३६०९ | - | - | २३४१ | - | - | - | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | तरकारी विकास निर्देशनालय/ फार्म केन्द्रहरू | २५००० | ६४२६१ | - | - | - | - | - | - | | | |
| १४. | कृषि ईन्जिनीयरिंग निर्देशनालय/ यान्त्रिकीकरण प्रवर्द्धन केन्द्र | - | १७९५०० | - | - | - | - | - | - | | | |
| १५. | केन्द्रीय कृषि प्रयोगशाला | - | १८१३५ | - | - | - | - | - | - | | | |
| १६. | पशुसेवा विभाग | - | - | - | ९८५ | - | - | - | - | | | |
| १७. | गाईआनुबाँशिक श्रोतकेन्द्र, दोलखा | - | - | - | ५८३० | - | - | - | - | | | |
| १८. | परियोजना कार्यान्वयन एकाई | - | - | - | २७३३१४५ | २८३६४४९ | २९२२७०५ | २८७८०४४ | २६९६८९२ | २९८८०६३ | | |
| १९. | प्रदेश (ब्लक) | - | - | - | - | - | - | ६१३८०० | १९७५०० | ९७९१० | | |
| २०. | स्थानीय तह (पकेट) | - | | | | - | - | १९९७०२५ | ६३१८२८ | ५९५६२७ | | |
| २१. | अन्य | ३५६९०० | २४१३४६५ | - | - | - | | | | | | |
| | **कूल जम्मा** | **५७८६२७५** | **५४४६६७८** | **४७७७५००** | **७३८८८५९** | **८२२००००** | **७८२७९३४** | **५५८७६००** | **३६३२७००** | **३६८१६००** | **४२००७००** | |

कार्यक्रमले दश वर्षको अवधिमा रू.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख बजेट खर्च गर्ने लक्ष्य लिएको भएता पनि रू. ५६ अर्ब ५४ करोड ९८ लाख ४६ हजार बजेट प्राप्त भएको छ। यो रकम कूल प्रस्तावित बजेटको ४३.२५ प्रतिशत बजेट हो। तलका तालिका तथा चित्रहरुमा कार्यक्रमले अवधि भरिको लागि प्रस्ताव गरेको बजेट, नेपाल सरकारबाट भएको खास विनियोजन, खर्च र त्यसको Trend विश्लेषण गरिएको छ।


**तालिका ५ः कार्यक्रमले प्रक्षेपण गरेको वजेट तथा खर्चको प्रगति अवस्था (रू.हजारमा)**

| आ.व | प्रस्तावित वजेट रू. | वास्तविक विनियोजन रू. | प्रस्तावितको तुलनामा वास्तविक प्राप्त वजेट (%) | वास्तविक खर्च रू. | विनियोजनको तुलनामा खर्च (%) | कैफियत |
|---|---|---|---|---|---|---|
| २०७३/७४ | ५७८६२७५ | ५७८६२७५ | १००.० | ३३५५४४६ | ५७.९९ | |
| २०७४/७५ | ७७७१६०५ | ५४४६६७८ | ७०.०८ | ३९४६०७० | ७२.४५ | |
| २०७५/७६ | ९०२७८६५ | ४७७७५०० | ५२.९१ | २७४४८१२ | ५७.४५ | |
| २०७६/७७ | १०३६९२४० | ७३८८८५९ | ७१.२१ | ४३०१३७५ | ५८.२१ | |
| २०७७/७८ | ११८१२७५५ | ८२२०००० | ६९.५८ | ६१४७५०० | ७४.७९ | |
| २०७८/७९ | १३३७८८३५ | ७८२७९३४ | ५८.५० | ५७६५९८१ | ७३.६६ | |
| २०७९/८० | १५०९१९९५ | ५५८७६०० | ३७.०२ | ४४१००९६ | ७८.९३ | |
| २०८०/८१ | १६९८१६५१ | ३६३२७०० | २१.३९ | २८४१३८१ | ७८.२२ | |
| २०८१/८२ | १९०८३१०२ | ३६८१६०० | १९.२९ | २८८६५२९ | ७८.४० | |
| २०८२/८३ | २१४३८७०६ | ४२००७०० | १९.५९ | *० | ०० | |
| **जम्मा** | **१३०७४२०२९** | **५६५४९८४६** | **४३.२५** | **३६३९९१९०** | **६४.३६** | |

**नोटः* कार्यक्रमको दशौं वर्षको कार्यक्रम चलिरहेको हुँदा अन्तिम वर्षको खर्च प्राप्त हुन नसकेकोले १० वर्षको विनियोजनको तुलनामा ९ वर्ष सम्मको खर्च प्रतिशत**


प्राप्त बजेटलाई कार्यक्रमले समन्वय र सहयोग प्राप्त गर्न आवश्यक देखिएका विभिन्न १३ वटा सम्म निकायहरूमा (तालिकाः४) विनियोजन/वितरण गरी समन्वयात्मक तबरले कार्यक्रमहरू सञ्चालन गर्ने प्रयास गरिएको छ। कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतका ३ वटै विभागहरू (कृषि विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग र पशुसेवा विभाग), कृषि विभाग अन्तर्गतका निकायहरु/फार्म केन्द्रहरू, नेपाल कृषि अनुसन्धान परिषद्, उद्योग मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सिंचाइ मन्त्रालय, ब्लक कार्यक्रम मार्फत प्रदेश मन्त्रालयहरू र पकेट कार्यक्रमहरू मार्फत् स्थानीय सरकारहरू समेतलाई बजेट कार्यक्रममा समेट्ने प्रयास गरिएको छ।

## चित्र २: कार्यक्रमले प्रस्ताव गरेको बजेट र यथार्थ विनियोजनको *Trend* विश्लेषण




कार्यक्रमको सुरूवाती पांच वर्षमा प्रस्तावित बजेटको तुलनामा औसत ६९.७० प्रतिशत बजेट प्राप्त भएकोमा पछिल्ला पांच वर्षमा बजेटको आकारमा संकुचन भई प्रस्तावित बजेटको तुलनामा ३०.७८ प्रतिशत मात्र वजेट प्राप्त भएको देखिन्छ। अझै पछिल्ला तीन वर्षको मात्र बजेट विश्लेषण गर्ने हो भने प्रस्तावित बजेटको १९ प्रतिशत मात्र बजेट विनियोजन भएको छ।

## चित्र ३: कार्यक्रम बजेट खर्च गर्ने *Trend* विश्लेषण




कार्यक्रमको बजेट खर्च गर्ने क्षमता तथा Trend हेर्दा खासै उतारचढाव नभई करिव करिव एकरूपता (Consistance) नै देखिन्छ। सबै भन्दा कमी बजेट (५७.४५%) तेस्रो वर्षमा खर्च गरिएको छ भने सबै भन्दा बढी बजेट (७८.९३%) सातौं वर्षमा खर्च भएको छ।

तालिका ६: सम्भाग (सरकार) अनुसार भएका विनियोजन र खर्चहरू (रू. लाखमा)

| आ.व. २०७३/७४ देखि आ.व २०८२/८३ सम्म | सङ्घीय निकाय | प्रदेश मन्त्रालय अन्तर्गत | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|
| विनियोजित बजेट (२०८२/८३ सम्म) | ३३८४९४ | १०९५६८ | ११७४३६ | ५६५४९८ |
| विनियोजित प्रतिशत | ५९.८५ | १९.३९ | २०.७६ | १०० |
| खर्च(२०८१/८२ सम्म) | २१४४०७ | ६७७४५ | ८१८३९ | ३६३९९१ |
| **खर्चको प्रतिशत** | ७०.६४ | ६२.४० | ७३.४७ | ६४.३ |

कार्यक्रमको हालसम्मको बजेट खर्चको Trend बिश्लेषण गर्दा कूल विनियोजनको औसत ६४.३६ प्रतिशत (वित्तीय प्रगति) खर्च भएको छ। वित्तीय प्रगतिको यो अंकले एकातर्फ कार्यक्रमको खर्च गर्ने क्षमता केही कमजोर भएको संकेत गर्दछ भने अर्को तर्फ योजना तर्जुमा यथार्थ परक हुन नसकी खर्च हुन नसक्ने कार्यक्रमहरूमा बजेट विनियोजन हुन गएको देखिन्छ । यसरी वित्तीय प्रगति सामान्य रहंदा कार्यक्रममा विनियोजन पर्याप्त भएन भनेर भन्ने आधार पनि कमजोर भएको छ।

**नोटः चालु आ.व (२०८२/८३ ) को खर्च विवरण प्राप्त भए पश्चात मात्र तालिका ६ पूर्ण हुनेछ।**

**नोटः निकायगत विनियोजन र खर्च परिच्छेद ४ मा उल्लेख गरिएको छ** ।

### ४.२ बजेट अनुमान, बजेट प्राप्ति, निकायगत बांडफांड र खर्चमा देखिएका समस्याहरू

क) कार्यक्रमले अनुमान/अपेक्षा गरेको तुलनामा करिब ४३.२५ प्रतिशत मात्र बजेट प्राप्ति भएकोबाट बजेट प्राप्तिको सुनिश्चितता नभईकन महत्वकाँक्षी कार्यक्रम बजेट तर्जुमा भएको छ ।

ख) बजेट प्रस्ताव गर्दा कार्यक्रमको खर्च गर्ने संरचना र क्षमताको आंकलन पनि हुन नसकेको देखिन्छ । राज्यले रूपान्तरणकारी भनेर पहिचान गरेको कार्यक्रममा बजेट विनियोजनको चित्र र सहयोगी निकायहरूको तदारूकतालाई हेर्दा कृषि क्षेत्रलाई नीतिगत प्राथमिकतामा राख्ने तर बजेट प्राथमिकतामा नराख्ने पूरानै श्रृंखलाको निरन्तरता देखिन्छ साथै राज्यले न्यूनतम लगानीमा बढी उपलब्धिको अपेक्षा गरेको देखिन्छ।

ग) कुनै वर्ष १३ वटा सम्म निकायलाई बजेट विनियोजन गरिएको छ भने कुनै वर्ष ४ वटा निकायमा मात्र बजेट विनियोजन गरेको देखिन्छ। कुनै निकायलाई एक वर्ष मात्र बजेट दिएर रोकिएको छ । शुन्य प्रगति भएको निकायको प्रगति हुन नसक्नुका कारणहरूको विश्लेषण र अर्को वर्ष खर्च हुन सक्ने सुनिश्चितता नगरिकनै ३ वर्ष सम्म बजेट विनियोजन गरिएको छ ।

घ) कार्यक्रमले सहयोगको अपेक्षा गरेको क्षेत्र भन्दा बाहिर (स्थानीय तहहरु र प्रदेशहरुबाट तोकिएको पकेट/ब्लक/बालीवस्तु भन्दा बाहिर, सिंचाई मन्त्रालयबाट कार्यक्रमको कार्यक्षेत्र भन्दा बाहिरका क्षेत्रहरुमा, NARC लगायत फार्म केन्द्रहरुबाट खास कार्यक्रममा भन्दा सामग्री, उपकरण खरिद, संरचना निर्माण आदिमा) खर्च भई रहंदा पनि निरन्तर बजेट विनियोजन गरिएको छ। यसरी खर्च गर्नुको नीतिगत र व्यावहारिक कारणहरूमा स्पष्ट नभईकन खर्च गर्दा बजेटको प्रभावकारिता समेत न्यून भएको देखिन्छ।

घ) प्रदेश र स्थानीय तहमा ब्लक र पकेट कार्यक्रम सञ्चालनको लागि विनियोजन भएको बजेट, कार्यक्रम, प्रगति, जिम्मेवारी, उपलब्धिको अवस्था पनि कार्यक्रमको नियन्त्रण र पहुँच भित्र रहेको देखिएन। प्रदेश र स्थानीय तहमा ठूलो बजेट छरिएर खर्च भयो र त्यसको उपलब्धिहरु एकिकृत रूपमा प्रस्तुत गर्न सकिएन।

### ४.३ बजेट खर्च र Documentation का लागि सुझावहरू

कार्यक्रमका वार्षिक कार्यक्रम पुस्तिका तयार गर्दा यथार्थ बजेट, चालु र पुँजीगत खर्चको छुट्टाछुट्टै विवरण, वार्षिक भारित प्रगति प्रतिशतहरू उल्लेख गरिएको छैन। कार्यक्रमका सम्भागहरूको बजेट कुनै वर्ष परियोजना कार्यान्वयन एकाइको नाममा एकमुष्ट राखिएको छ भने कुनै वर्ष जोन/ सुपरजोनको भनेर राखिएको छ। केहि आ.वहरु मा पकेट र ब्लकको बजेट नै उल्लेख गारिएको छैन। एउटै पुस्तिकामा पनि फरक फरक तथ्यांङ्कहरु लेखिएको छ। यस्ता प्रकारका दीर्घकालीन कार्यक्रमहरूका कार्यक्रम बजेट यथार्थपरक र प्रगतिहरू स्पष्ट खुल्ने गरी Uniformity, Consistency हुने गरी Compile गर्नु पर्ने देखिन्छ ।

## परिच्छेद ५
## विशिष्टीकृत कृषि उत्पादन क्षेत्र

यस परिच्छेदमा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रको विकास गरी ती क्षेत्रहरूलाई उत्पादन तथा व्यवसायिकरणको केन्द्रका रूपमा स्थापना गर्न सुपरजोन, जोन, ब्लक र पकेट जस्ता सम्भागहरूको सञ्चालन गरिएकोमा सो सम्बन्धी प्रगति उल्लेख भएको छ ।

**तालिका ७ः विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरूको प्रगतिको विवरण**

| सि नं | विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरूको विकास | आधार वर्ष (२०७३ /७४ ) को संख्या | अन्तिम वर्ष २०८२/८३ को लक्ष्य संख्या | हासिल भएका संख्यात्मक उपलब्धि संख्या | प्रगतिको अवस्था | कैफियत पुग (+) अपुग (-) |
|---|---|---|---|---|---|---|
| १. | साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट- कम्तीमा १० हे.) | २१०० | १५००० | ९३९३ | ६२.६२ % | - ५६०७ |
| २. | व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक- कम्तीमा १०० हे.) | १५० | १५०० | १६९९ | १०० % | + १९९ |
| ३. | व्यवसायिक कृषि उत्पादन केन्द्र तथा प्रशोधन केन्द्र-जोन | ३० | ३०० | २०६* | ६८.६६ % | - ९४ |
| ४. | बृहत व्यवसायिक कृषि उत्पादन तथा औधोगिक केन्द्र- सुपरजोन | ७ | २१ | २१ | १०० % | - |
| | **जम्मा** | **२२८७** | **१६८२१** | **११३१९** | **६७.२९** | |

*जोनको संख्या २१२ भएकोमा ६ वटा जोनहरू सुपरजोनमा स्तरोन्नति भएकोले जोन २०६ रहेको छ ।

### १. सुपरजोन

कार्यक्रमको अवधिमा कम्तीमा १००० हे. क्षेत्रफल भएका कूल २१ वटा सुपरजोनहरू निर्माण गर्ने लक्ष्य रहेकोमा सो लक्ष्य पूरा भएको छ । खाद्यान्न बालीका ८ वटा, तरकारी/आलु बालीका ४ वटा, फलफूल बालीका ४ वटा, माछाका ३ वटा, कफी र अलैंचीका १/१ वटा सुपरजोनहरू निर्धारण भएका छन् । बालीवस्तु अनुसारका सुपरजोनहरूको संख्या तालिका १० मा उल्लेख गरिएको छ ।

### २.जोन

कार्यक्रमको अवधिमा कूल कम्तिमा ५०० हे. क्षेत्रफल भएका ३०० वटा जोनहरू निर्माण गर्ने लक्ष्य रहेकोमा २०६ वटा जोनहरू निर्माण भई ६८.६६ प्रतिशत प्रगति भएको छ। बालीवस्तु अनुसारका जोनहरूको संख्या तालिका १० मा उल्लेख गरिएको छ ।

### ३.ब्लक

कार्यक्रमको अवधिमा कम्तीमा १०० हे. क्षेत्रफल भएका कूल १५०० वटा ब्लकहरू निर्माण गर्ने लक्ष्य रहेकोमा १६९९ वटा  निर्माण भई १०० प्रतिशत प्रगति भएको छ।  बालीवस्तु अनुसारका ब्लकहरूको संख्या तालिका १० मा उल्लेख गरिएको छ ।

### ४.पकेट


कार्यक्रमको अवधिमा कम्तीमा १० हे. क्षेत्रफल भएका कूल १५००० वटा पकेटहरू निर्माण गर्ने लक्ष्य रहेकोमा ९३९३ वटा  निर्माण भई ६२.६२ प्रतिशत प्रगति भएको छ । बालीवस्तु अनुसारका पकेटहरूको संख्या तालिका १० मा उल्लेख गरिएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले पकेट, ब्लक, जोन र सुपरजोन जस्ता १६८२१ वटा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रको विकास गरी ती क्षेत्रहरूलाई उत्पादन तथा व्यवसायिकरणको केन्द्रका रूपमा स्थापना गर्ने लक्ष्य राखेकोमा कार्यक्रमको दश वर्षको अवधी सम्ममा कूल ११३१९ वटा त्यस्ता सम्भागहरूको स्थापना भई सञ्चालनमा रहेका छन्। यसबाट देशभर रहेका तत् तत् बालीवस्तुका उत्पादन क्षेत्रहरूको स्थापना, पहिचान र अभिलेखीकरण भएको छ। तथ्यांकीय हिसाबले यस तर्फ समग्रमा ६७.२९ प्रतिशत प्रगति भएको छ ।

### ४.१ उपलब्धिहरू

देशभर विभिन्न बालीवस्तुहरूका ११३१९ वटा विशिष्टीकृत उत्पादन क्षेत्रहरूको पहिचान भएको छ।  यसले आगामी दिनहरूमा कृषि विकासका कार्यक्रमहरू सञ्चालन गर्नको लागि तत् तत् बालीवस्तुका क्षेत्रहरूको स्पष्ट किटानी गरिदिएको छ । प्रोफाइलका रूपमा यी क्षेत्रहरूका आधारभूत तथ्याङ्कहरूका अभिलेखिकरण समेत तयार गरिएका छन्। देशले संघीयताको संक्रमण झेलिरहंदाको समयमा तीन तहकै सरकारका निकायहरूसंग समन्वय गर्दै तिनीहरूको परिचालन गरी एक साथ कृषि विकासका कार्यक्रमहरू सञ्चालन गर्न सक्नु यस कार्यक्रमको महत्वपूर्ण उपलब्धि हो ।

**चित्र ४: पकेट, ब्लक, जोन र सुपरजोनहरूको लक्ष्य र प्रगतिको अवस्था**




यस कार्यक्रमबाट भएको सिकाई र दिशानिर्देशबाट स्थानीय र प्रदेश सरकारहरूले कृषि विकासका आफ्ना कार्यक्रमहरू स्थापित गर्न सफल भएका छन्। यसबाट देशमा संघीयतालाई संस्थागत गर्ने कार्यमा समेत यस कार्यक्रमको योगदान देखिन्छ।

**तालिका ८: आ. ब अनुसार उत्पादनका सम्भागहरूको विकास क्रम**

| उत्पादनका सम्भागहरू | आ. ब | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा |
| सुपरजोन | ७ | ३ | ४ | २ | - | - | - | ५ | - | - | २१ |
| जोन | ३० | ९ | ३० | ३७ | ७१ | - | - | २९ | - | - | २०६ |
| ब्लक | १४३ | १९६ | - | २७० | ६१८ | ३६० | - | ७७ | - | ३५ | १६९९ |
| पकेट | १९३१ | ८४५ | - | १५९६ | २३२१ | ९६४ | १०५३ | ० | ४५२ | २३१ | ९३९३ |
| **जम्मा** | **२१११** | **१०५३** | **३४** | **१९०५** | **३०१०** | **१३२४** | **१०५३** | **१७७** | **४५२** | **२६६** | **११३१९** |

### ५.२ जोन र पकेट निर्माण तर्फ प्रगति नपुग हुनका कारणहरू

पछिल्ला वर्षहरूमा नियमित कार्यक्रम बजेटमा समेत उल्लेख्य कटौती हुन थालेकोले गर्दा कार्यक्रम कार्यान्वयन एकाइहरूले उत्पादनका कार्यक्रमहरू थप गर्न सकेनन । कार्यक्रम बजेटको सुनिश्चितता नभएका कारण जोन स्थापना तर्फ अपेक्षाकृत प्रगति हुन सकेन। त्यसैगरी स्थानीय तहहरूका आ-आफ्नै नीति, कार्यक्रम र प्राथमिकताहरू रहेका कारण संघीय कार्यक्रममा उत्साह नदेखाएको हुँदा पकेटहरू तर्फको प्रगति पूरा हुन सकेन।

### ५.३ उत्पादन सम्भागहरूको दीगोपना

कार्यक्रमबाट प्रदेश र स्थानीय सरकारहरूमा श-शर्त बजेट विनियोजन भई ब्लक र पकेट कार्यक्रमहरू सञ्चालन भएका छन्। कार्यक्रम प्रतिवेदन तयार गर्दाका बखत गरिएको सर्वेक्षण अनुसार स्थापना भएका मध्य २२.८६ प्रतिशत पकेट र २१. ७० प्रतिशत ब्लकहरू मात्र सञ्चालनमा रहेका छन्। त्यसै गरी पकेटहरूको स्तरवृद्धि भई ब्लक हुने प्रतिशत २.७० मात्र छ भने ब्लकबाट जोनमा स्तरोन्नति हुने प्रतिशत २.५० प्रतिशत रहेको छ। यसबाट पकेट र ब्लक जस्ता उत्पादनका सम्भागहरूको दीगोपनामा समस्या देखिएको छ। सर्वेक्षणमा सहभागी ४८ वटै कार्यक्रम कार्यान्वयन एकाइहरूले संघीय सरकारबाट बजेट विनियोजन नहुने हो भने यी सम्भागहरू सञ्चालन हुन सक्ने देखिदैनन् भनेर औंल्याएका छन्। तीनै तहका सरकारका कृषि सम्वन्धी कार्यक्रमका आ-आफ्नै ढांचा, प्राथमिकता र तौरतरिकाहरू रहेको हुँदा संघबाट पठाईएका कार्यक्रमहरू ती सरकारहरूको प्राथमिकतामा परेनन्। NAMP को नियन्त्रमा कार्यक्रम नरहेको हुंदा कार्यक्रमको मर्म बिपरित आफु खुसि कार्यक्रमहरू सञ्चालन गरिएको, Reporting (प्रगति, खर्च र उपलब्धिहरु) गर्ने संयन्त्र नभएको, अनुगमन मूल्यांकन पद्धती नरहेको हुंदा दीगोपनाका आधारहरू कमजोर देखियो । संघीय सरकारबाट बजेट विनियोजन नहुने हो भने यी सम्भागहरू सञ्चालन हुन नसक्ने तथ्यले ती निकायहरुले कार्यक्रमको अपनत्व लिएको पनि पाईएन। समग्रमा पकेट र ब्लक सम्भागहरूको सञ्चालन सन्तोषजनक देखिएन। तसर्थ तीन तहका सरकारकाबीच समन्वय हुनुपर्ने भन्ने भावनात्मक आधारमा मात्र राज्यको श्रोत विनियोजन खर्च गर्न नहुने देखिन्छ ।

### ५.४ सुझावहरू

विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरूलाई निरन्तरता दिदै क्षेत्र विस्तार लगायत उत्पादनका कार्यक्रमहरू स्थानीय तथा प्रदेश सरकारहरू मार्फत् गर्ने गरी कार्यक्रम तर्जुमा हुनु पर्ने देखिन्छ। कतिपय विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरूमा कृषिमा आधारित औद्योगिकीकरणका कार्यक्रम सञ्चालन हुन सक्ने आधारहरू तयार हुंदै गरेको अवस्था भएकोले संघीय सरकारबाट ठूला पूर्वाधार विकास, निर्यातमुखी संरचना तथा साना, मझौला र ठूला प्रकृतिका औधोगीकिकरणका परियोजनाहरू तर्जुमा भई कार्यान्वयन हुन आबश्यक देखिन्छ।

तालिका ९ः बालीवस्तुहरू अनुसार उत्पादनका सम्भागहरूको संख्या

| सि. नं | बाली/ वस्तु | सुपर जोन | जोन संख्या | ब्लक संख्या | पकेट संख्या | जम्मा | सि नं | बाली/ वस्तु | सुपर जोन | जोन संख्या | ब्लक संख्या | पकेट संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | धान | ५ | २१ | २७४ | १४२७ | १७२८ | १४. | आँप/ लिचि | - | ४ | २८ | १२४ | १५६ |
| २. | मकै | २ | १३ | १६२ | ६२९ | ८०७ | १५. | किवी | - | ३ | १३ | ९७ | ११३ |
| ३. | गहुँ | १ | ३ | ४५ | १४३ | १९२ | १६. | दलहन | - | ७ | ४० | १४८ | १९५ |
| ४. | तरकारी | २ | ३५ | ३०९ | २०४९ | २३९६ | १७. | अदुवा/ बेसार | - | १० | ५२ | २७७ | ३३९ |
| ५. | आलु | २ | २० | १३८ | ७०२ | ८६२ | १८. | सुपारी | - | १ | ० | ४ | ५ |
| ६. | स्याउ/ ओखर | १ | १२ | ८७ | ३३२ | ४३२ | १९. | रबर | - | १ | ० | ० | १ |
| ७. | केरा | १ | ४ | ३४ | १६४ | २०४ | २०. | जैतुन | - | १ | ० | १ | २ |
| ८. | सुन्तलाजात | २ | १८ | १०९ | ७०९ | ८३८ | २१. | गाई/ भैंसी | - | १० | ५४ | २२२ | २८६ |
| ९. | कफी | १ | १ | २० | ९२ | ११४ | २२. | बंगुर | - | २ | २२ | १०८ | १३२ |
| १०. | माछा | ३ | ११ | ६१ | २९६ | ३७१ | २३. | भेडाबाखा | - | १४ | ६३ | ९२४ | १००१ |
| ११. | अलैंची | १ | ७ | ४८ | २७९ | ३३७ | २४. | च्याउ | - | - | २७ | २१५ | २४२ |
| १२. | तेलहन | - | २ | ६ | ५८ | ६६ | २५. | तोरी | - | - | ८ | २९ | ३७ |
| १३. | मौरी | - | ५ | ५३ | २०४ | २६२ | २६. | अन्य | - | १ | ४६ | १३९ | १८६ |
| | | | | | | | **जम्मा** | | **२१** | **२०६** | **१६९९** | **९३९३** | **११३१९** |

तालिका ९ः अनुसार सबै भन्दा बढी तरकारी बालीका २३९५, धानबालीका १७२७ र मासु (भेडा/बाखा/च्यांग्रा) का १००१ वटा उत्पादन सम्भागहरू रहेका छन् भने रवर,जैतुन र सुपारीका उत्पादन सम्भागहरू सबैभन्दा कमि रहेका छन्।

## परिच्छेद ६
## कार्यक्रमका रणनीतिहरू र कार्यान्वयनको अवस्था

यस कार्यक्रमले ८ वटा विभिन्न रणनीतिहरूको कार्यान्वयन मार्फत् कार्यक्रमका लक्ष्यहरू हासिल गर्ने उद्देश्य राखेको छ । यो परिच्छेदमा ती रणनीतिहरूको कार्यान्वयनको अवस्था, प्रगति र योगदान साथै कार्यान्वयनका क्रममा देखापरेका कमी कमजोरीहरू साथै सुझावहरू प्रस्तुत गरिएको छ।

### रणनीति १: भूमिको बैज्ञानिक उपयोग

भूमिको बैज्ञानिक उपयोग गर्दै बाँझो जग्गा समेत सदुपयोग गर्नका लागि चक्लावन्दी कार्यक्रमलाई कार्यान्वयन गर्ने रणनीति अनुसार स-साना कित्तामा छरिएर रहेका जग्गाहरूलाई चक्लाबन्दी गर्ने वा ठूलो क्षेत्रफलमा एकल बालीको व्यवसायिक खेती गर्ने नयाँ अभ्यासहरूको सुरूवात गरिएको छ। यस खण्डमा चक्लाबन्दीका चारवटा मोडेलहरूमा भएको प्रगति बिबरणहरू उल्लेख गरिएको छ।

### ६.१ जमिनको चक्लाबन्दी (Land Pooling) : धेरै जग्गा धनिहरूको स्वामित्वमा स-साना कित्तामा छरिएर रहेका जग्गाहरूलाई एकीकृत गरी खेती गर्ने पद्दति (Pooling Scattered Plots into Larger, Efficient Farms )

यस कार्यक्रमले नेपाली कृषि क्षेत्रमा सम्भवत पहिलोपटक रणनीतिक तवरबाट नै Land Pooling मा आधारित चक्लाबन्दी खेतीको अवधारणालाई कार्यक्रममा प्रविष्ट गराएको देखिन्छ। जमिनमा आधारित सामाजिक, आर्थिक व्यवस्था भएको हाम्रो जस्तो मुलुकमा Land Pooling मा आधारित चक्लाबन्दी खेतीको कार्यान्वयन गर्नु आफैमा चुनौतीपूर्ण विषय हो । तथापि दांग, गुल्मी, सिन्धुपाल्चोक लगायतका PIU हरूमा १४२ हे. Land Pooling गरी केही उत्कृष्ट प्रयासहरू गरेको देखिन्छ। PIU सिन्धुपाल्चोकबाट काभ्रेको पाँचखाल र सिन्धुपाल्चोकको सुनकोशी क्षेत्रमा ठूलो जमिन चक्लाबन्दीको प्रयास गरेको भएता पनि ती चक्लाहरू कृषि प्रयोजनको लागि उपयोग भने हुन सकेनन (श्रोतः PIU सिन्धुपाल्चोक)।

भूमिको बैज्ञानिक रेखांकन नहुनु, कानुनी तथा सामाजिक जटिलता रहनु, साना साना गह्राहरूलाई सम्याई ठूला आकारका बनाउन खर्चिलो हुनु, समूहिक खेती प्रणालीको अभ्यास नहुनु, सरकारी पर्ती जग्गाहरू कृषिमा उपयोग गर्ने नीतिगत प्रावधान नहुनु, हिमाली तथा पहाडी क्षेत्रमा चक्लाबन्दीको न्यूनतम मापदण्ड ७ हेक्टर अथवा १४० रोपनी क्षेत्रफल पुर्याउन नसकिनु जस्ता कठिनाईहरूका कारण यो कार्यक्रम सफल भने हुन सकेन।

कमजोर नीतिनीयम (Weak Regulatory Frameworks), नमिलेका नापनक्सा तथा साँध सीमानाहरू, भद्रगोल तथ्याङ्क आधारहरू (Lack of Reliable Land Record & Data Base), जमिनको निजी स्वामित्वमा आधारित कृषकहरूको मनोविज्ञान, कृषकहरूलाई यस तर्फ प्रोत्साहन गर्ने राष्ट्रिय रूपको नीतिगत प्रावधान (Policy Enforcement) को अभाव, र कार्यक्रममा सो सम्बन्धी जनशक्तिको अभाव भएको हुँदा यो कार्यक्रमले थप अन्यौलता सृजना गर्यो।

यस कार्यक्रमको प्रस्थान विन्दुको रूपमा रहेको "भूमि करार सूचना केन्द्र (Land Lease Information Center) को कार्यविधि तयारी गर्ने एवं केन्द्रको सञ्चालन" गर्ने कार्य सुरू नै हुन सकेन। यो कार्य PIU को स्पष्ट कार्यक्षेत्र पनि नभएको र सम्बन्धीत निकायहरूसंग समन्वयमा कठिनाई भएको कारणले उद्धेश्य अनुरूपको लक्ष्य प्राप्ति हुन सकेन।

### ६.१.१. कार्यक्रमबाट भएका सिकाई

क) आफ्नो कार्यक्षेत्र भन्दा बाहिर, नीतिगतरूपमा स्पष्ट नभएका, संस्थागत, प्राविधिक र ब्यवस्थापकीय क्षमता भन्दा पृथक, अमुर्त र भावनात्मक प्रकृतिका कार्यक्रमहरू तर्जुमा गर्नु भन्दा पहिले यसका सीमा र चुनौतीहरूको लेखाजोखा गरिनु पर्ने सिकाई भएको छ।

ख) उल्लिखित कार्य एक्लैको प्रयासबाट भन्दा पनि भूमिको नापनक्सा सम्बन्धी कार्य गर्ने निकायहरूसंगको समन्वयमा पालिकाहरूको अग्रसरतामा सम्पन्न गर्नु पर्ने भन्ने सिकाई भएको छ।

ग) स्थानीय सरकारहरूले स्पष्ट कानुनी र नीतिगत आधारहरू तयार गरी बांझो र खेर गईरहेको जमिनको Inventory सहित भूमि बैंकको स्थापना गर्ने र यस्ता जग्गाहरू कृषि कार्यमा लगाउन सक्ने सम्भावना रहेको महत्वपूर्ण सिकाई भएको छ।

## ६.२ एकलबाली खेती ( Crop Pooling )

यस कार्यक्रमले नेपाली कृषि क्षेत्रमा सम्भवत पहिलोपटक रणनीतिक तवरबाट नै Crop Pooling मा आधारित चक्लाबन्दी खेतीको अवधारणालाई कार्यक्रममा प्रविष्ट गराएको देखिन्छ। कृषकहरूले परम्परागत रूपमा गर्दै आएको विविध बालीवस्तुहरूको खेती प्रणालीलाई परिवर्तन गरी ठूला चक्लाहरूमा Monocul ture को रूपमा एउटै मात्र बालीको व्यवसायिक खेती गर्ने र त्यहाँबाट आएको उत्पादनलाई समूहिकरूपमा बजारीकरण गर्ने प्रणाली हो।

एकलबाली खेती ( Crop Pooling ) सम्वन्धि लिखतहरूले " Crop pooling refers to a system where multiple farmers combine (or “pool ”) their agricultural produce to sell collectively in the market. The main aim is to improve bargaining power, reduce marketing costs, and secure better prices by selling in bulk rather than individually". भनी स्पष्टसंग परिभाषित गरेका छन्।

### ६.२.१ प्रगतिको अवस्था

कार्यक्रम लागु भएको दशक एकलबाली खेती (Crop Pooling) प्रणालीमा आमुल परिवर्तन आएको समय रह्यो। बिशेषगरी तरकारी खेती, फलफूलखेती र माछापालनका क्षेत्रहरूमा कृषक ब्यबस्थित खेती ( Farmer Managed Farming) र निजी फर्म ब्यवस्थित खेती (Firm Managed Farmer) प्रणालीको विकास र अवलम्बनले पारम्पारिक निर्वाहमुखी खेती प्रणालीलाई स्पष्ट देखिने गरी व्यवसायिक कृषि प्रणालीमा रूपान्तरण गरेको देखिन्छ।

काठमाण्डौ उपत्यका, कास्की, काभ्रे, धादिंङ्ग, लगायत अधिकांश पहाडी जिल्लाहरू र तीनका सदरमुकाम आसपास उल्लेख्य संख्यामा जग्गाहरू भाडामा लिएर व्यवसायिक तरकारी खेती गरिएको छ । यस्तो खेतीमा स-साना कित्तामा छरिएका जग्गाहरू, जग्गा धनीहरू बसाईसराई गरी बाँझो बसेका जग्गाहरू एवं सरकारी बांझो जग्गाहरूलाई समेत एकिकृत गरी उपयोग गरिएको छ। नवलपरासी, चितवन, दांङ्ग ,बारा, रूपन्देही कैलाली,कन्चनपुर जिल्लाहरूमा तरकारी, केरा, माछा पालनको एकलबाली खेती (Crop Pooling) मार्फत् व्यवसायिकरण भएको छ। आ.व. २०८१/८२ सम्ममा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मार्फत विभिन्न बालीको ८५४३ हे. क्षेत्रफलमा Crop Pooling चक्लाबन्दी खेती भएको छ। सो सम्वन्धी केही उल्लेखनीय प्रयासहरू तालिका १० मा प्रस्तुत गरिएको छ।

**तालिका ११: चक्लाबन्दीका केही सफल उदाहरणहरू**

| बाली/वस्तु | जिल्ला | केही उदाहरणीय कार्यहरू/उपलब्धिहरू |
|---|---|---|
| आलु | डडेल्धुरा, रामेछाप, काभ्रे, सिन्धुपाल्चोक | रामेछापको रस्नालु क्षेत्रमा १५० हे. क्षेत्रफ़लमा आलुको नयाँ क्षेत्र विकास भई २५५० मे.ट. थप उत्पादन तथा कारोबार भएको छ। |
| केरा | चितवन,रूपन्देही, कैलाली, कन्चनपुर | चितवनमा ६० हे. क्षेत्रफल सम्मका केराका चक्लाहरू विकास भई एउटा चक्लामा २४०० मे.ट. सम्म केराको उत्पादन भएको छ। |
| चैते धान | झापा, नवलपरासी, चितवन, बर्दिया | बर्दियाको राजापुर क्षेत्रमा ३५० हे. क्षेत्रफलमा चैते धानको चक्ला विकास भई २००० मे.ट. धान खाद्यान्न वासलातमा थप भएको छ । |
| मकैको बीउ/ मकै | दांङ्ग | दांङ्गमा ६० हे. क्षेत्रफलमा ७५ मे.ट. नेपाली हाईब्रिड मकैको बीउ उत्पादन भई बिदेशी मकैको बीउको आयात प्रतिस्थापन भएको छ। |
| तरकारी | काठमाडौं उपत्यका, चितवन, नवलपरासी, पाल्पा | पाल्पाको रिब्दिकोट गाउँपालिकाको ६० हे. मा नयां बालीको रूपमा अकबरे खुर्सानीको चक्लाबन्दी खेती गरिएको छ। गत वर्ष करेन्ट चाउचाउ कम्पनीसंग खरिद संझौता भई वार्षिक ४५ करोड ५६ लाख मूल्य बराबरको २४० मे.ट. खुर्सानी बिक्री भएकोछ। |
| सुन्तलाजात | सिन्धुली, स्याङ्जा, नवलपरासी | नवलपरासीको कावासोती क्षेत्रमा काँक्रोको करिब ३०० हे.क्षेत्र विस्तार भई रू.३८ करोड खुद मुनाफा भएको छ। |

| | | |
|---|---|---|
| माछा | धनुषा, रूपन्देही, बारा | यी जिल्लाहरूमा माछाका चक्लाबन्दी विकास हुनुका साथै माछा खेतीको उदाहरणीय व्यवसायिकीकरण भएको छ। |
| स्याउ | जुम्ला, मुस्तांङ्ग, मनाङ्ग | यी जिल्लाहरूको सिकाईबाट हिमाली क्षेत्रहरूमा उल्लेख्य संख्यामा स्याउ बगैचाहरू स्थापना भएका छन्। |

### ६.३ जग्गा भाडामा लिएर व्यावसायिक खेती गर्ने प्रणाली

यो प्रतिवेदन तयार गर्ने क्रममा गरिएको सर्वेक्षणबाट चितवन, काठमाडौं उपत्यका, पोखरा लगायतका जिल्लाहरूमा जग्गा भाडामा लिएर व्यवसायिक खेती गर्ने प्रणाली उल्लेख्य रूपमा पाईएको हुँदा त्यसलाई पनि प्रतिवेदनमा समेटिएको छ। पछिल्लो दशकमा देशका मुख्य शहर र राजमार्ग आसपासका क्षेत्रहरूमा जग्गा भाडामा लिएर प्लास्टिक टनेल लगायतका अस्थायी संरचनाहरू निर्माण गरी व्यवसायिक खेती गर्ने कृषकहरूको ठूलो समूह सक्रिय रहेको देखिन्छ ।

सर्वेक्षण अनुसार २० वटा कार्यक्रम कार्यान्वयन एकाइहरू अन्तर्गतका जिल्लाहरूमा ७६८४ हे. जग्गा भाडामा लिएर व्यवसायिक खेती भई रहेको देखिन्छ। चितवन, काठमाण्डौं उपत्यका, कास्की, नवलपरासी, झापा जस्ता जिल्लाहरूमा भाडाका जग्गामा तरकारी, केरा, मेवा, माछापालन आदिको चक्लाबन्दी विकास भई व्यवसायिक उत्पादन भई रहेको छ। पहाडका जिल्लाहरूमा आलु, अदुवा/बेसार, कफी खेती जस्ता बालीहरूमा चक्लाबन्दी विकास भई व्यवसायिक उत्पादन भएका छन्।केही हिमाली जिल्लाहरूमा समेत जग्गा भाडामा लिएर उच्च घनत्वको स्याउ, ओखर जस्ता बालीहरू खेती गर्ने अभ्यास सुरू भएको पाईएको छ।

जग्गा भाडामा लिएर खेती गर्ने अभ्यास आफैमा कृषि प्रसारको बलियो माध्यमको रूपमा देखिएको छ। यस प्रकारको खेतीपातीमा बिशेषतः बैदेशिक रोजगारीबाट फर्केकाहरू, अन्यत्र जिल्लाहरूबाट आएका अगुवा कृषकहरू, प्रविधिको प्रयोग मार्फत खेतीपाती गर्दा आम्दानी गर्न सकिन्छ भन्ने कुरामा बिश्वास गर्ने युवाहरू संलग्न रहेको देखिन्छ छ। मुख्यतःछोटो अवधिमै उत्पादन लिन सकिने तरकारी र केरा,मेवा जस्ता फलफूल खेतीमा यो समूह सक्रिय देखिन्छ छ। एउटा समूहले प्रयोग गरेका प्रविधिहरू हेरेर अर्को समूहले अवलम्बन गर्ने, साथीभाईहरूको आयआर्जन हेरेर थप युवाहरू कृषि पेशामा आकर्षित हुने अभ्यासहरू देखिएका छन् छ। यसबाट कृषि पेशाबाट पनि पर्याप्त कमाउन सकिन्छ भन्ने उदाहरण स्थापित भएको छ भने शिक्षित युवाहरू,बैदेशिक रोजगारीबाट फर्केकाहरूको आकर्षण वृद्धि हुंदै गईरहेको छ। एकलबाली खेती (Crop Pooling) प्रवर्द्धन गर्न यो अभ्यासको महत्वपूर्ण भूमिका रहेको छ। व्यवसायिक खेति प्रविधिको विकास भए संगै नयां नयां प्रविधिहरूको आयात र प्रयोगमा उल्लेख्य रूपमा वृद्धि भईरहेको छ ।उत्पादकहरू संगठित हुने, वार्गेनिङ गर्ने, समूहिक बजारीकरण मार्फत बजार उपर नियन्त्रण गर्ने क्षमतामा समेत वृद्धि भएको छ।

### ६.४ बाँझो जग्गा आवादी गरी खेती गर्ने प्रणाली

यो प्रतिवेदन तयार गर्ने क्रममा गरिएको सर्वेक्षण अनुसार २७ वटा कार्यक्रम कार्यान्वयन एकाइहरू अन्तर्गतका जिल्लाहरूमा १०७५ हे. बाँझो जग्गा आवादी गरी व्यवसायिक खेती भईरहेको देखिन्छ ।

व्यक्तिगत, सरकारी तथा सामुदायिक विद्यालयहरू तथा सामुदायिक वनको स्वामित्वमा रहेका बाँझो जग्गाहरू आवाद गरिएका छन। जाजरकोट, रामेछाप, बर्दिया जिल्लाहरूमा उल्लेख्य परिमाणमा बाँझो जमीन आवादी गरी आलु, फलफूल आदिको खेती गरिएको छ । यसबाट खेर गईरहेको जग्गा कृषि कार्यमा प्रयोगमा आएको छ भने जमिनको स्वामित्व नभएका वर्गलाई व्यवसायिक रूपमा कृषि कार्य गर्न सहयोग पुगेको छ। बाँझो जग्गामा खेती गर्नु आफैमा कृषि प्रसारको महत्वपूर्ण माध्यम हो छ। यसबाट जमिनको सदुपयोग, कृषकको आम्दानीमा वृद्धि जीवनशैलीमा सुधार देखिएको र नागरिक तथा युवाहरूको कृषि क्षेत्रमा चासो तथा संलग्नता वृद्धि हुंदै गएको देखिन्छ। यो अभ्यासबाट पनि एकलबाली खेती (Crop Pooling) प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका रहेको छ।

### ६.५ चक्लाबन्दी खेतीबाट भएका उपलब्धिहरू

चक्लाबन्दीको स्वरूपमा खेती गर्दा कृषि उत्पादन क्षेत्रहरूमा मूल्य अभिवृद्धि शृंखलाका अवयवहरूको गतिबिधि वृद्धि हुन गएको छ। नर्सरीहरू, Tissue Culture Lab हरू, श्रोत बीउ उत्पादन तथा बिक्री वितरण लगायतका क्रियाकलापहरूले गर्दा Inputs हरूको सहज उपलब्धता भएको छ। बीउ, कम्पोष्ट, जैविक मल, बिषादी, औजार, उपकरण, सिंचाइ प्रणाली जस्ता Input Market हरू चलायमान भएका छन। यसबाट कृषकहरूले गुणस्तरीय सामग्रीहरू छनौटको अवसर एवं प्राविधिक सेवा-सल्लाह समेत प्राप्त गरेका छन्। प्रविधि र मेसिनहरूको प्रयोग गर्ने प्रणाली स्थापित भएको छ छ। उत्पादन लागत न्यूनिकरण भएको छ भने उत्पादनमा उल्लेख्य वृद्धि भएको छ। ब्यापारी, बिचौलिया र ढुवानीकर्ताहरूको क्रियाकलापहरू वृद्धि हुनाले बजारीकरण सहज हुनका साथै प्रतिस्पर्धी मूल्य समेत प्राप्त भएको छ।

नवलपरासी जिल्लाको कावासोती नगरपालिकाको हुप्सेकोट क्षेत्रमा करिब ३०० हे. क्षेत्रफलमा भक्तपुर लोकल जातको काँक्रो बालीको चक्लाबन्दी क्षेत्र विस्तार भई काँक्रो हब (Hub) को रूपमा विकास भएको छ । यस क्षेत्रमा Value Chain का सबै कर्ता (Actors) हरूको उदाहरणीय संयोजन हेर्न सकिन्छ। यसको परिणाम स्वरूप एक Crop Season मा सो क्षेत्रबाट करिव रू. ३८ करोड (श्रोतः PIU,ब.सु पुर्व नवलपरासी) बराबर खुद मुनाफा आर्जन भएको छ छ। कार्यक्रमको उपलब्धि अध्ययन गर्ने क्रममा अन्तरक्रिया गरिएका कृषक श्री थमन रजाली एक्लैको एक सिजनको मुनाफा मात्र करिव रू. ८० लाख रहेको छ। चक्लाबन्दीबाट भएको उपलब्धिको यो एक प्रतिनिधि उदाहरण हो।

**क) उत्पादन वृद्धिः** कार्यक्रमको सहयोगमा आधुनिक प्रविधि, बीउ र मलको प्रयोग भएको छ जसबाट उत्पादन र उत्पादकत्व वृद्धि भएको छ।

**ख) किसान/समूह सशक्तिकरणः** जोन कार्यालय मार्फत् कृषकहरू, कृषक समूह, सहकारी र समुदायमा समन्वय,सेवा विस्तार भएको छ। आपसी हित र फाईदाका लागि कृषकहरू संगठित भएका छन्, समूह, सहकारी लगायतका संगठनहरू सुदृढ भएका छन्।

**ग) बजार पहुँच सुधारः** कार्यक्रम मार्फत् उत्पादनलाई बजार र प्रशोधन उद्योग सम्म जोड्न सहयोग पुगेको छ। यसबाट कृषकहरूको बजार र मूल्य खोज्ने/रोज्ने क्षमतामा अभिवृद्धि भएको छ।

**घ) कृषकहरूको आयमा वृद्धिः** कार्यक्रमबाट उत्पादन वृद्धि र बजार पहुँच विस्तारले कृषकको आयमा सकारात्मक प्रभाव परेको छ।

**ङ) ज्ञान र प्रविधि हस्तान्तरणः** कार्यक्रमको सहयोगबाट कृषकले आधुनिक खेती प्रविधि, सिंचाइ, यान्त्रिकीकरण र मूल्य शृंखलाबारे जानकारी प्राप्त गरेका छन्, मूल्य अभिवृद्धि शृंखलाका विभिन्न पात्रहरूसंग सम्पर्क हुन गई ज्ञान र प्रविधिमा सहज पहुँच भएको छ।

**६.६ समस्याहरू**

कार्यक्रमका दस्तावेजहरूले भूमि करार सूचना केन्द्र (Land Leasing Information Center) को कार्यविधि तयारी गरी केन्द्रको सञ्चालन गर्ने कुरा उल्लेख गरेको भएता पनि यस तर्फ कुनै कार्य भएन। हाल प्रचलनमा रहेको एकलबाली खेती (Crop Pooling) प्रणाली, जग्गा भाडामा लिने र दिने पक्षहरू बीचको आपसी समझदारीमा आधारित संझौता (Loose Agreement) कमजोर प्रकृतिको देखिन्छ। यसले करारखेती (Contract Farming) तथा लिज खेती (Lease Farmimg) को आधारभूत मोडेल अनुसार कार्य गरेको देखिदैन। करारखेती सम्झौताको कानुनी पक्ष बलियो र उत्पादनका सामाग्रीहरू तथा प्राविधिक सेवा सहज उपलब्ध हुने प्रत्याभूति नभएसम्म उत्पादनका कार्यक्रम तथा मूल्य शृंखला समेत दीगो रहदैन (श्रोत: Policy Research Institute, PRI Report)। यस्ता संझौताहरू कुनै पनि समयमा सजिलै रद्ध हुन सक्ने हुँदा यसको दीगोपनाको आधार अत्यन्त कमजोर रहेको छ। NAMP बाट पनि कार्यक्रम अवधिमा जग्गा भाडामा लिन दिन कुनै संस्थागत व्यवस्था वा तत् सम्बन्धी नीतिगत र कानुनी आधार तयार गर्ने विषयमा सामान्य पहल समेत हुन सकेन। निजी क्षेत्रबाट पनि यस्ता संस्थाहरू औपचारिक रूपमा स्थापित हुन सकेनन्।

क) भूमि बैङ्क, करार खेती जस्ता विषयमा स्पष्ट नीतिगत एवं कानुनी व्यवस्थाको अभाव हुनु

ख) शहरी क्षेत्रमा एकै ठाउमा ठूलो क्षेत्रफलमा जग्गा उपलब्ध नहुनु, स-साना कित्तामा जग्गाको स्वामित्व रहनु, बढ्दो शहरीकरणका कारण खेतियोग्य जग्गा आवासीय र ब्यापारिक प्रयोजनमा प्रयोग हुनु, जग्गा भाडा मंहगो हुनु, समूहिक खेतीमा लाग्न उत्प्रेरणाको कमी रहनु

ग) ब्यक्तिगत जमीन चक्लाबन्दी गर्दा सीमाना छुट्याउने, डिल, कान्ला, कुलो आदि भत्काउन किसानहरू राजी नहुनु

घ) मोहियानी हक सम्बन्धमा जग्गा धनीहरूमा रहेको भ्रम, प्रक्रिया प्रतिको कम भरोसा, जग्गा सम्बन्धी काम कानूनी रूपमा जटिल भएकाले झमेलामा पर्न नचाहने, जग्गा धनीले भाडामा दिन नचाहने, बरू बाँझो नै छाडिदिने गर्नु

ङ) पर्ती जमिनमा कृषि कार्यको लागि प्रविधि/उत्पादन संरचनाको विकास कार्यका लागि अनुदानका कार्यक्रमहरू सञ्चालन गर्न कानुनि एवं प्रक्रियागत अडचनहरू रहनु

च) राज्यले हालसम्म यसतर्फ कुनै पहल नगर्नु, NAMP जस्ता कृषिका निकायहरूका वार्षिक कार्यक्रमका प्रयासहरूबाट मात्र Land pooling, Crop Pooling, बाँझो जग्गा आवादी, जग्गा भाडामा लिई खेती गर्ने जस्ता कार्यक्रमहरूलाई नियमन गर्न नसकिनु

छ) निजी स्वामित्वकै खेतीयोग्य जमीनहरू उपयोग बिहिन हुने क्रम बढ्दै गएको अवस्था रहनु

### ६.७ सुझावहरू

बाँझो जमिनहरूको विस्तृत अभिलेख तयार गरी त्यस्ता जमिनलाई कृषि प्रयोजनमा ल्याउन सकिने स्पष्ट कानुनी आधार तथा कार्यविधि निर्माण गर्न सरकारको पहल आवश्यक छ । खेर गएको जमीन सुधारको लागि स्थानीय तह, वन, राष्ट्रिय निकुन्ज लगायत सम्बन्धीत निकायहरूको बीचमा समन्वय भई स्थानीय तहको अगुवाईमा भू-उपयोग नीतिको कार्यान्वयन गर्नु जरूरी छ।

क) भाडामा वा बाँझो जग्गा आवादी बनाएर खेती गर्नेहरू आफैमा प्रसार र उत्प्रेरणाका श्रोतहरू हुन् । राज्यले समाबेशिताको पहल गरिरहेका बेला यी कृषकहरू भने आधिकारिक कागजपत्र नभएकाले राज्यवाट प्रदान गरिने सेवा सुविधावाट वन्चित हुनु परेको छ। श्रम गरिखाने यो वर्गको समस्या समाधान हुनु आवश्यक छ।

ख) बाँझो जग्गा खनजोत गरेर जीवन निर्वाह गर्न चाहने गरीव कृषकहरूलाई लागत साझेदारीमा कमी हुनु पर्ने र विना धितो ऋण र सहज रूपमा राज्यका सेवाहरू उपलव्ध हुनु पर्दछ । यस्ता Specific प्रविधि, बाली र जातमा सम्बन्धीत बिज्ञहरूको नियमित निगरानी र प्राविधिक सहयोग हुनु जरूरी छ।

ग) छाडा चौपाया तथा बन्यजन्तुका कारण बांझो रहेको जमीनको उपयोग गर्न नसकिएको सन्दर्भमा यसका उपायहरूको खोजी गरिनु पर्दछ।

घ) एकलबाली खेती (Crop Pooling) विस्तार भएका क्षेत्रहरूलाई बिशेष उत्पादन क्षेत्रको रूपमा घोषणा गर्दै जग्गा प्राप्ति, उत्पादनका सामाग्रीहरू, प्राविधिक सेवा, कृषि ऋण, बिमा, प्राविधिक सेवा, न्यूनतम मूल्य ग्यारेन्टी आदिको प्रत्याभूत गरी कार्यक्रमहरूको निरन्तरता दिनुपर्ने देखिन्छ।

ङ) कृषकहरूको करोडौ लगानी भएको उत्पादन क्षेत्र जोखिमपूर्ण क्षेत्र हो। यी क्षेत्रलाई जोखिम मुक्त बनाउने र कृषकहरूको आम्दानी सुरक्षित गर्न बिमा लगायतका प्रणालीको विकास गर्न जरूरी छ।

**परिच्छेद-७**

## रणनीति २: आधुनिक कृषि प्रविधिहरूको अवलम्वन

यस खण्डमा कार्यक्रममा प्रयोग गरिएका नवीन प्रविधिहरू, उन्नत प्रविधिमा आधारित संरचनाहरू निर्माण र प्रविधि विस्तार प्रयोजनका लागि सञ्चालन गरिएका प्रदर्शनहरूको उपलब्धिहरूको बिबरण विश्लेषण गरिएको छ। कार्यक्रम सञ्चालनका क्रममा कृषकहरूबाट अपेक्षा गरिएका आधुनिक प्रविधिहरू उल्लेख गरिएको छ। त्यसै गरी उत्पादन सामग्रीहरूका श्रोतकेन्द्रहरूको विकास भई तिनमा आधारित प्रविधिहरूको बिस्तार र त्यसबाट भएका उपलब्धिहरूको बिबरण प्रस्तुत गरिएको छ।महत्वपूर्ण कृषि उत्पादन सामाग्रीको रूपमा रहेका सिंचाइ र मलखादको अवस्था चित्रण गर्ने प्रयास समेत गरिएको छ।

प्रविधिका Package of Practices विकास र प्रसारका लागि प्रत्येक विशिष्टिकृत उत्पादन क्षेत्रमा कम्तीमा १ हेक्टर क्षेत्रफलमा उन्नत प्रविधि प्रदर्शन तथा सिकाई केन्द्र (Demonstration and Learning Center) विकास गरिनेछ। कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनका विभिन्न प्रविधिहरूको प्रभावकारी प्रसार तरिकाहरू जस्तै सहभागितात्मक प्रदर्शनको अवलम्बन तथा प्रविधि प्रसारका लागि सूचना प्रविधिको समेत उपयोग वृद्धि गरिनेछ। उत्पादन, प्रसार र प्रशोधनका यस्ता उन्नत र नवीनतम प्रविधिहरूको अनुशरण गर्न कृषकलाई प्रेरित गरिने र यसका लागि बाली वस्तु विशेष उत्पादन तथा प्रशोधनका Package of Practices विकास र विस्तार गरिने रणनीति अनुरूप कार्यक्रम क्षेत्रहरूमा उल्लिखित प्रविधिहरू अवलम्बन गरिने कुरा कार्यक्रमका दस्तावेजहरूमा उल्लेख गरिएको छ। सो अनुसार उत्पादन क्षेत्रहरूमा मुख्य रूपमा निम्नानुसार प्रविधिहरू प्रयोग भएको देखिन्छ।

### ७.१ अवलम्वन गरिएका प्रविधिहरू

| बालीवस्तुहरू | नवीन प्रविधिहरू |
|---|---|
| खाद्यान्न बाली | गुमोज प्रविधिबाट धानको Early Nursery Establishment, Mat and Tray Nursery, Machine Transplantation, Jab Planter for Line Sowing, Dry and Wet DSR by Drum Seeder, धानमा डि. एस. आ.र प्रविधि, Row Planter Machine, Reaper/Thresher, Grading, Varietal Repl acement मकै रोप्ने मेशिन उत्पादन, ट्र्याकर जडित मकै छर्ने मेसिन, मकै थ्रेसिङ मेशिन, सुपरसिडर बाट गहुँ खेती, सुन्य खनजोतबाट गहुँ खेती आदि |
| तरकारीबाली | Protected Structure Farming Basically Plastic House, Drip Irrigation and Sensor-Based Fertigation, Machine Seed Sowing, Machine Cleaning, Grafting Technology in Tomato and Brinjal , Mulching Management, Plastic Mulching, Plastic Staking, ड्याङ्ग बनाउने मेशिन, जैविक विषादीको प्रयोग, परीक्षण, गाजर धुने मेसिन, तरकारीको Value Chain मा सूचना प्रविधिहरूको प्रयोग आदि |

| | |
|---|---|
| फलफूल | G9 जातको केरा प्रवर्द्धन, रेखांकनमा केरा बगैचा बिस्तार, Banana Ripening Chamber , Schedule Fertilizer Application, Winter Production Technology, (bagging method and nutrient management), इलेक्ट्रिक पुन्रिंग, इलेक्ट्रिक स्प्रेयर, Mulching Management, Fruit Processing (Juice, Sider, Wine, Sukuti), Citrus ग्रिनिङ्ग पहिचानको लागि PCR Test, विडम्याटको प्रयोग, उच्च घनत्वको स्याउ बगैचा स्थापना, Banana Fibre Extraction, प्रोटिन बेटको प्रयोग र क्षेत्रगत कीरा नियन्त्रण,संरक्षित जालिघरको प्रयोग, टिस्युकल्चर विरूवा, स्याउ तथा ओखरको बीउलाई Scarification तथा Stratification, कोल्ड च्याम्बरहरूमा फलफूल भण्डारण आदि |
| आलुबाली | Potato Planter Machine प्रयोग, प्लाष्टिक मल्चिङ, Pre Basic Seed (PBS) प्रयोग |
| मसलाबाली | अलैंचीमा टिस्युकल्चर विरूवा प्रयोग, Cardamom Dryer, Cardamom Flavonoid Jaggery Production, अदुवा/बेसार प्रशोधन Machine प्रयोग |
| माछापालन | Sinking Feeder, Fish Pallet Machine, माछामा प्रोबायोटिक्स प्रयोग, माछाका लागि ब्लास्ट फ्रोजन युनिट, स्वचालित फिस फिडर, पोखरीको डिलमा भेटिभर घाँस खेती, टिलापिया तथा पंगास माछा उत्पादन, BIO FLOC को प्रयोग, एरियेटर, फ्लोटिङ्ग दाना, रेन गनको प्रयोग, माछाको सुकुटी बनाउने मेसिन |
| मौरीपालन | नश्ल सुधार र गुणस्तरीय रानो उत्पादन |
| माटो सुधार | राईजोवियम इनोकुलमको प्रयोग, ट्राइकोडर्मा, अन्य जैविक बिषादी, Biofertilizer/Azolla को प्रयोग, प्रांगारिक मल, हरियो मल,जैविक मल, भर्मी कम्पोष्ट, कृषि चुन प्रयोग प्रदर्शन आदि |
| पशुवस्तु | उन्नतनश्लको वितरण, च्याङ्ग्रालाई दाना बनाउने मेशिन, साइलेज बनाउने मेशिन, Milking Machine, Cow Mat, हिमाली भेगका पशुवस्तुमा Urea-Molasse Block प्रयोग, डेरी प्रशोधनका उपकरणहरू आदि |

### ७.२ प्रविधिहरूको प्रयोगबाट हासिल भएका उपलब्धिहरू

क) **बालीको उत्पादन र उत्पादकत्वमा वृद्धिः** उन्नत बीउ बेर्ना, आधुनिक मेसिन,औजार उपकरण, मलखाद, Plant Nutrients, सिंचाइ प्रणाली लगायतका प्रविधिहरूको प्रयोगले बालीवस्तुहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि भएको छ।

ख) **रोग कीरा प्रतिरोध तथा प्रकोप न्यूनीकरणः** खेती गर्नका लागि विभिन्न नियन्त्रित संरचनाहरूको प्रयोग तथा रोगकीरा नियन्त्रणका प्रविधिहरूको प्रयोगबाट रोगकीरा न्यूनीकरण भई गुणस्तरीय उत्पादनहरू बजारीकरण भएका छन।

ग) **समय र श्रमको न्यूनीकरणः** उल्लिखित प्रविधिहरूको प्रयोगले मानव श्रम र समयको बचत भएको छ।

घ) **सिंचाइ तथा मलखाद प्रणालीमा सुधारः** आधुनिक सिंचाइ तथा मलखाद प्रणालीको प्रयोगबाट लागत न्यूनीकरण भई कृषिबाट हुने मुनाफामा वृद्धि भएको छ।

ङ) **प्रशोधन, भण्डारण र बजारीकरणमा सुधारः** प्रशोधन,भण्डारण तथा बजारीकरणका विविध प्रविधिहरूको प्रयोग मार्फत् बालीवस्तुहरूको मूल्य अभिवृद्धि श्रृंखलामा सुधार भई मुनाफा र आय-आर्जनमा वृद्धि भएको छ।

## ७.३ कृषकहरूले अपेक्षा गरेका नवीन प्रविधिहरू

कार्यक्रममा श्रोतको कमी, प्रविधिहरूको उपलब्धताको बारेमा सूचनाको कमी, कतिपय अवस्थामा तदारूकताको अभावले गर्दा कार्यक्रम सञ्चालनको क्रममा कृषकहरूले अपेक्षा गरेका कतिपय प्रविधिहरू कार्यक्रमबाट सम्बोधन हुन सकेनन। त्यस्ता प्रविधिहरूको उपलब्धताको बारेमा छलफल र प्रयत्न हुन जरूरी देखिएको छ।

| बालीवस्तुहरू | अपेक्षित नवीन प्रविधिहरू |
|---|---|
| खाद्यान्न बाली | धान रोप्ने सानो कम लागतको सफल मेसीन, Early and Short Duration Rice Varieties, Small Size Chain Based Combine Harvester, मकै र धान सुकाउने ड्रायर, बाँदर नियन्त्रण गर्ने मेसिन, बेबी कर्न मकैको बीउ |
| तरकारीबाली | गाजर छर्ने Precision Technology, Vegetable Marketing (Cooling Pick Up Van), Biodegradable मल्चिङ्ग, नेमाटोड नियन्त्रण विधि |
| फलफूल | सुन्तलाको उपयुक्त भण्डारण प्रविधी, स्याउ सुकाउने ड्रायर, सुँडेपुतलीबाट बचाउन बगौचामा नेटिङ, केरा जोनमा बिषादी प्रयोग गर्न ड्रोन प्रयोग, सिट्रस ग्रिनिङ्ग व्यवस्थापन, फल झर्ने समस्या नियन्त्रण, Sigatoka and TR4 Management Technology in Banana |
| आलुबाली | आलुको ड्याङ बनाउने मेसिन, आलु खन्ने मेसिन, किवीको जुस बनाउने मेसिन |
| मसलाबाली | अलैंचीमा पुच्छर हटाउने/ग्रेडिङ गर्ने मेसिन |
| माछापालन | माछाका भुरा ढुवानी गर्न चिलिङ भ्यान, ज्युदो माछा ढुवानी गर्ने भ्यान |
| मौरीपालन | मौरीमा गोला घार ढुवानी गर्ने सवारी साधन, Honey Pasteurization Machine |
| माटो सुधार | पर्याप्त मात्रामा नमुना परीक्षण, पर्याप्त मात्रामा कृषि चुनको उपलब्धता, Organic Matter प्रयोग |
| पशुवस्तु | च्याङ्ग्राको रौं काट्ने मेशिन |

## ७.४ प्रविधि प्रसारका लागि अवलम्बन गरिएका तरिकाहरू

कृषकहरू सहितको सहभागितात्मक प्रदर्शनहरू, जिल्लास्तर, घुम्ती स्थलगत भ्रमण तथा अन्तरजिल्ला अवलोकन भ्रमणहरू, आई.पि.एम. कृषक पाठशालाहरू, स्थलगत तालिम कार्यक्रमहरू, गोष्ठी, अन्तरक्रिया,

छलफलहरू, अभियानहरू, अनुदानहरू, बिज्ञसेवाहरू, निरन्तरताका लागि फलोअप कार्यक्रमहरू, मेसिन,औजार उपकरणका प्रयोगहरू, नियमित अनुगमन र मूल्यांकनहरू मार्फत् प्रविधिहरूको प्रसार भएको पाईएको छ। प्रविधिहरू प्रयोग हुंदै गर्दा अनौपचारिक प्रकृतिका दुई प्रकारका प्रदर्शन तथा सिकाई केन्द्रहरू स्थापना भएका छन्।

**(क) स्थायी प्रदर्शन तथा सिकाई केन्द्र:** कस्टम हायरिङ्ग सेन्टरहरू, उद्योगहरू, चक्लाबन्दी स्थलहरू, उच्चतम प्रविधिहरू प्रयोग गरी बनाईएका संरक्षित संरचनाहरू, सिंचाईका संरचनाहरू जस्ता स्थलहरू स्थाई रूपमा प्रविधि सिक्ने/ सिकाउने स्थलको रूपमा विकास भएका छन्। यी सिकाई केन्द्रहरूबाट स्थानीय कृषकहरू, प्राविधिकहरू र बाहिरबाट भ्रमणमा आउने कृषक तथा प्राविधिकहरूलाई प्रविधि देखाउने, सिक्ने, सिकाउने कामहरू भईरहेका छन्।

**(ख) अस्थायी प्रदर्शन तथा सिकाई केन्द्रः** सहभागितात्मक रूपमा सालबसाली सञ्चालन हुने कार्यक्रम तथा प्रदर्शनका स्थलहरू यस प्रकारका सिकाई केन्द्रहरू हुन्।यी सिकाई केन्द्रहरू मार्फत् प्रविधिहरू प्रसार गर्न सजिलो र छिटो हुने गरेको छ।

**७.५ प्रविधि अवलम्बनका समस्याहरू**

**क) प्रदर्शन तथा सिकाई केन्द्र:** कार्यक्रमको दस्तावेजले बालीवस्तु विशेषका उत्पादन तथा प्रशोधनका Package of Practices विकास र विस्तार गर्नका लागि प्रत्येक विशिष्टीकृत उत्पादन क्षेत्रमा कम्तिमा १ हे. का Demonstration and Learning Center स्थापना गर्ने भनीएता पनि सो अनुसार हुन सकेन। खासमा Demonstration and Learning Center को अवधारणा नै स्पष्ट हुन सकेन। Demonstration and Learning Center स्थापनाका लागि फर्म/समूह/सहकारीलाई जागरूक तुल्याउन पनि सकिएन। ती केन्द्रहरूको सञ्चालन तथा दीगोपनाको कार्ययोजना समेत नभएको हुँदा दस्तावेजले परिकल्पना गरे अनुसारका प्रदर्शन तथा सिकाई केन्द्रहरू स्थापना हुन भने सकेनन् (श्रोतःPIU चितवन)।

**ख) प्रविधिहरू अवलम्वन गर्ने दरः** कार्यक्रममा प्रयोग भएका प्रविधिहरू अवलम्वन गर्ने दर ५८ प्रतिशत मात्र रहेको छ। सर्वेक्षण अनुसार प्रविधिहरू अवलम्बन हुन नसक्नुमा कृषकहरूको परम्परागत सोच र जोखिमको डर, भौगोलिक जटिलता एवं बिविधता अनुसारका प्रविधिहरू उपलब्ध हुन नसक्नु, अनुसन्धान र प्रसारबीच कार्यगत सम्बन्धको अभाव, नयाँ प्रविधिहरूको प्रदर्शनीमा सीमित संख्यामा मात्र कृषकहरूलाई समावेश गराउन सकिने भएकाले धेरै कृषकहरूमा प्रविधि पुर्याउन कठिनाई, जनशक्तिको कमी, प्राविधिकहरूमा नै क्षमताको कमी, प्रविधि प्रदर्शन र सिकाई केन्द्रको अभाव, प्रविधि सम्बन्धी सूचनाहरूको अभाब, प्रविधिहरू महंगा हुनु जस्ता समस्याहरू देखिएका छन्।

## ७.६ नेपाल कृषि अनुसन्धान परिषद्संगको समन्वयको अवस्था

यो प्रतिवेदन तयार गर्ने क्रममा गरिएको सर्वेक्षण अनुसार २१ वटा कार्यक्रम कार्यान्वयन एकाइहरूले आवश्यक परेको समयमा NARC संग समन्वय गरी प्राविधिक सेवा प्राप्त गरेको देखिन्छ। बिशेषत केराको रोग ब्यवस्थापन, अदुवा बालीमा लाग्ने गानो कुहिने रोगको नियन्त्रण, तरकारी बालीमा लाग्ने रोगहरूको पहिचान र नियन्त्रण, हाईब्रिड मकैको बीउ उत्पादन, आलुको PBS बीउको उपलब्धता, सिट्रस ग्रिनिंङ रोग पहिचानको लागि Polymerase Chain Reaction (PCR) Test, बंगुरमा कृत्रिम गर्भाधान र तालीमहरूमा Resource Person को रूपमा NARC संग समन्वय सहकार्य भएको छ। व्यक्तिगत सर-सम्बन्ध, PIU भएका जिल्लाहरूमा NARC का केन्द्रहरू रहेको अवस्था, बिशेष परिस्थितिमा कार्यक्रम व्यवस्थापन एकाइले पहल गरेको अवस्थामा NARC संग सहकार्य सहज भएको देखिन्छ।

### ७.६.१ समस्या र सुझावहरू

क) NARC बाट हुने अनुसन्धान र कृषकको माग बीचको तालमेल मिलेको छैन। यो बिपरित दिशातर्फ गईरहेको छ। NARC मा स्रोत साधन र जनशक्तिको ब्यवस्था गरी Extension and Research Outreach Centre हरू बढाउनु आवश्यक छ । Field Based Action Research मा कृषि बैज्ञानिकहरूको संलग्नता बढाउनु पर्दछ।

ख) जोन/सुपरजोनका कृषकहरूको NARC का सम्बन्धीत विषयका बैज्ञानिकहरूसंग छलफलका कार्यक्रमहरू बनाई Research Activities हरू तयार गर्नु पर्दछ। NARC संग कार्यगत सम्वन्ध, सहयोग र सहकार्य हुनुपर्ने देखिन्छ ।

ग) जोन/सुपरजोनमा आवश्यक देखिएका प्रविधिहरूको लागि NAMP र NARC बीच सम्झौता गरी कार्य गर्ने संस्थागत परिपाटी विकास हुनु आवश्यक छ।

घ) कम्तिमा ६ महिनामा प्राविधिक, कृषक र नार्कका वैज्ञानिकहरू बीच Experience Sharing कार्यक्रम सञ्चालन गर्ने, नवीन प्रविधि प्रचार प्रसारका लागि NARC तथा कार्यान्वयन एकाइ बीच समन्वयका लागि Technical Working Group जस्तो फोरम सञ्चालन गर्नु पर्दछ।

ङ) प्रविधिहरूको प्रयोग, यसका निरन्तरता र Follow-Up का लागि कार्यक्रममा जनशक्तिको न्यूनता रहेको हुँदा Social Mobilizer को व्यवस्था हुनु पर्दछ।

च) निजीक्षेत्र मार्फत् धेरै किसिमका प्रविधिहरू विकास, आयात र प्रयोग भई रहेको हुँदा कार्यक्रममा कार्यरत प्राविधिकहरूलाई सो सम्बन्धी Exposure हुनु जरूरी छ ।

### ७.७ कृषि उत्पादन सामग्रीका श्रोतकेन्द्रहरू स्थापना, प्रगति एवं उपलब्धिको अवस्था

गुणस्तरीय बीउ/बेर्ना, भुरा, नश्ल, आहारा, रासायनिक/प्राङ्गारिक मल, बिषादीको सहज उपलब्धता सुनिश्चित हुनु उत्पादन वृद्धिको लागि पहिलो शर्त हो। सोही हुनाले कार्यक्रम अवधिभर नै कृषि उत्पादन सामग्रीका श्रोतकेन्द्रहरू स्थापना/सञ्चालन गर्ने तर्फ उल्लेखनीय कार्यहरू भएका छन्।

| सूचकहरू | प्रगतिको अवस्था | उत्पादन क्षमता (औसत) मे.ट. | हासिल भएका उपलब्धिहरू |
|---|---|---|---|
| बीउ श्रोतकेन्द्रहरू स्थापना | ९४ | २०० मे.ट/ श्रोतकेन्द्रहरू | कार्यक्रम अवधिमा खाद्यान्न एवं तरकारी बालीका ९४ वटा बीउ श्रोतकेन्द्रहरू स्थापना तथा सुधार भई कूल १९२०० मे.ट थप बीउ उत्पादन भएको छ।उत्पादित बीउबिजनबाट प्रतिवर्ष २९५३८४ हे.थप क्षेत्रफलमा उन्नत बीउको उपलब्धता हुन गई १० लाख ३३ हजार मे.ट थप खाद्यान्न उत्पादनमा वृद्धि हुन गएको छ। सो परिमाणको खाद्यान्नबाट कूल १ लाख ३३ हजार घरपरिवारको खाद्य सुरक्षा सुनिश्चित भएको छ। खाद्यान्नबाट मात्र राष्ट्रिय अर्थतन्त्रमा ५६ अर्ब ८१ करोड बराबरको योगदान भई सो बराबरको आयात प्रतिस्थापन भएको छ। |
| पशुनश्ल श्रोत केन्द्र स्थापना तथा पशुनश्ल सुधार | १०२ | १०२ | कार्यक्रम अवधिमा १०२ वटा पशुनश्ल श्रोत केन्द्र स्थापना तथा सुधार भई ती श्रोत केन्द्रहरूबाट कृषकहरूलाई २५४४ वटा उन्नत नश्लका पशुवस्तुहरू बिक्री वितरण भएका छन्। यी पशुवस्तुहरूबाट मासु र दूध उत्पादनमा सुधार भई घरपरिवारको खाद्य तथा पोषण सुरक्षा सुधार गर्नमा योगदान पुगेको छ। |
| मत्स्य ह्याचरी निर्माण | ३७ | औसत १ करोड Hatchlings / ह्याचरी | कार्यक्रम अवधिमा ३७ वटा मत्स्य ह्याचरी निर्माण तथा सुधार भई ती ह्याचरीहरूबाट मत्स्य नर्सरीहरूले १८ करोड ५० लाख बराबरको Hatchlings खरिद गरी करिब ९ करोड माछाका भुरा बिक्री वितरण गरेका छन्। यी भुराहरूबाट वार्षिक ८०००० मे.ट खाने माछा उत्पादनमा कार्यक्रमको योगदान हुन गई राष्ट्रिय अर्थतन्त्रमा वार्षिक रू.१६ अर्ब बराबरको योगदान हुन गएको छ। यसले घरपरिवारको खाद्य तथा पोषण |

| | | | |
|---|---|---|---|
| | | | सुरक्षा सुधारमा समेत योगदान पुगेको छ। |
| फलफूलका नर्सरी | ३४५ | औसत ६४६० बिरूवा/ नर्सरी | कार्यक्रम अवधिमा फलफूलबालीका ३४५ वटा नर्सरी श्रोतकेन्द्रहरू स्थापना तथा सुधार भएका छन् । बिशेषतः सुन्तलाजात फलफूल र स्याउबालीका नर्सरीहरूमा आत्मनिर्भरता वृद्धि भएको छ। ती श्रोतहरूमा २२ लाख २८ हजार बिरूवाहरू उत्पादन गरिएका छन् भने नर्सरी ब्यवसायीहरूले करिब २७ करोड ५८ लाख आयआर्जन गरेका छन्। ती बिरूवाहरूबाट देशका विभिन्न क्षेत्रमा प्रतिवर्ष ६१३० हे. क्षेत्रफलमा बिरूवा रोपण तथा क्षेत्र विस्तार गर्न पर्याप्त देखिन्छ। |
| तरकारी बालीका नर्सरी | १८१ | औसत ५८८०० बिरूवा/ नर्सरी | तरकारी बालीका ८१ वटा नर्सरीहरू स्थापना तथा निर्माण सुधार भई ती नर्सरीहरूबाट १ करोड ०६ हजार विभिन्न प्रकारका बिरूवाहरू उत्पादन भई नर्सरी व्यवसायबाट रू. ४ करोड ३० लाख बराबरको आयआर्जन भएको छ। |
| मसलाबाली (अलैंची) नर्सरी | २६ | औसत ४१७०० बिरूवा/ नर्सरी | मसलाबालीका २६ वटा नर्सरीहरू स्थापना तथा निर्माण सुधार भई ती नर्सरीहरूबाट १० लाख ८४ हजार अलैंचीका बिरूवाहरू उत्पादन भई नर्सरी व्यवसायबाट रू. १ करोड ८४ लाख बराबरको आयआर्जन भएको छ।सो बिरूवाहरूबाट देशका विभिन्न क्षेत्रका २५० हे. क्षेत्रफलमा अलैंचीका बिरूवा रोपण तथा क्षेत्र बिस्तार भएको छ। |
| कफीका नर्सरी | ९ | औसत ४०००० बिरूवा/ नर्सरी | कफीका ९ वटा नर्सरीहरू स्थापना तथा सुधार भई ती ३ लाख ६० हजार बिरूवाहरू उत्पादन हुनुका साथै करिब रू.१ करोड बराबरको आयआर्जन भएको छ।ती बिरूवाहरूबाट देशका विभिन्न क्षेत्रका करीब ३२०० हे. क्षेत्रफलमा कफीका बिरूवा रोपण गर्न पर्याप्त देखिन्छ। |
| घाँसबालीका नर्सरी | ९ | | घाँसेबालीका ९ वटा नर्सरीहरू स्थापना तथा सुधार भई ती नर्सरीहरूबाट १ लाख ३० हजार विभिन्न प्रकारका बिरूवाहरू उत्पादन भई रू. ६५ लाख बराबरको आयआर्जन भएको छ। ती बिरूवाहरूबाट देशका विभिन्न क्षेत्रमा घाँसका बिरूवा रोपण तथा क्षेत्र बिस्तार भएको छ। |

| | | | |
|---|---|---|---|
| PBS आलु उत्पादनका लागी स्क्रिन हाउस निर्माण | ८ | औसत १ लाख PBS / Lab | काभ्रे जिल्लामा स्थापना भएका २ वटा Tissue Culture lab र स्क्रिन हाउसबाट २५५००० PBS दाना उत्पादन भई वार्षिक रू. ३८ लाख आम्दानी गरिरहेका छन्। सो परिमाणको बीउबाट २६ हे. क्षेत्रफलमा ६४० मे.ट पहिलो पुस्ताको बीउ उत्पादन भई आलुको बीउको पर्याप्तता बढेको छ। खायन आलुलाई बीउको रूपमा रोप्ने प्रचलनको अन्त्य भएको छ। |
| अलैंची Tissue Culture Lab निर्माण | ४ | औसत २५ हजार बिरूवा / Lab | अलैंची विकास केन्द्र ईलाममा निर्माण गरिएको प्रयोगशाला बाट पछिल्ला ३ वर्षमा २५००० (२५०००० Tiller) Tissue Culture बिरूवा उत्पादन भई बिक्री वितरण भएका छन्।जसबाट हालसम्म ६२५ रोपनी क्षेत्रफलमा नयां बगईचा स्थापना भएको छ ।यी बिरूवाहरू सामान्यतया सारेको २ वर्षमै फल्ने र छिर्केफुर्के रोग प्रतिरोधी भएको हुनाले पूर्वी क्षेत्रमा Decline हुँदै गएको अलैंची खेती पुनःस्थापित (Revive) गर्न सकिने भएको छ। |
| जैविक बिषादी उत्पादन उद्योग स्थापना | ८ | सामान्य | सुपरजोनहरूमा कम्पोष्ट मल र जैविक बिषादी उत्पादन गर्ने उद्योगहरू स्थापना गरिएकोमा ती उद्योगहरूबाट अपेक्षाकृत उत्पादन भने हुन सकेको छैन।सामान्य परिमाणको उत्पादन मात्र भएको हुनाले सुपरजोनहरुको उत्पादनमा सहयोग पुग्ने तवरले योगदान गरेको देखिएन। |
| कम्पोष्ट मल उत्पादन उद्योग स्थापना | ८ | सामान्य | |
| **जम्मा** | ८३१ | | |

***नोटः** उल्लेखित श्रोतकेन्द्रहरुबाट भएका उपलब्धिहरु हिसाव गर्नका लागि PIU हरु क्रमसः चितवन,बर्दिया, रुपन्देही, बारा, लम्जुंङ्ग/मनाङ्ग, काभ्रे, ईलाम, भक्तपुर, सिन्धुलीहरुको Reference लिईएको छ।*

यस प्रकार कार्यक्रम अवधिभरमा ८३१ वटा श्रोतकेन्द्रहरू स्थापना भएकोमा ६८० वटा अर्थात् ८१.८ प्रतिशत श्रोतकेन्द्रहरू सञ्चालनमा रहेका छन्। ती श्रोतकेन्द्रहरूबाट बीउ, बेर्ना, माछाका भुरा, PBS आलु बीउ, उन्नत नस्लका पशुवस्तुहरू उत्पादन भई कृषि आधुनिकीकरणलाई टेवा पुर्याएको छ।

## ७.८ कार्यक्रमका दस्तावेज अनुसार सामञ्जस्यता (Allign) हुन नसकेका कार्यक्रमहरू

क) **फार्म केन्द्रहरूको रूपान्तरणः** कार्यक्रमका दस्तावेजहरूले कृषिका फार्म केन्द्रहरूको सवलीकरण गरी पूर्ण क्षमतामा सञ्चालन गर्दै उत्पादनका विशिष्टीकृत क्षेत्रहरूमा आवश्यक बीउ, बेर्ना, बिरूवा, भुरा आदि आपूर्तिका लागि श्रोत केन्द्रको रूपमा विकास गरिनेछ भनी उल्लेख गरेको छ। तरकारी एवं फलफूलका बिरूवा र प्रविधिका लागि अझै पनि फार्म केन्द्रहरूलाई सम्झने गरिन्छ।फार्म केन्द्रहरूलाई पूर्ण क्षमतामा सञ्चालन गरी बीउबेर्ना उत्पादन र आपूर्ति गर्ने हो भने उत्पादन सम्भागहरूलाई उत्पादन गर्न सहज हुने देखिन्छ।तथापी सो अनुरुप कार्य हुन सकेन।

ख) कृषि विभाग तथा प्रदेश अन्तर्गत रहेका फार्म केन्द्रमा प्राविधिक जनशक्ति र पूर्वाधारको कमीले गर्दा आवश्यकता अनुसार कार्य हुन सकेको देखिदैन ।PIU हरूको फार्म केन्द्रहरूसंग Functional Linkage नै रहेन।बीउ, बेर्ना र प्रविधिको लागि फार्म केन्द्रहरूले सुनिश्चितता दिलाउन पनि सकेनन भने निजी क्षेत्रलाई पर्याप्त प्रोत्साहन र नीयमन गर्न पनि सकिएन। यसै अलमल र यथास्थितिमा केराको बेर्ना देखि आलुको PBS सम्म आयात गर्नुपर्ने अवस्था देखियो।

ग) कार्यक्रमले लक्षित गरे झैं निजी क्षेत्रलाई कृषि सामाग्री डिपोहरू स्थापना गर्न प्रोत्साहन गर्ने भनिएकोमा यो कार्य सञ्चालनको मोडालिटी नै तय हुन सकेन।

घ) हाइव्रिड बीउको उपलब्धता तथा पहुँच बढाउन सरकारी तथा निजी क्षेत्रबाट हाईव्रिड बीउको विकास गरिने तथा सरकारसंग भएका जातहरूको Inbred line लाई कार्यविधि बनाई निजी क्षेत्रलाई हस्तान्तरण गरी जातीय विकास/बीउ उत्पादनमा सहयोग पुर्याउने कार्यमा खासै काम हुन सकेन।

ङ) बीउबिजनको राष्ट्रिय सोच (National Seed Vision २०१२-२५) ले निर्देशित गरेका उल्लिखित कार्यक्रमहरूमा मन्त्रालय भित्रका अन्तरनिकायहरू बीचको समन्वय र उपल्लो तहको नितीगत निर्णय आवश्यक थियो। तर बीउबिजनको राष्ट्रिय सोच (National Seed Vision २०१२-२५) कार्यान्वयनमा नै नआइकन यसको अवधि गुज्रिएको हुँदा उल्लिखित महत्वपूर्ण कार्यक्रमहरूमा अपेक्षित प्रगति हुन सकेन।

### ७.८.३ सुझावहरू

क) फार्म केन्द्रहरूलाई बिशेष गरेर जोन/सुपरजोनमा भएका Commodity हरूको Centre of Excellence को रूपमा विकास गरिनु पर्छ र Priority Program हरू तयार गर्नु पर्दछ।लगानी र जनशक्तिको सुनिश्चितता सहित फार्म केन्द्रहरूको संख्या बढाउन आवस्यक छ।

ख) निजी क्षेत्रका नर्सरी र Tissue Culture Lab हरूलाई नियमन र सहयोग गर्नु आवश्यक छ।

ग) NARC संग भएका जातहरूको Inbred line कार्यविधि बनाई निजी क्षेत्रलाई हस्तान्तरण गरी जातीय विकास/ बीउ उत्पादनमा सहयोग पुर्याउने तर्फ कार्य हुनु आवश्यक छ।

### ७.९ उत्पादन सामाग्रीहरूको गुणस्तर नियन्त्रण

क) नेपालमा स्वदेशी उत्पादन र आयातित गरी २ वटा श्रोतहरूबाट मल, बीउ, बिषादी, प्लान्ट Nutrients, बेर्ना, जात, नश्ल, प्रविधि,औजार उपकरणहरू प्राप्त हुने गर्दछन्।ती वस्तुहरूको गुणस्तर नियन्त्रण गर्ने भरपर्दो संयन्त्रको विकास हुन सकेको देखिएन। निजी क्षेत्रमा यसतर्फ कुनै पहलसमेत भएन भने सरकारी नियामक निकायहरू पनि प्रभावकारी देखिएनन्। स्वदेशी उत्पादन सामग्रीको उत्पादन पर्याप्त भएता पनि गुणस्तरमा सुनिश्चितता नहुँदा बिक्रीको समस्या भएकोले बिदेशी सामाग्री तर्फ आकर्षण बढेको अवस्था छ।

ख) बिदेशबाट अनाधिकृत रूपमा आउने बीउ बिजनहरूका कारण स्वदेशी बीउको बजारलाई प्रभावित गर्नुका साथै बीउ बिजन उत्पादन ब्यवसायलाई अनिश्चितता तर्फ धकेलेको छ। यस्ता सामाग्रीहरूको गुणस्तर नियन्त्रण र निरीक्षण प्रभावकारी छैन। ती वस्तुहरूको गुणस्तर परीक्षण गर्ने प्रयोगशाला र बिज्ञताको अभाव रहेको छ।

ग) स्याउ तथा ओखरका बिरूवाको जातको पहिचानको समस्या छ। नर्सरीहरूमा उत्पादन भएका बिरूवाहरूको गुणस्तर परीक्षणमा समस्या छ। सुन्तलाजात फलफूलमा सिट्रस ग्रिनिङ्ग मुक्त सुनिश्चितता भएका माउबोट र रूटस्टकको लागि पर्याप्त मात्रामा तीनपातेको बीउको अभाव छ।

घ) HDP वेर्ना विदेशबाट आउने हुँदा ढुवानीमा कोल्ड चेन कायम नहुने, महँगो मूल्य तिरेर ल्याइएको बिरूवाहरू मर्ने समस्या रहेको छ।

ङ) Lab सञ्चालन गर्ने दक्ष जनशक्ति नभएका कारण Tissue Culture Lab हरूले अपेक्षाकृत उत्पादन गर्न नसकेको देखिन्छ ।Tissue Culture Lab सञ्चालन जस्ता प्रविधिमा आधारित संरचनाहरू निर्माण गर्दाका बखत नै प्राविधिकको सुनिश्चितता हुनु जरूरी छ।

च) आलु, अदुवा, बेसारको बीउ प्रमाणिकरण हुन नसकेकिएको हुंदा श्रोतकेन्द्रहरूको अभाव देखिएको छ।

#### ७.९.१ सुझावहरू

क) नार्क लगायतका सरकारी फार्म केन्द्रहरूलाई मुख्य श्रोतकेन्द्रको रूपमा विकास गर्नुपर्ने।

ख) आलु, अदुवा, बेसारको बीउमा गुणस्तरको सुनिश्चितता गर्नका लागी बीउ प्रमाणीकरण पद्धति लागु गरिनु पर्ने।

ग) सुन्तलाजात फलफूलको माउबोटको पि.सि.आर टेस्ट गरी सुरक्षित तुल्याउने, तीनपातेको श्रोतकेन्द्र बनाउन सहयोग गर्ने, बिरूवा वा बेर्नाको आधिकारिक स्रोत, गुणस्तर र शुद्धता सुनिश्चितताका सवालहरू समाधान गर्नुपर्ने।

घ) कृषकले रूचाएका तथा सूचीकृत नभएका जातहरू परीक्षण गरी सूचिकृत गरिनुपर्ने।

ङ) बजारमा छ्यापछ्यासी भेटिने बिदेशी कम्पनीहरूका उत्पादन सामाग्रीको गुणस्तर सुनिश्चित गर्ने संयन्त्र आवश्यक छ।

च) श्रोतकेन्द्रको स्थापनाका सवालमा नवीन र परिवर्तनकारी कार्यक्रमहरूको आवश्यकता महशुस गरिने, दस्तावेजहरूमा लेखिने, बेलाबेलामा चर्चा परिचर्चा पनि हुने, तर कार्यान्वयनको पहलकदमी गर्ने विषयमा मौन रहने परम्परालाई तोड्नु जरूरी छ। स्पष्ट कार्ययोजना, अधिकार सहितको जिम्मेवारी र सूचकमा आधारित समीक्षा गर्ने परिपाटी आवश्यक देखिन्छ।

छ) कम्पोष्ट मल र जैविक बिषादी उत्पादन गर्ने घरेलु स्तरका उद्योगहरूमा लगानी भएको र सो कार्य प्रभावकारी नदेखिएकोले ठूला क्षमताका उद्योगहरूमा लगानी गर्नु पर्ने देखिन्छ।

### ७.९.२ PIU हरु बाट वितरण हुने सामग्रीहरुका सम्वन्धमा

ज) PIU हरुबाट वितरण हुने सामग्रीहरु प्राप्त गर्न धेरै कागजपत्र तयार गर्नुपर्ने र पटक पटक धाउनुपर्ने भनी ब्यवसायिक कृषकहरूले गरेको गुनासो समाधान गर्नु पर्नेछ।

झ) कार्यक्रमबाट उत्पादनका सामाग्रीहरू र मेसिनरीहरू वितरण हुने गरिएकोमा सो को परिमाण पर्याप्त नहुँदा समूहमा मनमुटाव हुने गरेकोले सामाग्रीहरूको परिमाणमा वृद्धि हुनु पर्ने सुझाव प्राप्त भएको छ।

ञ) प्रविधि हस्तान्तरणको पक्ष कमजोर रहेको र कार्यक्रमको Model नै कृषि सामाग्रीहरू वितरण गर्ने भएको कृषकहरूको प्रतिक्रिया रहेको छ। कार्यक्रम सञ्चालन एकाइहरूमा कार्यरत प्राविधिकहरूसंगको Focus Group Discussion बाट पनि करिव ७५ प्रतिशत समय सामग्रीहरू वितरणको प्रक्रियामा ब्यस्त रहनु पर्ने हुनाले अन्य प्राविधिक गतिबिधिहरूमा लाग्ने पर्याप्त समय नभएको प्रतिक्रिया प्राप्त भएको छ।

## ७.१० रासायनिक मल

परियोजना क्षेत्रमा सहकारीहरूले रासायनिक मल वितरण गर्ने व्यवस्था अवलम्बन गरिनेछ। निजी एग्रोभेट र अन्य सेवा प्रदायकहरूको हकमा कार्यविधिलाई संसोधन गरी आगामी दिनमा पकेट, व्लक, जोन र सुपरजोनमा रासायनिक मलको बिक्री वितरणमा सहभागी गराउने व्यवस्था गरिनेछ। प्राङ्गारिक मलको हकमा तोकिएको मापदण्डअनुसार प्राङ्गारिक मल उत्पादन गर्दै आएका र हाल संचालित कम्पनीहरू/ सहकारीहरूको उत्पादनलाई पकेट, व्लक, जोन र सुपरजोनमा वढि भन्दा वढि प्रयोग गर्न कृषकहरूलाई उत्साहित गरिनेछ भनी कार्यक्रमका दस्ताबेजहरूमा उल्लेख गरिएको छ।

### ७.१०.१ प्रगतिको अवस्था

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार नेपालमा वार्षिक करिब ८ लाख मेट्रिक टन रासायनिक मलको माग रहेको छ। रासायनिक मलको १० वर्षको आयातलाई हेर्दा आवश्यकताको करिब ४३ प्रतिशत मात्र मल आयात/आपूर्ति हुन सकेको देखिन्छ। मल आयातको ट्रेन्ड हेर्दा कुनै वर्ष आवश्यक परिमाणको ५९ प्रतिशत सम्म मल आयात भएको छ भने कुनै वर्ष जम्मा २२ प्रतिशत मात्रमा सीमित रहेको देखिन्छ। आयातमा भएको न्यूनताले गर्दा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको अवधिभरि नै मलको सहज उपलब्धता हुन सकेन।

## ७.१०.२ रासायनिक मल आपूर्तिको अवस्था


### तालिका १२: रासायनिक मल आपूर्तिको अवस्था

| Import | | | | | | Sal es | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **FY** | **Total** | **Required Vs %Import** | **Total** | | | **Total** | **Total** | | |
| | | | **UREA** | **DAP** | **Potash** | | **Urea** | **DAP** | **Potash** |
| 81/82 | 346641.85 | 43.3 | 163602 | 172850 | 10189.85 | 334977.15 | 192478.8 | 131249.95 | 11248.4 |
| 80/81 | 472287 | 59 | 256297.5 | 194632.7 | 21356.85 | 455940 | 258057.8 | 183653.1 | 14228.8 |
| 79/80 | 376874.8 | 47 | 253876.1 | 121416.5 | 1582.25 | 342462 | 225922.95 | 110084.3 | 6455.05 |
| 078/79 | 177506.6 | 22 | 105062.6 | 64842.95 | 7601.1 | 227836 | 143482.20 | 77719.868 | 6633.85 |
| 077/78 | 400208.7 | 50 | 252329.8 | 132505 | 15373.95 | 379198 | 225120.96 | 140974.73 | 13102.7 |
| 076/77 | 395904.8 | 49.4 | 214823.6 | 170886.5 | 10194.7 | 351877 | 204014.60 | 139579.62 | 8282.55 |
| 075/76 | 327488 | 41 | 207967.3 | 112036.4 | 7484.3 | 345289 | 216793.60 | 121102.64 | 7393.25 |
| 074/75 | 338599.2 | 42.3 | 218854 | 119745.3 | 0 | 364909 | 244609.45 | 112120.915 | 8179.05 |
| 073/74 | 307771.3 | 38.4 | 188051.3 | 109723.1 | 9996.9 | 330217 | 207424.85 | 114801.55 | 7990.5 |
| 072/73 | 293628.2 | 36.7 | 180669.7 | 105478.5 | 7480.1 | 258779 | 164641.50 | 87572.79 | 6564.75 |
| | Average | 43 % | | | | | | | |

Note: Total National Demand of Fertil izer is Around: 8 L akh ton (Urea, DAP and Potash)

स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, Statistical information on Nepal ese Agricul ture

चित्र ५: *Trend of Chemical Fertil izer Import*



कार्यक्रमको प्रतिवेदन तयारी गर्ने क्रममा गरिएको सर्वेक्षण अनुसार २६ वटा PIU हरूले मलको अभाव रहेको, १७ वटा PIU हरूले पर्याप्तता नभएपनि खोजेको समयमा अभाव चै नभएको र ५ वटा PIU हरूले पर्याप्त पाइएको बताए। भारतसंग सिमाना जोडिएका जिल्लाहरूमा भारतीय बजारबाट अनौपचारिक रूपमा भित्रिने मलले केही हदसम्म भरथेग हुने गरेको देखियो। हिमाली जिल्लाहरूमा रासायनिक मलको खासै प्रयोग नहुने गरेको देखियो। मल आयातको लागि सरकारबाट प्राप्त हुने अनुदान रकमको सीमितता, मल टेण्डर लगायत सार्बजनिक खरिदका लामा प्रक्रियाहरू, अनुदानको मल आयात गर्न इजाजत पाएका कम्पनीहरूको व्यवस्थापन क्षमता जस्ता कारणहरूले गर्दा रासायनिक मल आपूर्तिमा असहजता रहेको देखियो।

### ७.११ प्राङ्गारिक मल व्यवस्थापनका कार्यक्रमहरू

नेपालको सन्दर्भमा रासायनिक मलको उपलब्धताको सुनिश्चितता गर्नु चूनौतीपूर्ण र कठिन कार्य हो। यसको बिकल्प र सहयोगी प्रणालीको रूपमा NAMP ले प्राङ्गारिक मल उत्पादन गर्दै आएका कम्पनीहरूलाई अनुदान प्रदान गरी उत्पादन परिमाणमा वृद्धि गर्ने र कृषकहरूलाई बढी भन्दा बढी प्राङ्गारिक मलको प्रयोग गर्न प्रोत्साहित गर्ने रणनीति लिएको देखिन्छ। कार्यक्रमको उद्देश्य अनुरूप, कार्यक्रम अवधिभरमा काभ्रे, सिन्धुली, डडेल्धुरा, कन्चनपुर लगायतका जिल्लाहरूमा आठवटा प्राङ्गारिक मल कारखाना स्थापना तथा सुधार गरिएका छन्। यी कारखानाहरूबाट कम्पोष्ट, भर्मीकम्पोष्ट, Trichoderma लगायतका जैविक मल उत्पादन भएको छ । यी उत्पादनहरूले माटोको गुणस्तर वृद्धि गर्नमा योगदान गर्ने भएता पनि घरेलु स्तरका यी उद्योगहरूमा उत्पादन हुने परिमाण अत्यन्तै न्यून रहेको छ । सर्बेक्षणका क्रममा कतिपय कारखानाहरू बन्द भएको पाइएको हुदां यस कार्यक्रमको प्रभाव अपेक्षाकृत राम्रो देखिएन।

#### ७.११.१ समस्या तथा सुझावहरू

एकातर्फ व्यवसायिक कृषिकोलागि रासायनिक मलको उपलब्धताको सुनिश्चितता महत्वपूर्ण पक्ष भएको छ भने अर्कातर्फ यसको व्यवस्थापनको पक्ष पनि त्यति नै चुनौतीपूर्ण रहेको छ। लामो समयदेखि राष्ट्रिय रूपमा नै जटिल रहेको रासायनिक मल आयात, आपूर्ति तथा उत्पादनका सम्बन्धमा यस कार्यक्रममा पनि स्वाभाविक रूपमा सुरूबाट नै अस्पष्टता रहेको देखिन्छ। कार्यक्रमका दस्तावेजहरूले "परियोजन क्षेत्रमा सहकारीहरू मार्फत् रासायनिक मल वितरण गर्ने व्यवस्था अवलम्बन गरिनेछ" भन्ने छोटो वाक्य लेखेर यसको व्यवस्थापनको पक्षलाई टुंग्याइदिएको छ। व्यवसायिक उत्पादनका लागि रासायनिक मलको उपलब्धता अनिबार्य सर्त हो। वर्तमानमा अवलम्बन गरिएको दामासाही वितरण प्रणालीबाट विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरूको आवश्यकतालाई सम्बोधन गर्न सक्ने देखिदैन। नेपालको व्यवसायिक कृषिको प्रचलित तौरतरिकालाई हेर्दा तत्कालको लागि रासायनिक मलको विकल्प प्राङ्गारिक मल हुन सक्ने पनि देखिदैन। तसर्थ विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरूको परिकल्पना गरिरहंदा कम्तिमा ती क्षेत्रहरूमा आवश्यक पर्ने रासायनिक मलको उपलब्धता सुनिश्चित हुने नीतिगत व्यवस्था हुन र त्यसको कार्यान्वयनको सुनिश्चितता हुन जरूरी छ। हिमाली जिल्लाहरूमा भने भेडा, बाख्रा लगायतका गोठेमल सुधारका कार्यक्रमहरूलाई व्यवस्थित र ब्यापक तुल्याउन सकिएमा रासायनिक मलको खासै आवश्यकता नपर्ने देखिन्छ।

### ७.१२ सानासिंचाइ

यो कार्यक्रम महत्वपूर्ण र सफल कार्यक्रम हो। कार्यक्रम अवधिमा कुलो निर्माण र मर्मत, सिमेन्टेड तथा प्लाष्टिक पोखरी निर्माण, पक्की पोखरी निर्माण, थोपा सिँचाइ प्रणाली स्थापना, स्यालो ट्यूववेल, बाँध, पानी तान्ने मोटरपम्प, पाइप, लिफ्ट सिँचाइ तथा सोलारसिँचाइ सम्बन्धी पूर्वाधार तथा मेसिनरीहरूमा अनुदान सहयोग उपलब्ध गराइएको छ। आ.व २०८१/८२ सम्म जम्मा १८२०१ वटा साना सिँचाइहरू निर्माण भई ३६५२४ हेक्टर क्षेत्रफलमा सिंचाइ सुविधा पुगेको छ। यस संख्यामा ८३ वटा सौर्य प्रणालीमा आधारित सिंचाइ योजनाहरू समेत निर्माण सञ्चालन भएका छन्। सिंचाइका ठूला योजनाहरूमा साना कृषकहरूको पहुँच नपुगिरहेको सन्दर्भमा यस कार्यक्रमबाट संचालित सानासिंचाइ योजनाहरुमा कृषकहरुको सहज पहुँच र PIU हरूको सेवा चुस्त रहेको छ। यसबाट उत्पादन वृद्धिमा उत्कृष्ट कार्य भएको छ।

परिच्छेद - ८

## रणनीति ३: कृषिमा यान्त्रिकीकरण

कृषिमा यान्त्रिकीकरण यस आयोजनाको प्रमुख रणनीति हो। कृषि क्षेत्रमा दिनानुदिन अभाव हुंदै गएको श्रम शक्तिको समस्यालाई सम्बोधन गरी उत्पादन लागत घटाउन तथा कार्यदक्षतामा वृद्धि गरी कृषिलाई नाफामूलक व्यवसायका रूपमा स्थापित गर्न कृषि यान्त्रिकीकरण महत्वपूर्ण छ। कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने र कृषिमा रहेको झन्झटिलो श्रमबोझलाई हटाउंदै कृषि कार्यलाई आकर्षक र रोजगारीमूलक व्यवसायको रूपमा स्थापित गर्नकोलागि कृषिमा यान्त्रिकीकरण सहज माध्यम हो। यसै तथ्यलाई मध्यनजर गर्दै कार्यक्रमबाट कृषिमा यान्त्रिकीकरणतर्फ तपसिलका कार्यहरू संचालन गरिएका छन्।

### क) कष्टम हायरिङ्ग सेन्टर (Custom Hiring Center) स्थापना

सामान्यतया कृषि कार्यमा प्रयोग हुने विभिन्न प्रकार र प्रयोजनका मेशिनरी, औजार उपकरण एकै थलाबाट भाडामा उपलब्ध गराउने र संस्थागत सेवा प्रदान गर्ने अवधारणा नै कष्टम हायरिङ्ग सेन्टर (Custom Hiring Center) को अवधारणा हो। हाम्रो जस्तो खण्डीकृत जमिन र बहुसंख्यक साना कृषक भएको देशमा कृषकहरूलाई आवश्यक पर्ने सबै प्रकारका मेशिनरीहरू सहजरूपमा उपलव्ध गराउनको लागि कस्टम हायरिङ्ग सेन्टरको सन्चालनको बिशेष महत्व रहेको छ।

**तालिका १३: कष्टम हायरिङ्ग सेन्टरका प्रकार**

| कष्टम हायरिंग सेन्टर ( Custom Hiring Center) स्थापना (संख्या) | सञ्चालनको आधारमा कष्टम हायरिंग सेन्टर ( Custom Hiring Center) प्रकारहरू | कष्टम हायरिंग सेन्टर (मेसिनहरूको) हाल भईरहेको सञ्चालन क्षमता ( Machine Operational Efficiency, MOE) |
|---|---|---|
| ६१४ | व्यक्तिगत | ४७ % |
| | सहकारी | ४६ % |
| | कृषक समूह | ७% |

नेपालमा व्यक्तिगत रूपमा मेशिन उपकरणहरू राखे र कृषकहरूले जग्गाको तयारी, कटानी वा चुटानीमा भाडा तिरेर प्रयोग गर्ने चलन रहेता पनि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लागू भएपश्चात् संस्थागत रूपमा कस्टम हायरिङ्ग सेन्टरको कार्यान्वयन भएको हो। नेपालमा कृषि यान्त्रिकीकरण सेवा प्रवर्द्धनको लागि कष्टम हायरिंग सेन्टर (Custom Hiring Center) स्थापनाको नवीन अवधारणा यसै कार्यक्रमबाट स्थापित भएको हो। यस कार्यक्रमको सहयोगबाट हालसम्म करिब ६१४ वटा यस्ता केन्द्रहरूको स्थापना गरी यान्त्रिकीकरण प्रवर्द्धनमा उदाहरणीय कार्य भएको छ।

### ख) कृषि यन्त्र, उपकरणहरूमा अनुदान सहयोग

यो दशक कृषिमा यान्त्रिकीकरणको लागि निकै उत्साहप्रद दशक रह्यो। कार्यक्रमको अवधिमा करिब ६३१४९ वटा कृषि यन्त्र, औजार, उपकरणहरू खरिद गर्नका लागि कृषकहरूलाई अनुदान सहयोग प्रदान गरिएको छ। नेपाल कृषि मेसिनरी संघ (NAMEA) का अनुसार नेपालमा प्रतिवर्ष १०००० जति साना ठूला मेसिनरीहरू आयात हुने गरेकोमा NAMP कार्यक्रमका अनुदानग्राही कृषकहरू यी मेसिनरीहरूको मुख्य खपतकर्ता रहेको देखिन्छ। यस प्रकार कृषि क्षेत्रमा यान्त्रिकीकरणलाई तीव्रता दिने कार्यमा NAMP को महत्वपूर्ण भूमिका रहेको छ।कार्यक्रमबाट खरिद तथा सञ्चालनको लागि अनुदान सहयोग प्रदान गरिएका कृषि यन्त्र, उपकरणहरू निम्नानुसार रहेका छन्।

| कृषि यन्त्र/उपकरणहरू |
|---|
| Tractor, Tractor Trolley, Reaper, 4 Wheeler Rice Transplanter, Combine Harvester, Laser land leveller, Thresher, Pickup Van, Super Seeder, Seed Drill , Grain Dryer, Cultivator, Rotavator, Ridger, Disc Harrow, Power Tiller, Mini Tiller, Milk Analyzer, Silage Cutter, Aerator, Combine Mill, Chain Saw आदि |

### ८.१ उपलब्धिको अवस्था

कष्टम हायरिङ्ग सेन्टर (Custom Hiring Center) स्थापना र कृषि यन्त्र, उपकरणहरूको खरिदमा कृषकहरुलाई अनुदान सहयोग उपलब्ध गराउने कार्य यान्त्रिकीकरण प्रवर्द्धनको लागि गरिएका मुख्य कार्यहरु हुन्।

### क) कृषि यान्त्रिकीकरणको स्तरमा वृद्धि ( Increase in the L evel of Mechanization)

आधार वर्ष २०७२/७३ मा नेपालमा कृषि यान्त्रिकीकरणको स्तर (Level of Mechanization).......% रहेकोमा हाल सो स्तरमा वृद्धि भई .....प्रतिशत पुगेको छ।तीनवटा भौगोलोक क्षेत्रहरूमा भएको यान्त्रिकीकरण प्रयोगको स्तर वृद्धि तालिका:१३ मा उल्लेख गरिएको छ । तराईमा NAMP कार्यक्रम लागु भएको क्षेत्रमा राष्ट्रिय औसत भन्दा २५ प्रतिशत, मध्य पहाडमा २० प्रतिशत र उच्च पहाडमा ८ प्रतिशतले यान्त्रिकीकरण प्रयोगको स्तरमा वृद्धि भएको छ।

**तालिका १४: भौगोलिक क्षेत्र अनुसार यान्त्रिकीकरणको अवस्था र NAMP को योगदान**

| आ.व | तराई (Terai) | | मध्य पहाड (Mid-Hills) | | उच्च पहाड (High-Hills) | |
|---|---|---|---|---|---|---|
| | National | NAMP | National | NAMP | National | NAMP |
| २०७२/७३ | ????? | - | - | - | - | - |
| २०८२/८३ | ५० % | ७५ % | १५ % | ३५ % | २ % | १० |

## ख) उत्पादन लागत र समयको बचत

चितवन जिल्लामा धान खेतीमा कृषि यान्त्रिकीकरणको प्रयोगबाट उत्पादन लागतमा हुने अन्तर सम्बन्धमा गरिएको एक अध्ययन अनुसार मेसिन प्रयोग गरी धान रोप्दा रू. ८०००.० प्रति हे. लागत लागेको देखियो भने मानव श्रमको प्रयोग गर्दा लागत रू. २५०००.० रहेको पाइयो । यसरी प्रविधि प्रयोग गर्दा उत्पादन लागतमा रू. १३०००.० प्रति हे. न्यून हुन गयो । त्यसै गरी दांङ्ग जिल्लामा मकै छर्ने मेसिन प्रयोग तथा कैलाली जिल्लामा गहुँ छर्ने मेसिनको प्रयोग गरी बीउ छर्ने कार्य गर्दा क्रमशः रू. ५००० र रू. ६००० लागत न्यून हुन गएको पाईयो।

### तालिका १५ः कृषि यान्त्रिकीकरणको प्रयोग र प्रभावकारिता

| समयको बचत % | सिंचाइ/पानी बचत % | बीउ,मलमा बचत % | मानव श्रममा बचत % | कृषि सामग्रीको लागतमा बचत % | औसत उत्पादकत्व वृद्धिमा योगदान % |
|---|---|---|---|---|---|
| २०-५० | २० | २० | २०-३० | १०-६० | १०-१५ |

NAMP बाट अनुदान उपलब्ध गराईएका मेसिनहरूको प्रयोग र प्रभावकारिताका सम्वन्धमा NAMP ले गरेको अध्ययनबाट तालिका १६ मा उल्लेख गरिए अनुसार समय, सिंचाइ, बीउ मल, मानवश्रम र कृषि सामाग्रीहरुको लागत घट्न गई औसत उत्पादकत्वमा १०-१५ प्रतिशत वृद्धि भएको पाईएको छ।

*PIU दांगले मकै खेतीको लागि Multicrop Seed Drill Machine, Precision Corn Planter, Jab Planter, Push Row Seeder, Weeding Machine, Tractor Mounted Maize Thresher जस्ता आधुनिक मेसिनहरूको प्रयोग गर्न कृषकहरूलाई उत्प्रेरित गरियो। मेसिनरीहरूको उपयोगमा कृषकहरूलाई सहज पहुँच प्रदान गर्नका लागि PIU ले कष्टम हायरिंग सेन्टरहरू सन्चालनमा उल्लेख्य सहयोग प्रदान गरियो भने सुक्खा क्षेत्रहरूमा सिंचाइको प्रवन्ध समेत गरियो। नेपाली हाईब्रिड (रामपुर हाईब्रिड १०) जातलाई बीउ उत्पादन गर्न उत्प्रेरित गर्दै सो क्षेत्रलाई बीउ उत्पादनको केन्द्रको रूपमा विकास गरियो । कार्यक्रम सुरू गरेको पाँच वर्षमा सो क्षेत्रमा निम्नानुसार उपलब्धिहरू देखिए।*

*५० प्रतिशत कृषकहरूले बर्खायाममा लगाउने गरिएको मकैको Season Shift गरी हिउँदयाम र बसन्त याममा लगाउन थालेका छन् । जसले गर्दा पोष्ट हार्भेस्ट क्षति न्यूनीकरण भई गुणस्तरीय मकैको उत्पादन हुन पुग्यो। मकै खेतीको उत्पादन लागत रू. १६३६३३ प्रति हे. बाट घटेर रू. ९७६५० हुन पुग्यो भने प्रति के.जी उत्पादन लागत रू. ७५ बाट घटेर रू. ५१ हुन पुग्यो । मकै खेतीबाट साबिकको भन्दा रू. १२४२०० प्रति हे. मुनाफामा वृद्धि हुन् गई कृषकहरूको आयस्तरमा सुधार हुन पुग्यो । निजी बीउ कम्पनीसंग खरिद सुनिश्चितता संझौता (Buy Back Gurentee) भई बीउ उत्पादन गर्ने समूहलाई बीउ बिक्रीबाट वार्षिक रू. ३१ लाख आम्दानी हुन थाल्यो ।*

*(Source: Regmi M., Intervention to Promote Improved Technologies and Farmer's Perception Towards Adoption of New Technologies in Maize: A Case from Maize Farmers of Dang )*

### ग) उर्जाको प्रयोगमा वृद्धि

कृषि विकासमा आधुनिकीकरण र औद्योगिकीकरणतर्फ मापन गर्ने सूचक भनेको प्रति हेक्टर जमिनमा हुने ऊर्जाको प्रयोग (Energy Use Per ha. Land) हो । यो कार्यक्रमबाट नेपालमा प्रति हे. जमिनमा हुने ऊर्जाको प्रयोगमा उल्लेख्य वृद्धि भएको छ। कार्यक्रमको आधार वर्षमा ...... Kw/ha रहेको ऊर्जाको प्रयोग हाल राष्ट्रिय औसत ०.८ Kw/ha रहेको छ भने NAMP लागु भएका क्षेत्रमा १.४४ Kw/ha रहेको छ।

### घ) सीपमा आधारित रोजगारी सृजना

कृषि यान्त्रिकीकरणमा वृद्धि भएसंगै कृषि क्षेत्रमा सीपमा आधारित रोजगारी सृजनामा समेत उल्लेख्य वृद्धि भएको छ। मेसिन ड्राईभरहरू, अपरेटरहरू, मर्मत सम्भार गर्ने मिस्त्रीहरू, कष्टम हायरिङ्ग सेन्टर संचालकहरूले यस क्षेत्रमा रोजगारी प्राप्त गरेका छन्।

### ङ) कृषि यान्त्रिकीकरणमा नवीन तथा आधुनिक प्रविधिको प्रयोग

कार्यक्रमको प्रविधि प्रसार कार्यक्रम, सहजीकरण र अनुदान सहुलियतबाट कृषि यान्त्रिकीकरण तर्फ नवीन र आधुनिक प्रविधिको प्रयोगमा उल्लेख्य सुधार भएको छ। देशमा अहिले Laser Land Leveler ५० वटा, Rice Transplanter Machine २०० र Combine Harvester २५० प्रयोगमा आएका रहेका छन्।

## ८.३ कृषि औजार उपकरणहरूको मर्मत सम्भारको व्यवस्था

***मर्मत सम्भारको व्यवस्था***

*कृषि औजार उपकरणहरू बितरण गर्ने कार्य सहज र तुरून्तै प्रगति देखिने कार्य भएता पनि कृषक एवं प्राविधिकहरूमा समेत यिनको सञ्चालन र मर्मतसम्भारको सामान्य ज्ञान समेत नहुनाले ठूलो संख्यामा कृषि औजार उपकरणहरू सदुपयोग हुन नसकि थन्किएर रहेका छन् । औजार उपकरणहरू मर्मत सम्भारको व्यवस्था गर्न सकिएमा कृषि यान्त्रिकीकरणको स्तर (Level of Mechanization) मा थप वृद्धि हुने देखिन्छ । NAMP कार्यक्रमले मर्मत सम्भारका लागि रणनीतिक रूपले परिचालन गर्न सकिने केही Key जनशक्तिलाई यो तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरेको छ ।*

*कृषि मन्त्रालय लगायत NAMP मा कार्यरत Engineers- ३२ जना*

*प्रदेश सरकारका निकायहरूमा कार्यरत Engineers & Sub Engineers - ४० जना*

*Custom Hiring Centers' Operators- ५० जना*

*Custom Hiring Centers' Managers - ५० जना र निजी क्षेत्रमा कार्यरत Engineers - २० जना*

### ८.३.१ कार्यान्वयनका क्रममा देखिएका कमजोरीहरू

कृषि विकास रणनीतिमा व्यवस्था भए बमोजिम सामुदायिक कृषि प्रसार सेवा केन्द्र (CAESC) स्थापना भए पश्चात् कस्टम हायरिङ्ग सेन्टर लगायतका अन्य केन्द्रहरूको व्यवस्थापन र नियमन गर्ने कुरा कार्यक्रमका दस्तावेजहरूमा उल्लेख छ।

क) तर सामुदायिक कृषि प्रसार सेवा केन्द्र (CAESC) को अवधारणा नै के हो भन्ने बारेमा बहस नै हुन सकेन । यो अवधारणा नै सैद्धान्तिक र अमुर्त देखियो।

ख) कस्टम हायरिङ्ग सेन्टरहरू स्थापनाको सामान्य Standard/ Norms नै तयार गरिएन। ६०० को संख्यामा स्थापना गरिएका कस्टम हायरिङ्ग सेन्टरहरू सञ्चालनको लागि यसका स्थापित आधारभूत मान्यता अनुसारका नियम र कार्यबिधिहरू तयार हुन सकेनन। ड्राफ्ट गरिसकिएको "कस्टम हायरिङ्ग सेन्टर सन्चालन कार्यविधि २०८१" पनि निकायहरू बीचको तालमेल नहुँदा त्यसै थन्किन पुग्यो।

ग) एक दुइवटा मेसिन वितरण गरिएको कार्यलाईसमेत कस्टम हायरिङ्ग सेन्टर भनिएको हुनाले कस्टम हायरिङ्ग सेन्टरको संख्या धेरै देखियो । मेसिन वितरण र कस्टम हायरिङ्ग सेन्टरहरू बीच कुनै अन्तर देखिएन। सेन्टरहरू मार्फत कृषकहरूलाई सेवा प्रदान गरी सामूहिक हित प्रवर्द्धनमा गर्ने भन्दा पनि वितरणको सिद्धान्तमा आधारित हुँदा सबै कृषकहरूले अपेक्षित लाभ लिन सकेको देखिएन।

ङ) साना मेसिनरीहरूको उत्पादन केन्द्रहरू स्थापना र सवलीकरण गरिनेछ भनीएता पनि यसतर्फ कुनै कार्य हुन सकेनन्।

### ८.३.२ सुझावहरू

क) पहाड र तराईका लागि आवश्यक/उपर्युक्त कृषि मेशिनरीहरूको (Standard) सेट सहितको कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालनको उपर्युक्त मोडेलका बारेमा निर्देशन गर्ने कार्यविधि तयार गरेर मात्र कस्टम हायरिङ्ग सेन्टर सञ्चालन गर्नुपर्ने देखिन्छ।

ख) सेन्टरहरूको सञ्चालन प्रणाली सबल र आत्मनिर्भर नहुँदा सम्मको लागि PIU को प्राविधिक, आर्थिक सहयोग र हस्तक्षेप कायम रहनु पर्ने देखिन्छ।

ग) हाम्रो जस्तो विविधता भएको समाजमा सामाजिक सम्पतिहरूको सञ्चालन गर्ने कार्य थुप्रै सामाजिक, आर्थिक,राजनैतिक विषयसंग जोडिएर आउने हुनाले यसको बिश्लेषण गरेर मात्र लगानी सहयोग गर्नु राम्रो हुने देखिन्छ।

घ) साना मेसिनरीहरू तथा मेसिनरीहरूका पार्टपुर्जा उत्पादन गर्ने कम्पनीहरू स्थापना गर्न सकिने हो भने मेसिनरीहरूको पार्टपुर्जा आयात प्रतिस्थापन हुन गई बिदेशिने ठूलो रकमलाई जोगाउन सकिने तर्फ पहल हुनु जरूरी छ।

**परिच्छेद- ९**

**रणनीति ४: कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास**

कृषिको रूपान्तरणकालागि प्रशोधन र बजारीकरणमा आधारित पूर्वाधार विकास तर्फ मूलतः संकलन केन्द्रहरू, भण्डारघरहरू, सेड हाउसहरू, प्रशोधन केन्द्रहरू, कृषि बजारहरू, कोल्ड च्याम्बरहरू, पोष्ट हार्भेष्ट केन्द्रहरूको निर्माण र सञ्चालनमा यस कार्यक्रमले महत्व दिएको छ।

*तालिका १७: कृषि उपजहरूको प्रशोधन र बजारीकरणका पूर्वाधार र उपलब्धिहरू*

| संरचनाहरू | प्रगतिको अवस्था | हासिल भएका उपलब्धिहरू |
|---|---|---|
| कोल्ड रूम निर्माण | ९० | कृषि उपजहरूको मुख्य सिजनमा बजार भाउ सस्तो हुने, बिक्री वितरण गर्न गाह्रो हुने तर सिजन सकिना साथ मूल्य उच्च हुन जाने समस्यालाई न्यूनिकरण गरी उत्पादक कृषक तथा साना ब्याबसायीहरूको मुनाफा सुनिश्चित गर्नका लागि नयाँ प्रविधिको रूपमा कोल्ड रूम निर्माणमा सहयोग गरिएको छ । विशेषतः फलफूल र तरकारी भण्डारणका लागि प्रयोग हुने यी भण्डारण घरहरूको औषत क्षमता करिब १० मे.ट रहेको हुंदा करिव ९०० मे.ट कृषि उपजहरू भण्डारण भई मूल्य अभिवृद्धि भएको छ। |
| सुधारिएको अलैंची भट्टी निर्माण | ८६७ | अलैंची सुकाउनकोलागि सुधारिएको भट्टी निर्माण यस कार्यक्रमको मुख्य Intervention हो।४० के.जी सुकेको अलैंची (१घान) तयार गर्न परम्परागत भट्टीहरूमा १०० के.जी. दाउरा प्रयोग हुने गरेकोमा यस प्रविधिमा ५० के.जी मात्र दाउरा प्रयोग हुने गरेको छ। यसबाट दाउराको खपतमा ५० प्रतिशत बचत भएको छ।यसबाट रूख कटानी र धुवाँको Emission मा ५० प्रतिशत न्यूनीकरण भएको छ।त्यसै गरी १ घान अलैंची सुकाउनको लागि २४ घण्टा सम्म लाग्ने गरेकोमा यो समय ८-१० घण्टामा झरेर २ गुणा समय बचत भएको छ। |
| केराको राईपेनिंग च्याम्बर | १८ | Humidity, Temperature and Etylene प्रविधिमा आधारित यो च्याम्बर विशेषतः केरा उत्पादन क्षेत्रहरूमा निकै नै प्रभावकारी छ। च्याम्बरको Size अनुसार एक पटकमा १०-२० मे.ट केरा पकाउन सकिन्छ। बजारको माग अनुरूप राईपेनिंग च्याम्बरहरूमा केरा पकाएर बिक्री गर्ने अभ्यासले सही समयमा बजार र मूल्य प्राप्त गर्न सहज भएको छ। |

| | | |
|---|---|---|
| स्याउको Grading मेसिन | ९ | स्याउको बजार मूल्य श्रृंखलामा योगदान हुन गई गुणस्तरीय स्याउको बजारीकरण गर्न सहयोग पुगेको छ। |
| जिउंदो माछा पसल | ७३ | नेपाली माछाको बजारीकरणमा जिउंदो माछा पसल स्थापना यो कार्यक्रमको Innovative Intervention हो। जिउंदो माछाको मूल्य, अन्य माछाको तुलनामा ५० प्रतिशत सम्म बढी रहेको छ। जिउंदो माछाको उपयोगबाट उपभोक्ताहरूको सन्तुष्टि वृद्धि हुनुका साथै पोषण सुरक्षामा समेत योगदान पुगेको छ। माछाको मूल्य श्रृंखला अभिवृद्धि गर्न यस्ता पसलहरूले उल्लेख्य योगदान गरेका छन्। |
| दुग्ध संकलन केन्द्र, स्थापना सुधार | २९ | २९ वटा दुग्ध संकलन केन्द्र स्थापना/सुधार, Chilling Vat सहयोग (२१) भई दैनिक करिब ३० हजार लि. दूध संकलन, प्रशोधन गर्न सहयोग भएको छ। |
| प्राथमिक प्रशोधन उद्योगहरूको | १८० | चामल, च्युरा, दाल, तेल, मकैको च्यांख्ला, पिठो अदुवा, बेसार, मह, जुस, ब्रान्डी, माछा, सुपारी जस्ता बालीवस्तुहरूमा २४३ वटा प्राथमिक प्रशोधन उद्योगहरूको स्थापना भएका छन्।ती उद्योगहरूबाट वार्षिक करिब ३४७२ मे.ट कृषि वस्तुको प्रशोधन र मूल्य अभिवृद्धि भई बजारीकरण भएको छ। |
| आलु चिप्स उद्योग | १४ | आलु प्रशोधन र मूल्य अभिवृद्धि भई बजारीकरण भएको छ। |
| रष्टिक स्टोर, सेलार स्टोर | १०५ (८३+२२) | आलु तथा फलफूलको सुरक्षित भण्डारणका लागि निर्माण गरिएका यी भण्डारण स्टोरहरूमा प्रति सिजन करिब १००० मे.ट कृषि उपजहरू भण्डारण भई अभावको समयमा बजारीकरण हुने गरेको र कृषकहरूको मुनाफा सुनिश्चित भएको छ। |
| गोदाम घर | ६३ | कार्यक्रमबाट निर्माण भएका गोदाम घरहरूमा प्रति घर करिव ५०० मे.ट भण्डारणका दरले करिब ३०००० मे.ट कृषि उपजहरू भण्डारण हुन गई बजारीकरणमा सहज भएको छ। |
| कृषिउपज संकलन केन्द्र | ३०६ | विभिन्न उत्पादन क्षेत्र तथा बजारकेन्द्रहरूमा औषत प्रतिदिन ५० मे.ट कृषि उपजहरू संकलन भई दैनिक करिब १५००० मे.ट कृषि उपजहरू संकलन भई कृषक, ब्यापारीहरूलाई बजारीकरणमा सहयोग भएको छ। |
| ढुवानी साधन जिप (Chilling Van) | १४० | विभिन्न समूह, सहकारी, फर्महरूलाई सहयोगस्वरूप उपलब्ध गराइएका यी ढुवानीका साधनहरूबाट दैनिक २८० मे.ट (औषत २ मे.ट प्रति साधन) |

| | | |
|---|---|---|
| | | कृषि उपजहरूको ढुवानी भई बजारीकरण सहज भएको छ। |
| उद्यमशिलता विकास कार्यक्रम | ५६२ | प्रति कार्यक्रम औषत २० जनाका दरले यी कार्यक्रम मार्फत् ११२४० जना युवाहरूलाई उद्यमशीलतासंग जोडिएको छ। |

## ९.१ औद्योगिकीकरणको अवस्था

कार्यक्रम कार्यान्वयन एकाइहरूबाट प्राप्त तथ्यांक अनुसार कूल २४३ वटा उद्योगहरूको स्थापनामा सहयोग गरिएको छ भने प्रतिवर्ष ३ लाख लिटर उत्पादन क्षमता भएका मनाङ विभिरेज प्रा.लि. जस्ता ठूला र स्थापित उद्योगहरूका केही Component हरूमा सहयोग गरिएको छ।सहयोग गरिएका अधिकांश उद्योगहरू सानो स्केलका (घरेलु) र परिवारबाट संचालित उद्योगहरू रहेका छन्। यी उद्योगहरूको निरन्तरताको दर ७२ प्रतिशत रहेको छ। कार्यक्रमको सहयोगबाट वार्षिक करिब ३४७२ मे.ट (रू.७० करोड मूल्य) बराबरको प्रशोधित एवं मूल्य अभिवृद्धिसहितका उपजहरूको बजारीकरण भएको छ। यस्ता घरेलु प्रकृतिका उद्योगहरू दीगो, कम जोखिमपूर्ण, तुलनात्मक रूपमा सफल र स्थानीय रोजगारीको लागि निकै उपयुक्त देखिएका छन्।

## ९.२ चुनौतीहरू

बजारीकरण र कृषि मूल्य श्रृंखला प्रवर्द्धनका लागि संकलन केन्द्रहरू, भण्डारघर, शेड हाउस, प्रशोधन केन्द्रहरू, कृषि बजारहरू, कोल्ड च्याम्बरहरू, कृषि उद्योगहरू, पोष्ट हार्भेष्ट सेन्टर निर्माण भईरहंदा यी संरचनाहरूको पूर्ण क्षमतामा सञ्चालन हुने दर भने ४६ प्रतिशत मात्र रहेको छ। सिजनल रूपमा ६६ प्रतिशत संरचनाहरू सञ्चालन भएका छन्। ४४ प्रतिशत संरचनाहरू निर्माण भएर सञ्चालन हुन नसकेको अवस्था छ। एकातिर करोडौका संरचनाहरू बन्ने र त्यसै थन्किने क्रम बढ्दो छ भने नयाँ निर्माणको लागि माग पनि त्यतिकै छ। PIU हरूका अनुसार कृषि उत्पादन नै मौसमी (Seasonal) हुने भएको हुँदा यी संरचनाहरू सञ्चालनको दर न्यून भएको हो भने कतिपय संरचनाहरू उपर्युक्त स्थानमा निर्माण नगरिएका कारण पनि सञ्चालन हुन नसकेको देखिन्छ।

त्यसैगरी कार्यक्रमका दस्तावेजहरूले जोन एकाइमा प्रारम्भिक प्रशोधन केन्द्रहरूको स्थापना गर्ने र सुपरजोनहरूमा प्रशोधन उद्योगहरूको स्थापनामार्फत् कृषि औद्योगिकीकरणको आधारशिला तयार गर्ने परिकल्पना गरेको भएता पनि औद्योगिकीकरणको आधारशिला तयार हुने स्तरमा सुपर/जोनमा उद्योगहरू स्थापना भएका छैनन। पकेट, ब्लकहरूले उद्योगहरूको लागी कच्चा पदार्थ उत्पादन र आपूर्ति गर्ने कुरा (धान चामल मिलहरूको हकमा केही अपबाद बाहेक) सैद्धान्तिक परिकल्पनामात्र देखिएको छ।नियमित रूपमा कच्चा पदार्थको आपूर्ति हुने सुनिश्चितता नभएको हुँदा स्थापना भएका उद्योगहरू पनि त्यति राम्रो चल्न सकेका छैनन। उद्योगहरूको स्थापना गर्नु व्यवसायिक हिसावले नाफामूलक पनि देखिदैनन्।

छिमेकी देशबाट सस्तो मूल्यमा, राम्रो Packing, Branding सहितको सामग्री आयात हुने हुँदा स्वदेशी उत्पादनहरूले प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन। विदेशी कम्पनीका हाईब्रिड, लगायतका बीउहरूको मागले

गर्दा बीउका उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्। औद्योगिकीकरणमा जान सक्ने खालका बालीवस्तुहरूको उत्पादन परिमाण स्थानीय बजार खपत लाई नै ठिक्क हुने खालको रहेको छ। ती उपजहरूको फ्रेस मूल्य नै राम्रो छ, बजार बिक्री पनि सहज छ। उद्योगहरूको अनुमति, कर आदिका झन्झट, गुणस्तर कायम गर्ने सवाल, ग्रामीण क्षेत्रमा बिद्युतको थ्रीफेज लाइन लिन कठिनाइ, महँगो विद्युत शुल्क, आयातित वस्तुसंग प्रतिस्पर्धा गर्नुपर्ने चुनौती, पर्याप्त लगानी गर्न पुँजीको समस्या, सहकारीहरूले संचालन गरेका उद्योगहरूको कमजोर व्यवस्थापन लगायतका आन्तरिक समस्याहरूले गर्दा कृषिमा अधारित उद्योगहरूको सञ्चालन हुने उपयुक्त वातावरण बनेको देखिदैन।

## ९.४ सुझावहरू

क) उद्योगहरूको स्थापना गर्नु पूर्व पर्याप्त Feasibility Study एवं बजारको अध्ययन हुनु जरूरी छ। NAMP जस्ता कार्यक्रमहरुले पनि लाभग्राही छनौट र अनुदान प्रवाहको दिगोपनामा ध्यान दिन जरूरी छ।

ख) कृषिका प्राविधिकहरूमा उद्योग सम्बन्धी बिज्ञताको कमी भएको हुँदा उद्योगहरूको स्थापना गर्ने कार्यक्रम राख्दै गर्दा बिज्ञ जनशक्तिको व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

ग) राष्ट्रिय प्राथमिकता प्राप्त सबै बालीवस्तुहरूलाई उद्योगहरूको कच्चा पदार्थको रूपमा चित्रण गरिएको छ। कुन बालीवस्तु औद्योगिक कच्चा पदार्थ हुन सक्दछ र त्यसको प्रशोधन गर्नुपर्ने हो यथेष्ठ अध्ययन सहित किटान हुनु आवश्यक छ।

घ) ठूला उद्योगहरू स्थापना र औद्योगिकीकरणको परिकल्पना भन्दा पनि साना र घरेलु स्तरका उद्योगहरूको ब्यापकता मार्फत् आयआर्जन र रोजगारी सृजना गर्ने तर्फ लक्षित हुनु आवश्यक छ।

परिच्छेद-१०

## रणनीति ५ः कृषि अनुसन्धान- शिक्षा- प्रसार प्रणालीको सुदृढ समन्वय र आधुनिकीकरण

कृषि वन तथा पर्यावरण मन्त्रालय अन्तर्गतका ३ वटै विभागहरू (कृषि विभाग, पशुसेवा विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग), विभाग अन्तर्गतका Comodity Program हरुका फार्म केन्द्रहरू (मत्स्य विकास निर्देशनालय र अन्तर्गतका फार्म केन्द्रहरू, फलफूल विकास निर्देशनालय र अन्तर्गतका फार्म केन्द्रहरू, तरकारी विकास निर्देशनालय र फार्म केन्द्रहरू, कृषि इन्जिनीयरिंग निर्देशनालय र कृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्र), नेपाल कृषि अनुसन्धान परिषद्, उद्योग मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सिंचाइ मन्त्रालय, कृषि कलेज तथा विश्वविद्यालयहरु, प्राविधिक शिक्षालयहरू, ब्लक कार्यक्रमहरू मार्फत् प्रदेश मन्त्रालयहरू र पकेट कार्यक्रमहरू मार्फत् स्थानीय सरकारहरू समेतलाई कार्यक्रम र बजेट मार्फत् नै समेटेर यो कार्यक्रमले कृषि अनुसन्धान- शिक्षा- प्रसारको सुदृढ सम्बन्ध र समन्वय मार्फत् सेवा प्रवाह गर्ने उत्कृष्ट प्रयत्न गरेको छ।

**तालिका १८ः अन्तर मन्त्रालय विनियोजन गरिएको बजेट एवं खर्चको विवरण**

| निकायहरू | आ. ब | | | | | बजेट ( रू. हजारमा) एवं खर्च विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | कूल बजेट रू. | कूल खर्च रू. | खर्च प्रतिशत |
| उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय | २५२३८४ | ७६२२१ | १५७४७ | - | - | ३४४३५२ | २१६५ | ०.६२ |
| वन तथा वातावरण मन्त्रालय | ७०६७० | ६९०६१ | - | - | - | १३९७३१ | ११७०६४.५ | ८३.७७ |
| ऊर्जा जलस्रोत तथासिंचाइ मन्त्रालय | ५३१९२२ | १७७८३० | १७००२० | १४९३०५ | ५३४२* | १०३४४१९ | ९०४३०८ | ८७.४२ |

*गण्डक सिंचाइ डिभिजन

### १०.१ अन्तर मन्त्रालय समन्वय, प्रगति एवं उपलब्धिको अवस्था

कृषि विकासका क्रममा पहिलो पटक अन्तर मन्त्रालय समन्वय र सांझेदारीकालागि अन्य मन्त्रालयहरूलाई समेत कार्यक्रम बजेट विनियोजन गरिएको छ। सो क्रममा लाईन मन्त्रालयहरू जस्तैः उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयहरूसंग सहकार्य गर्ने

प्रयास गरिएको छ। वन तथा वातावरण मन्त्रालयलाई दुई आ.व, उद्योग मन्त्रालयलाई तीन आ.व, र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई पांच आ.व सम्म बजेट उपलब्ध गराइएको थियो।

वन तथा वातावरण मन्त्रालय र सिंचाइ मन्त्रालयको वित्तीय प्रगति सन्तोषजनक देखिएता पनि यी मन्त्रालयहरूले कार्यक्रमले लक्षित गरेका रणनीतिहरूलाई सहयोग गर्ने भन्दा पनि आ-आफ्ना तौर तरिकाले बजेट खर्च गर्ने गरेको देखियो। कृषि मेसिनरी औजार Assembl ing र उत्पादन कारखाना लगायत कृषिजन्य उद्योगहरू खोल्ने जिम्मेवारी पाएको उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयले तीन वर्षसम्म कुनै कार्यक्रम नै गरेन, यसको प्रगति शून्य रह्यो। यस प्रकार लाईन मन्त्रालयहरूको बजेट खर्चको प्रभावकारिता न्यून रहेको एवं कार्यक्रमकाप्रति अपनत्व ग्रहण हुन नसकेको देखियो। (श्रोतः NAMP, वार्षिक कार्यक्रम तथा प्रगति, २०७८/७९) मन्त्रालयहरूका बीच देखिएको यो कमजोर सहकार्य, फितलो समन्वय र कार्यक्रम प्रतिको उदासीनताले अन्तर मन्त्रालय सहकार्यको व्यवहारिक अभ्यास परिकल्पना गरेजस्तो सफल हुन सकेन।

## १०.२ कृषि प्रसार -अनुसन्धानबीच समन्वय प्रगति एवं उपलब्धिको अवस्था

अनुसन्धान केन्द्रहरू सुदृढीकरण, सवलीकरण गर्ने र यस्ता अनुसन्धान केन्द्रहरूलाई विशिष्टीकृत क्षेत्रहरूको भूगोल र बाली उपर्युक्त Basic and Adaptive Research मा केन्द्रित गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराइने रणनीति थियो। सो अनुरूप कार्यक्रमबाट नेपाल कृषि अनुसन्धान परिषद्लाई प्रविधि विकास र अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्न पाँचौ वर्षसम्म कार्यक्रम र बजेट उपलब्ध गराइएको थियो। यस कार्यक्रमबाट परिषदले प्रयोगशाला सुधारका लागि Scanning Electron Microscope लगायतका उपकरणहरू खरिद, बीउ प्रशोधन केन्द्र निर्माण, सेडहाउस निर्माण, थ्रेसिंग फ्लोर निर्माण, बीउ प्रशोधन मेसिन खरिद, Tissue Culture Lab को क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन्।

**तालिका १९: ने.कृ.अ.प लाई विनियोजन गरिएको बजेट ( रू. हजारमा) एवं खर्चको विवरण**

| आ.व | कूल बजेट रू. | कूल खर्च रू. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २०७३/७४ | ७८६०८ | ५०११० | ६३.७ | |
| २०७४/७५ | २४८०३५ | १९३२८७ | ७७.९ | |
| २०७५/७६ | ३५७०० | १२७४ | ३.५ | |
| २०७६/७७ | ३९०८४ | ९९५४ | २५.४ | |
| २०७७/७८ | ९२८५० | ५७७८२ | ६२.२ | |
| **जम्मा** | **४९४२७७** | **३१२४०७** | **४६.५** | |

यसबाट परिषद् र अन्तर्गतका निकायहरूका भौतिक संरचनाहरूमा सुधार भएको भएता पनि यस्ता नियमित प्रकृतिका कार्यक्रमहरूबाट NAMP लाई ठोस र प्रत्यक्ष सहयोग पुगेको भने देखिदैन। नेपाल कृषि अनुसन्धान परिषद्ले प्रविधि विकास र अनुसन्धानका कार्यक्रमहरूलाई प्राथमिकता नदिई पूर्वाधार निर्माणमा खर्च गरेको र विनियोजित बजेटको ४६ प्रतिशत मात्र बजेट खर्च गरेकोले छैठौ वर्षबाट परिषद्लाई बजेट विनियोजन नै

गरिएन (PRI Report,२०८१)। विभिन्न निकायहरू बीच समन्वय र सहकार्य हुन नसक्दा सम्भागहरू बीच अन्तरसम्बन्ध स्थापित हुन सकेन (NAMP Annual Report,२०८०/८१)। एउटै मन्त्रालयका निकायहरू बिच पनि देखिएको यो कमजोर सहकार्य, फितलो समन्वय र कार्यक्रम प्रतिको उदासीनताले कृषि अनुसन्धान-प्रसारका बीच सहकार्यको लागि गरिएको यो व्यवहारिक अभ्यास खासै सफल भने रहेन।

## १०.३ मन्त्रालय अन्तर्गतका निकायहरू बिचको समन्वय ( प्रसार- प्रसार)

विद्यमान फार्म/केन्द्रहरूबाट विशिष्टीकृत क्षेत्रहरूमा सेवा विस्तारकालागि आवश्यक बीउ/बेर्ना/नश्ल, भुरा आदिका श्रोत केन्द्रका रूपमा विकास गर्दै पूर्ण क्षमतामा सञ्चालन गर्न तथा विभागहरूसंग समन्वयात्मक तवरले प्रसार कार्यक्रमहरू सञ्चालन गर्नका लागि बजेट उपलब्ध गराइएको थियो।

**तालिका २०: मन्त्रालय अन्तर्गतका निकायहरूमा विनियोजन गरिएको बजेट एवं खर्चको विवरण**

| निकायहरू | आ. ब | | | | | बजेट ( रू. हजारमा ) एवं खर्च | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
| कृषि विभाग/ क्षे.कृ.नि (कार्यक्रम अनुगमन) | १२१५४ | ११७०२ | १५२१ | - | - | २५३७७ | १८५३० | ७३.० |
| खाद्य प्रविधि तथा गुणस्तर नि. विभाग | १८५९ | १५३१९८ | २९९९० | - | १०००० | १९५०४७ | १२७८७६ | ६५.६ |
| तरकारी विकास निर्देशनालय/ फार्म | २५००० | ६४२६१ | - | - | - | ८९२६१ | ५७२०८ | ६४.० |
| फलफूल विकास निर्देशनालय/ फार्म | ५००० | ४३६०९ | - | - | २३४१ | ५०९५० | ३४३९८ | ६७.५ |
| मत्स्य विकास निर्देशनालय/ फार्म | ६०००० | ३८९८६ | - | - | - | ९८९८६ | ७१०३७ | ७१.७ |
| केन्द्रीय कृषि प्रयोगशाला | - | १८१३५ | - | - | - | १८१३५ | ५१५९ | २८.४ |
| कृषि यान्त्रिकीकरण प्र. केन्द्र, जनकपुर | - | १७९५०० | - | - | - | १७९५०० | १४९१५७ | ८३.० |
| पशुसेवा विभाग | - | - | - | ९८५ | - | ९८५ | ० | ० |
| गाई आनुबाँशिक श्रोत केन्द्र, दोलखा | - | - | - | ५८३० | - | ५८३० | १३४९ | २३.१ |

कृषि विभाग, खाद्य तथा गुणस्तर नियन्त्रण विभाग,पशुसेवा विभाग, केन्द्रीय कृषि प्रयोगशाला, तरकारी तथा फलफूल विकास फार्महरूलाई समेट्ने प्रयास गरेता पनि यी निकायहरूको प्रगति पनि उत्साहप्रद रहेन। यी निकायहरूले कार्यक्रमले लक्षित गरेका रणनीतिहरूलाई सहयोग गर्ने भन्दा पनि परम्परागत स्वरूपका खर्चहरू

जस्तैः संरचना निर्माण/सुधार गर्ने, मेसिनरी, उपकरणहरू खरिद गर्ने, तालिम सञ्चालन गर्ने आदितर्फ केन्द्रित भएको देखियो। अन्तरनिकाय समन्वयको अभाव, कार्यविधि नहुनु, अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा महालेखा परीक्षणको क्रममा विविध निर्णयहरूमा प्रश्न उठेको हुनाले पनि अपेक्षितरूपमा प्रगति हुन सकेन ।

### १०.३.१ प्रगति हुन नसकेका कारण तथा सुझावहरू

क) कृषि विकासकालागि कृषि अनुसन्धान- शिक्षा- प्रसारको अपरिहार्य सम्बन्ध तथा समन्वयका बारेमा सैद्धान्तिकरूपमा पर्याप्त चर्चा परिचर्चा भएता पनि वास्तविक अभ्यासले भने सोचेजस्तो परिणाम ल्याउन सकेन। यसका कारणहरूका बारेमा छुट्टै अध्ययन र यथार्थपरक समीक्षा हुनु जरूरी छ।

ख) निकायहरुमा गरिएको बजेट विनियोजनको परिपाटी हेर्दा विनियोजनमा कुनै तार्किक आधार रहेको देखिदैन। कुनै निकायलाई एक वर्षमात्र बजेट दिइएको छ, कुनै निकायलाई दुई वर्ष बजेट दिइएको छ, कुनै निकायलाई दोश्रो र पाँचौ वर्ष बजेट दिईएको छ। यस प्रकारको विनियोजनबाट श्रोत छरिन जानुका साथै ठोस उपलब्धि समेत हासिल भएको देखिएन।

### १०.४ कृषि प्रसार -शिक्षा बीच समन्वय प्रगति एवं उपलब्धिको अवस्था

कृषि अनुसन्धान- शिक्षा- प्रसारको सम्बन्ध तथा समन्वयलाई बृहत्तर बनाउनकोलागि प्राविधिक शिक्षालयहरू तथा कृषि विश्वविद्यालयहरूसंग निरन्तर सहकार्य गरिएको छ। ५ वटा कृषि कलेज तथा विश्वविधालयहरूसंगको सहकार्यमा ३४१८ जना कृषि स्नातक विद्यार्थीहरूलाई इन्टर्न प्रशिक्षार्थीको रूपमा जोन र सुपरजोन जस्ता विशिष्टिकृत उत्पादन क्षेत्रहरूमा परिचालन गरिएको छ। यी प्रशिक्षार्थीहरूले व्यवहारिक कृषिको ज्ञानसीप हासिल गर्नुका साथै प्रविधि प्रसारका तरिकाहरूमा समेत अभ्यस्त भएका छन्। त्यसैगरि प्रशिक्षार्थीहरूले उत्पादन क्षेत्रका विविध समस्याहरूमा आधारित भई अनुसन्धान गर्ने र समाधानका तरिकाहरू सिफारीस गर्ने गरेका छन्। यसबाट ती प्रशिक्षार्थीहरूको प्राविधिक, शैक्षिक, प्रसार र अनुसन्धान गर्ने क्षमताको विकास भई कृषिको लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार गरिएको छ। इन्टर्न प्रशिक्षार्थीहरूको परिचालनले कृषि प्रसार र शिक्षण संस्थाहरूबीच संस्थागत समन्वय भई कार्यक्रमको प्रभावकारिता वृद्धि हुन पुगेको छ। यो प्रतिवेदन तयारीको क्रममा कृषि तथा वन विज्ञान अध्ययन संस्थान रामपुरका डीन, विभिन्न विषयका प्राध्यापकहरू, Learning for Entrepreneurial Experience (LEE) कार्यक्रमका संयोजक, इन्टर्न गर्न जान तयार भएका विद्यार्थीहरू लगायतका पदाधिकारीहरूसंगको अन्तरक्रिया कार्यक्रमका तपशिल अनुसारका उपलब्धिहरू हासिल भएको देखिएको छ।

क) लामो समयदेखि भनिदै आएको शिक्षा-प्रसार र अनुसन्धानको संस्थागत सुरूवातको अगुवाइ NAMP ले गरेको र संस्थागत सम्बन्ध (Institutional Relationship) स्थापित भएको अनुभूति भएको छ।

ख) विश्वविद्यालयहरू र कृषि कलेजहरूले आफ्ना विद्यार्थीहरू देशभरिका प्रसार तथा अनुसन्धानका निकायहरूमा पुगेर सिकाइ र सेवा गरिरहंदा संस्थागत उपस्थिति, योगदान (Institutional Representation and Contribution) र जिम्मेवारीको अनुभूति गरेको पाइयो। समुदायस्तरसम्म विश्वविद्यालयहरू र कृषि कलेजहरूको Visibility स्थापित भएको छ।

ग) विद्यार्थीहरूमा क्याम्पस परिसरभित्र पढिएका सैद्धान्तिक विषयहरूको व्यवहारिक तादात्म्यता खोज्नकालागि व्यग्रता देखियो। सरकारी कार्यालयहरूमा कर्मचारीहरूसंग मिलेर काम गर्नु पर्ने, नियम,अनुशासनको परिधिभित्र रही कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, अनुभवले खारिएका व्यवसायिक कृषकहरूलाई सेवा प्रदान गर्नु पर्ने साथै आफ्नो LEE Report साथीहरूभन्दा राम्रो र अनुसन्धानमूलक तुल्याउनुपर्ने जिम्मेवारीले विद्यार्थी जीवनको रूपान्तरण भई व्यवसायिक जीवन सुरू हुन लागेको महशुस भएको पाईयो।

घ) पाँच महिनाको इन्टर्न कार्यक्रमबाट आए पश्चात् विद्यार्थीहरूले आफू सरकारी सेवामा जाने, कृषि व्यवसायी बन्ने वा उच्च शिक्षा हासिल गर्ने निर्णय गर्न सक्ने क्षमता विकास भएको छ ।उक्त पक्ष सबैभन्दा महत्वपूर्ण रहेको कृषि तथा वन विज्ञान अध्ययन संस्थान रामपुरका LEE Program Coordinator को अनुभव रहेको पाइयो।

ङ) देशभरिका प्रसार तथा अनुसन्धानका निकायहरूमा पुगेका विद्यार्थीहरूले हासिल गरेका अनुभव र तयार गरेका प्रतिवेदनहरूबाट आफूहरूलाईसमेत सिकाइ भएको, अध्यापनका लागि सामग्री प्राप्त भएको र त्यस्ता तथ्यमा आधारित विषयहरूलाई सैद्धान्तिक विषयसंग जोडेर अध्यापन गराउंदा शैक्षिक गुणस्तर वृद्धि हुन पुगेको प्राध्यापकहरूको अनुभव रहेको पाइयो।

*उच्च हिमाली भेगमा आलुको उमारशक्तिमा हुने ह्रास र उत्पादकत्वबीचको सम्बन्ध, नेपालमा विकसित हाईब्रिड मकैका जातको साईलेजमा उपयुक्तता, भारतीय र नेपाली केराको Market Chain Analysis, सुन्तलाजात फलफूलको नर्सरीमा ग्राफ्टिंग सफलता दरमा वृद्धि ल्याउने तरिका जस्ता गहन र कृषि क्षेत्रमा दीर्घकालीन प्रभाव हुन सक्ने विषयहरू इन्टर्नहरूले उठान गरिरहेको सन्दर्भमा उल्लिखित सुझावहरूलाई कार्यान्वियन योग्य तुल्याउन थप अनुसन्धान हुन आवश्यक छ।*

### १०.४.१ समस्या तथा चुनौतीहरू

क) NAMP कार्यक्रमले इन्टर्नहरूको परिचालनमार्फत् कृषि विश्वविद्यालयहरूलाई कृषि प्रसारको मूलप्रवाहमा लिएर आएको छ तथापि दस वर्षसम्म सहकार्य गरिरहंदा सहकार्यका अन्य प्लेटफर्महरू स्थापित गर्नसक्नुपर्नेमा सो कार्य हुन सकेन। विश्वविद्यालयहरूसंगको सहकार्य ईन्टर्न विद्यार्थीहरूको व्यवस्थापन गर्नकालागि मात्र भएको जस्तो देखिएको छ।

ख) विद्यार्थीहरू कार्यक्रम क्षेत्रभित्रका समस्यामा केन्द्रित नभई कार्यक्षेत्र भन्दा बाहिरका विषयमा अनुसन्धान गर्न पहिले नै तयार (Pre- Mindset) भएर आउने गरेको, अध्ययन अनुसन्धानबाट प्राप्त नतिजा सम्वन्धीत कार्यालयलाई उपलब्ध गराउने नगरेको PIU हरूको गुनासो रहेको छ।

ग) विद्यार्थीहरूलाई फिल्डमा खटाउन सवारी साधन, बजेट र आधारभूत सुविधा समेत कार्यक्रममा व्यवस्था नभएकाले व्यवस्थापन गर्न गाह्रो भएको छ।

घ) इन्टर्नहरूको आउने जाने समय र बाली चक्रबीच तालमेल नमिलेकोले (५ महिनाको अवधिमा एउटा बालीचक्र पूरा नहुँदै फिर्ता हुनुपर्ने) अध्ययनको पूर्णता नभएको देखिन्छ। वहुवर्षिय वालीको हकमा अनुसन्धानको लागि ५ महिनाको समय अपुग भएको ।

ङ) कार्यालयमा परिचालन भएको समयमा अनलाइन कक्षा, परीक्षा आदि हुने हुँदा प्रभावकारी रूपमा काम गर्न नसकेको ।

### १०.४.२ सुझावहरू

क) विश्वविद्यालयहरूसंग ठुलो संख्यामा रहेको प्राज्ञिक जनशक्तिलाई कृषि प्रसार र अनुसन्धानमा परिचालन गर्न सहयोग, समन्वय र सहकार्यका अन्य फोरमहरू वनाउनु आवश्यक छ। उदाहरणको लागि विश्वविद्यालयहरूलाई पनि कृषि अनुसन्धान/प्रसारको जिम्मेवारी दिई Research Output & Output Acceptance को आधारमा अनुदानको ब्यवस्था गर्न सकिन्छ।

ख) इन्टर्नहरूको प्रभावकारिताका वृद्धि गर्नका लागि इन्टर्न अवधिको मध्य तिर इन्टर्न Monitoring गर्ने परिपाटी सुरूवात गर्नु पर्ने देखिन्छ तथा वार्षिक रूपमा शिक्षा, प्रसार र अनुसन्धानका निकायहरू संगै बसेर समीक्षा गर्न सके कार्यक्रमको प्रभावकारिता अझै वृद्धि हुने देखिन्छ।

ग)इन्टर्नहरूले तयार गरेका करिब ३५०० प्रतिवेदनहरू विभिन्न शैक्षिक संस्थाहरूमा थन्किएर रहेका छन्। कतिपय प्रतिवेदनहरू शैक्षिक तथा पुःन अनुसन्धानको लागि निकै महत्वपूर्ण देखिएका छन्।ती सामग्रीहरूको Shorting, Processing and Documentation को कार्य हुन जरूरी देखिएको छ।

घ) सामुदायिक कृषि प्रसार सेवा केन्द्र (CAESC) स्थापना, जोन र सुपरजोनहरूमा अनुसन्धान, शिक्षा र प्रसार एकाइको स्थापना जस्ता नवीन अवधारणाहरूको परिकल्पना गरिएको भएता पनि यस तर्फ कुनै काम हुन सकेन। यस्ता अमूर्त विषयहरू लेखिनुअगाडि तिनको कार्यान्वयन मोडालिटीका बारेमा स्पष्ट भएर मात्र कार्यक्रम तर्जुमा हुनुपर्दछ।

### १०.५ प्राविधिक शिक्षालयहरूसंगको समन्वय

कार्यक्रम अवधिमा कूल ३३४ प्राविधिक शिक्षालयहरूसंग सहकार्य तथा सहयोग उपलब्ध गराई ती संस्थाहरूको शिक्षण क्षमतामा सुधार ल्याउने कार्यक्रमहरू सञ्चालन गरिएको छ। प्राविधिक शिक्षालयहरूमा प्राय ग्रामीण, गरिव, जेहेन्दार र निम्न आयश्रोत भएका परिवारका विद्यार्थीहरू अध्ययन गर्ने भएको हुँदा सो

वर्गको क्षमता अभिवृद्धिमा यस कार्यक्रमको महत्वपूर्ण योगदान रहेको छ। शिक्षालयहरू सिकाइका सामग्रीहरूमा स्रोत-संम्पन्न हुनुकासाथै विभिन्न नयाँ प्रविधिका बारेमा विद्यार्थीहरूले अनुसरण गर्ने मौका पाएको देखिन्छ।

शिक्षालयहरूमा हुने प्रयोगात्मक अभ्यासलाई बढी भन्दा बढी व्यावहारिक बनाउन विभिन्न शैक्षिक सामाग्रीहरू उपलब्ध गराउने, पुस्तकालय तथा प्रयोगशालाहरू स्थापना गर्ने, कृषि औजार उपकरणहरू उपलब्ध गराउने, प्लास्टिक घरहरू, पशुबस्तुका खोरहरू, माछा पोखरीहरू, Meterological Station निर्माण गर्ने कार्यहरू भएका छन्। व्यवहारिक शिक्षण पद्धतिको विकासमार्फत् सिक्दै, कमाउंदै, पढ्दै कार्यक्रमकालागि तरकारीखेती, माछापालन, मौरीपालन, च्याउखेती, कुखुरा पालनलगायतका कार्यक्रमहरूकालागि सहयोग प्रदान गरिएको छ। यस मार्फत् १४९५५ प्रशिक्षार्थीहरूको प्राविधिक तथा क्षमतामा वृद्धि भएको छ। प्रशिक्षार्थीहरूमा व्यवसाय सञ्चालन गर्ने सीप, क्षमता र आत्मविश्वासको विकास भएको पाईएको छ।

### १०.५.१ चुनौतीहरू

क) जिल्लाहरूमा सीमित संख्यामा प्राविधिक शिक्षालयहरू रहेका र तिनीहरूसंग नै निरन्तर कार्यक्रम गरिरहंदा आवश्यकता भन्दा पनि थोपरिएको कार्यक्रम जस्तो भान भएको छ। शिक्षालयहरूले खासै चासो राख्ने र Innovative Idea दिने नगरेको, भरसक विनियोजित बजेट आफ्नो चाहना र तजबिज अनुसार खर्च गर्न पाउनुपर्ने बुझाइ रहेको देखिन्छ।

ख) कार्यक्रमको सहयोगलाई शिक्षालयको भौतिक संरचना सुधार तथा यन्त्र उपकरण खरिद जस्ता कार्यमा बढी खर्च गरिएको छ।

ग) शिक्षालयहरूको आर्थिक अवस्था बलियो नभएकाले २५ प्रतिशत (Matching Fund) लगानी गर्न कठिनाई भएको, लगानी गर्न इच्छुक नदेखिएको अवस्था छ।

घ) 'सिक र कमाऊ कार्यक्रम प्रभावकारी भएता पनि विद्यार्थीहरूले हासिल गरेको ज्ञान र सीपलाई व्यावसायिकतामा प्रयोग गर्न नसकिएको। सीप जानेकाहरू पनि जागिर खोज्ने वा विदेश जाने गरेको पाईएको।

ङ) हालका वर्षहरूमा शिक्षालयहरूमा विद्यार्थीहरूको भर्ना दर न्यून भएकाले कार्यक्रमले गरेको सहयोगको दिगोपना चुनौतिपुर्ण देखिन्छ।

### १०.५.२ सुझावहरू

यस प्रकारका कार्यक्रमहरू तर्जुमा गर्दा स्पष्ट उद्देश्य र ठोस उपलब्धि हासिल हुने गरी अवधारणा तयार गर्नु पर्ने देखिन्छ। यी कार्यक्रममा पनि उद्देश्य स्पष्ट नभैकन स्रोतहरू छरिन गएको जस्तो देखिएको छ। PIU हरुबाट प्राप्त सुझाव अनुसार यस्ता कार्यक्रमहरू शिक्षालयहरूका तालुक मन्त्रालयबाट सञ्चालन गर्दा उपयुक्त हुने देखिन्छ।

## १०.६ तीन तहका सरकारहरू बीचको समन्वय

संघ, प्रदेश र स्थानीय तहले संयुक्त र समन्वयात्मक ढंगले कार्य गरी कृषि क्षेत्रका लक्ष्यहरू हासिल गर्नका लागि यस कार्यक्रमको कार्यान्वयन म्यानुअल (Project Implementation Manual,PIM) ले संघ, प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट किटान गरिदिएको छ। राज्यको पुनर्संरचना भई तत्कालीन जिल्ला कृषि विकास कार्यालयहरूको संरचना हटेपश्चात् ब्लक तथा पकेट सम्भागहरू क्रमशः प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने र सोका लागि संघीय सरकारबाट ससर्त अनुदानसहितको बजेट व्यवस्था भई विकेन्द्रिकरणको उत्कृष्ट अभ्यास सुरू गरिएको छ। सोही अनुसार भएका संघ, प्रदेश र स्थानीय तहहरूबाट भएका समन्वयात्मक कार्यहरू निम्नानुसार उल्लेख गरिएको छ।

### १०.६.१ संघीय भूमिका

संघ, प्रदेश र स्थानीय तहले कृषि क्षेत्रमा संयुक्त र समन्वयात्मक ढंगले कार्य गरी कृषि क्षेत्रका लक्ष्यहरू हासिल गर्न नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धी कार्यप्रक्रिया,२०८० जारी गरेको छ। संयुक्त र समन्वयात्मक ढंगले कार्य सञ्चालन गरी अपेक्षित नतिजा हासिल गर्नकोलागि संघीयस्तरमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीको संयोजकत्वमा परियोजना निर्देशक समिति रहेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको संयोजकत्वमा परियोजना कार्यान्वयन समिति र परियोजनाको समग्र कार्यान्वयन र प्रशासनिक व्यवस्थापनकोलागि सह-सचिवले नेतृत्व गर्ने गरी कार्यक्रम व्यवस्थापन एकाइको व्यवस्था गरिएको छ। जोन/सुपरजोन कार्यक्रमहरू सञ्चालन गर्न तथा कार्यान्वयनसंग सम्बन्धीत निकायहरूबीच कार्यमूलक समन्वयकोलागि जिल्लाहरूमा कार्यक्रम कार्यान्वयन एकाइको व्यवस्था गरिएको छ।

जोन/सुपरजोन सम्भागहरू सञ्चालनकालागि आवश्यक निर्णयहरू गर्नका लागि प्राविधिक कार्यदलको व्यवस्था रहेको छ। सो कार्यदलमा प्रदेश सरकार मातहतका जिल्ला स्थित कृषि/पशुसेवा कार्यालयहरू सदस्य रहने व्यवश्था छ। कार्यक्रम कार्यान्वयन एकाइलाई सहजीकरण गर्न सम्बन्धीत बालीवस्तुसंग सम्बन्धीत कृषकहरू, व्यवसायीहरू र सरोकारवालाहरूको नेतृत्व एवं सहभागिता रहेको जोन/सुपरजोन सञ्चालन समन्वय समितिको प्रावधान रहेको छ। जोन/सुपरजोन सम्भागहरूका कार्यक्रमहरूमा आवश्यक अनुगमन तथा समन्यवकोलागि जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्लाका प्रमुख सरोकारवाला निकायहरू सदस्य रहेको जिल्ला कार्यक्रम कार्यान्वयन समन्वय तथा अनुगमन समितिको व्यवस्था गरिएको छ।

### १०.६.२ प्रादेशिक भूमिका

प्रदेशस्तरमा कार्यक्रम कार्यान्वयनमा सहजीकरणकालागि प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालयका सचिवको संयोजकत्वमा प्रदेश कार्यक्रम कार्यान्वयन समन्वय तथा अनुगमन समिति रहेको छ। समितिले ब्लक सम्भागको कार्यान्वयन जिल्लास्थित कृषि/पशु सेवा कार्यालय मार्फत् गराउने एवं सञ्चालन भएका ब्लक

विकास कार्यक्रमहरूको अपनत्व ग्रहण गरी निरन्तरता दिने कार्य गर्नेछ। यसका साथै कार्यक्रमबाट प्राप्त हुने अपेक्षित प्रतिफलहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्ने गराउने छ। यस समितिले परियोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनकालागि निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने व्यवस्था मिलाउने व्यवस्था छ। परियोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको समग्र जिम्मेवारी जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय प्रमुखमा रहने र सरोकारवाला निकायका जिल्लास्थित कार्यालयहरूले सहजीकरण र समन्वय गर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन एकाइलाई सहजीकरण गर्न सम्बन्धीत बालीवस्तुसंग सम्बन्धीत कृषक, व्यावसायी वा सरोकारवालाहरूको नेतृत्व एवं सहभागिता रहेको ब्लक सञ्चालन समन्वय समितिको प्रावधान रहेको छ।

### १०.६.३ जिल्ला स्तरमा संयोजन र समन्वय

कार्यक्रम कार्यान्वयनकोलागि जिल्ला एवं स्थानीयस्तरमा सहजीकरण र समन्वय गर्नकालागि कार्यक्रम कार्यान्वयन, समन्वय तथा अनुगमन समिति रहेको छ। यस समितिले कार्यक्रमका विभिन्न सम्भागहरूका सञ्चालनमा सहजीकरण गर्ने समन्वय तथा अनुगमन गर्ने कार्य गरिरहेको छ। जिल्ला तहमा अन्तर निकाय समन्वय गर्ने, ब्लकको क्षेत्र निर्धारण गर्ने, जोन क्षेत्र विस्तारकोलागि सिफारिस गर्ने, परियोजना सञ्चालनमा आइपरेका समस्याहरू समाधानकालागि पहल गर्ने जस्ता कार्यहरू गर्दै कार्यक्रमहरूलाई नातिजामूलक तवरले सञ्चालन गर्न सहयोग पुर्याएको छ।

### १०.६.४ स्थानीय तह एवं पालिकाहरूको भूमिका

कार्यक्रम अन्तर्गत पकेट विकास कार्यक्रम सञ्चालनकोलागि स्थानीय तहको कृषि/पशु सेवा हेर्ने शाखामा पकेट एकाइ रहनेछ। सो शाखाको प्राविधिक कर्मचारीलाई पकेट एकाइको सम्पर्क व्यक्तिको रूपमा परिचालन गरिएको छ। बाली/वस्तु विशेषका पकेटलाई स्व-सञ्चालन (Self-Sustaining) उन्मुख हुने गरी दुई आर्थिक वर्षसम्म सघन रूपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लावन्दी खेती कार्यक्रम सञ्चालन गर्ने र पकेट क्षेत्रको विकास एवं निरन्तरताकोलागि अनुसरण (Follow up) कार्यक्रम मार्फत सम्बन्धीत बालीको ब्लकसँग सम्पर्क स्थापित गर्ने गरी क्षेत्र तोकिएको छ।

कार्यक्रमको विषयगत प्रगति तयार गरी कार्यक्रम कार्यान्वयन एकाइ र जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयमा प्रेषित गर्ने, सञ्चालित पकेटको प्रोफाइल तयार गर्ने एवं संघ तथा प्रदेशका निकायहरूले सञ्चालन गर्ने क्षमता विकास कार्यक्रमहरू, समीक्षा कार्यक्रमहरूमा सहभागी भएर समन्वयात्मक तवरले कार्यक्रमहरू सञ्चालन भएका छन्। स्थानीय तह एवं पालिकाहरूले तोकिएको पकेट विकास कार्यक्रम सञ्चालन गर्ने तथा आफ्ना पालिकाभित्र सञ्चालनमा रहेका अन्य सम्भागहरूमा सहयोग र सहकार्य गर्ने गराउने गरेका छन्। परियोजना अन्तर्गत सञ्चालन हुने पकेट/ब्लक/जोन/सुपरजोनको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाकोलागि सुझाव दिने, कृषक समूह/सहकारीहरूलाई अनुगमन तथा सहजीकरण गर्ने र जनशक्ति व्यवस्थापन लगायत कार्यान्वयनमा देखिएका समस्याहरू समाधानमा सहजीकरण गर्ने गराउने भूमिका निर्वाह गर्दै कार्यक्रमलाई समन्वयात्मक तुल्याएको छ।

## परिच्छेद-११
## रणनीति ६: प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन

कार्यक्रमले तोकिएको बालीको निश्चित क्षेत्रफल वा सो भन्दा बढी क्षेत्रफलमा खेती गरेमा वा तोकिएको परिमाण वा सो भन्दा बढी उत्पादन गरेमा वा बिक्री परिमाणको आधारमा कृषि उद्यमी, कृषि समूह/सहकारीहरूलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिनेछ। यस प्रकारको अनुदान बढीमा दुई आर्थिक वर्षसम्मकोलागि उपलव्ध गराइनेछ। यस्ता प्रोत्साहन अनुदान सबै बाली वस्तुका लागि विक्री परिमाणको आधारमा दिने गरी क्रमशः रूपान्तरित गरिनेछ भनी उल्लेख गरिएको छ।

### ११.१ प्रगति एवं उपलब्धिको अवस्था

कार्यक्रमले सुपरजोन र जोन सम्भाग अन्तर्गतका कृषकहरूलाई प्रोत्साहन गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न एक बर्षे बालीको हकमा १० प्रतिशत उत्पादकत्व वृद्धि अनुदान तथा बहुबर्षीय बालीको हकमा क्षेत्र बिस्तारको आधारमा प्रोत्साहन अनुदान दिने रणनीति लिएको थियो। आ.व २०७५/७६ सम्ममा उत्पादन वृद्धि र क्षेत्र विस्तारमा भएको प्रगतिको आधारमा ३४ वटा सम्भागहरूमा कूल रू. ८ करोड ८५ लाख ९८ हजार अनुदान रकम कृषकहरूले प्राप्त गरेका छन्। नेपालको कृषिमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान दिने कार्यक्रम आफैमा नयाँ र परिवर्तनकारी कार्यक्रम भएता पनि आवश्यक तयारी नगरिकनै सञ्चालन गरिएको हुँदा यस कार्यक्रमले निरन्तरता पाउन भने सकेन। यो कार्यक्रम मार्फत कृषि क्षेत्रमा एउटा चुनौतीपूर्ण कार्यक्रमको परीक्षण कार्यान्वयन गरी भविष्यकोलागि महत्वपूर्ण सिकाइ र अनुभव हासिल गरिएको छ।

### ११.२ कार्यक्रमको निरन्तरता हुन नसक्नुका कारणहरू

प्रतिफलमा आधारित अनुदान कार्यक्रम सिद्धान्ततः धेरै राम्रो भए पनि प्राविधिक मापदण्डहरु स्पष्ट नभएका कारण व्यवहारमा सफल भने हुन सकेन। यस कार्यक्रमको अनुदानका लागि १० प्रतिशत उत्पादन वृद्धि हुनुपर्ने प्रावधान रहेकोमा हरेक बालीको Maximum Attainable Yield/Yield Potential हुने सन्दर्भमा निश्चित उच्चतम विन्दुमा पुगेपछि यो प्रक्रिया स्वतः रोकिन पुग्ने हुनाले प्राविधिकरुप बाट पनि कार्यक्रम स्पष्ट देखिएन।

क) नगद अनुदान दिनेजस्तो संवेदनशील कार्यक्रमलाई आवश्यक तयारी नगरी सञ्चालन गरिएको छ, प्रतिफल मापन गर्ने प्रक्रिया प्रणाली विकास नगरिएको तथा अनुदानको कार्यबिधि स्पष्ट र व्यावहारिक नभएको देखिन्छ।

ख) सुपरजोन र जोन सम्भागहरूमा आधारभूत तथ्याङ्कको आधार कमजोर रहनु, उत्पादन र क्षेत्र विस्तार भएको परिमाण प्रमाणित गर्ने भरपर्दो सूचक आधार (Means of Verification) नहुनु, कृषकहरूसंग तथ्याङ्क तथा अभिलेख राख्ने क्षमता कमजोर रहेको देखियो।

ग) संचालक समितिहरूको खातामा समेत प्रोत्साहन अनुदान रकम जाने तर उक्त रकम खर्च गर्ने विधि, प्रक्रिया र मापदण्डको अभाव हुनु, संचालक समितिले अनावश्यक चलखेल गर्न खोज्नु, अनुदान आफैं वा आफ्नालाई दिलाउन खोज्दा विवाद हुनु, आर्थिक पारदर्शिताको अभाव र संचालक समितिहरू सदस्यहरूका बीचमा नै मनोमालिन्य हुन गयो।

घ) स्पष्टताविना नै खर्च भई प्रक्रियागत कमजोरी रहेको भन्दै लेखापरीक्षणबाट पटक पटक प्रश्नहरू उठिरहने र बेरूजु कायम हुने क्रम बढी रहेको देखियो।

## १२.३ सुझावहरू

क) उत्पादन र क्षेत्र विस्तार भएको परिमाण प्रमाणित गर्ने भरपर्दो सूचक आधार (Means of Verification ) तयार गरेर मात्र कार्यक्रम सञ्चालन गरिनु उपयुक्त हुन्छ । बालीअनुसार स्पष्ट, सरल र व्यावहारिक सूचकहरू सहितको Methodology हुनु पर्दछ।

ख) डिजिटल माध्यमबाट वा भौचर/सामग्री प्रणाली मार्फत् अनुदान दिने प्रणालीको विकास गर्न सकिएमा विवाद न्यूनीकरण भई कार्यक्रम सञ्चालन सहज हुनेछ।

ग)प्रत्येक वर्ष उत्पादकत्व वृद्धिलाईमात्र आधार बनाएर वितरण गर्नु भन्दा अन्य सूचकहरू सहित फरक ढङ्गबाट सञ्चालन गर्नु बैज्ञानिक हुनेछ। उत्पादन बढेको तथ्याङ्क प्रमाणित गर्नकोलागि तेश्रो पक्षको सहभागिता भएमा तथ्यहरू बढी आधिकारिक हुनेछन्।

छ) बिशेष प्राथमिकताका बालीहरू मध्ये पनि अलैंची, चैते धान, तेलहन, दलहन, बीउ, कफी जस्ता बालीवस्तुहरूमा अवलम्बन गर्दा उपयुक्त हुने देखिन्छ।

ज) बिक्री भएको परिमाणमा बिलबिजक सहितका प्रमाणीकरणका आधारहरूमा आधारित भई अनुदान दिंदा यथार्थपरक हुने देखिन्छ।

## परिच्छेद-१२
## रणनीति ७: गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि

खाद्य स्वच्छताका मापदण्डहरू अवलम्वनकालागि घुम्ती प्रयोगशालाहरूको प्रयोग, अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाहरूको स्थापना, मुख्य बजार केन्द्रहरूमा द्रुत विषादी परीक्षण प्रयोगशालाहरूको स्थापना र विकास गरी स्वच्छता एवं गुणस्तर प्रमाणीकरणको व्यवस्था मिलाई यस्ता वस्तुहरूको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेश गराउने क्रियाकलापहरू सञ्चालन गरिने छन्। Good Agriculture Practice (GAP), Good Manifacturing Practices (GMP), Hazard Analysis and Critical Control Point (HACCP), Risk Management Practice (RMP) जस्ता खाद्य स्वच्छताका मापदण्ड लागु गरिनेछ। सरकारी गुणस्तर नियन्त्रण प्रणालीको सुदृढीकरण र निजी क्षेत्रबाट समेत गुणस्तर नियन्त्रण प्रणाली व्यवस्था गरिनेछ भनी कार्यक्रमका दस्तावेजहरूमा उल्लेख गरिएको छ।

### १२.१ उपलब्धिहरू

यस कार्यक्रमको सञ्चालन पश्चात् खाद्यवस्तुको गुणस्तर कायम गर्ने बारेमा सचेतना अभिवृद्धि भएको छ। खाद्य वस्तुको गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता स्थापनातर्फ विशेषतः ३ प्रकारका कार्यहरू भएको देखिन्छ।

**(क) खाद्य तथा गुण नियन्त्रण कार्यालयहरू मार्फत**

खाद्य तथा गुण नियन्त्रण कार्यालयहरूमार्फत् खाद्य अनुज्ञा प्रमाण-पत्र लिने, प्रशोधित खाद्यवस्तुको गुणस्तर मापन गराउने, खाद्य प्रशोधनका तालिमहरू लिने जस्ता अभ्यासहरू सुरू भएका छन्। जसले गर्दा प्रशोधित वस्तुहरूको गुणस्तर सुनिश्चितता अभिवृद्धि भएको छ भने बजार बिक्री सहज र आधिकारिक भएको छ। खाद्य तथा गुण नियन्त्रण प्रयोजनकोलागि २ वटा खाद्य परीक्षण मोबाइल भ्यान खरिद गरिएकोमा अख्तियार दुरूपयोग लगायतका प्रशासनिक झमेलाका कारण यो अवधारणा सफल हुन सकेन।

**ख) विषादी परीक्षण प्रयोगशाला मार्फत**

यस प्रविधि अन्तर्गत Rapid Bioassay of Pesticide Residue (RBPR) Test मार्फत् तरकारीको विषादी परीक्षण गर्ने, गराउने, महको गुंणस्तर परीक्षण गर्ने जस्ता कार्यहरू भएका छन्।

**ग) कृषिको उत्पादन प्रणालीमा सुधार मार्फत**

तरकारी तथा हिमाली भेगमा उत्पादन हुने आलुको प्राङ्गारिक प्रमाणीकरण गर्ने प्रयास गरिएको छ। प्याकेजिङ, Branding गरी QR Code सहितका उत्पादनहरू बजारीकरण गर्ने अभ्यासहरू गरिएका छन्। कृषकहरूको सचेतना वृद्धिकालागि Integrated Pest Management (IPM) कृषक पाठशालाहरू सञ्चालन गर्ने, प्राङ्गारिक मल, जैविक विषादी वितरण गर्ने कार्यहरू भएका छन्। प्राङ्गारिक मल प्रयोगका लागी प्रोत्साहन

गर्ने, दीगो माटो व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिएका छन्।सो प्रयोजनकोलागि निम्नानुसारका संरचनाहरूको निर्माण भई क्षमता अभिवृद्धिका कार्यहरू भएका छन्।

| सि.नं | संरचनाहरू | एकाइ | परिमाण |
|---|---|---|---|
| १. | माटो तथा बाली संरक्षण मिनिल्याब | संख्या | ६ |
| २. | माटो परीक्षण मोबाइल भ्यान खरिद | संख्या | ८ |

## १२.२ समस्या तथा चुनौतीहरू

क) हाम्रो कृषिको मुख्य प्राथमिकता तथा कार्यक्रमहरू उत्पादनमा आधारित भएको हुँदा गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि जस्ता कार्यक्रमहरू खासै प्राथमिकतामा परेको देखिँदैन।

ख) गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि गर्ने उद्देश्यमा नै आधारित भएर खासै योजनाहरू तर्जुमा हुने गरेको पाईदैन।

ग) गुणस्तर प्रमाणित भएका वा नभएका उत्पादनहरूको बजार, मूल्य, माग तथा आपूर्तिमा खासै अन्तर देखिँदैन।

घ) यस सम्बन्धमा के कस्ता कार्यक्रमहरू कसरी सञ्चालन गर्ने भन्ने बारेमा पर्याप्त छलफल र स्पष्ट नीतिगत मार्गदर्शनहरू पनि तयार छैनन्।

ङ) सुपरजोनहरूमा खाद्य अनुसन्धान शाखा र कर्मचारीको व्यवस्था गर्ने भनीएता पनि सो अनुरूप कार्य हुन सकेन।

## १२.३ सुझावहरू

क) गुणस्तर नियन्त्रण सम्बन्धीत कार्य गर्ने निकायको तदारूकता हुनु आवश्यक छ।
ख) हालका कार्यक्रमहरूको स्वरूपलाई हेर्दा गुणस्तर नियन्त्रण कार्य Cross-Cutting कार्यक्रमहरू जस्ता देखिन्छन्। यसका लागि लक्षित कार्यक्रमहरू कार्यान्वयन गर्नु आवश्यक छ।

## परिच्छेद- १३
## रणनीति ८: जलवायु परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन

जलवायु परिवर्तनले कृषि क्षेत्रमा परेको प्रभाव सम्बन्धी विस्तृत रूपमा अध्ययन गरिनेछ। जलवायु परिवर्तनले कृषि क्षेत्रमा परेको नकारात्मक प्रभाव न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। सो सम्बन्धी कृषि प्रणाली विकासकालागि अनुसन्धान-शिक्षा-प्रसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन् भनी कार्यक्रमका दस्तावेजहरूमा उल्लेख गरिएको छ।

### १३.१ उपलब्धिहरू

धानका सुख्खा र डुबान सहने जातहरूको प्रसार र प्रयोग भएको छ । Direct Seeded Rice Cultivation (DSR), Wet DSR प्रविधिहरूको प्रयोग भएको छ। तापक्रम (Heat Stress) सहन सक्ने मकैका जातहरूको प्रसार र प्रयोग भएको छ। जिरो टिलेज गहुँ खेती, सुख्खायाममा कम पानीको प्रयोगबाट उत्पादन गर्नको लागि तरकारी उत्पादन, आलु, फलफूल बालीमा Mulching, Drip Irrigation जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन्। सुधारिएको अलैंची भट्टीको निर्माण र प्रयोगबाट वायुप्रदूषणमा उल्लेख्य न्यूनता आएको छ । भकारो सुधार, गोठ/खोर सुधार, पशु मूत्र संकलन, भर्मी कम्पोष्ट मल उत्पादन व्यवस्थापन जस्ता कार्यक्रमबाट पशुजन्य स्रोतहरूबाट उत्सर्जन हुने Green House Gases हरूको उत्पादनमा कमी आएको छ। गुणस्तरयुक्त कम्पोष्ट मलको प्रयोगबाट माटोको स्वास्थ्यमा सुधार आएको छ। विद्युत् र सौर्य शक्तिको प्रयोगबाट सिंचाइ, घामको माध्यमबाट विभिन्न वस्तु सुकाउने प्रविधिहरू वातावरण मैत्री रहेका छन्। सिंचाइ पोखरी निर्माण गरी पानीको श्रोत संरक्षण, मौषमी सूचना प्रणालीको प्रयोग, जैविक विविधता सम्वन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिएका छन् । फलफूलका बिरूवा रोपण मार्फत अर्थोपार्जनका साथै पर्यावरण संरक्षण भएको छ। तरकारी खेतीमा प्लाष्टिक डोरीको सट्टामा निगालो बाँसको प्रयोग गर्ने जस्ता वातावरण मैत्री अभ्यासहरू सुरू गरिएको छ। जैविक तथा वानस्पतिक विषादीको प्रयोग, आई. पि. एम कृषक पाठशाला सञ्चालन मार्फत् मित्रजीवहरूको संरक्षण, फलफूल उत्पादनका क्षेत्रहरूमा परागसेचनकालागि सेरेना मौरीको प्रयोग जस्ता वातावरण मैत्री प्रविधिहरू प्रयोग गरी कृषिलाई वातावरण परिवर्तन अनुकूलन तुल्याउने प्रयास गरिएको छ।

### १३.२ चुनौती एवं सुझावहरू

क) सुपरजोनहरूमा अनुसन्धान इकाइहरू स्थापना गरी जलवायु अनुकूलन हुने प्रविधिहरू कृषकहरूलाई हस्तान्तरण गरिने भनिएकोमा यसतर्फ कुनै कार्य हुन सकेन। उल्लेख गरिएका जलवायु परिवर्तन अनुकूलन प्रविधिहरू पनि कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा स्वतः अवलम्वन भएका प्रविधि हुन्। यो विषय कार्यक्रम तर्जुमा गर्दाका बखत नै लक्षित कार्यक्रमको रुपमा प्रस्ताव हुनु आवश्यक छ।

**परिच्छेद-१४**

## प्राथमिकताप्राप्त बाली वस्तुका मूल्य श्रृंखला विश्लेषण

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले ३ वटा आधारभूत लक्ष्यहरू

i) खाद्य/पोषण सुरक्षामा टेवा पुऱ्याउने

ii) आयात प्रतिस्थापन गर्ने

iii) निर्यात प्रवर्द्धनमा योगदान दिन सक्ने सम्भावना भएका १५ प्रकारका बालीवस्तुहरूको मूल्य श्रृंखला प्रवर्द्धनमा कार्य गर्ने गरी प्राथमिकता निर्धारण गरेको छ। सोही अनुसार कार्यक्रमको अवधिमा ती बालीवस्तुका क्षेत्रफल, उत्पादन, आयात निर्यातमा भएको घटबढ, बालीका मूल्य अभिवृद्धि श्रृंखला प्रवर्द्धनकालागि भएका कार्यहरू प्रस्तुत गरिएको छ। यी तथ्याङ्कहरूका आधारमा तोकिएको लक्ष्य हासिल गर्नका लागी तीनले पुर्याएको योगदानलाई विश्लेषण गरिएको छ।

### १४.१ खाद्य सुरक्षाका लागी आधारभूत बालीहरू

चित्रः१ अनुसार कार्यक्रमका दस्तावेजहरूले धान, गहुँ, तरकारी, आलु, दलहन (सिमि, मुसुरो, भटमास) तेलहन (तोरी) दूध (गाई, भैसी), मासु (बाखा, बंगुर) लाई खाद्यसुरक्षाका लागि आधारभूत बालीहरूको रूपमा पहिचान गरेको छ। कार्यक्रम अवधिमा ती बालीवस्तुहरूको अवस्थामा आएको परिवर्तन र कृषि क्षेत्रमा योगदान विश्लेषण गर्ने प्रयास गरिएको छ।

**तालिका २१: बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व** क्षेत्रफल (हे.) उत्पादन (मे.टन), उत्पादकत्व (मे.टन./हे.)

| आ.व | धान | | | मकै | | | गहुँ | | | आलु | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| २०७२/७३ | १३६२९०८ | ४२९९०७८ | ३.१५ | ८९१५८३ | २२३१५१७ | २.५ | ७५३४७० | १७५५५८५.१ | २.३३ | १९०८९६ | २५५१७४० | १४.०३ |
| २०७३/७४ | १,५५२,४६९ | ५,२३०,३२७ | ३.३७ | ९००,२८८ | २,३००,१२१ | २.५५ | ७३५,८५० | १,८७९,१९१ | २.५५ | १९५००० | २८८२०० ० | १४.७७ |
| २०७४/७५ | १,४६९,५४५ | ५,१५१,९२५ | ३.५१ | ९५४,१५८ | २,५५५,८४७ | २.६८ | ७०६,८४३ | १,९४९,००१ | २.७६ | १९४०००  | २५९२०००  | १३.३६ |
| २०७५/७६ | १,४९१,७४४ | ५,६१०,०११ | ३.७६ | ९५६,४४७ | २,७१३,६३५ | २.८४ | ७०३,९९२ | २,००५,६६५ | २.८५ | १८८०००  | ३१३१०००  | १६.६५ |
| २०७६/७७ | १,४५८,९१५ | ५,५५०,८७८ | ३.८० | ९५७,६५० | २,८३५,६७४ | २.९६ | ७०७,५०५ | २,१८५,२८९ | ३.०९ | १९८०००  | ३३२५०००  | १६.७९ |
| २०७७/७८ | १,४७३,४७४ | ५,६२१,७१० | ३.८२ | ९७९,७७६ | २,९९७,७३३ | ३.०६ | ७११,०६७ | २,१२७,२७६ | २.९९ | १९८०००  | ३४११०००  | १७.२२ |
| २०७८/७९ | १,४७७,३७८ | ५,१३०,६२५ | ३.४७ | ९८५,५६५ | ३,१०६,३९७ | ३.१५ | ७१६,९७८ | २,१४४,५६८ | २.९९ | २०३८१२ | ३४८७८१६ | १७.११ |
| २०७९/८० | १,४४७,७८९ | ५,४८६,४७२ | ३.७८ | ९४०,२५६ | २,९७६४९० | ३.१६ | ६९७,७६२ | २,०९८,४६२ | ३.०० | २०३८१२ | ३४८७८१६ | १७.११ |
| २०८०/८१ | १,४३८,९८९ | ५,७२४,२३४ | ३.९८ | ९१६,०४४ | ३,१९३,८६९ | ३.४९ | ६८१,८५१ | २,०३५,५५९ | २.९९ | २११५०५ | ३५२१७९४ | १६.६५ |
| २०८१/८२ | १४२०६३६ | ५९५५४७६ | ४.१९ | ९२५२१० | ३,१९९५६० | ३.४५ | ६९५२४० | २०८५६७० | २.९९ | २१३०१२ | ३५७७६६६ | १६.७९ |

स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, Statistical  Information on Nepa ese Agriculture

### १४.१.१ धानः कार्यक्रम अवधि (२०७२/७३-८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

धानलाई कार्यक्रमका दस्तावेजहरूले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने प्रमुख खाद्यान्न बालीका रूपमा पहिचान गरेको छ साथै कार्यक्रम लागु भएको तीन वर्षभित्र धानमा आत्मनिर्भर भएको हुनेछ भनी प्रक्षेपण समेत गरेको छ। आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा धानको कूल क्षेत्रफल १३,६२,९०८ हे. रहेको थियो भने कूल उत्पादन ४२,९९,०७८ मे.ट र उत्पादकत्व ३.१५मे.ट प्रति/हे. रहेको थियो। आ.व. २०८१/८२ मा सो क्षेत्रफलमा ५७७५५ हे. वृद्धिका हुन गई १४२०६६३ हे. भएको छ भने उत्पादकत्वमा १.०४ मे.ट प्रति/हे. ले वृद्धि हुन गई ४.१९ मे.ट/हे. पुगेको छ। क्षेत्रफल र उत्पादकत्वमा भएको वृद्धिका कारण उत्पादनमा १६५६३९८ मे.ट ले वृद्धिका भई कूल ५९५५४७६ मे.ट पुगेको देखिन्छ।

**तालिका २२: कार्यक्रम अवधिको धानजन्य खाद्य सन्तुलनको अवस्था**

| आ.व | उत्पादन (मे.ट) | आवश्यकता (मे.ट) | सन्तुलनको अवस्था मे.ट | आयात प्रतिस्थापन (अपुग%) |
|---|---|---|---|---|
| २०७२/७३ | ४२,९९,०७८ | ६३,४७,१२५ | - २०४८०४७ | ३२.२ |
| २०८१/८२ | ५९,५५,४७६ | ६८,००,००० | -८४४५२४ | १२.४ |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कार्यक्रम अवधिमा धान चामलको उत्पादनमा उल्लेख्य वृद्धि हुन गई खाद्य तथा पोषण सुरक्षामा योगदान गर्नुका साथै १९.८ प्रतिशतले आयात प्रतिस्थापन गर्नसमेत योगदान गरेको देखिन्छ। कार्यक्रम लागु भएको तिन वर्ष भित्र धानमा आत्मनिर्भर भएको हुनेछ भनी प्रक्षेपण गरिएकोमा करिब ८ लाख ४४ हजार ५ सय २४ मे.ट धान/चामल अझै पनि अपुग भएको देखिन्छ।

#### क) धान बाली प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधि (२०८१/८२) सम्ममा NAMP बाट धानबालीका ५ वटा सुपरजोन,२१ वटा जोन, २७४ वटा ब्लक र १४२७ वटा पकेट क्षेत्र गरी कूल १७२७ वटा उत्पादन सम्भागहरूमा कार्यक्रमहरू सञ्चालन भएका छन्। तरकारी भन्दा पछि धान सबै भन्दा बढी उत्पादन कार्यक्रम भएको बाली हो । देशको समग्र धानबालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः: ३.९७ र ४.९० प्रतिशत योगदान गरेको छ। धान बालीको मूल्य श्रृंखला अभिवृद्धिकालागि धानको बीउ उत्पादन, मेसिनबाट धान रोप्ने प्रविधि प्रयोग, क्षेत्रफल विस्तार लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन्। कार्यक्रम अवधिमा कूल ३९०२८ हे. क्षेत्रफलमा बर्षे तथा १७४८६ हे. क्षेत्रफलमा चैते धानको क्षेत्र विस्तार भई ५६५१४ हे. मा कार्यक्रम विस्तार भएको छ। आ.व २०८१/८२ मा आइपुग्दा धानको राष्ट्रिय उत्पादकत्व ४.१९ मे.ट/हे. हुँदा

NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व ५.१९ मे.ट/हे. हुन गई प्रति हेक्टर १ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ५६५१४ मे.ट धान उत्पादन गर्न सफल भएको छ। प्रचलित बजार मूल्य अनुसार धानले राष्ट्रिय अर्थतन्त्रमा करिव रू.१ अर्ब ६९ करोड ५४ लाख बराबरको योगदान गरेको छ भने धान जन्य वस्तुहरु (चामल, चिउरा, ढुटो, भुस) आदि समेतको मूल्य अभिवृद्धिबाट थप करिब रू. ५० करोड ८६ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले धानबाली मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. २ अर्ब २० करोड ४० लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः ३० हेर्नुहोस्)

### १४.१.२ गहुँः कार्यक्रम अवधि (२०७२/७३-८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

गहुँलाई कार्यक्रमका दस्तावेजहरूले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने प्रमुख खाद्यान्न बालीको रूपमा पहिचान गरेको छ साथै कार्यक्रम लागु भएको तीन वर्ष भित्र गहुँमा आत्मनिर्भर भएको हुनेछ भनी प्रक्षेपणसमेत गरेको छ। आधार वर्ष २०७२/७३ मा नेपालमा ७,५३,४७० हे. क्षेत्रफलमा गहुँ खेती भई १७५५५८५ मे.ट उत्पादन भएको थियो भने उत्पादकत्व २.३३ मे.ट/हे. रहेको थियो। आ.व.२०८१/८२ मा आइपुग्दा गहुँको क्षेत्रफल ५८२३० हे. ले घट्न गई ६९५२४० हे. रहेको छ। क्षेत्रफल घटेता पनि गहुँको उत्पादकत्वमा भने आधार वर्षको तुलनामा ०.६६ मे.ट/हे. वृद्धि भई २.९९ मे.ट/हे. पुगेको छ। सोही अनुसार उत्पादनमा १५४७०१८ मे.ट ले वृद्धि भई कूल उत्पादन २०८५६७० मे.ट पुगेको छ।

**तालिका २३ः गहुँ बाली मार्फत् खाद्य सन्तुलनको अवस्था**

| आ.व | उत्पादन (मे.ट) | आवश्यकता (मे.ट) | सन्तुलनको अवस्था मे.ट | थप मौज्दात |
|---|---|---|---|---|
| २०७२/७३ | १७५५५८५ | १२,००,००० | + ५५५५८५ | आधार वर्षको तुलनामा २०८९३० मे.टन गहुँको मौज्दात थप भएको छ । |
| २०८१/८२ | २०८५६७० | १३,२१,१५५ | + ७,६४५१५ | |

स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपालमा वार्षिक करिब १२,००,००० मे.ट गहुँ आवश्यक रहेको (श्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय) सन्दर्भमा आधारवर्षमा नै गहुँमा आत्मनिर्भर भई मौज्दात समेत रहेको देखिन्छ। आधार वर्षमा गहुँको मौज्दात करिब ५ लाख ५५ हजार मे.ट रहेकोमा हालको मौज्दात ७ लाख ६४ हजार मे.ट रहेको छ। गहुँको मौज्दातमा सामान्यतःवृद्धि समेत भई गहुँबालीले कार्यक्रमले लिएको उद्देश्य पूरा गरेको देखिन्छ।

#### क) गहुँ बाली प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा गहुँबालीका १ सुपरजोन, ३ वटा जोन, ४५ वटा ब्लक र १४३ वटा पकेट क्षेत्र गरी कूल १९२ वटा उत्पादन सम्भागहरूसहित १२१७७ हे. क्षेत्रफलमा कार्यक्रमहरू सञ्चालन भएका छन् ।

देशको समग्र गहुँबालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः १.७५ र २.४२ प्रतिशत योगदान गरेको छ। गहुँ बालीको मूल्य श्रृंखला अभिवृद्धिकालागि बीउ उत्पादन, उन्नत बीउको प्रयोग, सन्तुलित मलखाद प्रयोग, Combine Harvester लगायतका मेसिनरी प्रयोग, शून्य खनजोतमा गहुँ खेती जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन्। आ.व २०८१/८२ मा आइपुग्दा गहुँको राष्ट्रिय उत्पादकत्व २.९९ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व ४.१६ मे.ट/हे. हुन गई प्रति हेक्टर १.१७ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप १४२४७ मे.ट गहुँ थप उत्पादन गर्न सफल भएको छ। प्रचलित बजार मूल्यअनुसार गहुँले राष्ट्रिय अर्थतन्त्रमा करिब रू. ४९ करोड ८६ लाख बराबरको योगदान गरेको छ भने गहुँजन्य वस्तुको मूल्य अभिवृद्धिबाट करिब थप रू. १४ करोड ९५लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले गहुँबाली मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. ६४ करोड ८२ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः ३० हेर्नुहोस्)

### १४.१.३ तरकारी : कार्यक्रम अवधि (२०७२/७३-८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

तरकारी बालीलाई कार्यक्रमका दस्तावेजहरूले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने प्रमुख बालीका रूपमा पहिचान गरेको छ साथै कार्यक्रम लागु भएको दुई वर्ष भित्र तरकारीमा आत्मनिर्भर भएको हुनेछ भनी प्रक्षेपणसमेत गरेको छ। आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा तरकारीको कूल क्षेत्रफल २५०१५० हे. रहेको थियो भने कूल उत्पादन ३७००९६९ मे.ट र औसत उत्पादकत्व १४.७९ मे.ट प्रति/हे. रहेको थियो। कार्यक्रम अवधिमा सो क्षेत्रफलमा ७४१६३ हे. वृद्धि हुन गई हाल ३२४३१३ हे. भएको छ भने तरकारीको उत्पादकत्व १४.६० रहेको छ। क्षेत्रफ़लमा भएको वृद्धिका कारण उत्पादनमा १०३५९३२ मे.ट ले थप भई ४७३६९०१ मे.ट पुगेको छ।

#### क) तरकारी बाली प्रवर्द्धनमा NAMP को योगदान

तरकारी NAMP को सबै भन्दा बढी उत्पादन कार्यक्रम सञ्चालन गरिएको बाली हो। कार्यक्रम अवधिमा तरकारी बालीका २ वटा सुपरजोन, ३५ वटा जोन, ३०९ वटा ब्लक र २०४९ वटा पकेट क्षेत्र गरी कूल २३९५ वटा उत्पादन सम्भागहरू सहित २६७७२ हे. क्षेत्रफलमा कार्यक्रमहरू सञ्चालन भएका छन्। देशको समग्र तरकारी बालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः ८.२५ र १२.१८ प्रतिशत योगदान गरेको छ। कार्यक्रम अवधिमा कूल ६६०५ हे. क्षेत्रफलमा तरकारीको क्षेत्रविस्तार भएको छ। तरकारी बालीको मूल्य श्रृंखला अभिवृद्धिकालागि उच्च उत्पादन दिने जातहरूको प्रयोग, Protected Structures, Drip Irrigation and Sensor-Based Fertigation (RCT) System, Machine Seed Sowing, Machine Cleaning, Grafting Technology in Tomato and Brinjal, Mulching Management, Plastic Staking, जैविक विषादीको प्रयोगजस्ता कार्यक्रमहरू सञ्चालन भएका छन्।

आ.व २०८१/८२ मा आइपुग्दा तरकारीको राष्ट्रिय उत्पादकत्व १४.६० मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व २१.५६ मे.ट/हे. हुन गई प्रति हेक्टर ६.९६ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप १८६३३३ मे.ट तरकारी थप उत्पादन गर्न सफल भएको छ। प्रचलित बजार मूल्य अनुसार तरकारीले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ३ अर्ब १६ करोड ७८ लाख बराबरको योगदान गरेको छ भने तरकारीजन्य वस्तुको मूल्य अभिवृद्धिबाट करिब थप रू. ९९ करोड ९४ लाख प्राप्त भएको छ । यसरी कार्यक्रमले तरकारी बालीमार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. ४ अर्ब १६ करोड ७२ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः ३० हेर्नुहोस्)

### १४.१.४ आलु : कार्यक्रम अवधि (२०७२/७३-८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

आलु बालीलाई कार्यक्रमका दस्तावेजहरूले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने प्रमुख बालीका रूपमा पहिचान गरेको छ। आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा आलुको कूल क्षेत्रफल १९०८९६ हे. रहेको थियो भने कूल उत्पादन २६७८२७० मे.ट र औसत उत्पादकत्व १४.०३ मे.ट प्रति/हे. रहेको थियो। कार्यक्रम अवधिमा सो क्षेत्रफलमा २२११६ हे.ले वृद्धि हुन गई २१३०१२ हे. भएको छ । त्यसैगरी उत्पादनमा ८९९३९५ मे.ट ले वृद्धि हुन गई ३५७७६६६ मे.ट पुगेको छ.त्यसैगरी उत्पादकत्व १६.७९ रहेको छ ।

#### क) आलु बाली प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा आलु बालीका २ वटा सुपरजोन, २० वटा जोन, १३८ वटा ब्लक र ७०२ वटा पकेट क्षेत्र गरी कूल ८६२ वटा उत्पादन सम्भागहरूसहित १७४३० हे. क्षेत्रफलमा कार्यक्रमहरू सञ्चालन भएका छन्। देशको समग्र आलु बालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः ८.२४ र ११.२३ प्रतिशत योगदान गरेको छ । कार्यक्रमअवधिमा कूल ३६६९ हे. क्षेत्रफलमा आलुको क्षेत्र विस्तार भएको छ । आलु बालीको मूल्य श्रृंखला अभिवृद्धिकालागि Potato Planter Machine प्रयोग, प्लाष्टिक मल्चिङ, PBS Seed प्रयोग जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन्।

आ.व २०८१/८२ मा आइपुग्दा आलुको राष्ट्रिय उत्पादकत्व १६.७९ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व २२.१९ मे.ट/हे. हुन गई प्रति हेक्टर ५.४ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ९४१२२ मे.ट आलु थप उत्पादन गर्न सफल भएको छ। प्रचलित बजार मूल्यअनुसार आलुले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. १ अर्ब ८८ करोड २४ लाख बराबरको योगदान गरेको छ भने आलुजन्य वस्तुको मूल्य अभिवृद्धिबाट करिब थप रू. ८४ करोड ७१ लाख प्राप्त भएको छ । यसरी कार्यक्रमले आलु बालीमार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. २ अर्ब ७२ करोड ९४ लाख बराबरको योगदान गर्न सफल भएको छ।(तालिकाः ३० हेर्नुहोस्)

### १४.१.५ दलहन बाली (सिमी, भटमास, मुसुरो) आ.व.२०७२/७३- ८१/८२ सम्मको अवस्था

दलहन बालीलाई कार्यक्रमका दस्तावेजहरूले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने प्रमुख बालीको रूपमा पहिचान गरेको छ। आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा दलहनको कूल क्षेत्रफल २५४४२५ हे. रहेको थियो भने कूल उत्पादन २८२४१२ मे.ट र औसत उत्पादकत्व १.११ मे.ट प्रति/हे. रहेको थियो । कार्यक्रम अवधिमा सो क्षेत्रफलमा ७८१३२ हे. घट्न गई १७६२९३ हे. भएको छ त्यसैगरी उत्पादनमा ८६६२२ मे.ट ले हुन गई १९५७९० मे.ट पुगेको छ। दलहनको उत्पादकत्व भने १.११ मे.ट प्रति/हे. यथावत रहेको छ।

#### क) दलहन बाली प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा दलहन बालीका ७ वटा जोन, ४० वटा ब्लक र १४८ वटा पकेट क्षेत्र गरी कूल १९५ वटा उत्पादन सम्भागहरूसहित ३३२५ हे. क्षेत्रफलमा कार्यक्रम सञ्चालन भएका छन्। देशको समग्र दलहन बालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः १.८८ र २.३९ प्रतिशत योगदान गरेको छ। कार्यक्रम अवधिमा कूल १००० हे. क्षेत्रफलमा दलहनबालीको क्षेत्र विस्तार भएको छ। आ.व २०८१/८२ मा आइपुग्दा दलहनको राष्ट्रिय उत्पादकत्व १.११ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व १.४१ मे.ट/हे. हुन गई प्रति हेक्टर ०.३० मे.ट उत्पादन थप भएको छ । यस प्रकार कार्यक्रमले थप ९९७.५ मे.ट दलहन थप उत्पादन गर्न सफल भएको छ । प्रचलित बजार मूल्य अनुसार दलहनले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ९ करोड ९७ लाख बराबरको योगदान गरेको छ भने दलहनजन्य वस्तुको मूल्य अभिवृद्धिबाट करिव थप रू. ३ करोड प्राप्त भएको छ । यसरी कार्यक्रमले दलहन बाली मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. १२ करोड ९७ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः ३० हेर्नुहोस्)

### १४.१.६ तेलहन (तोरी) (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

तेलहन बालीलाई कार्यक्रमका दस्तावेजहरूले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने प्रमुख बालीका रूपमा पहिचान गरेको छ। आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा तेलहनको कूल क्षेत्रफल २२१६१५ हे. रहेको थियो भने कूल उत्पादन २१२७५० मे.ट र औसत उत्पादकत्व ०.९६ मे.ट प्रति/हे. रहेको थियो । कार्यक्रम अवधिमा सो क्षेत्रफलमा ३०५०५ हे. वृद्धि हुन गई २५२१२० हे. भएको छ भने उत्पादनमा ७००३० मे.ट ले वृद्धि हुन गई २८२७८० मे.ट पुगेको छ। तोरीको उत्पादकत्व १.१२ मे.ट प्रति/हे. रहेको छ।

#### क) तेलहन बाली प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा तेलहन बालीका २ वटा जोन, ६ वटा ब्लक र ५८ वटा पकेट क्षेत्र गरी कूल ६६ वटा उत्पादन सम्भागहरू सहित २०४२ हे. क्षेत्रफलमा कार्यक्रम सञ्चालन भएका छन्। देशको समग्र तेलहन

बालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः ०.८० र १.०३ प्रतिशत योगदान गरेको छ। आ.व २०८१/८२ मा आइपुग्दा तेलहनको राष्ट्रिय उत्पादकत्व १.१२ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व १.४४ मे.ट/हे. हुन गई प्रति हेक्टर ०.३२ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ६५३ मे.ट तोरी थप उत्पादन गर्न सफल भएको छ। प्रचलित बजारमूल्य अनुसार तेलहनले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ६ करोड ५३ लाख बराबरको योगदान गरेको छ भने तेलहनजन्य वस्तुको मूल्य अभिवृद्धिबाट करिब थप रू. ३ करोड २७ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले तेलहन बाली मार्फत् राष्ट्रिय अर्थतन्त्रमा करिब रू. ९ करोड ८० लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः ३० हेर्नुहोस्)

### १४.१.७ दूध (गाई, भैसी): (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा दुध दिने गाईको संख्या १०२५९४७ र दुध दिने भैसीको संख्या १३४५१६४ रहेको थियो।सो अवधिमा गाईबाट ५५७६६९ मे.ट र भैसीबाट ११६७१५४ मे.ट गरि कुल १७२४८२३ मे.ट दुध उत्पादन रहेको थियो । कार्यक्रम अवधिमा दुधालु गाईको संख्यामा ३७२४२ वृद्धि भई १०६३१८९ पुगेको छ भने दुधालु भैसीको संख्या ९३८४१ ले घट्न गई १२५१३२३ रहेको छ। सोही अनुसार गाईको दुध उत्पादनमा ७२४०४९ मे.ट ले वृद्धि हुन गई १२८१७१८ पुगेको छ भने भैसीको दुध उत्पादनमा २३५००२ मे.ट ले वृद्धि हुन गई १४०२१५६ मे.ट पुगेको छ। समग्र दुध उत्पादनमा ५५.६ प्रतिसतले वृद्धि हुन गै कुल २६८३८७४ मे.ट पुगेको छ।(स्रोतः कृषि डायरीहरु)

दूधलाई कार्यक्रमले खाद्य तथा पोषण सुरक्षाको लागि आधारभूत वस्तुको रूपमा लिएको छ। सुरूवाती चरणमा कार्यक्रम दस्तावेजहरूमा पशुवस्तुतर्फको कार्यक्रम लक्षित रहेको थिएन। तथापि यसको महत्त्वलाई मध्यनजर गर्दै आ.व. २०७६/७७ देखि पशुवस्तुको जोन समावेश गरी कार्यक्रमको सुरूवात गरिएको थियो। कार्यक्रमबाट काभ्रे, इलाम, सप्तरी, बारा लगायतका जिल्लाहरूमा गाई/भैंसी जोन निर्धारण भई विविध कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

#### क) दूध प्रवर्द्धनमा NAMP को योगदान

दूध (गाई, भैसी) हाल सम्म १० वटा गाई/भैंसी जोनहरू स्थापना भई कार्यक्रमहरू सञ्चालन भई रहेका छन्। देशको समग्र दूध उत्पादनमा NAMP कार्यक्रमले पशुवस्तु संख्या र उत्पादनका हिसाबले क्रमशः ५.९७ र ६.७९ प्रतिशत योगदान गरेको छ। कार्यक्रमको सुरूमा कार्यक्रम क्षेत्रबाट वार्षिक ६४१८७.७६ मे.ट दूध उत्पादन भएकोमा आ.व २०८२/८३ मा २६८३८७४ मे.ट दूध उत्पादन भएको छ। जस मध्ये कार्यक्रमले जम्मा ७६४१.४ मे.ट दूध उत्पादनमा योगदान गरेको छ। प्रचलित बजारमूल्यअनुसार दूधले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ५० करोड ४३ लाख बराबरको योगदान गरेको छ भने दुग्ध जन्य वस्तुको मूल्य अभिवृद्धिबाट करिब थप रू. ३२ करोड ७८ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले दुग्धजन्य पदार्थमार्फत् राष्ट्रिय अर्थतन्त्रमा करिब रू. ८३ करोड २१ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः३० हेर्नुहोस्)

### १४.१.८ मासु (बाखा, च्यांग्रा, बंगुर) (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा बाखा (१२२५१५६९) गोटा र बंगुर (१२०३२३०) गोटा गरि जम्मा संख्या ११४५४७९९ रहेको थियो। ती जनावरहरुबाट बाखा (६०९०६) मे.ट र बंगुर (२०१३५) मे.ट गरि कुल ८१०४१ मे.ट मासु उत्पादन भएको थियो। कार्यक्रम अवधिमा मासुमा प्रयोग हुने जनावरको संख्यामा उल्लेख्य वृद्धि भै (बाखा १५२८९९५४) गोटा र (बंगुर १४९७४११) गोटा पुगेको छ। ती जनावरहरुबाट समग्र मासु उत्पादनमा ५४.८ प्रतिसतले वृद्धि हुन गै कुल १२५४६३ मे.ट पुगेको छ। (स्रोतः कृषि डायरीहरु)

मासुलाई कार्यक्रमले खाद्य तथा पोषण सुरक्षाकोलागि आधारभूत वस्तुको रूपमा लिएको छ। सुरूका वर्षमा कार्यक्रमले मासु उत्पादनको कार्यक्रम लक्षित गरेको थिएन तथापि यसको महत्वलाई मध्यनजर गर्दै आ.व. २०७६/७७ देखि बाखा/च्यांग्रा, बंगुर लगायतका पशुवस्तुको जोन समावेश गरी कार्यक्रमको सुरूवात गरिएको थियो । नेपालमा आ.व २०८१/८२ मा वार्षिक १२८२२५ मे.ट मासु मासु (बाखा, च्यांग्रा, बंगुर) उत्पादन भएको छ।

#### क) मासु उत्पादन प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रमबाट हुम्ला, मुस्ताङ, रसुवा, गुल्मी, सुनसरी, म्याग्दी लगायतका जिल्लाहरूमा जम्मा १४ वटा बाखा/च्यांङ्ग्रा जोन र २ वटा बंगुर जोनहरू स्थापना भई कार्यक्रमहरू सञ्चालन भई रहेका छन् । देशको समग्र मासु उत्पादनमा NAMP कार्यक्रमले पशुवस्तु संख्या र उत्पादनका हिसाबले क्रमशः २.७२ र ३.४० प्रतिशत योगदान गरेको छ । कार्यक्रमको योगदानबाट भने १७७९.८७ मे.ट थप मासु उत्पादन भएको छ । प्रचलित बजारमूल्य अनुसार मासुले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ३५ करोड ६५ लाख बराबरको योगदान गरेको छ भने मासुजन्य वस्तुको मूल्य अभिवृद्धिबाट करिब थप रू. २१ करोड ३९ लाख प्राप्त भएको छ । यसरी कार्यक्रमले मासुजन्य पदार्थमार्फत राष्ट्रिय अर्थतन्त्रमा करिब रू. ५७ करोड ४ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः ३० हेर्नुहोस्)

## १४.२ आयात प्रतिस्थापन गर्न सक्ने आधारभूत बालीहरू

चित्रः१ अनुसार कार्यक्रमका दस्तावेजहरूले मकै, सुन्तलाजात फलफूल (सुन्तला, जुनार, कागती), स्याउ/ओखर, आँप, केरा तथा माछालाई उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्न सक्ने बालीको रूपमा पहिचान गरेको छ। कार्यक्रम अवधिमा ती बालीवस्तुहरूको अवस्थामा आएको परिवर्तन र कृषि क्षेत्रमा योगदान विश्लेषण गर्ने प्रयास गरिएको छ।

### तालिका २४: बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व

क्षेत्रफल (हे.) उत्पादन (मे.टन), उत्पादकत्व (मे.टन./हे.)

| वर्ष | दलहन (मुसुरो,सिमि,भटमास | | | तेलहन | | | तरकारी | | | फलफूल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| २०७२-७३ | २५४४२५ | २१६२३४ | १.११ | २२१६१५ | १९९०१० | ०.९६ | २५०१५० | ३७००९६९ | १४.७९ | ११९११४ | १०९६७७४ | ९.२० |
| २०७३-७४ | ३२८०५५ | ३७८१९५ | १.१५ | २०७९७८ | २१४४५१ | ०.७८ | २७७३९३ | ३७४९८०२ | १३.५२ | १६२६६० | १०१८३०८ | ९.२२ |
| २०७४-७५ | ३११३८२ | ३६८७४१ | १.१८ | २२४५९५ | २४५८६६ | ०.७८ | २८६८६४ | ३९५८२३० | १३.८० | १६०३९४ | १०८६९३१ | ९.७३ |
| २०७५-७६ | ३३१७४० | ३८१९८७ | १.१५ | २६०३०७ | २८०५३० | १.०८ | २९७१९५ | ४२७१२७० | १४.३७ | १६४६०३ | ११७८३५२ | ९.८२ |
| २०७६-७७ | ३४०६९२ | ४०४२०८ | १.१९ | २५८१४१ | २७८३२५ | १.०८ | २८११३२ | ३९६२३८३ | १४.०९ | १७१३१८ | १२४९७६४ | १०.५० |
| २०७७-७८ | ३३५१३४ | ३९४३५५ | १.१७ | २५९१०१ | २८७०३८ | १.११ | २८४१२१ | ३९९३१६७ | १४.०५ | १७७५६८ | १३५६२१८ | १०.५४ |
| २०७८-७९ | ३३४५५० | ४०८३७० | १.२२ | २६०६४५ | २८७३४४ | १.१० | २८९८३९ | ४१५३१५७ | १४.३३ | १८२६४८ | १४१६७५० | १०.९४ |
| २०७९-८० | २९६२५७ | ३४०२०६ | १.१४ | २४४०४८ | २७०४८२ | १.११ | ३०२१३५ | ४३७६०७७ | १४.४८ | १३९२०३ | १५२७७०० | १०.९७ |
| २०८०-८१ | २५८३०० | २७६५२० | १.०७ | २३९०३३ | २६२५६१ | १.१० | ३११८८५ | ४४४०११६ | १४.२४ | १३९२४६ | १५०८७०१ | १०.८३ |
| २०८१-८२ | १७६२९३ | १९५७९० | १.११ | २५२१२० | २८२७८० | १.१२ | ३२४३१३ | ४७३६९०१ | १४.६० | १४०३०० | १५११२२८ | १०.७७ |
| २०८२/८३ | | | | | | | | | | | | |

स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, Statistical Information on Nepalese Agriculture

### १४.२.१ मकैः (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

मकैलाई कार्यक्रमका दस्तावेजहरूले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्न सक्ने आधारभूत बालीको रूपमा पहिचान गरेको छ साथै कार्यक्रम लागु भएको तीन वर्ष भित्र आत्मनिर्भर भएको हुनेछ भनी प्रक्षेपणसमेत गरेको छ। आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा मकैको कूल क्षेत्रफल ८,९१,५८३ हे. रहेको थियो भने कूल उत्पादन २२,३१,५१७ मे.ट र औसत उत्पादकत्व २.५० मे.ट प्रति/हे. रहेको थियो। कार्यक्रम अवधिमा सो क्षेत्रफलमा ३३६२७ हे. वृद्धि हुन गई ९,२५२१० हे. भएको छ भने उत्पादनमा ९६८०४३ मे.ट ले वृद्धि हुन गई ३१,९९५६० मे.ट पुगेको छ। मकैको उत्पादकत्व वृद्धि भई ३.४५ मे.ट/हे.पुगेको छ।

#### क) मकै बाली प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा मकै बालीका २ वटा सुपरजोन, १४ वटा जोन, १६२ वटा ब्लक र ६२९ वटा पकेट क्षेत्र गरी कूल ८०७ वटा उत्पादन सम्भागहरू सहित २६६५१ हे. क्षेत्रफ़लमा कार्यक्रमहरू सञ्चालन भएका छन्। देशको समग्र मकै बालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः २.८८ र ४.४५ प्रतिशत योगदान गरेको छ। मकैको मूल्य श्रृंखला अभिवृद्धिकालागि स्वदेशी उन्नत एवं हाईब्रिड बीउहरूको प्रयोग, मकै खेतीमा यान्त्रिकीकरण लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन्।

आ.व २०८१/८२ मा आइपुग्दा मकैको राष्ट्रिय उत्पादकत्व ३.४५ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व ५.३३ मे.ट/हे. हुन गई प्रति हेक्टर १.८८ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ५०१०४ मे.ट मकै थप उत्पादन गर्न सफल भएको छ। प्रचलित बजार मूल्यअनुसार मकैले राष्ट्रिय अर्थतन्त्रमा करिब रू.१२ अर्ब २५ लाख बराबरको योगदान गरेको छ भने मकै जन्य वस्तुको मूल्य अभिवृद्धिबाट करिब थप रू. ५ अर्ब ४१ करोड १२ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले मकैबाली मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. १७ अर्ब ४३ करोड बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः ३० हेर्नुहोस्)

पछिल्लो समयमा स्वास्थ्यका कारण मकैजन्य खानाको प्रचलनका साथै पशुपन्छी पालनको क्षेत्रमा भएको ब्यवसायिकरणले गर्दा पशुपन्छीहरूको दाना उद्योगहरूमा वृद्धि भएसंगै ती उद्योगहरूको कच्चा पदार्थको रूपमा मकै खपत भएको छ। यस प्रकार मकैको दोस्रो (मकै- दाना - कुखुरा/पशुबस्तु-मासु/दुध) मूल्य अभिवृद्धि श्रृंखला स्थापित हुनुकासाथै मागमा झन् वृद्धि भएको छ । यस प्रकार मकै बालीले आयात प्रतिस्थापन गर्ने लक्ष्यमा उल्लेख्य योगदान गर्न सकेको देखिन्छ।

### १४.२.२ सुन्तलाजात फलफूल (सुन्तला, जुनार, कागती) (आ.व.२०७२/७३-८१/८२) सम्म

सुन्तलाजात फलफूललाई यस कार्यक्रमले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने बालीका रूपमा लिएको छ। आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा सुन्तलाजात फलफूलको कूल क्षेत्रफल ४६३२८ हे. रहेकोमा उत्पादनमूलक क्षेत्रफल २६७५९ हे. रहेको थियो। सो क्षेत्रफलमा २३५२११.६ मे.ट उत्पादन रहेको देखिन्छ भने सुन्तलाजात फलफूलको उत्पादकत्व ८.७९ मे.ट रहेको

थियो। आ.व २०८१/८२ मा आइपुग्दा नेपालमा सुन्तलाजात फलफूलको कूल क्षेत्रफल ४८३२९ हे. रहेको छ भने उत्पादनमूलक क्षेत्रफल २५५३९ रहेको छ। यस अवधिमा सुन्तलाजात फलफूलको उत्पादकत्वमा ०.५९ मे.ट/हे. वृद्धि भई ९.३८ मे.ट/हे भएको छ भने २३९५५४ मे.ट उत्पादन भएको छ।

### सुन्तलाजात फलफूल बाली प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा सिन्धुली, स्याङ्जा, रामेछापलगायतका जिल्लाहरूमा सुन्तलाजात फलफूलका २ वटा सुपरजोन १४ वटा जोन,१६२ ब्लक र ६२९ पकेट गरी ८०७ वटा उत्पादन सम्भागहरूमा कार्यक्रमहरू सञ्चालन भएका छन्। कार्यक्रमले १६०६५ हे. क्षेत्रफललाई समेटेको छ। देशको समग्र सुन्तलाजात फलफूल बालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः ४६.०४ र ६१.७९ प्रतिशत योगदान गरेको छ। आ.व २०८१/८२ मा आइपुग्दा यसको राष्ट्रिय उत्पादकत्व ९.३८ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व १२.७१मे.ट/हे. हुन गई प्रति हेक्टर ३.३३ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ५३४९६.४५ मे.ट थप उत्पादन गर्न सफल भएको छ। प्रचलित बजार मूल्यअनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. २ अर्ब १३ करोड ९८ लाख बराबरको योगदान गरेको छ भने यसको मूल्यअभिवृद्धिबाट करिब थप रू.१ अर्ब ६९ करोड ९२ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले सुन्तलाजात फलफूल मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. ३ अर्ब २० करोड ९७ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः३० हेर्नुहोस्)

### १४.२.३ स्याउ/ओखर (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था

स्याउ/ओखरलाई कार्यक्रमले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने वस्तुका रूपमा लिएको छ। आधार वर्ष आ.व २०७२/७३ मा नेपालमा स्याउको कूल क्षेत्रफल ११४८७ हे. रहेकोमा उत्पादनमूलक क्षेत्रफल ५६२५ हे. रहेको थियो। स्याउ ओखरको उत्पादकत्व ७.२९ रही सो क्षेत्रफलमा ४१००६ मे.ट उत्पादन रहेको देखिन्छ। आ.व २०८१/८२ मा आइपुग्दा नेपालमा स्याउ/ओखरको कूल क्षेत्रफल १७८९१ हे. रहेको छ भने उत्पादनमूलक क्षेत्रफल ७९०५ हे. पुगेको छ। यस अवधिमा स्याउ/ओखरको उत्पादकत्व ८.६७ पुग्न गई ६८५४३ उत्पादन भएको छ।

#### क) स्याउ/ओखरबाली प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा जुम्ला,मनाङ, मुस्ताङ लगायतका जिल्लाहरूमा स्याउ/ओखरका १ वटा सुपरजोन १२ वटा जोन, ८७ ब्लक र ३३२ पकेट गरी ४३२ वटा उत्पादन सम्भागहरूमा कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा ६५ हे.क्षेत्रफलमा उच्च घनत्व स्याउ (High Density Apple) को क्षेत्र विस्तार भएको छ भने कार्यक्रमले ८९२६ हे. क्षेत्रफलमा कार्यक्रम सञ्चालन गरेको छ। देशको समग्र स्याउ/ओखर फलफूलमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः ४९.८९ र ६४.२ प्रतिशत योगदान गरेको छ। आ.व २०८२/८३ मा आइपुग्दा यसको राष्ट्रिय उत्पादकत्व ८.६७ मे.ट/हे. हुँदा

NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व ८.७२मे.ट/हे. हुन गई प्रति हेक्टर ०.०५ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ४४६.३ मे.ट थप उत्पादन गर्न सफल भएको छ। प्रचलित बजार मूल्य अनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. १ करोड ७८ लाख बराबरको योगदान गरेको छ भने यसको मूल्य अभिवृद्धिबाट करिब थप रू. ९९ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले स्याउ/ओखर फलफूलमार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू.२ करोड ७७ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः ३० हेर्नुहोस्)

**तालिका २५: बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व**

क्षेत्रफल (हे.) उत्पादन (मे.टन), उत्पादकत्व (मे.टन./हे.)

| वर्ष | दूध | | | माछा | | | मासु | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | संख्या | उत्पादन | उत्पादकत्व |
| २०७२/७३ | १७२४८२३ | १७२४८२३ | ०.८४ | १५७४६ | ७७००० | ४.८९ | १०२५१५६९ | १४३५२१ | ०.०१ |
| २०७३/७४ | - | १९११२३९ | - | - | ८३८९८ | - | - | ३३२५४४ | |
| २०७४/७५ | - | २०९२४०३ | - | - | ८६५४४ | - | - | ३४७३५२ | |
| २०७५/७६ | - | २१८६४३४ | - | - | ९१८३२ | - | - | ३५७०८१ | |
| २०७६/७७ | - | २३०१००० | - | - | ९७२७१ | - | - | ५५२१५६ | |
| २०७७/७८ | - | २४७९८९९ | -- | - | १०४६२३ | -- | - | ५२०७४२ | |
| २०७८/७९ | - | २५६६६१४ | - | - | १०८३८५ | - | - | ५१२७८८ | |
| २०७९/८० | - | २६१३८४३ | - | - | ११३७३६ | - | - | ४३००८५ | |
| २०८०/८१ | - | २६८३८७५ | - | - | १२३४०३ | - | - | ४४७७६७ | |
| २०८१/८२ | | २६९५७९२ | | २३०४८ | १२४००० | ५.८० | | ४५३५४४ | |
| २०८२/८३ | | | | | | | | | |

स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, Statistical Information on Nepalese Agriculture

**नोटः NAMP वृद्धि गरेकोले स्याउको उत्पदकत्व कमि छ,Check it.**

### १४.२.४ आँप (आ.व.२०७२/७३-२०८१/८२ सम्मको अवस्था

आँपलाई यस कार्यक्रमले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने बालीवस्तुका रूपमा लिएको छ। नेपालमा हाल ५२९७५ हे. क्षेत्रफलमा आँपको खेती भई ५१७३५२ मे.ट आँप उत्पादन भई रहेको छ भने आँपको उत्पादकत्व ११.६४ मे. ट/हे रहेको छ। आ.व २०७२/७३ मा राष्ट्रियस्तरमा आँपको उत्पादकत्व ६.९५ मे.ट प्रति हे. रहेको थियो।

**क) आँप बाली प्रवर्द्धनमा** NAMP **को योगदान**

कार्यक्रम अवधिमा सिराहा, सप्तरी, धनुषा लगायतका जिल्लाहरूमा आँपका ४ वटा जोन, २८ वटा ब्लक र १२४ पकेट गरी १५६ वटा उत्पादन सम्भागहरूमा कार्यक्रमहरू सञ्चालन भएका छन्। ती जिल्लाहरूमा NAMP कार्यक्रमले २८७० हे. क्षेत्रफलमा कार्यक्रम सञ्चालन गरेको छ। देशको समग्र आँप बालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः ५.४२ र ६.१९ प्रतिशत योगदान गरेको छ। आ.व २०८२/८३ मा आइपुग्दा यसको राष्ट्रिय उत्पादकत्व ११.६४ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व १३.३३ मे.ट/हे. हुन गई प्रति हेक्टर १.६९ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ४८५०.३ मे.ट उत्पादन थप गर्न सफल भएको छ।

प्रचलित बजार मूल्य अनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. १९ करोड ४० लाख बराबरको योगदान गरेको छ भने यसको मूल्य अभिवृद्धिबाट करिब थप रू. ६ करोड ७९ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले आँप मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. २६ करोड १९ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः३० हेर्नुहोस्)

### १४.२.५ केरा (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

केरालाई यस कार्यक्रमले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने वस्तुको रूपमा लिएको छ। नेपालमा हाल २५९७२ हे. क्षेत्रफलमा केराको खेती भई ३८६७५१ मे.ट उत्पादन रहेको छ भने केराको राष्ट्रिय औसत उत्पादकत्व १६.३८ मे. ट/हे रहेको छ। आ.व २०७२/७३ मा राष्ट्रियस्तरमा केराको उत्पादकत्व १६.५० मे.ट प्रति हे. रहेको थियो।

**क) केरा बाली प्रवर्द्धनमा** NAMP **को योगदान**

रौतहट, चितवन, रूपन्देही, कैलाली लगायतका जिल्लाहरूमा केराका १ सुपरजोन, ४ वटा जोन, ३४ वटा ब्लक र १६४ वटा पकेट गरी कूल २०४ वटा उत्पादन सम्भागहरूमा कार्यक्रम सञ्चालन भएका छन्। ती जिल्लाहरूमा NAMP कार्यक्रमले ४३८९ हे. क्षेत्रफलमा कार्यक्रम सञ्चालन गरेको छ। देशको समग्र केराबालीमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः १६.९० र ५१.५७ प्रतिशत योगदान गरेको छ। आ.व २०८२/८३ मा आइपुग्दा यसको राष्ट्रिय उत्पादकत्व १६.३८ मे.ट/हे. हुँदा

NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व ४९.९९ मे.ट/हे. हुन गई प्रति हेक्टर ३३.६१ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप १४७५१४.२९ मे.ट उत्पादन थप गर्न सफल भएको छ।
प्रचलित बजार मूल्य अनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ५ अर्ब १६ करोड ३० लाख बराबरको योगदान गरेको छ भने यसको मूल्य अभिवृद्धिबाट करिब थप रू. ६ अर्ब ७१ करोड १९ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले केरा मार्फत राष्ट्रिय अर्थतन्त्रमा कूल रू. ११ अर्ब ८७ करोड ४९ लाख बराबरको योगदान गर्न सफल भएको छ। (तालिकाः३० हेर्नुहोस्)

### १४.२.६ माछा (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)


माछालाई यस कार्यक्रमले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने र पोषण सुरक्षामा योगदान दिने प्रमुख वस्तुको रूपमा लिएको छ। नेपालमा आ.व २०७२/७३ मा १५६४४ हे. जलाशय क्षेत्रफलमा माछा पालन हुने गरेकामा माछाको उत्पादन ७७००० मे.ट. र उत्पादकत्व ४.८९ मे.ट/हे. थियो। हाल माछा पालन हुने क्षेत्रफल २३०४८ हे. रहेको छ भने माछाको राष्ट्रिय उत्पादकत्व ५.३८ मे.ट/हे. भई १२४००० मे.ट उत्पादन रहेको छ।

#### क) माछा प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा धनुषा, बारा, रूपन्देही लगायत तराईका जिल्लाहरूमा माछामा कूल ३ वटा सुपरजोन, ११ वटा जोन, ६१ ब्लक र २९६ पकेट गरी ३७१ वटा उत्पादन सम्भागहरूमा कार्यक्रमहरू सञ्चालन भएका छन्। कार्यक्रमले कूल १८७३ हे. क्षेत्रफलमा माछा पालनको क्षेत्र विस्तार गरी कूल १०२४३ हे. क्षेत्रफलमा आफ्नो सेवा प्रवाह गरेको छ। देशको समग्र माछापालन क्षेत्रमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः ४४.४ र ३४.० प्रतिशत योगदान गरेको छ कार्यक्रमले नयाँ मत्स्य पोखरी निर्माण तथा पूराना पोखरी मर्मत सम्भार, मत्स्य ह्याचरी तथा मत्स्य नर्सरी स्रोतकेन्द्र स्थापना, माछा पोखरीको सिंचाइ सहयोग, जिउँदा माछा पसल स्थापना सहयोग, माछा दाना उद्योग स्थापना कार्यक्रम, माछापालनमा आवश्यक कृषि यन्त्र उपकरण वितरण माछा भुरा, चुन तथा महाजाल वितरण, माछा संकलन तथा बजारीकरण सहयोग,माछा पोष्ट हार्भेष्ट प्रविधि सहयोग,माछा प्राथमिक प्रशोधन उद्योग स्थापना सहयोग, माछा उत्पादन प्रविधि प्रदर्शन, चक्लाबन्दीमा माछापालन जस्ता सहयोगहरू उपलब्ध गराउँदै आएको छ।

आ.व २०८१/८२ मा आइपुग्दा यसको राष्ट्रिय उत्पादकत्व ५.३८ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व ५.८० मे.ट/हे. हुन गई प्रति हेक्टर ०.४२ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ४३०२.०६ मे.ट उत्पादन थप गर्न सफल भएको छ। प्रचलित बजार मूल्यअनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ८६ करोड ४ लाख बराबरको योगदान गरेको छ भने यसको मूल्यअभिवृद्धिबाट करिब थप रू. ३० करोड ११ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले माछामार्फत राष्ट्रिय अर्थतन्त्रमा कूल रू.१ अर्ब १६ करोड १५ लाख बराबरको योगदान गर्न सफल भएको छ। माछाको Per Capita Fish Availability ४.२९ (Kg) रहेको हुँदा पोषण सुरक्षामा समेत महत्वपूर्ण योगदान दिएको छ।

*चित्र ६: माछा आयातको अवस्था*




(श्रोतः केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र)

यस अवधिमा माछाको आयात (उच्च बिन्दु) १२८६९ प्रतिवर्ष रहेकोमा सो बाट घटेर आयात ४८८६ मे.ट मात्र रहेको छ (श्रोतः केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र)। यस प्रकार माछाले ७९८३ मे.ट प्रतिवर्ष आयात प्रतिस्थापन गर्दै Gross Domestic Product (GDP) मा ०.३७ % योगदान दिएको छ भने Agriculture Gross Domestic Product (AGDP) मा १.५ प्रतिशत योगदान गरेको छ।

## तालिका २६: बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व

क्षेत्रफल (हे.)उत्पादन (मे.टन), उत्पादकत्व (मे.टन./हे.)

| आ.व | अलैंची | | | कफी | | | अदुवा/बेसार | | | मह | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| २०७२/७३ | १२८०५ | ६८४० | ०.५३ | २०३१ | ४०६ | ०.२० | ३१७७० | ३९४९०१ | १२.४३ | २४०००० | ३६०० | ०.०२ |
| २०७३/७४ | १७००२ | ६४३९ | ०.३७ | २६४६ | ४६६ | ०.१७ | २९४२६ | ३४५५०३ | ११.७४ | २४०००० | ३९५० | ०.०१६ |
| २०७४/७५ | १७००४ | ६८४९ | ०.४० | २६५० | ५१३ | ०.१९ | ३०३०० | ३५५५०० | ११.७३ | २४२००० | ३९८० | ०.०१६ |
| २०७५/७६ | १५०५५ | ७९५४ | ०.५२ | २७६१ | ५३० | ०.१९ | ३२२९२ | ३८३३३१ | ११.८७ | २४२५०० | ३९९० | ०.०१६ |
| २०७६/७७ | १६५६५ | ९५४५ | ०.५७ | २७१४ | ५०५ | ०.१८ | ३३२९५ | ३९८८५२ | ११.९७ | २४८०३७ | ३९९७ | ०.०१६ |
| २०७७/७८ | १५६६८ | ८२८९ | ०.५२ | ३०५२ | ३१५ | ०.१० | ३२२५२ | ३८४९२५ | ११.९३ | २४९६८० | ४०६२ | ०.०१६ |
| २०७८/७९ | १५९७५ | ८७१४ | ०.५४ | ३३४६ | ३५५ | ०.१० | ३३२८८ | ३९८८८७ | ११.९८ | २४८९९५ | ५१६८ | ०.०२० |
| २०७९/८० | १५९७५ | ८६७४ | ०.५४ | ३६५९ | ३९४ | ०.१० | ३२८५१ | ३९९९६१ | १२.१७ | २४५०१० | ४३०८ | ०.०१७ |
| २०८०/८१ | १६३८२ | ८८०८ | ०.५४ | ४३०५ | ५०१ | ०.११ | ३१२३७ | ३७९१७० | ११.५५ | २५०५०० | ४३७० | ०.०१५ |
| २०८१/८२ | १७४२४ | ९७७५ | ०.५६ | ४३०५ | ५०१ | ०.११ | ३४४५१ | ४१४९९४ | १२.०४ | २५५११० | ४४३० | ०.०१७ |
| २०८२/२०८३ | | | | | | | | | | | | |

स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, Statistical Information on Nepalese Agriculture

## १४.३ निर्यात प्रवर्द्धन भई राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बालीहरू

कार्यक्रमका दस्तावेजहरूले अलैंची, कफी, अदुवा/बेसार र महलाई उत्पादनमा वृद्धि गरी, निर्यात प्रवर्द्धन भई राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बालीका रूपमा पहिचान गरेको छ। यस खण्डमा कार्यक्रम अवधिमा यी बालीहरूको क्षेत्रफ़ल एवं उत्पादनको अवस्थामा आएको परिवर्तन, समग्र कृषि र निर्यातका क्षेत्रमा पुगेको योगदान विश्लेषण गर्ने प्रयास गरिएको छ।

### १४.३.१ कफी (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

कफीलाई कार्यक्रमका दस्तावेजहरूले निर्यात प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बालीको रूपमा पहिचान गरेको छ। नेपालमा आधार वर्ष आ.व.२०७२/७३ मा कफीको क्षेत्रफल २६५० हे. उत्पादकत्व ०.२० र उत्पादन ४६६ मे.ट रहेको थियो।आ.व २०८१/८२ मा क्षेत्रफलमा वृद्धि हुन गई ४३०५ हे. पुगेको छ। त्यसैगरी सोही अवधिमा ग्रिन बिन ( Green Bean) को उत्पादन ४६४ मे.ट रहेकोमा ३५ मे.ट. उत्पादन वृद्धि हुन गई हाल ५०१ मे.ट पुगेको छ।

#### क) कफी प्रवर्द्धनमा NAMP को योगदान

कार्यक्रम अवधिमा मुख्यत गुल्मी, अर्घाखाँची, स्याङजा, पाल्पा जिल्लाहरूमा कफीका १ सुपरजोन, १ जोन, २० वटा ब्लकहरू र ९२ वटा पकेट कार्यक्रमहरू सञ्चालन भएका छन् भने २९९ हे. क्षेत्रफलमा कफीको क्षेत्र विस्तार गरिएको छ। कार्यक्रमले ४४९ हे. क्षेत्रफलमा सेवा विस्तार गरेको छ। देशको समग्र कफी खेतीको क्षेत्रमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः १०.४२ र १८.३५ प्रतिशत योगदान गरेको छ।

आ.व २०८१/८२ मा आइपुग्दा कफीको राष्ट्रिय उत्पादकत्व ०.१२ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व ०.२७ मे.ट/हे. हुन गई प्रति हेक्टर ०.१५ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ६७.३५ मे.ट उत्पादन थप गर्न सफल भएको छ। प्रचलित बजार मूल्य अनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ४० लाख ४१ हजार बराबरको योगदान गरेको छ भने यसको मूल्य अभिवृद्धिबाट करिब थप रू. १८ लाख १९ हजार प्राप्त भएको छ। यसरी कार्यक्रमले कफी बाली मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. ५८ लाख ६० बराबरको योगदान गर्न सफल भएको छ।

### १४.३.२ अलैंची (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

अलैंचीलाई कार्यक्रमका दस्तावेजहरूले निर्यात प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बालीको रूपमा पहिचान गरेको छ। नेपालमा आधार वर्ष आ.व.२०७२/७३ मा अलैंचीको क्षेत्रफल १२८०५ हे.

रहेको थियो भने उत्पादकत्व ०.५३ मे.ट /हे रही कूल ६८४० मे.ट अलैंची उत्पादन भएको थियो। आ.व. २०८१/८२ मा नेपालमा अलैंची बालीको क्षेत्रफल १७४२४ हे. भएको छ भने यसको उत्पादकत्व ०.५६ मे.ट/ हे रहेको छ। त्यसैगरि अलैंचीको उत्पादन आधार वर्ष भन्दा २९३५ मे.ट ले वृद्धि हुन गई ९७७५ मे.ट भएको छ।

**क) अलैंची बाली प्रवर्द्धनमा NAMP को योगदान**

नेपालका पुर्वी पहाडका जिल्लाहरू ताप्लेजुङ, पांचथर, संखुवासभा, तेह्रथुम, भोजपुर लगायतका जिल्लाहरूमा अलैंचीका १ वटा सुपरजोन,९ वटा जोन, ४८ वटा ब्लक र २७९ वटा पकेट कार्यक्रमहरू सञ्चालन भएका छन् भने २१६९ हे. क्षेत्रफलमा अलैंचीको क्षेत्र विस्तार भई कार्यक्रमले कूल ७७९३ हे. क्षेत्रफल समेटेको छ। देशको समग्र अलैंचीको क्षेत्रमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः ४४.७२ र ४५.४ प्रतिशत योगदान गरेको छ आ.व २०८१/८२ मा आइपुग्दा अलैंचीको राष्ट्रिय उत्पादकत्व ०.५६ मे.ट/हे. हुँदा NAMP कार्यक्रम क्षेत्रको उत्पादकत्व ०.५७ मे.ट/हे. हुन गई प्रति हेक्टर ०.०१ मे.ट उत्पादन थप भएको छ। यस प्रकार कार्यक्रमले थप ७७.९३ मे.ट उत्पादन थप गर्न सफल भएको छ। प्रचलित बजार मूल्य अनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू.१० करोड ९१ लाख बराबरको योगदान गरेको छ भने यसको मूल्य अभिवृद्धिबाट करिब थप रू.६ करोड ५४ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले अलैंची मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. १७ करोड ४५ लाख बराबरको योगदान गर्न सफल भएको छ।

### १४.३.३ मह (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

महलाई कार्यक्रमका दस्तावेजहरूले निर्यात प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बालीको रूपमा पहिचान गरेको छ। आधार वर्ष आ.व.२०७२/७३ मा नेपालमा मौरीघारको संख्या २४०००० रहेको र उत्पादकत्व ०.०२ मे.ट/हे. रहेको थियो । त्यसैगरी सोही अवधिमा महको उत्पादन ३९५० मे.ट रहेको थियो । आ.व.२०८१/८२ मा मौरीघारको संख्या २५५११० पुगेको छ भने उत्पादकत्व ०.०१७ र जम्मा मह उत्पादन ४४३० मे.ट रहेको छ।

**क) मह प्रवर्द्धनमा NAMP को योगदान**

यस कार्यक्रमबाट चितवन, लमजुङ, दांग, जाजरकोट लगायतका जिल्लाहरूमा मौरीपालनका ५ वटा जोन, ५३ वटा ब्लक र २०४ वटा पकेट कार्यक्रमहरू सञ्चालन भएका छन् । देशको समग्र मौरीपालन/मह उत्पादनको क्षेत्रमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः १६.३६ र १८.८४ प्रतिशत योगदान गरेको छ । आ.व २०८१/८२ मा आइपुग्दा NAMP क्षेत्रमा ४१७४७ मौरीघारहरू रहेका छन् भने उत्पादकत्व ०.०२० मे.ट/हे. भई कूल १२५.२ मे.ट मह थप उत्पादन भएको छ। प्रचलित बजार मूल्य अनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. ५ करोड ८ लाख बराबरको योगदान गरेको छ भने यसको मूल्य अभिवृद्धिबाट करिब थप रू. २ करोड ३ लाख प्राप्त भएको छ। यसरी कार्यक्रमले मह मार्फत् राष्ट्रिय अर्थतन्त्रमा कूल रू. ७ करोड ११ लाख बराबरको योगदान गर्न सफल भएको छ।

### १४.३.४ अदुवा/ बेसार (आ.व.२०७२/७३-२०८१/८२) सम्मको अवस्था (राष्ट्रिय)

अदुवा/बेसारलाई कार्यक्रमका दस्तावेजहरूले निर्यात प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बालीका रूपमा पहिचान गरेको छ। नेपालमा आधार वर्ष आ.व.२०७२/७३ मा अदुवा/बेसार बालीको क्षेत्रफल क्रमसः २३८५५ हे र ७९१५ हे. भई जम्मा ३१७७० हे. रहेको थियो भने उत्पादकत्व क्रमसः११.०३ र ९.१५ मे.ट /हे रहेको थियो। यसबाट २६३१४० मे.ट अदुवा र ७२४२५ मे.ट बेसार गरि कुल ३३५५६५ मे.ट उत्पादन भएको थियो। आ.व. २०८१/८२ मा अदुवा बेसारको क्षेत्रफल ३४४५१ हे. उत्पादकत्व १२.०४ मे.ट/हे. र उत्पादन ४१४९९४ मे.ट रहेको छ।

**क) अदुवा/बेसार प्रवर्द्धनमा NAMP को योगदान**

कार्यक्रम अवधिमा मुख्यतः सल्यान, पाल्पा, सुर्खेत, उदयपुर, सिन्धुली, सुनसरी लगायतका जिल्लाहरूमा १० वटा अदुवा/बेसारका जोनहरू, ५२ वटा ब्लकहरू र २७७ वटा पकेट कार्यक्रमहरू सञ्चालन भएका छन्। देशको समग्र अदुवा/बेसारको क्षेत्रमा NAMP कार्यक्रमले क्षेत्रफल र उत्पादनका हिसाबले क्रमशः १५.९६ र २५.५४ प्रतिशत योगदान गरेको छ। आ.व २०८१/८२ मा आइपुग्दा NAMP ले ५४९९ हे. क्षेत्रफलमा कार्यक्रमबाट सेवा प्रदान गरेको छ भने कार्यक्रम क्षेत्रको उत्पादकत्व १९.२८ मे.ट/हे. रहेको छ। कार्यक्रमले ३९८१३ मे.ट उत्पादनमा थप वृद्धि गरेको छ। प्रचलित बजार मूल्य अनुसार यसले राष्ट्रिय अर्थतन्त्रमा करिव रू. २ अर्ब ५८ करोड ७८ लाख बराबरको योगदान गरेको छ भने यसको मूल्य अभिवृद्धिबाट करिब थप रू. ९० करोड प्राप्त भएको छ। यसरी कार्यक्रमले अदुवा/बेसार बाली मार्फत् राष्ट्रिय अर्थतन्त्रमा करिब रू. ३ अर्ब ४७ करोड बराबरको योगदान गर्न सफल भएको छ।

### १४.४ प्राथमिकता प्राप्त बालीवस्तुहरूको आयात निर्यातको अवस्था

नेपालमा आ.व २०८१/८२ मा करिब २०५ अर्बको कृषिवस्तुहरू आयात भएको छ भने करिब १२७ अर्बको मात्र निर्यात भएको देखिन्छ। तथ्यांङ्क अनुसार करिब ७८ अर्बको कृषि व्यापार घाटामा सञ्चालन रहेको छ। आयात तर्फ खाद्यान्न बालीको अंश प्रमुख छ भने तरकारी, फलफूल र प्रशोधित खाद्यवस्तुको आयात उल्लेख्य पनि छ। निर्याततर्फ चिया, मसलाबाली (अलैंची, अदुवा) जस्ता सीमित बालीवस्तुहरूको मात्र योगदान छ। पछिल्ला समयमा खाने तेलको कच्चा पदार्थ आयात गर्ने र प्रशोधित तेल निर्यात हुने हुँदा निर्यात व्यापारको अंक केही सुधारात्मक देखिएको छ।

तालिका २७: प्राथमिकता प्राप्त बालीवस्तुहरूको आयात निर्यातको अवस्था

| बाली वस्तु | आ.व | आयात | | निर्यात | |
|---|---|---|---|---|---|
| | | मे.ट | मूल्य रू. अर्ब | मे.ट | मूल्य रू. करोड मा |
| धान/चामल | २०७२/७३ | ५३४९०० | २२.५ | - | - |
| | २०८१/८२ | ७७५२०० | ४०.१८ | - | - |
| मकै | २०७२/७३ | ३००००० | १५ | - | - |
| | २०८१/८२ | ६००००० | ३० | - | - |
| गहुँ | २०७२/७३ | - | - | - | - |
| | २०८१/८२ | ७५१६२ | ३.७५ | - | - |
| तरकारी | २०७२/७३ | १५००००० | १५ | १५००० | १५ |
| | २०८१/८२ | ४००००० | ३० | २५००० | ३० |
| आलु | २०७२/७३ | १८९२३४ | ४.२० | - | - |
| | २०८१/८२ | २२३७०६ | ५.० | - | - |
| तेलहन | २०७२/७३ | ५००००० | ९० | १५००० | १२० |
| | २०८१/८२ | १३५००००० | २०० | १०००००० | १००० |
| दलहन | २०७२/७३ | १२०००० | ११ | १५००० | १५ |
| | २०८१/८२ | १६०००० | १७ | ७५०० | १२ |
| सुन्तलाजात फलफूल | २०७२/७३ | ३०६६५ | २२.९० | - | - |
| | २०८१/८२ | - | - | - | - |
| स्याउ | २०७२/७३ | ६१९१६ | ३.५ | - | - |
| | २०८१/८२ | ८२१४५ | १२ | - | - |
| आँप | २०७२/७३ | ९५०० | ०.४५ | - | - |
| | २०८१/८२ | ९०००० | १ | - | - |
| केरा | २०७२/७३ | ४५००० | १.३ | - | - |
| | २०८१/८२ | १४०००० | २.३ | - | - |
| कफी | २०७२/७३ | ९९ | ५.४ | ९४.६० | ०.०८४ |
| | २०८१/८२ | २०३ | १४.४१ | ६४ | १.४३ |
| अलैंची | २०७२/७३ | - | - | २६१० | ४२१ |
| | २०८१/८२ | - | - | ४२९९ | ७६० |
| अदुवा/बेसार | २०७२/७३ | - | - | ३९०७ | ३३० |
| | २०८१/८२ | - | - | १०८०७ | ११९० |
| मह | २०७२/७३ | ४६५ | १०.४७ | ३८ | ०.६७ |
| | २०८१/८२ | ८०८ | १७.६२ | १०.५ | ०.२१ |
| माछा | २०७२/७३ | ११२२० | १३० | - | - |
| | २०८१/८२ | ४८८६ | ०.९३ | - | - |
| मासु | २०७२/७३ | - | - | - | - |
| | २०८१/८२ | १५००० | ४ | - | - |
| दुग्ध पदार्थ | २०७२/७३ | - | - | - | - |
| | २०८१/८२ | ३०००० | १२ | - | - |

**धान/चामलः** तथ्याँक अनुसार नेपालमा वार्षिक करिब १० लाख मे.ट धान/चामलको अपुग हुने देखिएको छ। आ.व २०८१/८२ मा करिब रू. ४० अर्ब १८ करोड मूल्य बराबरको ७ लाख ७५ हजार २०० मे.ट धान/चामल आयात भएको छ। विगत १० वर्षमा ७८.५७ प्रतिशतले चामलको आयातमा वृद्धि भएको छ।

**मकैः** मकैको उत्पादन र उत्पादकत्वमा उल्लेखनीय वृद्धि भएता पनि आ.व २०८१/८२ को तथ्याङ्क अनुसार नेपालमा  वार्षिक करिब १४ अर्ब ६५ करोड मूल्य बराबरको ३ लाख पचास हजार मे.ट मकै आयात भएको छ।

**गहुँः** नेपाल गहुँ बालीमा आत्मनिर्भर भई हाल ७१४४०४ मे.ट गहुँ मौज्दात हुन आएको देखिन्छ।  आधार वर्षको तुलनामा १५८८१९ मे.टन गहुँको मौज्दात वृद्धि समेत भएको छ।  नेपालमा गहुँको उत्पादन चैत्र/बैसाखमा मात्र हुने तर उद्योगहरूमा कच्चा पदार्थको माग साल भरि नै हुने हुनाले मैदाजन्य उद्योगहरूमा कच्चा पदार्थका रूपमा आ.व २०८१/८२ मा करिव रु.२ अर्ब ६४ करोड बराबरको ७५१६२ मे.ट गहुँ आयात भएको देखिन्छ।

**तरकारीः** नेपालमा विगत दश वर्षमा तरकारी उत्पादनमा उल्लेख्य प्रगति भएता पनि आत्मनिर्भर हुन भने सकिएन।  आयात निर्यातको उल्लिखित तालिका अनुसार तरकारी बालीको आयात बढ्दो क्रममा देखिन्छ। तालिका २५ हेर्नुहोस

**आलुः** नेपालमा विगत दश वर्षमा आलु उत्पादनमा उल्लेख्य प्रगति भएता पनि आत्मनिर्भर हुन भने सकिएन।आयात निर्यातको उल्लिखित तालिका अनुसार आलु बालीको आयात बढ्दो क्रममा देखिन्छ। तालिका २५ हेर्नुहोस

**दलहनः** दलहन बाली उत्पादन र निर्यातमा विगतका वर्षहरूमा नेपालको स्थान दक्षिण एसियामा नै महत्वपूर्ण रहेको थियो। दलहन बालीको हालको अवस्था हेर्दा नेपालको सो स्तर कायम रहन नसकेको देखिन्छ। तालिका २५ हेर्नुहोस

**तेलहनः** विगतका वर्षहरूमा नेपाल खानेतेलको आयातकर्ता मात्र रहेकोमा पछिल्लो समय आयात- प्रशोधन-निर्यात गर्ने परिपाटी विकास भएको देखिन्छ। विगत दश वर्षमा आयातमा आधारित प्रशोधन र निर्यात उल्लेख्य रूपमा बढेको देखिन्छ। तालिका २५ हेर्नुहोस

**सुन्तला जात फलफूलः** सुन्तला जात फलफूलको उत्पादन र उत्पादकत्वमा उल्लेखनीय वृद्धि भएता पनि आ.व २०८१/८२ को तथ्याङ्क अनुसार नेपालमा वार्षिक करिब २२ अर्ब ९० करोड मूल्य बराबरको ३०६६५ मे.ट सुन्तलाजात फलफूल आयात भएको देखिन्छ। यस प्रकार सुन्तलाजात फलफूल बालीले आयात प्रतिस्थापन गर्ने लक्ष्यमा सामान्य योगदानमात्र गर्न सकेको देखिन्छ।

**स्याउः** आ.व. २०८१/८२ मा नेपालमा ८२१४५ मे.ट स्याउ आयात भएको देखिन्छ। सो को आयात मूल्य करिब रू. १२ अर्ब रहेको छ।

**आँपः** आ.व. २०८१/८२ मा नेपालमा ९०००० मे.ट आँप आयात भएको देखिन्छ। सो को आयात मूल्य करिब रू. १ अर्ब रहेको छ।

**केरा** : आ.व. २०८१/८२ मा नेपालमा १४०००० मे.ट केरा आयात भएको देखिन्छ। सो को आयात मूल्य करिब रू. २ अर्ब रहेको छ।

**कफी** : कफी मूल्य अभिवृद्धि श्रृंखलाका धेरैजसो आन्तरिक सूचकहरू सकारात्मक भएता पनि निर्यात भन्दा आयात पक्ष २० (Monitory Value) प्रतिशतले सबल देखिएको छ। त्यसैले निर्यात प्रवर्द्धन गर्ने लक्ष्यमा यसले अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेन। उत्पादन भएको कफी आन्तरिक खपतमा गएको हुँदा यसले कृषकहरूको आयवृद्धिमा भने योगदान गरेको देखिन्छ। स्रोतः राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

**अलैंचीः** अलैंची मूल्य अभिवृद्धि श्रृंखलाका धेरैजसो आन्तरिक सूचकहरू सकारात्मक भएको हुनाले निर्यात पक्ष सबल देखिएको छ। कार्यक्रमको लक्ष्य अनुसार अलैंचीले निर्यात प्रवर्द्धनमा उल्लेख्य योगदान गरेको देखिन्छ।

**अदुवा/बेसारः** मूल्य अभिवृद्धि श्रृंखलाका सबै आन्तरिक सूचकहरू सकारात्मक भएको हुनाले निर्यात पक्ष सबल देखिएको छ। कार्यक्रमको लक्ष्य अनुसार अदुवा/ बेसारले निर्यात प्रवर्द्धनमा उल्लेख्य योगदान गरेको देखिन्छ। (स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय,(Statistical Information on Nepalese Agriculture)

**महः** मह मूल्य अभिवृद्धि श्रृंखलाका आन्तरिक सूचकहरू थोरै मात्र सकारात्मक देखिएका छन् । निर्यात भन्दा आयात पक्ष सबल देखिएको छ। त्यसैले महले निर्यात प्रवर्द्धन गर्ने लक्ष्यमा यसले अपेक्षाकृत योगदान गर्न सकेन। कोभिड महामारी पछि नेपालमा महको आन्तरिक खपत वृद्धि हुन गएको हुँदा उत्पादकहरूले नै महको उत्पादन र बिक्रीलाई जोडेर व्यावसाय गरिरहेको देखिन्छ। निर्यात गर्ने परिमाणमा महको उत्पादन नहुनु र आन्तरिक बजारमा राम्रो मूल्य प्राप्त हुनु र उत्पादन भएको मह आन्तरिक खपतमा गएको हुँदा यसले ब्यवसाय सृजना, उत्पादकहरूको आयवृद्धि र पोषण सुरक्षाको लक्ष्यमा सकारात्मक योगदान गरेको देखिन्छ। (श्रोतः मौरीपालन विकास केन्द्र, चितवन)

**माछाः** माछा मूल्य अभिवृद्धि श्रृंखलाका आन्तरिक सूचकहरू सकारात्मक देखिएका छन्। निर्यात भन्दा आयात पक्ष सबल हुन गई आधार वर्षको तुलनामा उल्लेख्य परिमाणमा आयात घट्न गएको छ।

## परिच्छेद- १५
## कार्यक्रमबाट हासिल भएका उपलब्धिहरू

यस खण्डमा समग्र कार्यक्रमबाट भएका Interventions हालसम्म भएका प्रगति, तत्काल हासिल भएका उपलब्धिहरू र कार्यक्रमबाट पर्ने दीर्घकालीन प्रभावहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । प्रतिफल र हासिल भएका उपलब्धिहरूलाई हेर्दा कतिपय प्रतिफलहरू मापनयोग्य र स्पष्ट देखिएका छन् भने कतिपय प्रतिफलहरूलाई तुलनात्मक र विश्लेषणात्मक आधारमा हेरिएका छन्।

### १५.१ हासिल भएका उपलब्धिहरूको संक्षेप

पर्याप्त नीतिगत व्यवस्था, ऐन, नियम र सहयोगी निकायहरू नहुँदा नहुँदै पनि कार्यक्रमबाट भूमिको बैज्ञानिक उपयोग सम्बन्धी उल्लेखनीय प्रयासहरू भएका छन्। कृषि नीति २०६१ ले दुई दशक अगाडि नै परिकल्पना गरेको भूमि बैंकको आवश्यकता र सान्दर्भिकता स्पष्ट भएको छ। बिशेषगरी जग्गा भाडामा लिएर खेती गर्ने कृषकहरूको व्यवसायिक पाटो उजागर भएको छ। विभिन्न बालीवस्तुहरूमा उल्लेख्य संख्यामा आधुनिक प्रविधिहरू प्रयोग भएका छन्। ८१५ वटा श्रोतकेन्द्रहरूको स्थापना/सुधार गरी बीउ, बेर्ना, बिरूवा, भुरा, उन्नत नश्लका पशुवस्तुहरू उत्पादन र आपूर्ति भएका छन्। १८२१९ वटा सानासिंचाइहरूको मर्मत, निर्माण सुधार गरी कृषकहरूलाई प्रत्यक्ष सेवा पुर्याईएको छ। ६१४ वटा कष्टम हायरिंग सेन्टरहरू स्थापना भएका छन् भने ६३१४९ मेसिनरी औजारहरू सहुलियत दरमा वितरण भई कृषिमा यान्त्रिकीकरणको आवश्यकताको अवधारणा स्थापित भएको छ।

१९१७ संरचनाहरू निर्माण भई ती मार्फत कृषिमा मूल्य श्रृंखला अभिवृद्धि र बजार व्यवस्थापनका कार्यहरू भएका छन्। ५ वटा कृषि विश्वविद्यालय तथा कलेजहरू र ३३४ वटा प्राविधिक शिक्षालयहरूसंग समन्वय भई १८३७३ प्रशिक्षार्थीहरूको क्षमता अभिवृद्धि गरिएको छ। ४३४६२ हे. क्षेत्रफलमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम मार्फत् उत्पादनमा वृद्धि गरी रू. ८ करोड, ८५ लाख ९८ हजार अनुदान वितरण भएको छ। प्राथमिकता प्राप्त बालीहरूको ६६५४९ हे. क्षेत्र विस्तार गरिएको छ। भूमिको वैज्ञानिक उपयोग, कस्टम हायरिङ्ग सेन्टर, कृषि प्रसार- शैक्षिक संस्था - अनुसन्धान बीच कार्यमूलक समन्वय, कृषिका सहयोगी मन्त्रालयहरू र निकायहरूसंग कार्यक्रम बजेट सहितको समन्वय, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान, तीन तहका सरकारहरूसंग कार्यक्रम बजेट सहितको समन्वय जस्ता नवीन अभ्यासहरू सुरूवात भएका छन्। प्रगति तथा उपलब्धिहरूको विवरण तालिका २६ मा उल्लेख गरिएको छ।

### १५.२ कार्यक्रमका मुख्य मुख्य हस्तक्षेपहरू (Interventions) र प्रगति विवरण

कार्यक्रम अवधिमा ८ वटा रणनीतिहरूमा भएका मुख्य मुख्य हस्तक्षेपहरू (Interventions), ती हस्तक्षेपहरूबाट तत्काल देखिएका उपलब्धिहरू (Out-Comes) र तीनका दीर्घकालीन प्रभावहरूलाई (Impacts) तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका २८: आ.व २०८१/८२ सम्म कार्यक्रमका मुख्य मुख्य हस्तक्षेपहरू र प्रगति विवरण**

| क.स. | कार्यक्रम (Interventions) | एकाइ | आ.व. २०८१/८२ सम्मको प्रगति (Outputs) | तत्काल देखिएका उपलब्धिहरू (Out-Comes) | दीर्घकालीन प्रभावहरू (Impacts) |
|---|---|---|---|---|---|
| **क)** | **भूमिको बैज्ञानिक उपयोग सम्बन्धी** | हेक्टर | | तरकारी, माछा, केरा जस्ता बालीहरूमा बृहत्तर उत्पादन क्षेत्र (Production Hub) का रूपमा विकास भएको छ । प्रविधि र मेसिनहरूको प्रयोग गर्ने प्रणाली स्थापित भएको छ। उत्पादन लागत न्यूनीकरण भएको छ, उत्पादनमा उल्लेख्य वृद्धि भएको छ। Value Chain का पात्र (Actors) हरू व्यापारी, बिचौलिया र ढुवानीकर्ताहरूका क्रियाकलापहरू वृद्धि हुनाले बजारीकरण सहज हुनुका साथै प्रतिस्पर्धी मूल्यसमेत प्राप्त भएको छ। | तरकारी, केरा, माछा, मसला बालीहरूमा स्पष्ट देखिने गरी करोडमा मुनाफा हुने स्तरको व्यावसायिकता विकास भएको छ। विदेशबाट फर्केका युवा, बाहिरी जिल्लाबाट आएका कृषकहरूको लागि रोजगारी र आयआर्जनका अवसर सृजना भएका छन्। कानुनी र नीतिगत आधारहरू तयार गरी बांझो र खेर गइरहेको जमिनको Inventory सहित भूमि बैंकको स्थापना गरी यी जग्गाहरू कृषि कार्यमा लगाउन सकिने पुष्टि भएको छ। |
| १. | जमिनको चक्लाबन्दी (Land Pooling) | हेक्टर | १४२ | | |
| २. | एकलबाली खेती (Crop Pool ing) | हेक्टर | ८५४३ | | |
| ३. | भाडामा जमिन लिएर खेती ( Rented Land) | हेक्टर | ७६८४ | | |
| ४. | बाँझो जमिनको आवादी ( Fallow Land Use) | हेक्टर | १०७५ | | |
| | **जम्मा** | | **१७४४४** | | |
| **ख)** | **प्रविधि/ संरचना सहयोग** | | | कृषिमा प्रविधि हस्तान्तरण भएको छ। जमिनको उत्पादकत्वमा वृद्धि भएको छ। उत्पादनमा वृद्धि हुन गएको छ। | खाद्य सुरक्षा, रोजगारी र आयआर्जनमा वृद्धि भएको छ। |
| १. | उन्नत प्रविधि प्रदर्शन | संख्या | ९१३ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | प्राङ्गारिक/भर्मीमल/ हरियो मल/जैविक मल प्रदर्शन | संख्या | ४६१ | फार्म Waste हरूको सही सदुपयोग भएको छ । गुणस्तरयुक्त गोठेमल, कम्पोस्ट मल निर्माण भएको छ । माटोमा Organic पदार्थ थप भएको छ। | माटोको गुणस्तरमा सुधार भई बाली उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ। रासायनिक मलमाथिको निर्भरता कम भएको छ। हिमाली जिल्लाहरूमा वातावरणमैत्री र दीगो कृषिको अभ्यासमा वृद्धि भएको छ। |
| ३. | बाख्रा/च्याङ्ग्रा खोर निर्माण | संख्या | १९८२ | | |
| ४. | गाईभैसी गोठ निर्माण | संख्या | १८२ | | |
| ५. | भकारो सुधार | संख्या | ७१९९ | | |
| ६. | हाइटेक ग्रीन हाउस | संख्या | १० | पानी, मल लगायतका Input हरूको सही सदुपयोग भएको छ। रोगकीरा लगायत वातावरणीय क्षति न्यूनीकरण भएको छ। उच्च मूल्यका कृषिवस्तुहरूको सिजनल/ अफ सिजन उत्पादनमा वृद्धि भएको छ। | कृषिको व्यवसायीकरण भएको छ। व्यवसायीकरणको निरन्तरता भएको छ। उत्पादित बालीवस्तुको उच्च मूल्य प्राप्त भई कृषकहरूको आयआर्जनमा वृद्धि भएको छ। कृषकहरूको जीवनयापनमा सुधार भएको छ। |
| ७. | सेमीहाइटेक ग्रीनहाउस | संख्या | १२४ | | |
| ८. | प्लाष्टिक टनेल/घर निर्माण | संख्या | ६७१३ | | |
| ९. | किवि थांक्रा र स्याउमा ट्रेलिसिङ्ग सहयोग | हेक्टर | २४६ | | |
| | **जम्मा** | | **१७८३०** | | |
| **ग)** | **श्रोतकेन्द्र स्थापना** | | | खाद्यान्न तथा तरकारीका गुणस्तर युक्त बीउबिजनहरू, फलफूल, कफी, अलैचिका गुणस्तरीय बिरूवाहरू, तरकारीका बेर्नाहरू, उच्च नश्लका पशुवस्तुहरू, माछाका भुराहरू, आलुका PBS बीउ, केराका Tissue culture बेर्नाहरूको उपलब्धता वृद्धि भएको छ। उल्लिखित बालीवस्तुहरूको क्षेत्र विस्तार भएको छ। | आधुनिक र व्यावसायिक कृषिको विकास भएको छ। कृषि फार्म र पशुवस्तुको उत्पादन, उत्पादकत्वमा वृद्धि भई कृषकहरूको आयआर्जनमा वृद्धि भएको छ । खाद्यतथा पोषण सुरक्षामा सुधार भएको छ। |
| १. | बीउ श्रोतकेन्द्र स्थापना | संख्या | ९४ | | |
| २. | बीज वृद्धि कार्यक्रम (धान, मकै, गहुँ) | हे. | ७१९४ | | |
| ३. | फलफूल,तरकारी,मसलाबाली र घाँसबाली श्रोतकेन्द्रहरू | संख्या | ५७० | | |
| ४. | मत्स्य ह्याचरी | संख्या | ३७ | | |
| ५. | पशु नश्ल श्रोत केन्द्र | संख्या | १०२ | | |
| ६. | पशु नश्ल सुधार | संख्या | २५४४ | | |
| ७. | PBS आलु उत्पादनका लागि | संख्या | ८ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्क्रिन हाउस | | | | |
| ८. | टिस्युकल्चर ल्याब स्थापना | संख्या | ४ | | |
| | **जम्मा** | | **८१५** | | |
| **ङ)** | **कृषिमा उत्पादन सामग्री सहयोग** | | | वातावरणमैत्री जैविक विषादी र प्राङ्गारिक मलको उत्पादन भएको छ। रासायनिक मल र बिषादीको प्रयोगमा न्यूनीकरण गर्न सहयोग भएको छ। | मानव र वातावरणीय स्वास्थ्यमा सुधार पुगेको छ। दीगो कृषिको विकासमा सहयोग पुगेको छ। |
| १. | जैविक विषादी उत्पादन कारखाना | संख्या | ८ | | |
| २. | प्राङ्गारिक मल कारखाना | संख्या | १० | | |
| ३. | सानासिंचाइ निर्माण | संख्या | १८२०१ | ३६५२४ हे. जमिनमा सालभरि नै सिंचाइ सुबिधाको सुनिश्चितता भएको छ । बाली प्रणालीमा सुधार र वृद्धि भएको छ। | सालभरि नै हुने उत्पादनको दीगोपनाको सुनिश्चितता भएको छ। खाद्यसुरक्षा र जीवनयापनका अवसरहरूमा वृद्धि भएको छ। |
| ४. | सानासिंचाइ (सिंचित क्षेत्रफल) | हेक्टर | ३६५२४ | | |
| | **जम्मा** | | **१८२१९** | | |
| **च)** | **कृषिमा यान्त्रिकीकरण** | | | मेसिनरी तथा औजार उपकरणहरूको उपलब्धता सहज भएको छ। प्रयोगमा उल्लेखनीय वृद्धि भएको छ। साना र न्यून पूँजी भएका कृषकहरूको समेत पहुँचमा वृद्धि भएको छ। स्थानीय स्तरमा सीप विकास र रोजगारी मिलेको छ । कृषि कार्यमा खर्च हुने समय र मानवश्रम बचत भएको छ। कृषिमा जनशक्ति अभावको समस्या धेरै हदसम्म समाधान भएको छ। प्रविधिप्रतिको सचेतनामा वृद्धि भएको छ। | खेतीपातीको लागत घट्न गई कृषि नाफामूलक भएको छ। दीगो कृषिको अभ्यास मार्फत् ग्रामीण अर्थतन्त्रको सुधार गर्न योगदान पुगेको छ। वातावरण अनुकूलित कृषि प्रणालीको विकास भई कृषकहरूको जीवनयापन सहज भएको छ। |
| १. | कस्टम हायरिङ्ग सेन्टर | संख्या | ६१४ | | |
| २. | साना मेशिनरी औजार | संख्या | ६३१४९ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **छ)** | **मूल्य श्रृंखला अभिवृद्धि र बजार व्यवस्थापन** | | | कृषि उपजहरूको Post-harvest Handling को अवस्थामा सुधार भई क्षति न्यूनीकरण भएको छ । सुरक्षित ढुवानी प्रणालीका कारण क्षति न्यूनीकरण भई बजार सम्बन्धमा सुधार आएको छ। कृषि उपजहरूको मूल्य अभिवृद्धि भएको छ। बजारले मागेको समयमा बजारीकरण गर्न सहज भएको छ। तरकारी, फलफूल, माछा, मासु जस्ता छिट्टै बिग्रने कृषि वस्तुहरूको गुणस्तर कायम राख्न सहज भएको छ। प्रशोधन र स-साना उद्योगहरूका कारण ग्रामीण रोजगारी सृजना भएको छ। | बजारमा कृषकहरूको पहुँच र नियन्त्रणमा वृद्धि भएको छ। कृषि उपजहरूले निरन्तर उच्च बजार मूल्य प्राप्त गरेका छन्। माछा, दुध, तरकारी जस्ता वस्तुमा उत्पादन गुणस्तरमा सुधार हुनुका साथै आयात प्रतिस्थापन भएको छ।<br><br>प्रशोधन र बजारसम्म नै मूल्य अभिवृद्धि श्रृंखलाका पात्रहरूको गतिविधि बढ्न गई रोजगारी र आयआर्जनमा वृद्धि भएको छ। |
| १. | तरकारी तथा फलफूल संकलन केन्द्र | संख्या | ३०६ | | |
| २. | गोदाम घर/भण्डारण घर | संख्या | ६३ | | |
| ३. | घर/कोल्डरूम | संख्या | ९० | | |
| ४. | Rustic Store निर्माण | संख्या | ८३ | | |
| ५. | सेलार स्टोर | संख्या | २२ | | |
| ६. | ढुवानी साधन/माछा – मासुका लागि चिलिङ्ग भ्यान खरिद | संख्या | १४० | | |
| ७. | प्राथमिक प्रशोधन/प्रशोधन उद्योग | संख्या | १८० | | |
| ८. | आलुचिप्स उद्योग | संख्या | १४ | | |
| ९. | सुधारिएको अलैंची भट्टी | संख्या | ८६७ | | |
| १०. | स्याउ ग्रेडिङ्ग मेशिन | संख्या | ९ | | |
| ११. | केरा राइपेनिङ्ग च्याम्वर | संख्या | १८ | | |
| १२. | Total Mixed Ration (TMR) उद्योग निर्माण तथा सञ्चालन | संख्या | २ | | |
| १३. | जिउँदो माछा पसल स्थापना | संख्या | ७३ | | |
| १४. | दुग्ध संकलन केन्द्र स्थापना तथा सुदृढीकरण | संख्या | २९ | | |
| १५. | चिलिङ्ग भ्याट | संख्या | २१ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | | **१९१७** | | |
| **ज)** | **संस्थागत विकास तथा क्षमता अभिवृद्धि** | | | रोगकीरा पहिचान, माटो परीक्षण, खाद्य परीक्षण जस्ता सेवाहरू सहज भएका छन्। समयमा बाली तथा माटाको उपचार भएको छ। स्वच्छ खाध्य पदार्थ बेच बिखनका बारेमा सचेतना वृद्धि भएको छ। | बिरूवा र माटोको स्वास्थ्यमा सुधार भई उत्पादन र आयआर्जनमा वृद्धि भएको छ। खाद्य परीक्षणको सेवा सुधार हुन गएकोले उपभोक्ताहरूको बिश्वास वृद्धि हुदै गएको छ। जनस्वास्थ्यमा सुधार भएको छ। |
| १. | माटो तथा बाली संरक्षण मिनिल्याब | संख्या | ६ | | |
| २. | माटो परीक्षण मोबाइल भ्यान खरिद | संख्या | ८ | | |
| ३. | खाद्य परीक्षण भ्यान खरिद | संख्या | २ | | |
| | **जम्मा** | | **१६** | | |
| **झ)** | **कृषि- शैक्षिक संस्थाबीच समन्वय** | संख्या | ३४१८ | कृषि स्नातक इन्टर्नहरूले कृषक फिल्डको यथार्थताको अनुभव हासिल गरी आफ्नो प्राविधिक एवं व्यवसायिक क्षमतामा सुधार गरेका छन्। कृषकहरूले प्राविधिक सेवा प्राप्त गरेका छन् भने कृषि विश्वविद्यालयहरू र कृषक समुदाय बीच सम्बन्ध सेतु विकास भएको छ। | कृषि स्नातकहरूको Confidence मा वृद्धि भई रोजगारी प्राप्ति गर्ने क्षमता, दरमा समेत वृद्धि भएको छ। ग्रामीण कृषि प्रसार प्रणालीमा सहयोग प्राप्त भई कृषकहरूले उत्पादन बढाउन सकेका छन्। |
| १. | कृषि स्नातक इन्टर्न परिचालन | | | | |
| २. | प्राविधिक शिक्षालयको समन्वय (विद्यार्थी संख्या) | संख्या | ३३४ (१४९५५) | प्राविधिक शिक्षालयहरूको सिकाइको वातावरण, श्रोत, साधन शिक्षकहरूको क्षमतामा सुधार आएको छ। प्रशिक्षार्थीहरूले प्राविधिक र व्यावहारिक ज्ञान, सीप, क्षमतामा सुधार गरेका छन्। | समग्र प्राविधिक शिक्षाको गुणस्तर सुधार हुन गई बजारको आवश्यकता अनुरूपका दक्ष जनशक्तिहरूको उत्पादन भएको छ। रोजगारी र स्वरोजगारीमा वृद्धि हुन गई आयआर्जनमा वृद्धि र जीविकोपार्जनमा सुधार आएको छ। |
| | **जम्मा** | | **१८३७३** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **ट)** | **प्रतिफलमा आधारित प्रोत्साहन अनुदान** | **हेक्टर** | **४३४६२** | कृषकहरू उत्पादन वृद्धि गर्ने तर्फ उत्प्रेरित भएका छन्। उन्नत प्रविधि र कृषि उत्पादनका सामग्रीहरूको प्रयोगमा वृद्धि भई प्रति हे. उत्पादकत्वमा वृद्धि भएको छ । ४२४६२ हे.मा कम्तीमा १० प्रतिशत उत्पादन भएको तथ्य रहेको छ। | बजारमुखी र व्यावसायिक उत्पादन भएको छ। उत्पादन वृद्धिबाट आयआर्जन भई जीवनस्तरमा सुधार भएको छ। कृषकहरूलाई रू. ८ करोड, ८५ लाख ९८ हजार आयआर्जन भएको छ। |
| **ठ)** | **विभिन्न बालीको क्षेत्रफल विस्तार** | | | | |
| १. | खाद्यान्नबालीक्षेत्रफल विस्तार | हेक्टर | २२६७५ | ६६५५० हे. क्षेत्रफलमा खेती विस्तार भएको छ। | जमिनको सदुपयोग हुनका साथै प्रति एकाइ उत्पादन बढेको छ। आयात प्रतिस्थापनमा योगदान पुगेको छ। रोजगारी र आम्दानीमा सुधार भई जीवनस्तरमा सुधार आएकोछ। |
| २. | चैते धानको क्षेत्रफल विस्तार | हेक्टर | १७४८६ | | |
| ३. | फलफूल क्षेत्रफल विस्तार | हेक्टर | ९८२२ | | |
| ४. | तरकारी क्षेत्रफल विस्तार | हेक्टर | ६६०५ | | |
| ५. | आलु बाली क्षेत्रफल विस्तार | हेक्टर | ३६६९ | | |
| ६. | मसलाबाली क्षेत्रफल विस्तार | हेक्टर | ३०५७ | | |
| ७. | दालबाली क्षेत्रफल विस्तार | हेक्टर | १००० | | |
| ८. | कफी क्षेत्रफल विस्तार | हेक्टर | २९९ | | |
| ९. | उच्च घनत्वको स्याउ रोपण | संख्या | ६४ | | |
| १०. | माछा पोखरी निर्माण | हेक्टर | १८७३ | | |
| | **जम्मा** | | **६६५५०** | | |

### १५.३ आधार वर्षको तुलनामा कार्यक्रमबाट हासिल भएका उपलब्धि एवं प्रतिफलहरू

कार्यक्रमबाट हासिल भएका उपलब्धि एवं प्रतिफलहरू मापन गर्नको लागि कार्यक्रमले आधार वर्षमा केही सूचकहरू तय गरेको थियो। तलको तालिकामा ती सूचकहरूमा अधारित भएर कार्यक्रमबाट हासिल भएका उपलब्धि एवं प्रतिफलहरूको बिश्लेषण गर्ने प्रयास गरिएको छ।

**तालिका २९: आधार वर्षको तुलनामा कार्यक्रमबाट हासिल भएका उपलब्धि एवं प्रतिफलहरू**

| सि.नं | आधार वर्षमा तय गरिएका सूचकहरू | उपलब्धिहरू एवं प्रतिफल | उपलब्धि % | कैफियत |
|---|---|---|---|---|
| १. | २०८२/८३ को अन्तमा कम्तीमा ८ लाख ४२ हजार हे. मा विशिष्टीकृत कृषि क्षेत्रहरू निर्माण भएको हुनेछ | आ.व. २०८१/८२ को अन्तमा ९३९३ पकेट, १६९९ ब्लक, २०६ जोन र २१ वटा सुपरजोनले जम्मा ३,८७,८३० हे. क्षेत्रफल ओगटेको छ | ४६ | पकेट र जोनको प्रगति कमी भएकोले लक्ष्य प्राप्त हुन सकेन/अपुग |
| २. | प्रतिवर्ष थप ६.५ लाख मे.ट उत्पादन वृद्धि भएको हुनेछ | आ.व २०८१/८२ को तथ्यांक अनुसार यो आ.वमा ६६२०१७ मे.ट उत्पादन भएको छ | ८०.१९ | प्रतिवर्ष औसत ५११९७५ मे.ट थप उत्पादन भएको छ |
| ३. | आ.व २०८२/८३ सम्ममा करिब ६६ लाख मे.ट कृषि उपज थप उत्पादन हुनेछ | हालसम्म ५११९७५३ मे.ट थप उत्पादन भएको छ (तालिकाः ३० ) | ८० | प्रतिवर्ष औसत ११९७५ मे.ट थप उत्पादन भएको छ |
| ४. | कृषिमा निर्भर रहेको २/३ जनसंख्या कार्यक्रमको अन्त सम्ममा ५५ प्रतिशतमा झार्ने | राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार ५७.३ मा झरेको छ । करिब प्रक्षेपण पूरा भएको छ | ९६ | करिब पूरा |
| ५. | आधार वर्षमा GDP मा कृषि क्षेत्रको योगदान ३२.५ प्रतिशत रहेकोमा कार्यक्रमको अन्तमा २५ प्रतिशतमा झार्ने | आ.व. २०८१/८२ सम्ममा २४.०९ प्रतिशत मा झर्न गई प्रक्षेपण पूरा भएको छ | १०० | पूरा |
| ६. | २० खर्ब ९५ अर्ब ७५ करोड मूल्य बराबरको रकम कूल | दश बर्षमा कूल ग्रार्हस्थ उत्पादनमा कार्यक्रमले मूल्य | नपुग | आ.व २०८१/८२ मा GDP मा समग्र कृषि |

| | | | | |
|---|---|---|---|---|
| | ग्रार्हस्थ उत्पादनमा योगदान पुगेको हुनेछ | अभिबृद्धि सहित करिब रू. २ खर्ब १७ अर्ब ६१ करोड योगदान गरेको छ (तालिकाः १५.७ ) | | क्षेत्रको योगदान नै करिब १५.३ खर्ब रहेको छ । NAMP कार्यक्रमले मात्र करिब २०.९५७ खर्ब योगदान गर्ने सूचक नै यथार्थपरक छैन |
| ७. | कार्यक्रमको अवधिभरमा १५००० पकेट, १५०० ब्लक,३०० जोन र २१ वटा सुपरजोनहरूको स्थापना हुनेछन् | ९३९३ पकेट, १६९९ ब्लक,२१२ जोन र २१ वटा सुपरजोन स्थापना भएका छन् | ८३.३२ | पकेट र जोन तर्फको प्रगति नपुग भएको (सम्भागले ढाकिने क्षेत्रफलको आधारमा) |
| ८. | तीन वर्षभित्र धान, गहुँ र मकै बालीमा आत्मनिर्भर भएको हुनेछ | गहुँमा कार्यक्रम लागु हुनु भन्दा पहिले पनि आत्मनिर्भर रहेको | ० | मकै र धानमा आत्मनिर्भरताको लक्ष्य प्राप्ति हुन नसकेको |
| ९. | कार्यक्रम लागु भएको दुई वर्ष भित्र तरकारी बाली र माछामा आत्मनिर्भर भएको हुनेछ | दुवै बालीमा उत्पादन र उत्पादकत्व उल्लेख्य रूपमा वृद्धि भएता पनि आत्मनिर्भर हुन नसकेको | ० | आत्मनिर्भरताको लक्ष्य प्राप्ति हुन सकेन |
| १०. | कार्यक्रम लागु भएको सात वर्ष भित्र प्रमुख फलफूल बालीमा आत्मनिर्भर हुनेछ | नभएको | ० | आत्मनिर्भरताको लक्ष्य प्राप्ति हुन सकेन |
| ११. | कार्यक्रमबाट ४८०५२३० आंशिक र ३०९०५३ पूर्ण गरी ५११४२८३ रोजगारी सृजना भएको हुनेछ | कार्यक्रमबाट २०५११३४ आंशिक र २२५११७ पूर्ण गरी २२७६२५१ रोजगारी सृजना भएको छ | ४४.५० | कार्यक्रम बजेटमा भारी कटौती र प्रदेश तथा स्थानीय तह मार्फत सृजना भएका रोजगारीका तथ्यांकहरु प्राप्त हुन नसकेको हुंदा |

## १५.४ कार्यक्रमको लगफ्रेममा उल्लिखित लक्ष्यहरूको प्रगतिको विवरण

कार्यक्रमले लगफ्रेम तयार गर्दा केही Qualitative एवं केही Quantitative सूचकहरू प्रस्तुत गरेको छ। यस खण्डमा ती सूचकहरूको आधारमा भएका प्रगतिको सार संक्षेप प्रस्तुत गरिएको छ।

**लक्ष्य १ः मूल्य श्रृङ्खलाका अवयवहरूको संयोजन गरी खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषिमा औद्योगिकीकरण उन्मुख दीगो आर्थिक अवसरहरू सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने**

यस कार्यक्रमबाट प्रतिवर्ष थप ६.५ लाख मे.ट र कार्यक्रम अवधिभरिमा ६६ लाख मे.ट उत्पादन वृद्धि हुने तथा कार्यक्रम लागु भएको तीन वर्ष भित्र प्रमुख खाद्यान्न बाली (धान, गहुँ र मकै) मा आत्मनिर्भर हुने अपेक्षा गरेको थियो। आ.व २०८१/८२ आइपुग्दा प्राथमिकता प्राप्त बालीवस्तुहरूको उत्पादनलाई हेर्दा प्रतिवर्ष औसत ५११९७५ मे.ट थप उत्पादन भएको देखिन्छ। उत्पादनमा उल्लेख्य प्रगति भएता पनि आ.व २०८१/८२ मा ४८ अर्ब बराबरका मुख्य खाद्यान्नहरू आयात भएको देखिएकोले खाद्य पोषण सुरक्षा सुनिश्चित भएको मान्न सकिएन। मुख्य खाद्यान्न बालीहरूमा आत्मनिर्भरताको लक्ष्य प्राप्त हुन सकेन। औद्योगिकीकरण उन्मुख दीगो आर्थिक अवसरहरू सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने लक्ष्य यथार्थपरक देखिएनन।

**लक्ष्य २. कृषिका गुणस्तरीय उत्पादन सामाग्रीहरूको सहज उपलब्धता देखि उपजहरूको प्रशोधन र बजारीकरणसम्मका क्रियाकलापहरूमार्फत मूल्य श्रृंखला मजबुत भएको हुनेछ**

कृषि उत्पादन सामाग्रीहरूमध्ये खाद्यान्न बालीका बीउ, फलफूलका बिरूवाहरू र माछाका भुराका श्रोतकेन्द्रहरूको विकास उल्लेख्य रूपमा भएको छ । बालीवस्तुतर्फ दांगको मकै र मकैको बीउ, चितवन, नवलपरासी, कैलाली लगायतका जिल्लाहरूका केरा र तरकारी, हिमाली जिल्लाहरूको स्याउ, काठमाण्डौ उपत्यकाको तरकारी, काभ्रे, नुवाकोटको आलु, तराईका जिल्लाहरूको धान, सिन्धुली, रामेछाप लगायत मध्य पहाडी जिल्लाहरूको जुनार, सुन्तलाजात फलफूलहरू, धनुषा, रूपन्देही, बारा लगायतका जिल्लाहरूका माछा, पहाडी जिल्लाहरूका अदुवा र पुर्बी पहाडी जिल्लाहरूको अलैंची लगायतमा उल्लेख्य कार्यहरू भएका छन्। यी बालीवस्तुहरूमा प्रशोधन, मूल्य अभिवृद्धि र औधोगिकीकरण भन्दा पनि Fresh बजारीकरण मार्फत नै आयआर्जन हुने गरेको छ। उत्पादन सामग्रीका हकमा भने स्वदेशी बीउ बिरूवाका तुलनामा आयातित र उच्च उत्पादन क्षमता भएका बीउ, बिरूवाहरूको माग वृद्धि हुंदै गएको छ। मल, बिषादी, Plant Nutrients, Growth Hormons हरूमा पनि आयातितमै निर्भर रहनुपर्ने अवस्था छ। स्वदेशी स्रोतकेन्द्रहरूको गुणस्तर र विश्वसनीयतामा अभिवृद्धि हुन आवश्यक छ।

### *लक्ष्य ३.* निर्यात योग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने

कफी, अलैंची, अदुवा/बेसार र महलाई कार्यक्रमका दस्तावेजहरूले निर्यात प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बालीका रूपमा पहिचान गरेको छ। यो लक्ष्य हासिल गर्नकालागि आधुनिक कृषि प्रविधिहरूको अवलम्वन गर्ने, कृषि उपजहरूको प्रशोधन तथा बजारीकरणका पूर्वाधारहरूको विकास गर्ने र उत्पादित वस्तुहरूको गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि गर्ने जस्ता रणनीतिहरू रहेका छन्। निर्यात योग्य कृषि वस्तुहरू मध्ये अलैंची र अदुवा/बेसारले मात्र लक्ष्य अनुरूप प्रगति हासिल गरेका छन्।

**तालिका ३०: निर्यात योग्य बालीवस्तुहरूको व्यापार सन्तुलनको अवस्था**

| सि.नं | बालीवस्तु | आधार वर्ष २०७३/२०७४ | | | | अन्तिम वर्ष २०८१/२०८२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्यात परिमाण | | आयात परिमाण | | निर्यात परिमाण | | आयात परिमाण | |
| | | मे.ट | मूल्य रू. करोडमा | मे.ट | मूल्य रू. करोडमा | मे.ट | मूल्य रू. करोडमा | मे.ट | मूल्य रू. (करोडमा) |
| १. | कफी | ९४.६० | ८.४५ | ९९ | ५.०४ | ६४ | ११.४३ | २०३ | १४.४१ |
| २. | अलैंची | २६१० | ४२१ | - | - | ४२९९ | ७६० | - | - |
| ३. | मह | ३८ | ०.६७ | ४६५ | १०.४७ | १० | ०.१७ | ८०८ | १७.६२ |
| ४. | अदुवा/ बेसार | ३९०७ | ३२.९८ | - | - | १०८०७ | ११९ | - | - |

गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धिमा अन्तरराष्ट्रिय मापदण्ड अनुरूपका कार्यहरू हुन नसक्दा कफी र महले भने प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने लक्ष्यमा प्रगति गर्न सकेनन् ।

### लक्ष्य ४: कृषिलाई सम्मानजनक नाफामूखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सृजना गर्ने

यो उद्देश्य हासिल गर्नकालागि आधुनिक कृषि प्रविधिहरूको अवलम्वन गर्ने, कृषिमा यान्त्रिकीकरण गर्दै श्रम र लागत न्यूनीकरण गर्ने, प्रतिफलमा आधारित (नगद) प्रोत्साहन प्रणालीको अवलम्वन गर्दै उत्पादन गर्ने वर्गको सम्मान गर्ने एवं पेसाको निरन्तरताको लागि उत्प्रेरित गर्ने रणनीतिहरू रहेका छन्। कार्यक्रमबाट ठूलो संख्यामा आधुनिक कृषि प्रविधिहरूको अवलम्वन र व्यापक यान्त्रिकीकरण भएको देखिन्छ। जसका कारण तरकारी, माछा, जस्ता बालीहरूको खेती नाफामूलक रूपमा अघि बढेको छ । २२७६२५१ संख्यामा पूर्ण तथा आंशिक रोजगारीका अवसरहरूसमेत सृजना भएका छन्।

### लक्ष्य ५: बहुसरोकारवालाहरू बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता

यो उद्देश्य हासिल गर्नका लागि कृषि अनुसन्धान-शिक्षा- प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरणको रणनीति अनुरूप नेपाल कृषि अनुसन्धान परिषद्लाई निरन्तर ५ वर्ष सम्म कार्यक्रम बजेटको प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिएको छ। ३३४ वटा प्राविधिक शिक्षालयहरूलाई शैक्षिक गुणस्तर सुधार एवं व्यावहारिक शिक्षाको विकासकालागि निरन्तर सहयोग प्रदान गरिएको छ। कृषि विश्वविद्यालयहरूसंगको समन्वयमा हालसम्म ३४१८ जना कृषि स्नातक इन्टर्न बिद्यार्थी हरूलाई बिशेष उत्पादन क्षेत्रहरूमा परिचालन

गरी समुदाय स्तरसम्म यी निकायहरूलाई पुर्याउन सफल भएको छ। अन्य सरोकारवाला संस्थाहरू जस्तैः उद्योग मन्त्रालय, सिंचाइ मन्त्रालय, वन तथा भू संरक्षण मन्त्रालय, पशुसेवा विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्रदेश र स्थानीय सरकारका निकायहरूमा कार्यक्रम बजेट सहितको कार्यमूलक समन्वय मार्फत् प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने प्रयत्न गरिएको छ। यो उद्देश्य हासिल गर्न यो कार्यक्रम सफल भएको छ। समन्वय गरिएका निकायहरूको तदारूकता र प्रगति भने समीक्षाको विषय र सिकाइ हुन सक्दछ।

## लक्ष्य ६: कृषि क्षेत्रको संस्थागत विकास र रूपान्तरण

यस कार्यक्रमले निर्वाहमुखी कृषिप्रणालीलाई जबर्दस्त तवरले व्यवसायिक कृषि प्रणालीतर्फ रूपान्तरण गराइरहेको छ। व्यावसायिक कृषि गर्ने कृषकहरू ठुलो क्षेत्रफलको जग्गाहरू भाडामा लिएर खेती गर्न तयार हुनु, कृषि फर्महरू घरेलु कार्यालय वा स्थानीय सरकारमा दर्ता गराउनु, PAN नम्बरहरू लिनु, गुणस्तरिय प्रविधि र सामग्री (Inputs) हरूको खोजी गर्नु, महँगो भएता पनि खरिद र प्रयोग गर्नु, उपजहरूको बजार मूल्यको जानकारी राख्नु, बिमा तथा बैंकहरूसँग समन्वय गरी ऋण लिनु र बिमा गर्नु, सामान्य प्रस्तावना लेखेर विभिन्न निकायबाट प्रदान गरिने अनुदान सहयोगमा पहुँच पुग्नु, खेती गरिने जातहरूको सिजन, उत्पादन क्षमता, सवल र कमजोर पक्षको जानकारी राख्नु, फर्मको नाफा नोक्सानको हिसाब किताब राख्नु आदि। उदाहरणको लागि काठमाण्डौ, चितवन, धादिंग, दांग जस्ता जिल्लाहरूमा १५० रोपनीका फार्म र वार्षिक करोड भन्दा माथिको कारोबार गर्ने कृषकहरूको संख्या उल्लेख्य छ। ती आधिकांस फर्महरू कुनै न कुनै तवरले यस कार्यक्रमसंग जोडिएका छन्। यी दृष्टान्तहरू कार्यक्रमको सेवा सहजीकरणबाट नेपालको कृषि व्यवसायिकतातर्फ रूपान्तरण हुंदै गरेका परिदृश्यहरू हुन्।

## लक्ष्य ७: अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान

कार्यक्रमले खासगरी मूल्य श्रृंखलाका अन्य अवयवहरू, उत्पादन सामग्रीको उत्पादन तथा बजारीकरण, कृषि प्रसार तथा प्राविधिक सेवा, फार्म मेसिनरीहरूको सञ्चालन, उत्पादित कृषि उपजको प्रशोधन तथा बिक्रीवितरणमा रोजगारीका अवसरहरू प्राप्त हुने हुनाले आधारवर्षमा कृषिमा निर्भर रहेको २/३ जनसंख्या कार्यक्रमको अन्तसम्ममा ५५ प्रतिशतमा झर्ने प्रक्षेपण गरेकोमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांङ्क अनुसार ५७.३ मा झरेको छ। कृषिमा निर्भर रहेको जनसंख्याको घट्दो क्रमलाई हेर्दा यो प्रक्षेपण पूरा भएको देखिन्छ। त्यसैगरी कार्यक्रमको आधार वर्षमा GDP मा कृषि क्षेत्रको योगदान ३२.५ प्रतिशत रहेकोमा कार्यक्रमको अन्तसम्ममा २५ प्रतिशतमा झर्ने प्रक्षेपण गरिएकोमा आ.व. २०८१/८२ सम्ममा २४.०९ प्रतिशतमा झर्न गई प्रक्षेपण पूरा भएको छ (श्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय,२०८१)। यसबाट देशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै एवं गई गैहृकृषि क्षेत्रको योगदान क्रमश वृद्धि हुंदै गएको सकारात्मक परिदृश्य देखिन्छ।

## १५.५ बालीवस्तुहरूको हालसम्मको तुलनात्मक उपलब्धि विवरण र NAMP को हिस्सा

तलका तालिकामा प्राथमिकता प्राप्त बालीवस्तुहरूको NAMP लागुहुनु अघिको कार्यक्रम लक्षित क्षेत्रको क्षेत्रफल, आधार वर्षको उत्पादकत्व, उत्पादन तथा हालको (२०८१/८२) अवस्थाको बारेमा तुलनात्मक विवरण पेस गरिएको छ। त्यसै गरि NAMP को हालको क्षेत्रफल, उत्पादन र उत्पादकत्वलाई राष्ट्रिय अवस्थासंग तुलना गरिएको छ। राष्ट्रिय तथ्याङ्कको आधारमा NAMP को कति प्रतिशत हिस्सा रहेको छ सो को विवरणसमेत प्रस्तुत गरिएको छ।

**तालिका ३१: बालीवस्तुहरूको हालसम्मको तुलनात्मक उपलब्धि विवरण र *NAMP* को हिस्सा**

| बाली | NAMP लागु हुनु अघि (२०७२/२०७३) | | | NAMP को हालको (२०८१/८२) | | | राष्ट्रिय (२०८१/८२) | | | NAMP को हिस्सा % | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल हे. | उत्पादकत्व (मे.टन/हे) | उत्पादन (मे.टन/हे) | क्षेत्रफल हे. | उत्पादन (मे.टन/हे) | उत्पादकत्व (मे.टन/हे) | क्षेत्रफल हे. | उत्पादन (मे.टन/हे) | उत्पादकत्व (मे.टन/हे) | क्षेत्रफल हे. मा | उत्पादनमा |
| धान | ३०५३० | ३.१५ | ९६३०२.०८ | ५६५१४ | २९३५३७.९० | ५.१९ | १४२०६३६ | ५९५५४७६ | ४.१९ | ३.९७ | ४.९० |
| गहुँ | ३३७७ | २.३३ | ७८६४.२५ | १२१७७ | ५०५९५.४४ | ४.१६ | ६९५२४० | २०८५६७० | २.९९ | १.७५ | २.४२ |
| मकै | १४६११ | २.५० | ३६५६९.४४ | २६६५१ | १४२०९४.२५ | ५.३३ | ९२५२१० | ३१९९५६० | ३.४५ | २.८८ | ४.४४ |
| तरकारी | १६७९७ | १३.९९ | २३५०२२.८२ | २६७७२ | ५७७२७३.४१ | २१.५६ | ३२४३१३ | ४७३६९०१ | १४.६० | ८.२५ | १२.१८ |
| आलु | ११२२१ | १४.०३ | १४७४३०.०२ | १७४३० | ३९५५५०.०८ | २२.१९ | २१३०१२ | ३५७७६६६ | १६.७९ | ८.१८ | ११.०५ |
| सुन्तलाजात | ८११४ | ८.७९ | ४९९२०.३८ | १६०६५ | १४८०३५.७९ | १२.७१ | ३४८८९ | २३९५५४ | ९.३८ | ४६.०४ | ६१.७९ |
| स्याउ, ओखर | ४३२४ | ७.२९ | २०४९२.७७ | ८९२६ | ४४०४८ | ८.७२ | १७८९१ | ६८५४३ | ८.६७ | ४९.८९ | ६४.२६ |
| आँप | २०५० | ६.९५ | १०६७९.८३ | २८७० | ३८२५७ | १३.३३ | ५२९७५ | ५१७३५२ | ११.६४ | ५.४२ | ७.३९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| केरा | २७८० | १६.५० | ४१७११.१५ | ४३८९ | १९९४४६.१३ | ४९.९९ | २५९७२ | ३८६७५१ | १६.३८ | १६.९० | ५१.५७ |
| कफी | २६० | ०.२० | ३९.६३ | ४४९ | ९१.९४ | ०.२७ | ४३०५ | ५०१ | ०.११ | १०.४२ | १८.३५ |
| अलैंची | ५७९६ | ०.५३ | ३०७९.०४ | ७७९३ | ४४०८.६१ | ०.५५ | १७४२४ | ९७७५ | ०.५६ | ४४.७२ | ४५.०९ |
| अदुवा/बेसार | ३६९५ | १२.४३ | ४५९३३.८८ | ५४९९ | १०६०३४.४७ | १९.२८ | ३४४५१ | ४१४९९४ | १२.०४ | १५.९६ | २५.५४ |
| दलहन | १९८० | १.११ | २२००.०२ | ३३२५ | ४६९७.७५ | १.४१ | १७६२९३ | १९५७९० | १.११ | १.८८ | २.३९ |
| तेलहन | ८५० | ०.९६ | ८१२.६४ | २०४२ | २९३०.२७ | १.४४ | २५२१२० | २८२७८० | १.१२ | ०.८० | १.०३ |
| माछा | ६४१२ | ४.८९ | २१९३२.८० | १०२४३ | ४२१७९.७४ | ५.८० | २३०४८ | १२४००० | ५.३८ | ४४.४ | ३४.० |
| मौरी | २५६४० | ०.०२ | ३८४.६० | ४१७४७ | ८४०.४७ | ०.०२० | २५५११० | ४४३० | ०.०१७ | १६.३६ | १८.९६ |
| मासु | २३६८४६ | ०.०१ | १३९०.५४ | ४७४३८० | ४३८३.२७ | ०.०१८५ | १७४२०५८७ | १२८७१५ | ०.०१७ | २.७२ | ३.४० |
| दूध | ७६४१४ | ०.८४ | ६४१८७.७६ | १३८१५६ | १८२३६५.९२ | १.५१ | २३१४५१२ | २६९५७९२ | १.४१ | ५.९७ | ६.७६ |

नोटः फलफूल बालीमा फलिरहेका र नफलेका क्षेत्रफल छुट्याएर हिसाब गरिएको छ ।

क) कार्यक्रमको अवधिमा राष्ट्रिय रूपमा मुख्य खाद्यान्न बालीहरूको औसत उत्पादकत्व २.६६ मे.ट/हे. बाट वृद्धि भई हाल ३.६९ मे.ट/हे. पुगेको छ भने NAMP कार्यक्रम लागु भएका क्षेत्रको उत्पादकत्व ४.८९ मे.ट/हे. रहेको छ । यो राष्ट्रियको तुलनामा करिब ३२.५२ प्रतिशत वृद्धि हो।

ख) तरकारी र आलु बालीतर्फ आधार वर्षमा १४ मे.ट/हे. रहेको औसत उत्पादकत्वमा वृद्धि भई हाल १५.४७ मे.ट/हे. पुगेको छ भने भने NAMP कार्यक्रम लागु भएका क्षेत्रको उत्पादकत्व २१.८७ मे.ट/हे. रहेको छ । यो वृद्धि राष्ट्रियको तुलनामा करिब ४१.३७ प्रतिशत बढी हो।

ग) फलफूल बालीतर्फ आधार वर्षमा ९.८८ मे.ट/हे. रहेको औसत उत्पादकत्वमा वृद्धि भई हाल ११.५१ मे.ट/हे. पुगेको छ भने भने NAMP कार्यक्रम लागु भएका क्षेत्रको औसत उत्पादकत्व २१.१८ मे.ट/हे. रहेको छ । यो वृद्धि राष्ट्रियको तुलनामा करिब ८४ प्रतिशत बढी हो। केराको उत्पादकत्वमा भएको उल्लेख्य वृद्धि यसको प्रमुख कारण हो।

घ) दलहन, तेलहन आधार वर्षमा १.०३ मे.ट/हे. रहेको औसत उत्पादकत्वमा वृद्धि भई हाल १.१२ मे.ट/हे. पुगेको छ भने भने NAMP कार्यक्रम लागु भएका क्षेत्रको औसत उत्पादकत्व १.४२ मे.ट/हे. रहेको छ । यस वर्गमा सामान्यमात्र वृद्धि भएको छ भने NAMP को योगदान पनि न्यून छ।

ङ) अदुवा बेसारबालीतर्फ आधार वर्षमा १२.४३ मे.ट/हे. रहेको राष्ट्रिय औसत उत्पादकत्वमा हाल वृद्धि भएको देखिएन। NAMP कार्यक्रम लागु भएका क्षेत्रको औसत उत्पादकत्व भने १९.२८ मे.ट/हे. रहेको छ। यो वृद्धि राष्ट्रियको तुलनामा करिब ५५ प्रतिशत बढी हो।

च) माछातर्फ आधार वर्षमा ४.८९ मे.ट/हे. रहेको औसत उत्पादकत्वमा वृद्धि भई हाल ५.३८ मे.ट/हे.पुगेको छ भने भने NAMP कार्यक्रम लागु भएका क्षेत्रको औसत उत्पादकत्व ५.८० मे.ट/हे. रहेको छ। यो वृद्धि राष्ट्रियको तुलनामा करिब ७.८ प्रतिशत बढी हो।

ज) त्यसैगरी अलैंची, कफी, मह, दूध र मासुको उत्पादकत्व तर्फ पनि तुलनात्मक वृद्धि रहेको छ।

### १५.६ उत्पादकत्व वृद्धिमा NAMP को योगदान

NAMP कार्यक्रमले २ प्रकारबाट लक्षित बालीवस्तुहरूको उत्पादन वृद्धि गर्न योगदान गरेको देखिन्छ । पहिलो तरिकामा उत्पादनका विभिन्न प्रविधिहरूको प्रयोग, सिंचाइ तथा गुणस्तरयुक्त उत्पादनका सामग्रीहरूको प्रयोगबाट र दोस्रोमा बालीवस्तुको क्षेत्रफलको विस्तार गरेर।तलको तालिकामा समग्रतामा उत्पादकत्वमा वृद्धि गरी प्राप्त हुन आएका उपलब्धिहरू प्रस्तुत गरिएको छ। साथै सो प्रयासबाट थप हुन आएको उत्पादन परिमाणको लेखाजोखा गरिएको छ। राष्ट्रिय उत्पादकत्वको तुलनामा NAMP क्षेत्रको उत्पादकत्वमा देखिएको फरकलाई समेत विश्लेषण गरिएको छ।

## तालिका ३२: उत्पादकत्व वृद्धिमा *NAMP* को योगदान


| बाली | आधार वर्ष (२०७२/२०७३) को उत्पादकत्व मे.टन/हे | राष्ट्रिय उत्पादकत्व मे.टन/हे (२०८१/८२) | NAMP क्षेत्रको (२०८१/८२) को उत्पादकत्व मे.टन/हे | NAMP ले वृद्धि गरेको उत्पादकत्व मे.टन/हे | NAMP क्षेत्रको (२०८१/८२) को क्षेत्रफल हे. | NAMP कार्यक्रमबाट थप गरिएको उत्पादन मे.टन | औसत मूल्य रू. लाखमा | उत्पादनको मूल्य रू. लाखमा | मूल्य अभिवृद्धि सहितको मूल्य रू.लाखमा |
|---|---|---|---|---|---|---|---|---|---|
| धान | ३.१५ | ४.१९ | ५.१९ | १.० | ५६५१४ | ५६५१४ | ०.३० | १६९५४.२ | २२०४०.२० |
| गहुँ | २.३३ | २.९९ | ४.१६ | १.१७ | १२१७७ | १४२४७.०९ | ०.३५ | ४९८६.४८ | ६४८२.४२ |
| मकै | २.५० | ३.४५ | ५.३३ | १.८८ | २६६५१ | ५०१०४ | ०.२४ | १२०२५ | १७४३६.२५ |
| तरकारी | १४.७९ | १४.६० | २१.५६ | ६.९६ | २६७७२ | १८६३३३ | ०.१७ | ३१६७८ | ४१६७२.५ |
| आलु | १४.०३ | १६.७९ | २२.१९ | ५.४० | १७४३० | ९४१२२ | ०.२० | १८८२४.४ | २७२९४.८ |
| सुन्तलाजात | ८.७९ | ९.३८ | १२.७१ | ३.३३ | १६०६५ | ५३४९६.४५ | ०.४० | २१३९८.५८ | ३२०९७.८ |
| स्याउ,ओखर | ७.२९ | ८.६७ | ८.७२ | ०.०५ | ८९२६ | ४४६.३ | ०.४० | १७८.५२ | २६७.७ |
| आँप | ६.९५ | ११.६४ | १३.३३ | १.६९ | २८७० | ४८५०.३० | ०.४० | १९४०.१२ | २६१९.१ |
| केरा | १६.५० | १६.३८ | ४९.९९ | ३३.६१ | ४३८९ | १४७५१४.२९ | ०.३५ | ५१६३०.० | ६७११९ |
| कफी | ०.२० | ०.११ | ०.२७ | ०.१५ | ४४९ | ६७.३५ | ०.६० | ४०.४१ | ५८.६ |
| अलैंचीं | ०.५३ | ०.५६ | ०.५७ | ०.०१ | ७७९३ | ७७.९३ | १४.० | १०९१.०२ | १७४५.६ |
| अदुवा/ बेसार | १२.४३ | १२.०४ | १९.२८ | ७.२४ | ५४९९ | ३९८१३ | ०.६५ | २५८७८.२९ | ३४७८५.४ |
| दलहन | १.११ | १.११ | १.४१ | ०.३० | ३३२५ | ९९७.५ | १.० | ९९७.५ | १२९६.७५ |
| तेलहन | ०.९६ | १.१२ | १.४४ | ०.३२ | २०४२ | ६५३.४४ | १.० | ६५३.४४ | ९८०.०० |
| माछा | ४.८९ | ५.३८ | ५.८० | ०.४२ | १०२४३ | ४३०२.०६ | २.० | ८६०४.१२ | ११६१५.४ |
| मौरी | ०.०२ | ०.०१७ | ०.०२० | ०.००३ | ४१७४७ | १२५.२ | ४.० | ५००.८ | ७०१.१ |
| मासु | ०.०१ | ०.०१७ | ०.०१८५ | ०.०१५ | ४७४३८० | ७११.५७ | ५.०१ | ३५६५.९६ | ५७०४ |
| दूध | ०.८४ | १.४१ | १.५१ | ०.१० | ७६४१४ | ७६४१.४ | ०,६६ | ५०४३.३२ | ८३२१.४ |
| **जम्मा** | **५.४०** | **६.१०** | **९.६३** | **३.५३** | **७९३६८६** | **६६२०१७** | **३५.५८** | **२०५९९०.२** | **२८१७४६.९२** |

*कार्यक्रमको नवौं बर्ष (२०८१/८२ ) सम्म आईपुग्दाको आर्थिक उपलब्धि*

> NAMP *ले कार्यक्रम अवधिमा प्रविधिहरूको प्रयोग, मूल्य अभिवृद्धि श्रृंखलाका विविध अवयवहरूको संयोजन र क्षेत्र विस्तार समेत गरी बालीवस्तुहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि गरेको छ । आ.व ८१/८२ मा आइपुग्दा राष्ट्रिय उत्पादकत्व भन्दा कार्यक्रमका क्षेत्रहरूको उत्पादकत्व औसतमा ५८ प्रतिशतले बढि रहेको छ । उत्पादकत्वमा भएको वृद्धिबाट ६ लाख ६२ हजार १७ मे.ट थप उत्पादन प्राप्त हुन आएको छ । प्रचलित बजार भाउअनुसार सो उत्पादनको मूल्य रू. २० अर्ब ५९ करोड ९० लाख २० हजार रूपैयाँ रहेको छ । त्यसैगरी उत्पादनहरूको मूल्य अभिवृद्धिबाट थप रू. ७ अर्ब ५७ करोड ५६ लाख ७२ हजार (३६.७७% मूल्य अभिवृद्धि) बराबरको थप योगदान हुन गएको छ । यस प्रकार कार्यक्रमबाट कूल २८ अर्ब १७ करोड ४६ लाख ९२ हजार बराबरको योगदान भएको छ ।*

चित्र ७: आधार बर्षको तुलनामा हालको उत्पादकत्व वृद्धिमा योगदान

## Productivity Comparision: Base year (2072/73), National and NAMP (2081/82)





| | Rice | Wheat | Maize | Vegetable | Potato | Citrus | Apple/ Walnut | Mango | Banana | Coffee | L. Cardamom | Zinger/ Turmeric | Pulses | Oilseed | Fish | Bee/ Honey | Meat | Milk |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Baseline Productivity of FY 2072/73 (mt/ha) | 3.15 | 2.33 | 2.50 | 13.99 | 14.03 | 8.79 | 7.29 | 6.95 | 16.50 | 0.20 | 0.53 | 12.43 | 1.11 | 0.96 | 4.89 | 0.02 | 0.01 | 0.84 |
| National Productivity (mt/ha) | 4.19 | 2.99 | 3.45 | 14.60 | 16.79 | 9.38 | 8.67 | 11.64 | 16.38 | 0.12 | 0.56 | 12.04 | 1.11 | 1.12 | 5.38 | 0.017 | 0.017 | 1.41 |
| NAMP Productivity (mt/ha) | 5.19 | 4.16 | 5.33 | 21.56 | 22.19 | 12.71 | 8.72 | 13.33 | 49.99 | 0.27 | 0.57 | 19.28 | 1.41 | 1.44 | 5.80 | 0.02 | 0.0185 | 1.51 |
| % Increase (Baseline → NAMP) | 64.76% | 78.54% | 113.20% | 54.09% | 58.14% | 44.66% | 19.62% | 91.80% | 203.58% | 35.00% | 7.55% | 55.17% | 27.03% | 50.00% | 18.60% | 0.00% | 85.00% | 79.76% |


**Key Takeaway:** Crops with higher % increase are more responsive to NAMP interventions.
**Highest Increase:** Banana (203.58%), Maize (113.20%), Mango (91.80%), Wheat (78.54%), Milk (79.76%). **Lowest Increase:** Bee/Honey (0.00%), L. Cardamom (7.55%), Apple/Walnut (19.62%).

**Note:** *% Increase = ((NAMP Productivity – Baseline Productivity) / Baseline Productivity)× 100*

चित्र ८ः राष्ट्रियको तुलनामा *NAMP* को क्षेत्रफल र उत्पादनको योगदान (%)




चित्र ९ः प्राथमिकता प्राप्त बालीहरु र राष्ट्रिय अर्थतन्त्रमा योगदान




| | Rice | Wheat | Maize | Vegetable | Potato | Citrus | Apple/ Walnut | Mango | Banana | Coffee | L. Cardamom | Zinger/ Turmeric | Pulses | Oilseed | Fish | Bee/ Honey | Meat | Milk |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Farmgate Value (Rs. Lakh) | 16,954 | 4,986 | 12,025 | 31,677 | 18,824 | 21,398.58 | 178.52 | 1,940.12 | 51,630 | 40.41 | 1,091.02 | 25,878 | 997 | 653 | 8,604.12 | 500.80 | 3,564.96 | 5,043.32 |
| Gross Value Output (Rs. Lakh) | 22,040 | 6,482 | 17,436 | 41,181 | 27,294 | 32,097 | 267.70 | 2,619 | 67,119 | 58.60 | 1,745.60 | 34,785.40 | 1,296.75 | 980 | 11,615 | 701 | 5,704 | 8,321.40 |
| % Increase (Farmgate → Gross) | 30.00% | 30.00% | 45.00% | 30.00% | 45.00% | 50.00% | 50.00% | 35.00% | 30.00% | 45.00% | 60.00% | 34.40% | 30.00% | 50.08% | 35.00% | 40.00% | 60.00% | 65.00% |

**Key Takeaways:**
- Banana has the highest contribution in both Farmgate Value (Rs. 51,630 Lakh) and Gross Value Output (Rs. 67,119 Lakh).
- Vegetables, Zinger/Turmeric, Citrus and Potato are other major contributors.

**Value Addition Insights:**
- Highest % increase: Milk (65.00%), Meat (60.00%), L. Cardamom (60.00%), Citrus (50.00%)
- Lowest % increase: Banana (30.00%), Wheat (30.00%), Rice (30.00%), Pulses (30.00%)

*Note: % Increase = ((Gross Value Output – Farmgate Value) / Farmgate Value) × 100*

## १५.७ दस वर्षको उत्पादन अनुमान

NAMP को तथ्याङ्क हेर्दा कार्यक्रमको पहिलो वर्ष (आ.व २०७३/७४) मा ३६१९३२ मे.ट उत्पादन भएको देखिन्छ (स्रोतः वार्षिक प्रतिवेदन २०७३/७४)। अन्तिम वर्ष २०८१/८२ मा ६६२०१७ मे.ट उत्पादन भएको छ। बीचका कतिपय आ.व हरूमा उत्पादनको तथ्याङ्क नभेटिएको हुनाले Statistiscally, Linear Trend Calculation Method प्रयोग गरी कार्यक्रम अवधिको कूल उत्पादन र GDP मा पुगेको योगदान अनुमान गरिएको छ ।

First year production = 361,932 MT & Final (10th year) production = 662017 MT, Duration = 10 years

**Step 2: Year-Wise Production and Value (Approx.)**

<table>
<tr><th>Year</th><th>Production (MT)</th><th>Val ue (000000 Nrs.)</th><th>Trend Cal cul ation</th></tr>
<tr><td>1.</td><td>361932</td><td>112620</td><td rowspan="5">Annual Increase<br>a) Increase in Production Per Year =<br><u>662017- 361932/10-1</u><br>= 333423 mt Year</td></tr>
<tr><td>2.</td><td>395275</td><td>122994</td></tr>
<tr><td>3.</td><td>428618</td><td>133369</td></tr>
<tr><td>4.</td><td>461961</td><td>143743</td></tr>
<tr><td>5.</td><td>495304</td><td>154117</td></tr>
<tr><td>6.</td><td>528647</td><td>164492</td><td rowspan="6">b) L inear Increase in Val ue of Production Price Nrs.10,374 per year</td></tr>
<tr><td>7.</td><td>561990</td><td>174866</td></tr>
<tr><td>8.</td><td>595333</td><td>185240</td></tr>
<tr><td>9.</td><td>628676</td><td>195614</td></tr>
<tr><td>10.</td><td>662017</td><td>205990</td></tr>
<tr><td>Total</td><td>51,19,753</td><td>1,59,3,045</td></tr>
</table>

*कार्यक्रमको १० वर्षको अवधिमा NAMP बाट जम्मा ५१,१९,७५३ मे.ट कृषि उपज उत्पादन भएको छ। तत् तत् वर्षको बजारमूल्य अनुसार सोबाट कूल १ खर्ब ५९ अर्ब ३० करोड ४५ लाख बराबर राष्ट्रिय अर्थतन्त्रमा योगदान पुगेको छ । सो मूल्यको मूल्य अभिवृद्धि रकम (३६.७% अर्थात् ५८ अर्ब ५७ करोड ६२ लाख ६४ हजार) सहित करिब रू. २ खर्ब १७ अर्ब ८८ करोड ७६ लाख बराबरको योगदान गरेको छ। हाल सम्म कार्यक्रमले ३६ अर्ब ४० करोड खर्च गरेकोमा मूल्य अभिबृद्धि बाहेक कार्यक्रमको BC Ratio १: ४.३७ रहेको छ ।*

### १५.८ ADS का लक्ष्यहरू हासिल गर्न NAMP को भूमिका

नेपाल सरकारले कृषि क्षेत्रको दीर्घकालीन सोच सहित २० वर्षे कृषि विकास रणनीति (ADS) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । कृषि विकास रणनीतिको सहयोगी परियोजनाको रूपमा रहेको यस कार्यक्रमले कृषिजन्य उद्योगहरूको विकास मार्फत् कृषिमा आधारित अर्थतन्त्रलाई सकारात्मक योगदान पुर्याउने लक्ष्य लिएको छ। तलको तालिकामा ADS ले पहिलो १० वर्ष अवधिको लागि निर्धारण गरेका लक्ष्यहरू र ती लक्ष्यहरू हासिल गर्न NAMP ले पुर्याएको योगदानको विवरण उल्लेख गरिएको छ।

**तालिका ३३: *ADS* का लक्ष्यहरू हासिल गर्न *NAMP* को भूमिका**

| सि.नं | सूचकहरू | पहिलो १० वर्षको लक्ष्य | १० वर्षमा समग्रमा हासिल भएका उपलब्धिहरू | NAMP को योगदान |
|---|---|---|---|---|
| १. | प्रमुख खाद्यान्नहरूमा आत्म निर्भरता | 0-5% Trade Surplus रहने | आव २०८०/८१ मा ६०.७८ अर्बको खाद्यान्न आयात भएको छ भने ९.७४ करोडको मात्र निर्यात भएको छ। निर्यातको अंश आयातको तुलनामा ०.५ प्रतिशत भन्दा कमी भएको हुँदा यो लक्ष्य पूरा हुन सकेन | कार्यक्रमको १० अवधिमा NAMP बाट जम्मा ५१ लाख १९ हजार मे.ट कृषि उपज उत्पादन भई खाद्य सुरक्षा र आयात प्रतिस्थापनमा योगदान पुगेको छ |
| २. | बर्षैभरि सिंचाइ हुने क्षेत्रफल | ६० % जमिनमा बर्षै भरिसिंचाइ सुविधा पुग्ने | ५०.७६% जमिनमा बर्षै भरि सिंचाइ सुविधा पुगेको देखिन्छ | १८२०१ वटा साना सिँचाइहरू निर्माण भई ३६५२४ हेक्टर क्षेत्रफलमा सिंचाइ क्षेत्र विस्तार गर्न योगदान पुगेको छ। |
| ३. | माटोमा प्रांगारिक पदार्थको मात्रा | ४% प्रांगारिक पदार्थ रहने | उच्च पहाडमा ५ प्रतिशत भन्दा बढी, मध्य पहाडमा औसतमा ३.७५ प्रतिशत र तराईमा २.५ प्रतिशत भन्दा कमी रहेको छ | गोठ/खोर सुधार, हरियो मल प्रदर्शन, प्रांगारिक मलमा अनुदान जस्ता कार्यक्रम मार्फत् योगदान गरेको छ |
| ४. | खेती गरिने जमिनको क्षयीकरण | ३.२० Mil l ion ha हे. बाट घटाएर २.५६ Mil l ion ha हे. मा पुर्याइने | क्षयीकरण नियन्त्रणमा केही सामान्य कार्यहरू भएता पनि लाखौ हे. को लक्ष्य प्राप्ति हुने गरी कार्य भएको देखिएन | वन मन्त्रालयसंग समन्वयको प्रयास गरिएता पनि खासै प्रतिफल प्राप्त हुन सकेन |

| | | | | |
|---|---|---|---|---|
| ५. | वन जंगलले ढाकेको क्षेत्रफल | ४० % कायम रहने | आ.व २०८१/८२ मा ४६.०८ पुगी लक्ष्य हासिल भएको छ | - |
| ६. | कृषिमा प्रयोग भएको जमिनको उत्पादकत्व (AGDP/ ha) | USD २९३८ | पछिल्लो तथ्याङ्क अनुसार USD ४१४३ भई लक्ष्य हासिल भएको छ (श्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय) | व्यवसायिक खेतीमार्फत् कृषिमा प्रयोग भएको जमिनको उत्पादकत्व बढाउन योगदान गरेको |
| ७. | कूल ग्रार्हस्थ उत्पादन (GDP) मा कृषि उद्योगको योगदान | १४ % हुने | २०८१/८२ मा ११ % पुगेको छ | कूल २ खर्ब १७ अर्ब ६१ करोड बराबर राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेको छ । |
| ८. | कृषिको व्यापार सन्तुलन | ४८ % (USD १८१ Mil l ion) ले घटाउने | (USD १८१ Mil l ion) ले घटाउने लक्ष्य राखिएकोमा कृषिजन्य वस्तुको आयात ३ खर्ब ६० अर्ब र निर्यात १ खर्ब ५६ अर्ब हुन गई कूल २ खर्ब ४ अर्ब व्यापार घाटा भएको हुँदा स्थितिमा खासै सुधार आएको देखिएन | तरकारी, अदुवा/बेसार, अलैंची जस्ता बालीको निर्यातमा सहयोगी भूमिका खेली कृषिको व्यापार सन्तुलन राख्न योगदान गरेको |
| ९. | कृषि वस्तु निर्यात | USD ७०४ Mil l ion पुर्याउने | कृषि वस्तु निर्यात रू. १ खर्ब ५६ अर्ब (USD १०७५ Million) हुन गई लक्ष्य हासिल भएको छ | तरकारी, अदुवा/बेसार, अलैंची जस्ता बालीको निर्यातमा सहयोगी भूमिका खेली कृषिको व्यापार सन्तुलन राख्न योगदान गरेको |
| १०. | महिलाको नाममा जग्गा जमिनको स्वामित्व | ३० % पुर्याउने | २३.८६ % महिलासंग जमिन वा घर मध्ये कुनै एकको स्वामित्व रहेको | - |
| ११. | ग्रामीण घरधुरी सम्म कृषि प्रसारको पहुँच | २२ % पुर्याउने | तीन तहका सरकारबाट नै सेवा प्रवाहमा वृद्धि भई रहेको हुँदा यो लक्ष्य हासिल भएको अनुमान गरिएको छ | कार्यक्रमको १० वर्षको अवधिमा १६,७८,११५ कृषकहरूलाई सेवा प्रदान गरी लक्ष्य हासिल गर्न सहयोग गरेको |

| | | | | |
|---|---|---|---|---|
| १२. | AGDP को वार्षिक औसत वृद्धि दर | ५ % पुर्याउने | ३.२८% हाराहारीमा मात्र हासिल रही यो लक्ष्य प्राप्त हुन सकेन | कृषि उपजहरूको उत्पादन/ उत्पादकत्वमा वृद्धि गरी सहयोग गरेको |
| १३. | AGDP/कृषि कामदार | USD १२०६ पुर्याउने | AGDP per labor USD १०२९ भएको देखिन्छ | २२७६२५१ रोजगारी सृजना गरी लक्ष्य प्राप्ति गर्न सहयोग गरेको |
| १४. | ग्रामीण गरिवी | १६% मा झार्ने | ग्रामीण गरिवी २४.६६ % रहेको | कृषिउपजहरूको उत्पादन/उत्पादकत्वमा वृद्धि तथा २२७६२५१ जनाको लागि रोजगारी सृजना गरी लक्ष्य प्राप्ति गर्न सहयोग गरेको |
| १५. | खाद्य गरिवी | ११ % मा झार्ने | खाद्य गरिवी १७.३ % रहेको छ | कृषिउपजहरूको उत्पादन/उत्पादकत्वमा वृद्धि गरी सहयोग गरेको |
| १६. | ५ वर्ष भन्दा मुनिका केटाकेटीहरूको पुड्कोपना | २० % मा झार्ने | पछिल्लो तथ्यांङ्क अनुसार २५ % रहेको छ | कृषिउपजहरूको उत्पादन/उत्पादकत्वमा वृद्धिमार्फत् खाद्यान्न उपलब्धतामा सुधार गरेको |
| १७. | न्यून तौल भएका केटाकेटीहरूको प्रतिशत (५ वर्ष भन्दा मुनिका ) | १३ % मा झार्ने | पछिल्लो तथ्याङ्कअनुसार १९ % रहेको छ | कृषिउपजहरूको उत्पादन/उत्पादकत्वमा वृद्धिमार्फत् खाद्यान्न उपलब्धतामा सुधार गरेको |
| १८. | प्रजनन उमेरका महिलाहरूको BMI Index | १३ % मा झार्ने | पछिल्लो तथ्याङ्क अनुसार १० % रहेको छ | कृषिउपजहरूको उत्पादन/उत्पादकत्वमा वृद्धिमार्फत् खाद्यान्न उपलब्धतामा सुधार गरेको |

**श्रोत** : कृषि तथा पशुपन्छी मन्त्रालय, वार्षिक प्रगति पुस्तिका(२०८१/८२)

**सूचक १ः प्रमुख खाद्यान्नहरूमा आत्मनिर्भरताः** ADS को आधार वर्ष आ.व २०७२/७३ मा १६ प्रतिशत रहेको खाद्यान्नतर्फको व्यापार घाटा पूर्ति भई पहिलो १० वर्षमा, ०-५% Trade Surplus रहने लक्ष्य रहेकोमा यो लक्ष्यमा सकारात्मक प्रगति हुन सकेन। आ.व २०७२/७३ मा ३९.०२ अर्बको खाद्यान्न आयात भएको थियो भने १.६ करोड बराबरको निर्यात भएको थियो। आ.व २०८१/८२ मा आइपुग्दा ६०.७८ अर्बको आयात भएको देखिन्छ भने निर्यात ९.७४ करोड बराबर मात्र छ। खाद्यान्न निर्यातको अंश आयातको ०.५ प्रतिशत मात्र रहेको छ।

उपभोक्ताहरूको क्रयशक्तिमा भएको वृद्धि, स्थानीय खाद्यान्न भन्दा भात खानेबानीको निरन्तरता,उत्पादन र मागबीच असन्तुलन, धानको निर्यातको अनौपचारिक कारोबार जस्ता कारणहरूले गर्दा कृषि उपजहरूको उत्पादन/उत्पादकत्वमा वृद्धि भएता पनि खाद्यान्न तर्फको व्यापार घाटामा भने सुधार हुन भने सकेन।

**सूचक २ः वर्षैंभरि सिंचाइ सुविधा पुग्ने क्षेत्रफल** : खेती गरिएको जमिन मध्ये १० वर्षमा ६० प्रतिशत जमिनमा वर्षैंभरि सिंचाइ सुविधा पुर्याउने ADS को लक्ष्य रहेको छ। आ.व २०८१/८२ मा कूल ३० लाख ९१ हजार हे. क्षेत्रफलमा खेती गरिएकोमा १५ लाख ६९ हजार हे. (५०.७६ %) सिंचाइ सुविधा पुग्न गई करिब ८५ प्रतिशत प्रगति भएको छ (श्रोतः ऊर्जा,जलश्रोत तथा सिंचाइ मन्त्रालय)।

**सूचक ३ः माटोमा प्रांगारिक पदार्थको मात्राः** आधार वर्षमा औसत १ प्रतिशत रहेको माटोको प्रांगारिक पदार्थकोमात्रा लाई ADS ले १० वर्षमा ४ प्रतिशत पुर्याउने लक्ष्य राखेको थियो। Digital Soil Map मा प्रविष्ट गरिएका ३८४१८ नमुनाहरूको परीक्षण प्रतिवेदनको आधारमा उच्च पहाडको माटोमा ५ प्रतिशत भन्दा बढी, मध्य पहाडमा औसतमा ३.७५ प्रतिशत र तराईमा २.५ प्रतिशत भन्दा कमी प्रांगारिक पदार्थको मात्रा पाइएको छ। नेपालमा मुख्य खेती योग्य क्षेत्रफल भएको तराई क्षेत्रका माटोमा सबै भन्दा कमी प्रांगारिक पदार्थको मात्रा देखिनुले यसतर्फ अपेक्षित प्रगति हुन सकेको देखिएन (श्रोतः केन्द्रिय कृषि प्रयोगशाला, कृषि तथा पशुपन्छी विकास मन्त्रालय)।

**सूचक ४ः खेती गरिने जमिनको क्षयीकरण न्यूनीकरणः** ADS ले आधार वर्षमा रहेको ३.२० मिलियन हे. जमिनको क्षयीकरण न्यूनीकरण गर्दै दश वर्षमा २.५६ मिलियन हे. मा झार्ने लक्ष्य राखेको भएता पनि यस सम्बन्धमा भरपर्दो र मापनयोग्य तथ्यांङ्क भेटिदैन। सो परिमाणमा जमिनको क्षयीकरण न्यूनीकरण सम्बन्धी कार्यक्रमहरू भएको लिखित प्रगति प्रतिवेदनहरू पनि देखिदैनन। जमिनको क्षयीकरण हाल पनि निरन्तर र चुनौतीपूर्ण समस्याको रूपमा यथावत् नै रहेको छ। NAMP बाट यस सम्बन्धी कार्य भएको देखिदैन ।

**सूचक ५ः वन जंगलले ढाकेको क्षेत्रफलः** आधार वर्ष आ.व २०७२/७३ मा ४४.७ प्रतिशत रहेको वन क्षेत्र आ.व.२०८१/८२ मा ४६.०८ पुगी लक्ष्य हासिल भएको छ।(श्रोतः वन तथा वातावरण मन्त्रालय), NAMP बाट यस सम्बन्धी कार्य भएको देखिदैन।

**सूचक ६ः कृषिमा प्रयोग भएको जमिनको उत्पादकत्व** (AGDP/ ha): पछिल्लो तथ्याङ्क अनुमान अनुसार USD ४१४३ भई लक्ष्य हसिल भएको छ।

**सूचक ७: कूल ग्रार्हस्थ उत्पादन (GDP) मा कृषि उद्योगको योगदान:** आ.व.२०८१/८२ मा ११ प्रतिशत पुगेको छ।१४ प्रतिशत हासिल गर्ने लक्ष्य प्राप्त हुन सकेन। GDP मा कृषि उद्योगको योगदान अनुमान गर्ने प्रक्रिया स्पष्ट हुनु जरूरी छ।

**सूचक ८: कृषिको व्यापार सन्तुलन:** आधार वर्षमा कृषिको व्यापार सन्तुलन USD ३५० मिलियन घाटा रहेको तथा ADS को १० वर्ष अवधिमा घाटालाई ४८ प्रतिशतले न्यून गरी USD १८१ मिलियनमा झार्ने लक्ष्य रहेकोमा आ.व.२०८१/८२ मा २ खर्ब ४ अर्ब व्यापार घाटा भएको हुँदा आधार वर्षको तुलनामा व्यापार घाटा वृद्धि हुँदै गएको देखिन्छ।

**सूचक ९: कृषि वस्तु निर्यात** : पहिलो १० वर्षमा कृषि वस्तु निर्यातको लक्ष्य USD ७०४ Million रहेकोमा आ.व. २०८१/८२ मा कृषि वस्तु निर्यात रू १ खर्ब ५६ अर्ब (USD १०७५ Million) हुन गई लक्ष्य हासिल भएको छ (श्रोत: भन्सार विभाग)।

**सूचक १०: महिलाको नाममा जग्गा जमिनको स्वामित्व:** ADS ले पहिलो १० वर्षमा महिलाको नाममा जग्गा जमिनको स्वामित्व ( Farm L and Owned) १० प्रतिशत बाट ३० प्रतिशतमा पुर्याउने भनेकोमा जमिनकोमात्र स्वामित्व खासै वृद्धि भएको देखिदैन तर २३.८६ प्रतिशत महिलासंग जमिन वा घर मध्ये कुनै एकको स्वामित्व रहेको देखिन्छ (श्रोत: महिला तथा बालबालिका मन्त्रालय)।

**सूचक ११: ग्रामीण घरधुरीसम्म कृषि प्रसारको पहुँच:** ADS ले पहिलो १० वर्षमा २२ % पुर्याउने लक्ष्य राखेकोमा आ.व २०७४/७५ सम्ममा २० प्रतिशत पुगेको अनुमान गरिएको थियो । हालका वर्षहरूमा स्थानीय, प्रदेश र संघीय तीनै तहका सरकारहरूबाट नै कृषि प्रसार सेवा प्रवाह भईरहेको हुँदा यो लक्ष्य हासिल भएको अनुमान गरिएको छ।

**सूचक १२: AGDP को वार्षिक औसत वृद्धि दर:** ५ प्रतिशत पुर्याउने लक्ष्य रहेकोमा आ.व २०८१/८२ मा यो वृद्धिदर ३.२८ प्रतिशत मात्र रहेको देखियो। यो लक्ष्य प्राप्तिमा निरन्तरता र एकरूपता रहन सकेन।

**सूचक १३: AGDP/कृषि कामदार:** ADS ले पहिलो १० वर्षमा AGDP/ कृषि कामदार USD ७९४ बाट USD१२०६ पुर्याउने लक्ष्य राखेकोमा ADS JSR Report 2018 ले AGDP Per Labor Around USD १०२९ पुगेको देखाएको छ । पछिल्ला वर्षहरूमा कृषि कामदारहरूको ज्यालादरमा उल्लेख्य वृद्धि भएता पनि अन्य सेवा क्षेत्रको भन्दा यो दर न्यून देखिन्छ।

**सूचक १४: ग्रामीण गरिवी:** आधार वर्षमा २७ प्रतिशत रहेको ग्रामीण गरिवी पहिलो १० वर्षमा १६ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा हाल २४.६६ प्रतिशत रहेको देखिन्छ।

**सूचक १५: खाद्य गरिवी** : ADS ले पहिलो १० वर्षमा खाद्य गरिवी २४ प्रतिशत बाट ११ प्रतिशत मा झार्ने लक्ष्य राखेकोमा हाल १७.३ प्रतिशत रहेको देखिन्छ।

**सूचक १६:** ५ वर्ष भन्दा मुनिका केटाकेटीहरूको पुड्कोपना : ५ वर्ष भन्दा मुनिका केटाकेटीहरूको पुड्कोपना पहिलो १० वर्षमा ४१.५ प्रतिशतबाट २० प्रतिशतमा झार्ने लक्ष्य राखेकोमा पछिल्लो तथ्याङ्क अनुसार २५ प्रतिशत रहेको छ।

**सूचक १७ः** ५ वर्ष भन्दा मुनिका केटाकेटीहरूको तौलको न्यूनताः ५ वर्ष भन्दा मुनिका केटाकेटीहरूको पुड्कोपना पहिलो १० वर्षमा ३१.१ प्रतिशतबाट १३ प्रतिशतमा झार्ने लक्ष्य राखेकोमा पछिल्लो तथ्याङ्क अनुसार १९ प्रतिशत रहेको छ।

**सूचक १८ः प्रजनन उमेरका महिलाहरूको** BMI Index: पहिलो १० वर्षमा १८ % बाट १३ % मा झार्ने लक्ष्य राखेकोमा पछिल्लो तथ्याङ्क अनुसार १० प्रतिशत नै रहेको छ।

***नोटः कृषि तथा पशुपन्छी मन्त्रालय, वार्षिक प्रगति पुस्तिका २०८१/८२) ले औंल्याए अनुसार ADS जस्तो महत्वपूर्ण र रणनैतिक दस्तावेज तर्जुमा गर्दा कतिपय सूचकहरूलाई मापन गर्ने संयन्त्र/प्रक्रिया तयारी नगरिकन सूचकहरू प्रस्तुत गरिएको हुँदा उपलब्धिहरु प्रस्तुत गर्न कठिन भएको छ।***

## १५.९ रोजगारी सृजनाको अवस्था

प्रस्तुत तालिकाअनुसार कार्यक्रमबाट हालसम्म ४८०५२३० आंशिक रोजगारी सृजना हुने प्रक्षेपण रहेकोमा २०५११३४ प्रगति भई ४२.६८ प्रतिशत लक्ष्य हासिल भएको छ। त्यसैगरी पूर्ण रोजगारी तर्फ ३०९०५३ रोजगारी प्रक्षेपण गरिएकोमा २२५११७ प्रगति भई ७२.८४ प्रतिशत लक्ष्य हासिल भएको छ। परियोजनाको अन्तिम वर्षमा करिब ५ लाख १० हजार आंशिक र २५ हजार ५०० स्थायी रोजगारी सृजना गर्नेलगायत समग्र रोजगारी क्षेत्रतर्फ प्रगति अपुग भएको छ। प्रगति हुन नसक्नुका निम्नानुसार कारणहरू रहेका छन्।

**तालिका ३४ः कार्यक्रमका सम्भागहरूबाट सृजना भएको रोजगारीको अवस्था**

| आ.व. | आंशिक | | पूर्ण | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | प्रक्षेपित | प्रगति | प्रक्षेपित | प्रगति | प्रक्षेपित | प्रगति |
| २०७३।७४ | ८७००० | ६७१७८ | ४३५०० | २३५१२ | १३०५०० | ९०६९० |
| २०७४।७५ | ६३४६२० | २८१४०० | ३१३७१ | २५३२६ | ६६५९९१ | ३०६७२६ |
| २०७५।७६ | ६३४६२० | ३९६०३० | ३१७३१ | २७७२२ | ६६६३५१ | ४२३७५२ |
| २०७६।७७ | ५८९२९० | ४४३४६७ | ५९४६५ | ४८७८१ | ६४८७५५ | ४९२२४८ |
| २०७७।७८ | ५८९२९० | ३८३०३८ | २९४६५ | २३५७२ | ६१८७५५ | ४०६६१० |
| २०७८।७९ | ६०२२९० | १०४६२९ | ३०११५ | २२०४९ | ६३२४०५ | १२६६७८ |
| २०७९।८० | ५५५९६० | ८२४८८ | २७७९८ | १६४५० | ५८३७५८ | ९८९३८ |
| २०८०। ८१ | ५५६०८० | १८८८३६ | २७८०४ | २४६६७ | ५८३८८४ | २१३५०३ |
| २०८१।८२ | ५५६०८० | १०४०६८ | २७८०४ | १३०३८ | ५८३८८४ | ११७१०६ |
| **उपलब्धि जम्मा** | **४८०५२३०** | **२०५११३४** | **३०९०५३** | **२२५११७** | **५११४२८३** | **२२७६२५१** |

### १५.९.१.प्रगति हुन नसक्नुका कारणहरू

लगातार रूपमा कार्यक्रम बजेट कटौतीले गर्दा पछिल्ला वर्षहरूमा कार्यक्रमको आकारमा संकुचन हुंदै जानु । उद्योग मन्त्रालयको प्रगति शून्य रहनु। औद्योगिकीकरणमार्फत् रोजगारी सृजना हुने अपेक्षा गरिएकोमा सोचेअनुरूप उद्योगहरू खुल्न नसक्नु, रोजगारी सृजनाको लागि उत्पादन क्षेत्रमा मात्र निर्भरता रहनु।पकेट र ब्लक मार्फत् सृजना भएका रोजगारीहरूलाई गणना गर्न नसकिनु जस्ता कारणहरूले गर्दा अपेक्षितरुपमा रोजगारी सृजना हुन सकेनन।

***नोटः*** *आ.व. २०८१/८२ सम्ममा कार्यक्रमका दुई सम्भागहरू (जोन र सुपरजोन) बाट सृजना भएको रोजगारीको अवस्था मात्र पेश गरिएको छ। सो अवधिमा पकेट र ब्लकबाट सृजना भएको रोजगारीको विवरण प्राप्त नभएकोले प्रस्तुत गर्न सकिएन।*

### १५.१० कार्यक्रमबाट लाभान्वित कृषक घर परिवार र समावेशीकरणको अवस्था

यस कार्यक्रमको अवधि आ.व. २०७३।७४ देखि आ.व. २०८१।८२ सम्म कूल १६ लाख ७८ हजार १ सय १५ जना कृषक घर परिवारले कार्यक्रमबाट विभिन्न लाभ लिएका छन्। त्यसैगरी प्राविधिक शिक्षालयमा अध्ययन गर्ने १४९५५ जना प्रशिक्षार्थीहरू र ३४१८ जना कृषि स्नातकहरूले प्राविधिक क्षमतामा अभिवृद्धि गरी प्रत्यक्ष लाभान्वित भएका छन्। कार्यक्रमबाट लाभान्वित हुने जनसंख्यामा महिलाको सहभागिता ४८.९प्रतिशत रहेको छ भने ११.१४ प्रतिशत दलितहरू कार्यक्रमबाट लाभान्वित भए।

कार्यक्रमबाट लाभान्वित हुने जनजाति र युवाहरू क्रमस ३६ प्रतिशत ३१.८७ प्रतिशत रहेका छन्। कार्यक्रमले मुगु, हुम्ला, डोल्पा, जुम्ला, अछाम, रूकुम, मुस्ताङ्ग, ताप्लेजुङ्ग, संखुवासभा, जाजरकोट जस्ता दुर्गम जिल्लाहरूमा कार्यक्रम विस्तार गरी भौगोलिक विविधतालाई समेटेको छ। कार्यक्रमका दस्तावेजहरूमा लैंगिक एवं जातीय समावेशीकरणको पक्ष र लक्ष्यहरू निर्धारण नगरिएको भएता पनि नेपालको संविधानले परिलक्षित गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गरी समतामूलक समाजको निर्माण गर्ने प्रतिबद्धता अनुरूप समानुपातिक, समावेशी र सहभागितामूलक तवरले कार्यक्रमहरू सञ्चालन गरेको छ।

**तालिका ३५: कार्यक्रमबाट लाभान्वितहरूको विवरण र समावेशीकरणको अवस्था**

| आ.व. | महिला | पुरूष | जम्मा | दलित | जनजाति | अन्य | युवा | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २०७३\|७४ | २४६७४ | ३७०६५ | ६१७३९ | ५४४१ | २१६७६ | ३४६२२ | १८५२२ | ६१७३९ |
| २०७४।७५ | २७१५४ | ४०५९६ | ६७७५० | ६२४९ | २७७७३ | ३३७२८ | २०३२५ | ६७७५० |
| २०७५।७६ | ४९३२१ | ४५२१० | ९४५३१ | १०७८३ | ३६४०१ | ४७३४७ | २८३५९ | ९४५३१ |
| २०७६।७७ | १३९५६१ | १४२३०९ | २८१८७० | २३६७८ | १०४४९१ | १५३७०१ | ८४५६१ | २८१८७० |
| २०७७।७८ | १२८६११ | १५१२९७ | २७९९०८ | ३२३२५ | ९२११७ | १५५४६५ | ९१२८५ | २७९९०८ |
| २०७८।७९ | १२६८५३ | ११२२७५ | २३९१२८ | ३०७४२ | ९३८९९ | ११४४८७ | ९६६५६ | २३९१२८ |
| २०७९।८० | १२७०३७ | १२३८४७ | २५०८८४ | ३२३७० | ९२०१२ | १२६५२ | ८०९८५ | २५०८८४ |
| २०८०। ८१ | १०४६६६ | १०७३०३ | २११९६९ | २८६३० | ६९६१३ | ९५०६७ | ५६३०१ | २११९६९ |
| २०८१।८२ | ९२९३९ | ९७३९७ | १९०३३६ | १६७९५ | ६६२६८ | १०७२७३ | ५७९७७ | १९०३३६ |
| **जम्मा** | **८२०८१६** | **८५७२९९** | **१६७८११५** | **१८७०१३** | **६०४२५०** | **८६८१९२** | **५३४९७१** | **१६,७८,११५** |

***नोटः*** यो प्रतिवेदन तयार गर्ने क्रममा Program Implementaion Units (PIU) हरूसंग गरिएको सर्वेक्षण अनुसार कूल लाभान्वितको ४०.१२ प्रतिशत कृषक घर परिवार दोहोरिएर गणना भएका छन्।कार्यक्रमको सीमित क्षेत्रभित्र निरन्तर कार्यक्रम सञ्चालन गर्दा दोहोरो तेहोरो सुविधा लिएका लाभग्राहीहरूको गणना हुनु स्वाभाविक पनि छ। लाभग्राहीको तथ्यांङ्क गणना गर्ने प्रणालीमा दोहोरोपना भएका कृषकहरू फिल्टर गर्ने प्रणाली जरुरी रहेको देखिन्छ।

## १५.११ नवीन प्रयोग र सिकाइहरू

नेपालको कृषि क्षेत्रमा यस कार्यक्रमको कार्यान्वन मार्फत् केही नवीन प्रयोगहरू गरिएका छन् । ती प्रयोगहरूबाट केही महत्वपूर्ण सिकाइहरू समेत भएका छन्। जस्तैः

क. भूमिको बैज्ञानिक उपयोग

ख. कस्टम हायरिङ्ग सेन्टर

ग. कृषि प्रसार- शैक्षिक संस्था - अनुसन्धान बीच कार्यमूलक समन्वय

घ. कृषिका सहयोगी मन्त्रालयहरू र निकायहरूसंग कार्यक्रम बजेटसहितको समन्वय

ङ. प्रतिफलमा आधारित प्रोत्साहन अनुदान

च. तीन तहका सरकारहरूसंग कार्यक्रम बजेट सहितको समन्वय आदि

कृषिमा भएका यी नवीन प्रयोगहरू, तीनको उपलब्धि र सिकाईहरू परिच्छेद-६ मा उल्लेख गरिएका छन्। यी कार्यक्रमहरूले आगामी दिनमा कृषिका कार्यक्रमहरूलाई पृथक तरिकाले सोच्नका लागि सिकाई र आधारहरू तयार गरिदिएका छन्।

**परिच्छेद-१६**

## प्रगति हुन नसकेका कार्यक्रम, कारणहरूको विश्लेषण र सुझावहरू

यस खण्डमा कार्यक्रमले लक्षित गरेका तर विभिन्न कारणले प्रगति हुन नसकेका कार्यक्रमहरूका बारेमा उल्लेख गरिएको छ। कार्यक्रम कार्यान्वन गर्ने क्रममा आइपरेका चुनौतीहरू र सो सम्वन्धमा सुझावहरू समेत प्रस्तुत गरिएको छ।

### १६.१ बजेटका हिसावले देशको समग्र कृषिसंग NAMP कार्यक्रमको तुलना र प्रतिफलको अपेक्षा

कार्यक्रमले राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्दै हासिल भएका उपलब्धिहरू मूल्यांकन गरिरहंदा कार्यक्रमको आकार के कत्रो छ/थियो भनेर पनि पुनरावलोकन हुनु सान्दर्भिक हुनेछ। कार्यक्रमका आकारलाई तीनवटा सूचकहरूमा राष्ट्रिय कार्यक्रमसंग तुलना गरिएको छ।

१. कृषिमा विनियोजन भएको बजेट र यस कार्यक्रमलाई प्राप्त भएको बजेट

२. राष्ट्रिय कृषि कार्यक्रमको तुलनामा यस कार्यक्रमको क्षेत्रफल

३. कूल राष्ट्रिय कृषि कार्यक्रमको उत्पादन र यस कार्यक्रमबाट भएको उत्पादन प्रतिशतलाई तुलना गरेर कार्यक्रमको तुलनात्मक आकार प्रस्तुत गरिएको छ।

**तालिका ३६: बजेटको तुलनामा *NAMP* को आकार ( *National vs NAMP*)**

| सि.नं | बजेट विवरण | कृषिको दश वर्षको राष्ट्रिय बजेट | NAMP को दश वर्षको बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| १. | बजेट (रू.अर्बमा) | ४२८.५५ | ५६.५४ (१३.१९ %) | २० खर्ब ९५ अर्ब ७५ करोड कूल ग्रार्हस्थ उत्पादनमा योगदान हुनेछ। *नोटः आ.व २०८१/८२ मा कूल ग्रार्हस्थ उत्पादनमा देशको सम्पूर्ण कृषि क्षेत्रको योगदान करिब १५.३ खर्ब रहेको* |

समग्र देशको कृषि कार्यक्रमको तुलनामा यस कार्यक्रमको आकार बजेटका हिसाबले १३ प्रतिशत र कार्यक्रमका हिसाबले १५-२० प्रतिशत मात्र रहेको छ। देशको समग्र कृषि क्षेत्रको GDP मा योगदान करिब १५.३ खर्ब रहेको अवस्थामा NAMP ले २० खर्ब ९५ अर्ब ७५ करोड कूल ग्रार्हस्थ उत्पादनमा योगदान गर्न सक्दैन यो महत्वकाँक्षी सूचक हो।त्यस्तै खाद्यान्न बालीतर्फ कार्यक्रमले हालसम्म जम्मा २.२९ प्रतिशत क्षेत्रफललाई समेटेको छ भने तीन वर्षभित्र धान लगायत प्रमुख खाद्यान्न बालीमा आत्मनिर्भर हुने लक्ष्य लिएको छ। तसर्थ कार्यक्रमका धेरै जसो लक्ष्यहरू अस्पष्ट हुनुका साथै कार्यक्रमको आकार र लक्ष्य बीचमा तालमेल समेत मिलेको देखिदैन।

### १६.२ कार्यक्रमले प्रस्ताव गरेका तर कार्यान्वयनको पहल नै नगरिएका कार्यहरू निम्नानुसार रहेका छन्।

१. सरकारी र निजीक्षेत्रबाट हाईब्रिड जातहरूको विकास भएको हुनेछ।
२. विशिष्टीकृत कृषि उत्पादन क्षेत्रहरूमा कृषि सामग्रीहरूका डिपो स्थापना भएका हुनेछन्।
३. उन्नत प्रविधि प्रदर्शन तथा सिकाइ केन्द्र (Demonstration and Learning Center) विकास भएको हुनेछन्।
४. यस कार्यक्रमलाई लक्षित गरी रासायनिक मल आपूर्तिको सहज व्यवस्था हुनेछ।
५. सामुदायिक कृषि प्रसार सेवा केन्द्र CAESC को स्थापना भई सञ्चालन हुनेछन् र सामुदायिक कृषि प्रसार सेवा केन्द्र CAESC मार्फत् नै Custom Hiring Centers र Post Harvest Centers सञ्चालन हुनेछन्।
६. सुपरजोन क्षेत्रमा कृषिजन्य उद्योगहरू, अनुसन्धान र खाद्य गुणस्तर एकाइहरू स्थापना भएका हुनेछन्।
७. कृषि अनुसन्धान केन्द्रहरू Basic and Adaptive Research केन्द्रित हुनेछन्।
८. फार्म/केन्द्रहरू पूर्ण क्षमतामा सञ्चालन भई उत्पादन क्षेत्रका लागि आवश्यक स्रोत केन्द्रका रूपमा विकास हुनेछन्।
९. कृषकहरूका लागि Result Based Management Information System र कर्मचारीहरूका लागि Performance Based Incentive System विकास र प्रयोग हुनेछन्।
१०. सुपरजोनमा Green House Gases कम उत्पादन हुने प्रविधिमा आधारित अनुसन्धान एकाईहरूको स्थापना हुनेछ।

माथि उल्लेख भएका कतिपय विषयहरूमा कार्यक्रम कार्यान्वयनको पहल नै गर्न सकिएन। यसबाट कार्यक्रमका दस्तावेज लेखनका समयमा तत् कार्यक्रमहरूको कार्यान्वयन के कसरी गर्न सकिन्छ भन्ने यथार्थ भन्दा बाहिर पुगेर दस्तावेजहरू लेखिएको देखिन्छ। कल्पनाशील भएर भावनात्मक विषयहरू लेख्ने परिपाटीमा सुधार हुनु आवश्यक छ।

### १६.३ कार्यक्रमले प्रक्षेपण र प्राप्त गरेको बजेटको तुलनामा प्रतिफल/उपलब्धिहरूको यथार्थ

कार्यक्रम आफैले गरेको प्रक्षेपणको तुलनामा जम्मा ४३.२५ प्रतिशत मात्र बजेट प्राप्त गरेको छ। प्रक्षेपणको तुलनामा ५६.७५ % ले न्यून बजेट प्राप्त भएको हुँदा कतिपय उद्देश्यहरूमा कार्य नै हुन सकेनन् भने यसबाट कार्यक्रमका लक्ष्यहरू स्वाभाविक रूपमै प्रभावित हुन पुगेको अवस्था छ। परियोजनाको कूल लागत १ खर्ब ३० अर्ब रूपैयाँ प्रक्षेपण गरिएकोमा स्रोत प्राप्तिको के कस्तो सुनिश्चितता गरेर लक्ष्यहरु निर्धारण गरिएको थियो समीक्षा हुनु आवश्यक छ।

### १६.४ सहकर्मीहरूको भूमिका र सहकार्यको वातावरण

कृषि एक्लै (Isolation) मा सञ्चालन हुन सक्ने विषय होइन। यो अनुसन्धान, प्रसार, कृषि शिक्षा, सिंचाइ, मल, प्रविधि, बिद्युत, सडक, बजार, पूर्वाधारहरू, उद्योग, पशुपालन जस्ता अनेकन अन्तरवस्तु र निकायहरूसंग जोडिएको छ। यस कार्यक्रमको डिजायन र परिकल्पना पनि सोही आधारमा गरेको देखिन्छ।कार्यक्रम सञ्चालनका क्रममा उल्लिखित क्षेत्रहरूसंग तालमेल मिलाउन NAMP ले यथाशक्य प्रयास गरेको पनि

देखिन्छ। तर ती प्रयासहरू खासै सफल भएनन्। करिब ४० प्रतिशत बजेट विनियोजन गरिएको स्थानीय र प्रदेश सरकारले सञ्चालन गरेका कार्यक्रमहरूको प्रगति नै देखाउन सकिएन भने अन्य निकायहरूले पनि कार्यक्रमको लय अनुसार सहयोगी भूमिका निर्वाह गर्न सकेनन्। तसर्थ यो प्रगति/उपलब्धि कार्यक्रमको समग्र प्रगति भन्दा पनि NAMP को एकल प्रयासमा जोन/सुपरजोन सम्भागहरू मार्फत् हासिल गरिएको प्रगति मात्र हो। कार्यक्रम बजेट, खर्च गर्ने स्वयत्तता सहित गरिएको सहकार्य पनि किन सफल भएन समीक्षा हुनु आवश्यक छ।

### १६.५ कृषि प्रसारमा Trickle Down Effect

कृषि प्रसारको नियमअनुरूप कुनै नयां प्रविधिको प्रदर्शन गरे पश्चात त्यो प्रविधि फाईदाजनक भएमा अन्यत्र समेत त्यसको Trickle Down Effect हुन गई धेरै कृषकहरूले अनुसरण गर्नेछन् र लाभ लिनेछन्। NAMP बाट पनि Trickle Down Effect बाट धेरै नै उपलब्धि हासिल हुने अपेक्षा गरिएको देखिन्छ। यसका कार्यक्रमहरूका कैयन Trickle Down Effect रहेका पनि छन्। तथापि कृषि प्रसारमा Trickle Down Effect को सिद्धान्त अनुसार यसको फैलावट र प्रभाव १० प्रतिशतसम्म मात्र हुने गरेको पाईन्छ। कार्यक्रमले Trickle Down Effect बाट हुने उपलब्धिको ज्यादा अपेक्षा गरेको देखिन्छ।

**Note***: In the philosophy of agricu tural extension, the "trickl e-down effect" refers to the idea that innovations first adopted by progressive or large farmers will gradually spread to smaller and marginal farmers. Traditionally, it is often cited that the trickl e-down effect is around 10%.This low percentage highlights a key criticism of the approach.( Source: S. D. Sharma (1997), Agricultural growth and "trickle-down" reconsidered.)*

### १६.६ दस्ताबेज र कार्यान्वयन बीचको तालमेल

मुख्यतः कार्यक्रम डिजायनको समयदेखि हालसम्म आइपुग्दा कार्यक्रममा भएका आर्थिक, संरचनागत, अवधारणागत परिवर्तनहरूले गर्दा कार्यक्रमको सन्तुलन बिग्रन पुगेको अवस्था छ। कार्यक्रमको संरचना र स्रोतहरूको संकुचन तथा समायोजन गर्दै गर्दा, समयमा नै कार्यक्रमको मध्यावधि समीक्षा गरी कार्यक्रमका लक्ष्यहरू/अपेक्षित प्रतिफलहरू संशोधन गर्नु पर्ने रहेकोमा २०८०/८१ मा मात्र मध्यावधि समीक्षा भएको छ। त्यतिबेला कार्यक्रमको अवधि दुई वर्ष मात्र बाँकि भएको हुँदा लक्ष्यहरू संशोधन गर्नुको सान्दर्भिकता पनि रहेन। कार्यक्रमको आकारको अनुपातमा उपलब्धिका सूचकहरूलाई समायोजन गरेर मूल्यांकन गर्न सकिएको भए बढी वस्तुगत र यथार्थपरक हुने थियो।

### १६.७ कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या एवं चुनौतीहरू

#### क) बजेट तथा स्रोत साधनका

प्रक्षेपण गरिएको बजेटको करिब ४३.२५ प्रतिशत मात्र बजेट प्राप्त भएको छ। जसले गर्दा कार्यक्रमको आधारभूत अवधारणामा नै परिवर्तन गरिरहनु पर्ने स्थितिको सृजना भएको छ। कार्यालय भवन एवम् सवारी साधनहरूको अपर्याप्तता र सवारी साधनहरू जीर्ण अवस्थामा रहेकाले कार्यक्रम कार्यान्वयनमा समस्या देखिएको छ।

**ख) जनशक्ति व्यवस्थापन**

कार्यक्रममा स्वीकृत दरबन्दी अनुरूपका करिब १८ प्रतिशत जनशक्ति पूर्ति हुन सकेनन। कार्यक्रममा रहेका स्थायी कर्मचारीहरू पुल दरबन्दीमा रहेका र ती कर्मचारीहरू अवकाशमा जाँदा दरबन्दी समेत खारेज हुन गई विज्ञापन नहुने भएकोले जनशक्ति अभाव देखियो। करिब ६५ प्रतिशत करार सेवाका कर्मचारीहरू राखेर कार्यक्रम सञ्चालन गर्नु पर्ने अवस्था रह्यो। वृत्तिविकास लगायतका अवसर नहुँदा कर्मचारीमा उत्प्रेरणाको कमी रहेको पाईयो। सुपरजोनमा वैज्ञानिक र खाद्य अनुसन्धान अधिकृत रहने भनीएता पनि सो अनुसार हुन सकेन। सम्बन्धीत बालीवस्तुको विशिष्टीकृत उत्पादन क्षेत्रमा विषयगत विज्ञताको आधारमा प्राविधिक जनशक्ति व्यवस्थापन गर्न सकिएन।

**ग) अन्तरतह समन्वय र सहकार्य**

विभिन्न सम्भागहरू अलग अलग निकायबाट सञ्चालनमा रहेकाले सुदृढ समन्वय र सहकार्य हुन नसक्दा सम्भागहरूबीचको अन्तर सम्वन्ध स्थापित हुन सकेन। करिब ४० प्रतिशत बजेट विनियोजन भएका ब्लक र पकेट विकास कार्यक्रमहरूको सञ्चालन अवस्था, बजेट खर्च, प्रगति तथा उपलब्धि सम्बन्धी विवरण प्राप्त हुन नसक्दा समग्र योजना कार्यान्वयन एवम् लक्ष्य प्राप्तिमासमेत असर पुग्न गयो।कार्यक्रम बजेट अलग्गै हुँदा पनि अन्य मन्त्रालय र अन्तर्गतका निकायहरूले कार्यक्रमको अपनत्व लिन सकेनन्। ती निकायहरूको प्रगति सन्तोषजनक नहुँदा पनि कार्यक्रम बजेट पठाउने क्रम भने निरन्तर रहेको पाईयो।

**घ) अनुदान दर**

विभिन्न निकायबाट सञ्चालित कृषि विकास कार्यक्रमहरूका अनुदानका दरमा भिन्नता भएका कारणले गर्दा कार्यक्रम कार्यान्वयनमा समस्या देखियो।साना किसान, समूह र सहकारीहरूलाई पूर्वाधार निर्माण, ठूला मेसिनरी औजार उपकरणहरू लगायतका कार्यक्रमहरूमा लागत साझेदारी गर्न कठिन भएको पाइयो।

**ङ) स्थायित्व सम्बन्धी समस्या**

पकेट र ब्लक सम्भागहरूको निरन्तरता, समन्वय र स्तरोन्नतिमा समस्या देखिएको छ।जोन, सुपरजोनहरूको दीगोपनालाई उद्योगसंग जोडिएकोमा सो अनुसार उद्योगहरू स्थापना नहुँदा यी सम्भागहरूको निरन्तरता र दीगोपनामा प्रश्न रहेको छ। कार्यक्रमका दस्तावेजहरूले पूर्व निर्धारण गरेका लक्ष्यहरूलाई यथावत नै राखेर पटक पटक कार्यक्रमको पुनःसंरचना गर्दा ती लक्ष्यहरू हासिल गर्न समस्या भएको छ।

**च) नीतिगत/कानूनी व्यवस्थाहरू**

- सहकारी/सामूहिक खेती, करार खेती, कबुलियती खेती र चक्लाबन्दी सम्बन्धी आवश्यक कानून, कार्यविधिहरू र स्पष्टता बिना नै कार्यक्रम राखिएको छ।
- कष्टम हायरिंग सेन्टर सम्बन्धी मापदण्ड, आवश्यक कानून, कार्यविधिहरू र स्पष्टताविना नै कार्यक्रम राखिएको छ।
- उत्पादनमा आधारित प्रोत्साहन अनुदानको प्रतिफल मापन गर्ने संयन्त्र,आवश्यक कानून, कार्यविधिहरू र स्पष्टता बिना नै कार्यक्रम राखिएको छ।
- कृषि उद्योग स्थापना गर्ने आवश्यक कानून, कार्यविधिहरू र स्पष्टता बिना नै कार्यक्रम राखिएको छ।

- कृषकहरूलाई अनुदान उपलब्ध गराउने नीतिगत आधार नै तयार नगरिकन कार्यक्रम सञ्चालन गरिंदा आर्थिक कार्यविधि ऐननियम विपरीत हुन गई बेरूजु हुन गएको छ।

**छ) कार्यक्रमगत समस्याहरू**

- सम्भाब्यता अध्ययन,नीतिगत/कानूनी आधार,सञ्चालन मोडालिटी एवं दीगोपना जस्ता विषयहरूमा पर्याप्त अध्ययन विश्लेषण नै नगरी शीत भण्डार निर्माण, मोबाइल भ्यान खरिद लगायतका ठूला पूर्वाधार विकास कार्यक्रमहरूमा बजेट विनियोजन गरिएको छ।
- उत्पादन क्षेत्र, उत्पादन परिमाण, कच्चा पदार्थको उपलब्धता, नाफाघाटा हुने अवस्था जस्ता विषयहरूमा पर्याप्त अध्ययन विश्लेषण नै नगरी औद्योगिकीकरण जस्ता ठूला विषयहरूको परिकल्पना गरिएको छ।
- संस्थागत क्षमता, कर्मचारीहरूको उपलब्धता, सरकारी स्रोत साधनको उपलब्धता, स्थानीय एवं प्रदेश सरकारहरूबाट प्राप्त हुन सक्ने सहयोग जस्ता विषयहरूलाई नजरअन्दाज गर्दै धेरै संख्यामा उत्पादन सम्भागहरूको परिकल्पना गरिएको छ।
- समन्वय/सहकार्य गर्ने प्रवृति, निकायहरूको उत्प्रेरणा, प्रतिबद्धता आदिको सुनिश्चितता नै नगरिकन धेरै निकायहरूलाई कार्यक्रममा जोड्ने प्रयत्न गरिएको छ। विगतका दीर्घकालीन योजनाहरूमा देखिएको समस्याको पुनराबृत्ति हुन सक्ने कुराको नजरअन्दाज गरिएको छ।

**च) बालीवस्तुका प्राविधिक समस्याहरू**

- नेपालमा उत्पादन भएका फलफूलका बिरूवाको प्रमाणीकरण गर्ने संयन्त्र नभएकोले गर्दा गुणस्तर एकिन गर्न समस्या भएको छ।
- सुन्तलाजातका बिरूवाहरूमा वडउड सर्टिफिकेशन प्रणाली लागु गर्न नसकिएको कारण ग्रिनिंग लगायतका रोगमुक्त बिरूवाहरू उपलब्ध हुन सकेको छैन।
- स्याउको उच्च घनत्व रोपण (High Ddensity Planting) को लागि स्रोत बिरूवाको महँगो भएको, विदेशबाट ल्याउँदा सुक्ने, मर्ने लगायतका जोखिम रहेको छ।
- केराको पनामा रोगको व्यवस्थापन तथा नयां प्रजाति TR4 को नियन्त्रण गर्ने कार्य चनौतीपूर्ण रहेको छ।
- बेलाबेलामा जिल्लाहरूमा सुन्तलाजात फलफूलमा मिन्याक्स, सुडे पुतली जस्ता कीराको प्रकोप नियन्त्रण भन्दा बाहिर पुगेको देखिन्छ। प्रकोप व्यवस्थापन गर्न कठिनाइ छ। सिन्धुली जिल्लामा मात्र वार्षिक करिब (उत्पादनको करिव २० प्रतिशत, १० करोड बराबर) क्षति भइरहेको छ।
- उत्पादन भएका आलुको पि.वि.एस दाना महँगो भएका कारण बिक्री वितरणमा समस्या भएकोले गर्दा गुणस्तरीय बीउको आपूर्तिमा कठिनाइ भएको छ।
- कैलाली लगायतका जिल्लाहरूमा कृषि विद्युत् मिटरको समस्याको कारणले चैते धान क्षेत्र विस्तार कार्यक्रम प्रभावित भएको छ।
- तरकारी बालीमा मूल्यको उतार चढाव र बिचौलियाका कारण मूल्यको अनिश्चितता देखिन्छ।

- मिसावटयुक्त, गुणस्तरहीन र सस्तो आयातित महका कारण महको बजारीकरणमा समस्या भएको छ।
- पूर्वाधारहरू पूर्ण रूपमा प्रयोग नहुँदा मूल्य शृङ्खलामा सोचे जस्तो कार्य गर्न सकिएको छैन।
- माछापालक कृषकहरूलाई विमा वापतको क्षतिपूर्ति रकम प्राप्त गर्न कठिनाइ रहेको छ।
- माछापालक कृषकहरूले विद्युत मिटरमा छुट नपाएकोले उत्पादन लागत बढ्न गएको छ।

### १६.७.१ सुझावहरू

१. नेपालको कृषि विकास कार्यक्रमको समग्र मोडेलमा नै केहि परिवर्तन गर्नु जरूरी देखिन्छ। हिमाल, पहाड, तराई र काठमाण्डौ उपत्यका, चितवन लगायत मुख्य राजमार्ग क्षेत्रको कृषिको तौर तरिका, व्यवसायिकता र प्राथमिकताहरू नै फरक फरक भएका हुनाले ती क्षेत्रहरूका बारेमा छुट्टाछुट्टै छलफल गरि र सोही अनुसार कार्यक्रम तय हुनु आवश्यक छ।

२. स्थानीय र प्रदेश सरकारहरूसंग संस्थागत समन्वय हुने संयन्त्रहरूको निर्माण गरी उत्पादनका सम्भागहरू उनीहरू मार्फत् नै सञ्चालनको व्यवस्था हुनु जरूरी छ। तीन तहकै सरकारहरू उत्पादन वृद्धिको निरन्तर चक्रमा अल्झिरहंदा कृषिका अन्य पक्षहरूको अपेक्षाकृत विकास हुन नसकेको देखिएको हुँदा सरकारहरूका कार्य प्रकृति फरकफरक हुनु आवश्यक छ।

३. संघीय कृषि मन्त्रालयले रासायनिक मलको सुनिश्चितता,सिंचाइ क्षेत्रफलमा वृद्धि, फार्मकेन्द्रहरूको क्षमता सुदृढीकरण, सरकारी एवं निजीक्षेत्रमा स्रोतकेन्द्रहरू निर्माण, गुणस्तर नियन्त्रण, कृषिमा अधारित उद्योगहरू स्थापनाका लागि समन्वय र सहजीकरण, प्रशोधन हुने बालीहरूको बर्गीकरण, प्रशोधनका प्रविधिहरूको विकास, जमिनको सदुपयोग गर्ने सम्बन्धी नीतिगत व्यवस्था तर्जुमा, नार्कको क्षमता वृद्धि र परिचालन, कृषि विश्वविद्यालयहरूसंग समन्वय र परिचालन, कृषि ऋणको सहजीकरण, बिमाको सहजीकरण, न्यूनतम समर्थन मूल्यको कार्यान्यिनको सुनिश्चितता, कृषि वस्तुहरू आयात निर्यातमा सहजीकरण, कृषि बजार स्थापना, भन्सार क्वारेन्टाइनका सवाल, कृषिमा निजी क्षेत्रको लगानीका वातावरण जस्ता विषयहरूमा केन्द्रित भै नयाँ कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने देखिन्छ।

४. चैतेधान, HDP स्याउ, सुन्तलाजात फलफूल, अदुवाबेसार, अलैंची, माछा जस्ता बालीवस्तुहरूमा छुट्टाछुट्टै आयोजनाहरू लागु हुनु आवश्यक छ।

५. कार्यक्रम वितरणमुखी र पूरानै कृषिप्रसार कार्यक्रमको निरन्तरता जस्तो देखिएको हुँदा प्राविधिक पक्ष लगायत मूल्य अभिवृद्धि श्रृखलाका पक्षहरूको सुदृढीकरण तर्फ ध्यान जानु आवश्यक छ।

६. राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पार्न सक्ने यस्ता दीर्घकालीन परियोजनाहरू तयार गर्दा स्रोतको सुनिश्चितता,समन्वय/सहकार्यको प्रतिबद्धता,आवश्यक जनशक्तिको व्यवस्थापनको पक्षलाइ मध्यनजर गरेर मात्र कार्यक्रम शुरू गर्नु उपर्युक्त हुन्छ।

७. यस्ता प्रकारका दीर्घकालीन परियोजनाहरू तयार गर्दा कृषिको यर्थाथतालाइ मध्यनजर गर्दै, सोसंग तालमेल हुने प्रकारका लक्ष्य/प्रगति/उपलब्धि सूचकहरू निर्धारण गर्नु पर्ने देखिन्छ । महत्वकाँक्षी योजनाहरू तर्जुमा हुने र अन्तमा असफल हुने चक्रको क्रमभंगता आवश्यक छ ।

**परिच्छेद -१७**

## विविध

यस परिच्छेदमा, कार्यक्रम लागू भएका क्षेत्र र नभएका क्षेत्रहरूबीचको तुलनात्मक फरक, कार्यक्रमको (Strength, Weakness, Opportunity, Threat, SWOT) विश्लेषण, कार्यक्रम अवधिमा भएका संस्थागत संरचना तथा सञ्चालन प्रक्रियामा भएका परिवर्तनहरू, कार्यक्रम अवधिभरिको जनशक्तिको अवस्था, नीति अनुसन्धान प्रतिष्ठानले गरेको मध्यावधि समीक्षाको सारसंक्षेप प्रस्तुत गरिएको छ।

### १७.१ कार्यक्रम लागू भएका क्षेत्र र नभएका क्षेत्रहरू बीचको अन्तर

| कार्यक्रम लागू भएको क्षेत्र | कार्यक्रम लागू नभएको क्षेत्र |
|---|---|
| कृषिको व्यावसायीकरण, बालीको क्षेत्रफल विस्तार, बाली प्रणालीमा सुधार, हाईब्रिड तथा उन्नत बीउ प्रयोग, उत्पादन र उत्पादकत्वमा वृद्धि भएको छ | उत्पादन र उत्पादकत्व तुलनात्मक रूपमा कम छ,परम्परागत र निर्वाहमूखी खेती प्रणाली छ, स्थानीय बीउ तथा बिजु बिरूवाको बढी प्रयोग छ |
| प्रविधि खोजी गर्ने र सेवा प्रदायक कार्यालयमा जाने कृषकहरूको संख्या बढी छ, एकल बाली उत्पादन र बजारीकरणकालागि संगठित भएका छन् | स्रोतसाधनको र प्रविधिक ज्ञान सीप र जानकारीको कमी छ |
| सिंचित क्षेत्रफल वृद्धि भएको छ, कृषि यान्त्रिकीकरणको पहुँच उपयोगमा वृद्धि भई यान्त्रिकीकरण बढेको छ | असिंचित जमिन बढी छ, बर्षातको पानीमा निर्भर खेती प्रणाली छ, कृषि यान्त्रिकीकरणको पहुँच तथा उपयोगमा कमी, छरूवा तथा हाते प्रविधिको प्रयोग छ |
| कृषकहरू उत्पादन, बजार र मूल्य प्रति सजग छन्, कृषिजन्य साना उद्योग स्थापना तथा सञ्चालन भएका छन्, आयआर्जनमा वृद्धि भएको छ | कृषिबाट रोजगारी र आयआर्जन भएको छैन, उत्पादन निर्वाहलाई नै ठिक्क छ, जीवनयापनका लागि वैकल्पिक उपाय खोज्नु पर्नेछ |
| वार्षिक आयको जिनी गुणाङ्क* ३७ रहेको छ (PRI,२०८१) | वार्षिक आयको जिनी गुणाङ्क ३३ मात्र रहेको छ (PRI,२०८१) |

**The Gini coefficient is a statistical measure used to understand how evenl y resources, income, or weal th is distributed within a popul ation. So,a higher Gini coefficient means greater inequal ity, which is cl osely linked to poverty l evels.*

कार्यक्रम भन्दा बाहिरका किसानहरूको तुलनामा कार्यक्रम लागु भएका किसानहरूको आय र उपभोग खर्च दुबैको अवस्था राम्रो देखिनुको साथै गरिबी दर कमी देखिएको हुँदा परियोजनाले आर्थिक अवस्थामा सुधार ल्याउन योगदान गरेको देखिन्छ। (स्रोतः PRI Report,२०८१)

## १७.२ कार्यक्रमको SWOT विश्लेषण

| **सबल पक्षहरू (Strengths)** | **कमजोर पक्षहरू (Weaknesses)** |
|---|---|
| नेपाल सरकारको स्रोत र पूर्ण स्वामित्वमा सञ्चालित राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम<br>संक्रमण कालीन अवस्थामा कृषि क्षेत्रमा सरकारको उपस्थिति, कृषिको आधुनिकीकरण र व्यवसायिकीकरणमा आधारित<br>बहुस्तरीय कार्यान्वयन ढाँचा, चार संभाग मार्फत् Specialized Production Approach<br>प्रविधि प्रयोग,सिंचाइ र यान्त्रिकीकरणबाट उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान<br>कृषकहरूलाई अनुदान र प्रविधि उपलब्धता रोजगारी सृजना र व्यवसायमुखी सोचको प्रवर्द्धन<br>Public–Private Partnership मा आधारित Value Chain Approach | वृहत् कार्यक्षेत्र हुँदा जनशक्ति र श्रोत व्यवस्थापनमा अपर्याप्तता, Value Chain हरूमा बिज्ञ जनशक्तिको अभाव<br>कमजोर खर्च क्षमता (१० वर्षमा लक्षित बजेटको ४३.२५ प्रतिशत बजेट उपलब्धता र उपलब्ध बजेटको करिब ७० प्रतिशत मात्र खर्च)<br>प्रविधि भन्दा सामग्री वितरणमा आधारित<br>कमजोर समन्वय (अन्तर तहगत र अन्तर निकाय)<br>एउटै क्षेत्रमा कार्यक्रमको Repetition<br>कमजोर अनुगमन प्रणाली (नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कनको अभाव, आधाररेखा तथ्यांकको अभाव |
| **अवसरहरू (Opportunities)** | **चुनौतीहरू (Threats)** |
| निरन्तर बढीरहेको बजार र कृषि उत्पादनहरूको माग<br>उच्च मूल्यका कृषि वस्तुहरूको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको सम्भावना<br>कृषिको आधुनिकीकरण र व्यवसायिकीकरणमा आधारित खेती प्रणालीको विकास<br>कृषिको आधुनिकीकरण र व्यावसायिकीकरण मार्फत् युवाहरूलाई रोजगारीका अवसर,<br>मूल्य श्रृंखलामा आधारित प्रशोधन उद्योगहरूको विस्तार हुने सम्भावना<br>कृषिमा Digital प्रविधिको प्रयोग, बिमा, भाडामा जग्गा लिएर खेती गर्ने प्रचलन जस्ता अभ्यासहरूको विकास | विशिष्टीकृत उत्पादन क्षेत्रहरूको दीगो व्यवस्थापन,<br>राजनीतिक प्रभाव र नीतिगत अस्थिरता,<br>परियोजना कार्यान्वयन मोडेलमा पटक-पटकको संशोधन<br>श्रमशक्ति अभाव/ युवाहरूको बढ्दो पलायन<br>कमजोर बजेट विनियोजन र खर्च गर्ने क्षमता<br>आयातित उत्पादन सामग्रीहरूमा निर्भरता,आपूर्तिको अनिश्चितता<br>कमजोर बजार पहुँच र मूल्यको अनिश्चितता<br>जलवायुजन्य जोखिम (बाढीपैरो, सुक्खा, असिना आदि)<br>रोग कीराको प्रकोपजन्य जोखिम |

## १७.३ कार्यक्रम अवधिमा संस्थागत ,संरचनागत तथा सञ्चालन प्रक्रियामा भएका परिवर्तनहरू

कार्यक्रमको कार्यान्वयनको सुरूवाती चरणमा ४ वटै सम्भागहरू (सुपरजोन, जोन, ब्लक र पकेट) सङ्घीय सरकारबाट नै कार्यान्वयन गर्ने व्यवस्था रहेको थियो। केन्द्रमा परियोजना व्यवस्थापन एकाइको स्थापना गरिएको थियो। कार्यक्रम अवधिमा भएका संस्थागत संरचना तथा सञ्चालन प्रक्रियामा भएका परिवर्तन निम्नानुसार रहेका छन्।

*तालिका ३७: संस्थागत, संरचनगत, प्रक्रियागत परिवर्तनहरू*

| आ.व | परिवर्तनहरू |
|---|---|
| २०७४/७५ | राज्य पुनर्रसंरचना भई तीनै तहका सरकारहरू गठन भए पश्चात् प्रशासनिक पुनर्रसंरचना गर्ने क्रममा जोन तथा सुपरजोन सङ्घीय सरकारबाट सञ्चालन हुने तथा ब्लक र पकेटहरू प्रदेश सरकारबाट सञ्चालन गर्ने व्यवस्था भएको। |
| २०७५/७६ | अन्य व्यवस्था यथावत् राख्दै पकेटहरू स्थानीय सरकारबाट सञ्चालन गर्ने व्यवस्था भएको। |
| २०७६/७७ | कार्यक्रममा पशुपन्छी क्षेत्र (दूध र मासु) लाई समेत समावेश गरिएको । |
| २०७६/७७ | जोन तथा सुपरजोनमा छुट्टा छुट्टै कार्यालयहरू रहेकामा १ जिल्लामा १ वटा परियोजना कार्यान्वयन एकाइ मात्र रहने गरी जिल्लाका जोन तथा सुपरजोनहरूलाई एउटै प्रशासनिक संयन्त्रबाट सञ्चालन हुने गरी मर्ज गरिएको। सञ्चालक समितिहरूलाई समन्वय समितिमा रूपान्तरण गरिएको। |
| २०७७/७८ | ७७ वटा जिल्लाहरूमा रहेका कार्यक्रम कार्यान्वयन एकाइहरूलाई घटाएर ५८ वटामा झारिएको, हरेक प्रदेशमा १/१वटा गरी ७ वटा प.का.ए हरूलाई प्रादेशिक समन्वय एकाइको समेत जिम्मेवारी दिइएको। कार्यक्रमका विभिन्न सम्भागहरू सञ्चालनकोलागि आपसी अन्तरसम्बन्ध कायम गर्न परियोजना कार्यान्वयन म्यानुअल, २०७७ लागू गरिएको। |
| २०८०/८१ | ५८ वटा परियोजना कार्यान्वयन एकाइहरूलाई घटाएर ४८ वटा प.का.ए. कायम गरिएको।यी कार्यान्वयन एकाइहरूको कार्यक्षेत्र समग्रमा ७७ वटा जिल्ला हुने गरी तय भएको। |

### १७.४ जनशक्तिको अवस्था

तलको तालिकामा कार्यक्रमको हरेक तीन तीन वर्षको फरकमा रहेका जनशक्तिहरूको विवरण उल्लेख गरिएको छ ।

**तालिका ३८: जनशक्तिको अवस्था**

| अवधि | विवरण | स्थायी संख्या | | | करार संख्या | | | जम्मा संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | का.एकाइहरू संख्या | जम्मा | पदपूर्ति | रिक्त % | जम्मा | पदपूर्ति | रिक्त % | जम्मा | पदपूर्ति | रिक्त % |
| तेस्रो वर्ष | ७६ | ३१५ | २२७ | ८८ (२८%) | ३९४ | ३७४ | २० (५%) | ७०९ | ६०१ | १०८ |
| छैठौ वर्ष | ४८ | २७४ | २४१ | ३३ (१२%) | ५५७ | ३९८ | १५९ ८ % | ८३१ | ६३९ | १९२ |
| अन्तिम वर्ष | ४८ | - | - | - | - | - | - | ७८८ | ६६९ | ११९ |
| **जम्मा** | | **५८९** | **४६८** | **१२१ (२०.५%)** | **९५१** | **७७२** | **१७९ (१९%)** | **२३२८** | **१९०९** | **४१९ (१८%)** |

- पहिलो ३ वर्ष कार्यक्रम कार्यान्वयन एकाइहरूमा स्थायी तर्फ २८ प्रतिशत दरबन्दी रिक्त रहेको थियो भने करार तर्फका ५ प्रतिशतमात्र दरबन्दी रिक्त रहेको थियो। यस अवधिमा कूल दरवन्दी मध्ये १५.२ प्रतिशत दरबन्दी रिक्त रहन गयो।
- छैठौं वर्षमा स्थायी तर्फ १२ प्रतिशत दरबन्दी रिक्त रहे भने करार तर्फका २८.५ प्रतिशत दरबन्दी रिक्त रहन पुग्यो।कूल दरवन्दी मध्ये २३.१ प्रतिशत दरबन्दी रिक्त रहन गयो।
- कार्यक्रमको अन्तिम वर्षमा कूल १५.१ प्रतिशत दरबन्दी रिक्त रहे । कार्यक्रमको अवधिभरिमा औसतमा १८ प्रतिशत जनशक्ति अपुग रहेको देखियो।

## १७.५ मध्यावधि समीक्षा प्रतिवेदनको संक्षेप (PRI Report)

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले आ.व (२०७३/७४ -२०७९/८०) सम्म ७ वर्षको अवधिमा गरेका कार्यक्रम ( Interventions) बाट भएका मुख्य मुख्य उपलब्धिहरूको लेखाजोखा गर्ने, कार्यान्वयन गरिएका रणनीतिहरू र संस्थागत क्षमता विश्लेषण गर्ने र उत्पादन, उत्पादकत्वमा भएको वृद्धिको समीक्षा गर्दै कृषि विकासमा पुर्याएको योगदानको समीक्षा गर्नकालागि नीति अनुसन्धान प्रतिष्ठानले मध्यावधि समीक्षा गरेको थियो। सो समीक्षा संक्षेप निम्नानुसार रहेका छन्।

### क)महत्वपूर्ण सूचकहरू

| सि.नं | विवरण | कार्यक्रमको कूल लक्ष्य | ७ वर्ष (२०७९/८०) सम्मको प्रगति | कूल लक्ष्यको तुलनामा प्रगति % |
|---|---|---|---|---|
| १. | लगानी | १३० अर्ब ७४ करोड | ३० अर्ब ७८ करोड | २३.५४ |
| २. | उत्पादन सम्भागहरूको प्रगति | १६८२१(पकेट १५०००, ब्लक १५००,जोन ३००, सुपर जोन २१) | १०४९० (पकेट ८७१०, ब्लक १५८७, जोन १७७, सुपर जोन १६) | ६२.३ |
| ३. | रोजगारी सृजना | ५२५००० जना (आंशिक ५ लाख, पूर्ण २५ हजार) | ७५७४५१ (आंशिक ७३५१२५, पूर्ण २२३२६) | १०० |
| ४. | वार्षिक थप उत्पादन | ६.५ लाख मे.ट | ५४९९६२ मे.ट | ८४.६ |

### ख) बालीवस्तुतर्फको उपलब्धि

| सि.नं | बालीवस्तुहरू | एकाइ | परियोजनाको नतिजा | राष्ट्रिय औसत | कैफियत (+-) |
|---|---|---|---|---|---|
| १. | खाद्यान्न बालीहरू(धान, मकै, गहुँ) | मे.ट /हे. | ४.३४ | ३.२० | +१.१४ |
| २. | दलहन बाली | मे.ट/हे. | १.३६ | १.२२ | +०.१४ |
| ३. | तेलहन बाली | मे.ट /हे. | १.५४ | १.१० | +०.४४ |
| ४. | तरकारी बाली | मे.ट /हे. | १६.७२ | १४.३३ | +२.३९ |
| ५. | आलु | मे.ट /हे. | २१.२१ | १७.२० | +४.०१ |
| ६. | फलफूलहरू(स्याउ,सुन्तलाजात, केरा, आँप, | मे.ट /हे. | १२.७३ | ११.५१ | +१.२२ |
| ७. | अलैंची | मे.ट/ हे. | ०.६८ | ०.५५ | +०.१३ |
| ८. | अदुवा/बेसार | मे.ट/ हे. | १५.६३ | १२.८२ | +२.८१ |
| ९. | दूध | मे.ट/ पशु | १.५५ | ०.८९ | +०.६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | माछा | मे.ट/ हे. | ५.७० | ५.३१ | +०.३९ |
| ११. | मौरी/मह | मे.ट/ घार | ०.०३ | ०.०२ | +०.०१ |

श्रोत : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, मध्यावधि समीक्षा प्रतिवेदन,२०८१

## ग) कार्यक्रमको लगफ्रेमको आधारमा उपलब्धिहरूको समीक्षा

| **विवरण** | **कार्यसम्पादन सूचक** | **हाल सम्मको उपलब्धि** |
|---|---|---|
| खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण गर्ने | कार्यक्रमको अन्त्य सम्ममा थप रू.२० खर्ब ९५ अर्ब ७५ करोड बराबरको योगदान गर्ने | हाल समग्र कृषि क्षेत्रले GDP मा १०.४० खर्ब मात्र योगदान गरेको देखिन्छ। कूल खेती गरिएको जमिनको ११ % जमिनमा मात्र कार्यक्रमको पहुँच रहेको छ। आधार वर्षमा ११लाख ६४ हजार मे.ट खाद्यान्न आयात भएको छ, तर कार्यक्रमले वार्षिक ६.५ मे.ट उत्पादन वृद्धि गरेर आत्मनिर्भर हुने लक्ष्य राखेको देखिन्छ। तसर्थ यी सूचकहरू नै यथार्थपरक छैनन्। यो लक्ष्य पूरा हुन सक्ने देखिदैन। |
| मूल्यश्रृंखलाको विकास | लक्षित बालीवस्तुहरूको मूल्य श्रृंखलाको विकास गरिने | मुस्तांगको स्याउ, स्याङ्गजा र सिन्धुलीको सुन्तलाजात फलफूल, दांङ्गको मकै, बाराको माछा आदिमा केही सकारात्मक कार्य भएको देखियो।अन्य बालीमा आपुर्ती श्रृंखला व्यवस्थापन र बजार हस्तक्षेप पर्याप्त भएको देखिएन। |
| विशिष्टीकृत क्षेत्रको क्षेत्रफल विकास | कार्यक्रमको अन्त्य सम्ममा ८ लाख ४२ हजार हे. क्षेत्रफलमा विशिष्टीकृत क्षेत्रको विकास हुने | आ.व २०७९/८० सम्ममा ३ लाख ५० हजार हे. मात्र प्रगति भएको देखिएकोले बाँकी अवधिमा उक्त लक्ष्य पूरा हुन सक्ने देखिदैन। |
| निर्यातयोग्य बालीवस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्ने | कार्यक्रमको अन्त्य सम्ममा ६६ लाख मे.ट कृषिउपज थप उत्पादन भएको हुनेछ | वार्षिक औसत ६.६ मे.ट थप उत्पादन हुने हिसाबले उक्त लक्ष्य पूरा हुने देखिन्छ।तर आ.व २०७९/८० मात्र करिब २२ लाख मे.ट कृषिउपज आयात भएको परिप्रेक्ष्यमा निर्यातको लक्ष्य पूरा हुने देखिंदैन। सो का लागि लगानी र हस्तक्षेप समेत पर्याप्त भएको देखिदैन। |
| कृषिको विकास मार्फत् रोजगारीका | कार्यक्रमको अन्त्य सम्ममा करिब ४ लाख ९० श्रम दिन | वार्षिक रूपमा करिब ५लाख ५८ हजार श्रम दिन बराबरको रोजगारीका अवसरहरू सृजना भएको |

| | | |
|---|---|---|
| अवसरहरू सृजना गर्ने | बराबरको रोजगारीका सृजना हुनेछ | देखिएको हुनाले यो लक्ष्य पूरा हुनेछ। |
| रणनीतिहरू उपर गरिएका हस्तक्षेपहरू ( Interventions) | हाल सम्म ६७४५ हे. मा चक्लाबन्दी खेती भएको छ।<br><br>प्रचलनमा रहेका उन्नत प्रविधिहरू सामान्यतः प्रयोग गरेको देखियो भने केही प्रविधिहरू समस्या निराकरणकालागि प्रभावकारी समेत देखियो।<br><br>६०१ वटा कस्टम हायारिंगसेन्टर स्थापना भई ११९४९ वटा मेसिनरी तथा उपकरणहरू वितरण गरेको देखियो।<br><br>कृषि उपजहरूको प्रशोधन र बजार पूर्वाधार विकासका लागि ८७१ वटा उपकरणहरू,५१ वटा चिस्यान घर,२८ वटा ढुवानी साधन,८ वटा केरा पकाउने च्याम्बर, ३१ संकलन केन्द्र,१२ गोदाम घर,२० वटा राष्टिक स्टोर, ५ वटा चिस्यान सुबिधा सहितका माछा ढुवानी भ्यान,२० वटा जिउंदो माछा पसल स्थापनालाई सहयोग गरेको देखिन्छ।<br><br>१८६२ कृषि स्नातकहरूले कार्यक्रममा Intern गरेका छन् भने, २८२ प्राविधिक शिक्षालयका १२३३५ बिद्यार्थीहरूको प्रयोगात्मक क्षमता विकास गरिएको छ।करिब रू.९ करोड प्रतिफलमा आधारित अनुदान वितरण गरिएको छ।<br><br>खाद्य स्वच्छताका लागि प्रयोगशाला जडित भ्यान खरिद लगाएतका कार्य प्रारम्भ गरिएको भएता पनि तीनको निरन्तरता भने हुन सकेन।<br><br>स्मार्टसिंचाइ प्रविधिको प्रयोग,मल्चिंग,घाँस रोपण,प्रांगारिक मलको उत्पादन जस्ता जलवायुमैत्री खेतीका अभ्यास गरिएको भएता पनि, तीनको पर्याप्तता भने देखिएन। | |

**ग) कार्यक्रमका कमजोरीहरू**

१.विशिष्टीकृत उत्पादन क्षेत्रहरूको विस्तार गर्दा र ठूला संरचनाहरूको निर्माण गर्दा पर्याप्त अध्ययन बिना नै गर्ने गरिएको पाईयो।

२.प्राथमिकता प्राप्त बालीहरूको आधुनिकीकरण तथा व्यावसायिकीकरणको लागि गरिएको लगानी पर्याप्त देखिएन।

३.कार्यक्रमका उत्पादन सम्भागहरूको स्तरवृद्धि, विस्तार र हस्तान्तरण हुन् सकेको देखिदैन।

४.बहुसरोकारवाला निकायहरू बीच पर्याप्त संचार र समन्वयको संस्कृति विकास हुन सकेको छैन।
५.कार्यक्रमको सहयोग पछाडि सम्भागहरूको दीगोपना कायम हुन सक्ने ठोस आधार खासै देखिंदैन।

**घ) मुख्य सिफारिसहरू**

१. व्यवस्थापन सूचना प्रणाली ( Management Information Center) मार्फत् तथ्याङ्क ब्यबस्थापन गर्दै पर्याप्त आधार र उपयुक्तताका आधारमामात्र कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ।
२.प्राविधिक सेवा, जनशक्तिको उपलब्धता, जोन. सुपरजोनका प्रकृति आदिलाई मध्यनजर गर्दा हाल सञ्चालनमा रहेका ५८ वटा कार्यान्वयन एकाइहरूको संख्या घटाएर ३० वटामा सीमित गर्नु उपयुक्त देखिन्छ।
३. विज्ञ समूह सहितको प्रादेशिक समन्वय केन्द्रको स्थापना गर्नु आवश्यक देखिएको छ।
घट्दो लगानी सहभागिताको आधारमा पकेट र ब्लकहरू जस्ता साना उत्पादन क्षेत्रहरू प्रदेश/स्थानीय सरकारलाई हस्तान्तरण गर्नु उपयुक्त हुन्छ।
४. खाद्य सुरक्षा र आत्मनिर्भरता जस्ता विषयहरूमा दीर्घकालीन कार्यक्रमहरू आवश्यक पर्ने भएकाले यस कार्यक्रमले निर्धारण गरेका उद्धेश्यहरू हासिल गर्नका लागि यसको अवधिमा १० वर्ष थप गर्नु अवश्यक छ।

**ङ) कार्यक्रमको निरन्तरताकालागि आधारहरू**

१.नीति अनुसन्धान प्रतिष्ठानले मध्यवाधि समीक्षा गरी परियोजनाको निरन्तरताको सिफारिस गरेको छ।
प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले परियोजनाको प्रगति सन्तोषजनक भएको र केही परिमार्जनहरूसहित राष्ट्रिय गौरवको आयोजनाको रूपमा निरन्तरता दिन गरेको छ।

२.नेपाल सरकारको आ.व.२०८२/८३ को नीति तथा कार्यक्रमको बुँदा नं.१५ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई पुनर्रसंरचना गरी राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रमको रूपमा निरन्तरता दिइने उल्लेख गरेको छ।

३.माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२/०२/०७ गते बसेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको निर्देशक समितिको बैठकले परियोजनाको निरन्तरताकोलागि परिमार्जित दस्ताबेज तयार गर्न कार्यदल गठन गरेको छ।

४.परिच्छेद १६ को बुँदा १६.७.१ (३) अनुरुप कार्यक्रमको ढाँचामा परिवर्तन गरि निरन्तरता दिन उपर्युक्त देखिन्छ।

**सन्दर्भग्रन्थ सूची**

प्र.कृ.आ.प।(२०७३)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेज।खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०७७)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल। खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०७३/७४)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण।खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०७४/७५)। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण।खुमलटार, ललितपु।

प्र.कृ.आ.प।(२०७५/७६)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण। खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०७६/७७)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण।खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०७७/७८)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण। खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०७८/७९)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण।खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०७९/८०)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण।खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०८१/८२)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण।खुमलटार, ललितपुर।

रा.कृ.आ.प।(२०८२/८३)। राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण। खुमलटार, ललितपुर।

नीति अनुसन्धान प्रतिष्ठान।२०८१।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मध्यावधि समीक्षा। काठमाडौं, नेपाल।

MOAL D.(2081.82) Statistical Information on Nepalese Agriculture. https://www.moald.gov.np/downloadsfiles

कृषि सूचना तथा संचार केन्द्र।(२०७२) कृषि डायरी।हरिहरभवन, ललितपुर।

कृषि सूचना तथा प्रशिक्षण केन्द्र।(२०८२) कृषि तथा पशुपन्छी डायरी।हरिहरभवन, ललितपुर।

राष्ट्रिय तथ्यांङ्क कार्यालय।(२०७८)।राष्ट्रियकृषिगणना २०७८।https://agricensusnepal .gov.np/caregory/40

प्र.कृ.आ.प।(२०७९)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि प्रविधि।खुमलटार,ललितपुर

प्र.कृ.आ.प।(२०८२)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन अवश्था तथा हालसम्मका उपलब्धिहरू। खुमलटार, ललितपुर।

प्र.कृ.आ.प।(२०८१/८२)।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, ठुला/मझौला कृषि यन्त्रहरूः लगत तथा योगदान। खुमलटार, ललितपुर।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय।(२०८०)।संघ,प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धी कार्यप्रक्रिया।सिंहदरबार, काठमाडौं।
राष्ट्रिय चिया तथा कफी विकासबोर्ड।२०८२)।कफीको तथ्यांङ्क।काठमाडौं।

**अनुसूचीहरू**

अनुसूची १: बार्षिक कार्यक्रम, प्रगति एवं उपलब्धिहरुको संक्षेपिकरण

अनुसूची २: राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइहरुले भर्ने फारम

अनुसूची ३: प्रदेश सरकार अन्तर्गत जिल्लाहरुका कृषि र पशु हेर्ने कार्यालयहरुले भर्ने फारम

अनुसूची ४: कार्यक्रमका सरोकारवाला निकायहरु, निजि क्षेत्र लगायतले भर्ने फारम

अनुसूची ५: कार्यक्रमका सहकर्मी निकायहरु (NARC, सिंचाई, कृषि ज्ञान केन्द्र भर्ने फारम)

अनुसूची ६: सहयोग प्राप्त साझेदारहरु/अनुदानग्राही कृषक, उद्यमी, उद्योगी, सहकारी, समूह, समिति, फर्म, कम्पनीहरुले भर्ने फारम